"बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धता
गुणस्तरीय शिक्षामार्फत सुख, शान्ति र आत्मनिर्भरता"

शिक्षा क्षेत्र योजना
Education Sector Plan
(ESP 2021-2030)

२०७८-२०८८

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

बारबर्दिया नगरपालिका नगर कार्यपालिकाबाट मिति २०७८/८/२८ गते स्वीकृत

शिक्षा क्षेत्र योजना

(Education Sector Plan)

(ESP 2021-2030)

२०७८-२०८८

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

पुस्तक : शिक्षा क्षेत्रको योजना (Education Sector Plan)

प्रकाशक : बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

प्रकाशन मिति : पौष, २०७८

प्रकाशन प्रति : ५००

मुद्रण : सोपान प्रेस प्रा. लि.
डिल्लीबजार काठमाडौं
फोन: ०१-४४४२२०६

कृतज्ञता सहितका दुई शब्द

सभ्य र समुन्नत किसिमले खुसी र आत्मसन्तुष्टीले भरिएको अर्थपूर्ण जीवन जिउनका लागि शिक्षाले जति सकारात्मक भूमिका निर्वाह गर्दछ त्यति सकारात्मक भूमिका अरू कसैले पनि निर्वाह गर्न सक्दैन। यसका लागि दुनियाँ साक्षी भएर उभिएको छ। यहाँनेर ख्याल गर्नुपर्ने एउटा वास्तविकता यत्ति मात्र हो कि शिक्षा भनेर मात्र पनि हुँदैन त्यो शिक्षा गतिलो हुनु पर्दछ। सकेसम्म सर्वजन हिताय, त्यत्ति नभए बहुजन हितायको भावनाबाट प्रेरित शिक्षाबाट मात्रै उल्लिखित अर्थपूर्ण जीवन प्राप्त गर्न सकिन्छ। अन्यथा चोरलाई झन बढी चोरी गर्न र बदमासलाई झन् बढी बदमासी गर्नका लागि सघाउने काम पनि शिक्षाले नै गरिरहेको हुन्छ भन्दा अन्यथा नहोला। यी सबै कुरालाई केन्द्रविन्दुमा राखी बारबर्दियाको वर्तमान नगरकार्यपालिकाले निर्वाचित भएर कार्यारम्भ गरेदेखि नै गतिलो शिक्षाका निम्ति गतिलो कर्म र गतिलो लगानी गर्ने कार्यलाई प्राथमिकता दिने काम गरिरहेको छ। शिक्षामा गतिलो गरिने र गरिएका कामलाई अझै व्यवस्थित र योजनाबद्ध किसिमले सम्पादन गर्नका लागि प्रस्तुत योजनाको विकास गरी कार्यान्वयन गर्ने तयारी भइरहेको सन्देश नगरवासी र शिक्षाका सम्पूर्ण सरोकारवालाहरूको बिचमा सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ।

प्रस्तुत योजनापूर्व पनि यस नगरपालिकाले नि:शुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चितताको घोषणा गरिसकेको छ र पूर्ण साक्षर घोषणा गर्ने तयारीमा रहेको छ। यस नगरपालिकाले आरम्भदेखि नै शिक्षामा कुल बजेटको करिब २० प्रतिशत भन्दा बढी बजेट विनियोजन गरेर शिक्षालाई उच्च प्राथमिकता दिएर काम गरिरहेको छ। नगर सरकारले आफ्नै बजेट र कार्यक्रमबाट विभिन्न तहका करिब ११७ जना शिक्षक दरबन्दी सिर्जना गरेर नगरपालिकालाई शिक्षकको अभावबाट मुक्त गराउनका लागि महत्वपूर्ण काम गरेको छ। सिटिइभिटीसँग साझेदारी गर्दै प्राविधिक शिक्षाको संरचना र पठपाठनमा उदार भावनाका साथ अघि बढेको छ। आधारभूत तहको स्थानीय पाठ्यक्रम र तदनुसारको सन्दर्भ सामग्रीहरूको विकास गरी कार्यान्वयन गरिरहेको छ। शिक्षालाई अझै योजनाबद्ध किसिमबाट अगाडि बढाउनका लागि नगरपालिकाले प्रस्तुत शिक्षा क्षेत्रको दश वर्षे योजना समेत निर्माण गरी कार्यान्वनयको चरणमा रहेको छ।

प्रस्तुत दश वर्षे शिक्षा क्षेत्र योजना (२०७८–२०८८) हेर्दा महत्त्वाकाङ्क्षी जस्तो देखिए पनि नगरपालिकाको शिक्षा क्षेत्रको कायापलट गर्नका लागि नगरी नहुने क्रियाकलाहरूलाई समेटेर निर्माण गरिएको छ। सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै आवश्यकताका आधारमा कानुन समेत परिमार्जन गरी बालविकास र शिक्षाको अविधि दुई वर्षको बनाउने, शिक्षकहरू राजनीतिक दलको सदस्य हुन नपाउने, बालबालिका र शिक्षण पेसाप्रति जन्मजात रुचि राख्ने व्यक्तिहरू शिक्षण पेसामा प्रवेश गर्ने गरी शिक्षक छनोट पाठ्यक्रममा परिमार्जनका लागि पहल गर्ने, शिक्षक विद्यार्थीको अनुपात ३० जनाभन्दा बढी नहुने, अभिभावकविहीन बालबालिकाको लागि अभिभावकको भूमिका नगरपालिकाले निर्वाह गर्ने, खाजा कार्यक्रम कक्षा ८ सम्म विस्तार गर्ने आदि कार्यक्रमहरूलाई योजनाले उच्च प्राथिमकता दिएको छ।

योजना निर्माण गर्ने कार्यमा सबै वडा पालिकाहरूबाट पर्याप्त मात्रामा सुझाब र पृष्ठपोषणहरू प्राप्त भएका छन्। लेखन कार्यका लागि लेखन समूहमा रहेका माध्यमिक विद्यालयका प्रधानाध्यापक र क्याम्पसका प्राध्यापकहरूले अहोरात्र खटेर योगदान गर्नु भएको छ। प्लान इन्टरनेसनल नेपाल, स्याक नेपाल बाँके,EGRP II,शिक्षा विकास तथा समन्वय इकाई बर्दिया लगायतका सङ्घ संस्थाहरूले योजना निर्माणको क्रममा नगरपालिकालाई सल्लाह सुझाब, तथ्याङ्क उपलब्धता र आर्थिक एवम् प्राविधिक रूपमा सहयोग गर्नु भएको छ। बर्दिया जिल्लाका पूर्व जिल्ला शिक्षा अधिकारी एवम् लुम्बिनी प्रदेशका पूर्व निर्देशक, विज्ञ जीतबहादुर शाहले सबैबाट प्राप्त भएका सुझाब, पृष्ठपोषण र लेखन समूहबाट प्राप्त भएका योजनाका दस्ताबेजहरूलाई लेखन, पुनर्लेखन एवम् सम्पादन गरेर योजनालाई अन्तिम

रूप दिने काम गर्नु भएको छ। योजनालाई तोकिएको समयमै तयार गर्ने काममा समन्वयका साथै प्राविधिक टिमको अगुवाइ गर्ने काम नगरपालिकाका शिक्षा शाखा प्रमुख टिकानाथ गोसाईले गर्नु भएको छ भाषिक सम्पादन गर्ने काम जीवन अर्याल, ज्ञानेन्द्र प्रसाद आचार्य, कृष्ण प्रसाद पौडेल, खोमराज काफ्लेले गर्नु भएको छ। नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखाअधिकृत, सामाजिक विकास समिति संयोजक तथा सम्पूर्ण कार्यपालिका सदस्यहरू लगायत सिङ्गो नगरपालिका टिमले योजना निर्माणको कार्यमा आआफ्नो स्थानबाट सकारात्मक योगदान गर्नुभएको छ। त्यसकारण उल्लिखित सबै महानुभावप्रति हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु।

अन्तमा, योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि उल्लिखित महानुभावहरू, समग्र नगरबासी लगायत सङ्घ र प्रदेश सरकाकारबाट समेत महत्त्वपूर्ण योगदानको अपेक्षा गरिएको छ जसले गर्दा योजनाले निर्दिष्ट गरेको 'बारबर्दियाको शैक्षिक प्रतिबद्धता, गुणस्तरीय शिक्षा मार्फत सुख, समृद्धि र आत्मनिर्भरता' को सपना पूरा गर्न सहयोग पुग्ने छ। धन्यवाद।

दुर्गाबहादुर थारु (कबिर)

नगर प्रमुख

बारबर्दिया नगरपालिका

विषयसूची

कार्यकारी सारांश १

परिच्छेद १: परिचय ५

१.१ पृष्ठभूमि ५

१.२ अवधारणा ५

१.३. नगरपालिकाका विभिन्न सन्दर्भहरू (Contexts) को प्रस्तुति ७

१.४ नगरपालिकाले शिक्षाको क्षेत्रमा सम्पादन गरेको उल्लेख्य कार्यहरू १३

१.५ नगरपालिकाका शिक्षाका चुनौती र अवसर १५

१.६ योजना निर्माण प्रक्रिया १७

परिच्छेद : दुई शिक्षा क्षेत्र योजना २०

२.१ परिचय २०

२.२ दीर्घकालीन सोच (Vision) २०

२.३ ध्येय (Mission) २०

२.४ लक्ष्य तथा उद्देश्यहरू (Goal and Objectives) २०

२.५ रणनीतिहरू (Strategies) २१

२.६ अपेक्षित मुख्य उपलब्धि २३

२.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य २५

परिच्छेद : तीन शिक्षा क्षेत्र योजनाका मुख्य उपक्षेत्रहरू २८

३.१ परिचय २८

३.२ प्रारम्भिक बालविकास र शिक्षा २८

३.३ आधारभूत शिक्षा ४१

३.४ माध्यमिक शिक्षा ५२

३.५. उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षाको सम्बन्ध ६४

३.६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम ७२

३.७ अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा ८१

परिच्छेद : चार शिक्षा योजनाका अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ८९

४.१ परिचय ८९

४.२ शिक्षक व्यवस्थापन र विकास ८९

४.३ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन ११०

४.४. शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन १२४

४.५. शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श १३७

४.६. शिक्षामा सूचना र सञ्चार प्राविधि १४९

४.७.आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा १५८

४.८. शिक्षामा भौतिक पूर्वाधार विकास १६९

परिच्छेद : पाँच तीनै तहका सरकारहरूको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध १७६

५.१ परिचय १७६

५.२. वर्तमान अवस्था १७६

५.३. चुनौती र अवसर १७९

५.४. लक्ष्य तथा उद्देश्यहरू १८०

५.५. रणनीतिहरू १८०

५.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १८२

परिच्छेद : छ लगानी र स्रोत व्यवस्थापन १८६

६.१ परिचय १८६

६.२ वर्तमान अवस्था १८७

६.३ चुनौती र अवसर १९०

६.४ लक्ष्य तथा उद्देश्यहरू १९१

६.५ रणनीतिहरू १९१

६.६ स्रोतको अनुमान र विश्लेषण १९२

६.७. बारबर्दिया नगरपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र योजनामा बजेटको अनुमान १९२

६.८. बारबर्दिया नगरपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र गरेको व्ययको अनुमान १९३

६.९ अपेक्षित उपलब्धि १९४

परिच्छेद : सात योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन..... १९५

७.१. परिचय.....१९५

७.२. वर्तमान अवस्था.....१९५

७.३. चुनौती र अवसर १९८

७.४. लक्ष्य तथा उद्देश्यहरू.....१९९

७.५. रणनीतिहरू.....१९९

७.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य २०१

परिच्छेद : आठ योजनाको नतिजा खाका २०६

८.१ परिचय.....२०६

८.२ योजनाको समग्र नतिजा खाका २०६

८.३ प्रमुख कार्यसम्पादन सूचकहरू (Key Performance Indicators-KPIs) २०९

८.४ कार्यक्रम नतिजा खाका (Programme Result Framework-PRF)..... २११

सन्दर्भ ग्रन्थ सूची..... २२८

अनुसूची : एक दश वर्षे शिक्षा क्षेत्र योजना निर्देशक समितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण..... २३०

अनुसूची : दुई दश वर्षे शिक्षा क्षेत्र योजना तयारी प्राविधिक उपसमितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण २३२

अनुसूची : तीन दश वर्षे शिक्षा क्षेत्र योजना लेखनका लागि निर्माण गरिएको विषयगत समूहको विवरण..... २३४

अनुसूची : चार नगरस्तरीय परामर्श गोष्ठीमा सहभागीहरूको विवरण.....२३५

अनुसूची : पाँच वडा स्तरमा आयोजित दश वर्षे शिक्षा क्षेत्र योजना परामर्श कार्यशालामा भएको उपस्थिति विवरण..... २३६

कार्यकारी सारांश

बहुल जाति, भाषा, धर्म, कला र संस्कृतिले सजिएको बारबर्दिया नगरपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट लगभग १३ किलोमिटर उत्तरतिर रहेको विशेषगरी थारु जातिको बाहुल्यता भएको तराईको पालिका हो। यत्तिमात्र नभई बारबर्दिया नगरपालिका शिक्षा क्षेत्रको उन्नतिका लागि सकारात्मक सोचका साथ पर्याप्त लगानी गरी शिक्षामा अघि बढिरहेको पालिका हो।यस पालिकाले नि:शुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चिताका लागि घोषणा गरिसकेको छ र पूर्ण साक्षर घोषणा गर्ने तयारीमा रहेको छ।मुलुक सङ्घीय शासन प्रणालीमा प्रवेश गरे पश्चात बारबर्दियाको पहिलो जननिर्वाचित सरकारले आरम्भदेखि नै शिक्षामा कुल बजेटको करिब २० प्रतिशतभन्दा बढी बजेट विनियोजन गरेर शिक्षालाई उच्च प्राथमिकता दिएर काम गरिरहेको छ। नगर सरकारले आफ्नै बजेट र कार्यक्रमबाट विभिन्न तहका करिब ११७ जना शिक्षक दरबन्दी सिर्जना गरेर नगरपालिकालाई शिक्षकको अभावबाट मुक्त गराउन खोज्नु शिक्षालाई उच्च प्राथमिकता दिएकै कारण गरिएको कार्यहरू मध्ये गरिएको एउटा महत्वपूर्ण काम हो।शिक्षालाई अझ योजनाबद्ध किसिमबाट अगाडि बढाउनका लागि नगरपालिकाले प्रस्तुत शिक्षा क्षेत्रको दश वर्षे योजना समेत निर्माण गरी कार्यान्वयनको चरणमा रहेको छ।

योजना निर्माणको क्रममा नेपालको संविधान २०७२, नेपालको पन्ध्रौं योजना(२०७७/७८–२०८२/८३), दिगो विकास लक्ष्यहरू (२०१६–२०३०), राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन, शैक्षिक सूचना सङ्गालो २०७८, फ्लास रिपोर्ट २०१९/२०, विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०७८), गाउँ तथा नगरपालिकाको आवधिक शिक्षा योजना निर्माण सहजीकरण पुस्तिका ,२०७८,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको वार्षिक प्रतिवेदन २०७६/०७७, सङ्घीय सरकारको आर्थिक वर्ष २०७८/७९ को आयव्ययको सार्वजनिक जानकारी वक्तव्य, बारबर्दिया नगरपालिकाको विभिन्न आर्थिक वर्षहरूका बजेट र आयव्ययको विवरण,घरधुरी सर्वेक्षण गरी तयार गरिएको बारबर्दिया नगरपालिकाको पार्श्वचित्र २०७५ बारबर्दिया नगरपालिकाको शिक्षा पार्श्वचित्र २०७८ आदिको अध्ययन गर्ने काम गरिएको थियो।यसका अतिरिक्त योजनाको खाका निर्माणको लागि सङ्घीय सरकारले तयार गरेको शिक्षा क्षेत्र योजनाको ड्राफ्ट कापीलाई मुख्य आधार बनाइएको थियो।

प्रस्तुत दश वर्षे शिक्षा क्षेत्र योजना (२०७८–२०८८) नगरपालिकाको शिक्षाको कुनै तह विशेषको योजना नभई यो शिक्षाको समग्र योजना हो।योजनाको पहिलो परिच्छेदमा योजनाको परिचय र यसको निर्माण प्रक्रियाको बारेमा उल्लेख गरिएको छ भने दोस्रो परिच्छेदमा योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू समावेश गरिएको छ।योजनाको तेस्रो परिच्छेदमा शिक्षाका उपक्षेत्रको रूपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षासँगको सम्बन्ध, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा, साक्षरता तथा निरन्तर सिकाइ र शिक्षालाई समेटिएको छ।त्यसैगरी चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्रहरूसँग अन्तर्सम्बन्धित विषयवस्तुको रूपमा शिक्षक व्यवस्थापन,पाठ्यक्रम विकास, पाठ्यसामग्री तथा मूल्याङ्कन, शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन, शिक्षामा सूचना र सञ्चार प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, आपतकालीन र सङ्कटकालीन अवस्थामा शिक्षा, शिक्षालयहरूको पूर्वाधार विकासलाई समेटिएको छ।उपक्षेत्र र अन्तर्सम्बन्धित विषयवस्तुहरूको विश्लेषण गर्दा हरेक विषय वा एकाइभित्र परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीतिहरू, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यलाई क्रमिकरूपमा समेटिएको छ।यसका अतिरिक्त पाँचौं परिच्छेदमा तीनै सरकारहरूको बिचको संरचना, क्षमता विकास र सम्बन्ध, छैठौँ परिच्छेदमा लगानी र स्रोत व्यवस्थापन तथा सातौँ परिच्छेदमा योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन र आठौँ परिच्छेदमा योजनाको नतिजा खाकालाई समेटिएको छ।

योजनाले चुनौतीको रूपमा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर लगायत सबै तहको विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता र गुणस्तरको सुनिश्चितता गर्नु, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, शिक्षालाई सिप र श्रमसँग जोडेर नगरपालिको आर्थिक उपार्जन र समृद्धिको

लागि प्राविधिक, व्यावसायिक र उद्यमशील जनशक्ति उत्पादन गर्नु, आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी बनाउनु, नगरपालिका लगायत समग्र मुलुकको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नका लागि पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सान्दर्भिक बनाउनु, नगरपालिका लगायत समग्र मुलुकको समृद्धि लगायत प्राज्ञिक उत्कृष्टता र उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत् उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्नु, सबै प्रकारका हिंसा, जोखिम, विभेद र प्रकोपबाट शिक्षणसंस्थालाई सुरक्षित बनाउनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी सिकाइलाई प्रभावकारी बनाउनु, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु, सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु आदिलाई आत्मसात् गरी योजनालाई मूर्तरूप दिने काम गरिएको छ।

यसैगरी बारबर्दियाको शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण अवसरको रूपमा नगरपालिकाले नगर शिक्षकमा लगानी गरी नगरलाई शिक्षक अभावबाट मुक्त गराउन पहल गरेको, नगरपालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता गरेको, नगरलाई पूर्ण साक्षर घोषणा गर्ने तयारीमा रहेको, नगरपालिकाले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गरिरहेको, नगरपालिकाबाट नै प्राविधिक शिक्षाका निम्ति आवश्यक पूर्वाधार विकासमा पर्याप्त लगानी भइरहेको आदिलाई लिन सकिन्छ भने अन्य अवसरहरूको रूपमा केही दशकदेखि शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि यसपूर्व नै सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमताहरू पूर्वाधारका रूपमा रहेको, आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भई कार्यान्वयन भइरहेको, शिक्षामा नागरिकको चासोका साथै विद्यालय शिक्षामा खुद भर्ना दर र लैङ्गिक समतामा आशातीत प्रगति हुँदै गएको, सङ्घीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य, सहलगानी र समन्वयको स्वरूप प्रारम्भ भएको, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन भइरहेको, सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुँदै गएको, नगरपालिकाका अधिकांश विद्यालयहरूमा पर्याप्त पूर्वाधार र जग्गाजमिन भएको, नगरपालिका आफै विविधताले भरिएको र मुलुकको अन्नको भण्डारको रूपमा रहेकाले प्राविधिक शिक्षा विकासका लागि उपयुक्त थलोको रूपमा नगरपालिका रहेको आदिलाई आत्मसात गरिएको छ।

योजनाले उल्लिखित चुनौती र अवसरहरूलाई विश्लेषण गरी दूरदृष्टिको रूपमा ***'हाम्रो बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धता : गुणस्तरीय शिक्षामार्फत् सुख. शान्ति र आत्मनिर्भरता*** अघि सारेको छ। त्यसरी नै योजनाले लक्ष्य र उद्देश्यअन्तर्गत सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने, उच्च शिक्षालाई वैज्ञानिक र अनुसन्धानमूलक बनाउने, विद्यालय शिक्षालाई सिक्दै कमाउँदै र उच्च शिक्षालाई कमाउँदै सिक्दै गर्ने अवधारणा अनुसार सञ्चालन गर्ने, सबै इच्छुक नगरवासीहरूका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई विस्तार गरी समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्ने, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइलाई स्वरोजगार र आयआर्जनसँग जोड्ने, शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्ने, शैक्षिक संरचनाहरूमा प्रोत्साहनमूलक वातावरणको सिर्जना गर्ने, शिक्षण पेसालाई रुचिको पेसा बनाउन चाहने दक्ष र इमान्दार व्यक्तिहरूलाई शिक्षक हुनका लागि उपयुक्त वातावरणको विकास गर्ने, पर्यावरण संरक्षणमा सघाउ पुग्नेगरी हरित विद्यालयको अवधारणालाई कार्यान्वयन गर्ने, पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको र रोजगारउन्मुख नागरिक तयार गर्ने, समतामूलक पहुँच र

समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाउने आदिलाई अघि सारेको छ।

उल्लिखित उद्देश्यहरूलाई परिपूर्ति गर्नका लागि क्षेत्रगत र विषयगत रूपमा रणनीति र क्रियाकलापहरूको प्रक्षेपण गरिएको छ।विद्यमान कानुन र नीति नियमलाई पुनरावलोकन गरी कार्यान्वयन गरिने रणनीति र क्रियाकलापहरूमा प्रमुख रूपले बालविकासलाई एकवर्षको अवधिबाट बढाएर दुई वर्ष अवधिको बनाइने, आधारभूत शिक्षालाई अनिवार्य बनाउनका लागि अन्य कुराहरूका अतिरिक्त सरकारका तीनै तहको राज्यकोषबाट तलब खाने कुनै पनि व्यक्तिले कम्तिमा पनि आधारभूत तहको शिक्षा हासिल गरेको हुनुपर्ने, विद्यालय खाजा कार्यक्रमको अनुदानलाई समसामयिक गर्दै कक्षा ८ सम्म विस्तार गरिने, अभिभावकविहीन बालबालिकाका लागि नगरपालिकाले अभिभावकको भूमिका निर्वाह गरी उनीहरूको शिक्षा खर्चका अतिरिक्त खाना, नाना र छानाको व्यवस्था गरिने ,सबै प्रकारका छात्रवृत्तिहरू भौचर प्रणालीबाट उपलब्ध गराइने, पेसाप्रति समर्पित, इमान्दार र नैतिकवानका साथै कम्प्युटर लगायतका सिप भएको व्यक्तिको शिक्षण सेवामा प्रवेशका लागि शिक्षक छनोट गर्ने वर्तमान पाठ्यक्रममा पुनरावलोकन गर्न सुझाव दिइने, शिक्षालाई चुस्त र दुरुस्त किसिमले सञ्चालन गर्नका लागि यसको संरचनालाई पुनरावलोकन गरिने आदिलाई समावेश गरिएको छ।

योजनाको समग्र पक्षको पूर्णताका लागि सकेसम्म तीनै सरकारहरूले अबलम्बन गर्नुपर्ने रणनीतिहरूलाई समेट्ने काम प्रस्तुत योजनाले गरेको छ।लगानी तथा स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन आदिको सवालमा तीनवटै सरकार जिम्मेवार हुने मान्यतामा कार्यक्रम र क्रियाकलापहरूको व्यवस्थापन गरिएको छ। योजनाको अन्त सम्ममा तीनै तहका सरकारहरूले कुल बजेटको कम्तिमा बिस प्रतिशत बजेट शिक्षामा लगानी गर्ने अपेक्षा गरिएको छ।यसरी विश्लेषण गर्दा बारबर्दिया नगरपालिकाको योजनाको मध्यसम्म अर्थात् सुरुका पाँच वर्षसम्म आवश्यक पर्ने कुल बजेट रु. दुई अरब तेत्तीस करोड पैसठ्ठीलाख अनुमान गरिएको छ।उक्त बजेटमध्ये नेपाल सरकारबाट चौसठ्ठी प्रतिशत, प्रदेश सरकारबाट बाह्र प्रतिशत र स्थानीय तहबाट चौबिस प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ।योजना अवधिमा नागरिक समाज अभिभावक र गैरसरकारी सङ्घ संस्थाहरूबाट समेत विभिन्न किसिमबाट योगदान हुने अपेक्षा गरिएको छ जसलाई बजेटमा हिसाब गरिएको छैन ।

तालिका सूची

तालिका नं	विषय	पेज नं
१.१	बारबर्दियाका सामुदायिक विद्यालयहरू र त्यहाँ कार्यरत शिक्षक र विद्यार्थीसम्बन्धी विवरण	११
१.२	बारबर्दिया नगरपालिकाका संस्थागत विद्यालयहरू र त्यहाँ शिक्षक र विद्यार्थीहरूको विवरण	१२
१.३	अनिवार्य विषयहरूको उपलब्धि विवरण (CGPA १.६५ तथा माथि/उपलब्धि ४० भन्दा माथि)	१२
२. १	मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य	२५
३.२	प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य	३४
३.३	आधारभूत शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य	४७
३.४	माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य	५९
३.५	उच्च शिक्षा र माध्यमिक शिक्षासँग यसको सम्बन्धसम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य	६९
३.६	प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य	७८
३.७	अनौपचारिक शिक्षा साक्षरता र आजीवन सिकाइ र शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य	८६
४.२	शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य	१०१
४.३	पाठ्यक्रम पाठ्यसामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलाप तथा लक्ष्य	११९
४.४	शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापनका प्रमुख क्रियाकलाप तथा लक्ष्य	१३२
४.५	शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्शसम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य	१४५
४.६	शिक्षामा सूचना र सञ्चार प्रविधिसम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य	१५६
४.७	आपतकालीन र सङ्कटपूर्ण अवस्थामा शिक्षासम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य	१६५
४.८	विद्यालय भौतिक पूर्वाधार विकासका क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य	१७४
५.६	संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य	१८३
६.१	नेपालमा विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)	१८७
६.२	विगत ५ वर्षमा बारबर्दिया नगरपालिकाको शिक्षा बजेटको स्वरूप (बजेट रु हजारमा)	१८८
६.३	शिक्षामा विभिन्न उपक्षेत्रगत सङ्घीय लगानी	१८९
६.४	बारबर्दिया नगरपालिकामा शिक्षाका विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट रु लाखमा	१९२
६.५	बारबर्दिया नगरपालिकाको शिक्षा क्षेत्रको दश वर्षे योजनामा सुरुका ५ वर्षका लागि गरिएको व्ययको अनुमान	१९३
७.६	कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य	२०२
८.३	प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs)	२०९
८.४	कार्यक्रमगत नतिजासम्बन्धी सूचकहरू	२११

परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले सङ्घ प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना गरी नेपालको एकात्मक राज्य प्रणालीलाई सङ्घीय राज्य प्रणालीमा रुपान्तरण गरेको छ।संविधानको मर्म मुताबिक हाल मुलुकमा केन्द्रीय सरकार एक, प्रदेश सरकार सात र स्थानीय तहका ७५३ वटा सरकारहरू क्रियाशील रहेको अवस्था छ । जारी संविधान अनुसार नै बारबर्दिया नगरपालिका पनि स्थानीय तहको ७५३ मध्येको एउटा स्थानीय सरकार हो।कुनै पनि राज्य सरकारका आफ्नै नीति, योजना, कानुन, बजेट र कार्यक्रम हुन्छन् । सोहीअनुसार बारबर्दियाले पनि शिक्षासम्बन्धी योजना बनाई कार्यान्वयन गर्नु आवश्यकता महसुस गरी प्रस्तुत योजना निर्माण कार्य अघि सारेको छ।योजनाको प्रस्तुत परिच्छेदमा योजनाको अवधारणा लगायत योजनासँग प्रत्यक्ष रूपले गाँसिएका बारबर्दियाका विभिन्न सन्दर्भहरूलाई विश्लेषण गरिएको छ।समग्रमा यस परिच्छेदमा योजनाको अवधारणा र योजना निर्माणका निम्ति आवश्यक पर्ने बारबर्दिया नगरपालिकाको हालको अवस्थालाई छिचोल्ने काम गरिएको छ।

१.२ अवधारणा

विश्व ब्रह्माण्डको सर्वाङ्गीण विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समता मूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको टड्कारो आवश्यकता हो।दिगो विकास, शान्ति, सुशासन र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ।शिक्षाले असल, योग्य, सक्षम,प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ।यसैका माध्यमबाट नै समग्र मुलुकले परिकल्पना गरेको 'समृद्ध नेपाल, सुखी नेपाली' को आकाङ्क्षा र अठोट समेत पूरा हुन्छ।

नेपाल स्वतन्त्र अविभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो।नेपालको संविधानको भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ।अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक समेत प्रत्याभूत गरेको छ।साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ।संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकासको क्रम अघि बढेको देखिन्छ।

विकासको मेरुदण्डका रूपमा शिक्षालाई लिंदै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ मा शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व समेत उल्लेख गर्दै परिच्छेद ३ मा अनिवार्य तथा निःशुल्क र दफा २० मा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ।यसका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्री प्रदान गर्ने र छात्रवृत्ति प्रदान गर्ने साथै दिवा खाजा उपलब्ध गराउने कुरा समेत उल्लेख गरेको पाइन्छ।यसैलाई टेकेर बनाइएको "अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ को परिच्छेद २ मा अनिवार्य तथा निःशुल्क शिक्षा उल्लेख गर्दै यसका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने, आवासीय सुविधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्ने, माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने कुरामा विशेष जोड दिएको पाइन्छ।नियमावलीको परिच्छेद ३ मा छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर सहित शिक्षा प्राप्तिका लागि विशेष अवसर प्रदान गरिने कुरा उल्लेख गर्दै परिच्छेद ४ मा वैकल्पिक र अनौपचारिक तथा खुल्ला शिक्षाको माध्यमबाट लक्षित वर्गलाई शिक्षार्जन गराउनु पर्ने व्यवस्था समेत गरेको पाइन्छ।

कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ।यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रूपमा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ।जसको दूरदृष्टि नै "शिक्षित सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रुपान्तरण र समृद्धि" भन्ने रहेको छ भने यसको लक्ष्य "सबै तहको शिक्षालाई प्रतिष्पर्धी, प्रविधि मैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने भन्ने रहेको छ।प्रस्तुत शिक्षा नीतिले प्रारम्भिक बालविकासदेखि उच्च शिक्षासम्म, अनौपचारिक, समावेशी र विशेष शिक्षा सहित सामुदायिक तथा सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण गरी राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीमा जोड दिनुपर्ने कुरा अगाडि सारेको पाइन्छ। यसका लागि शिक्षामा लगानी अभिवृद्धि गरी विज्ञान र प्रविधि सहित शिक्षामा गुणस्तर कायम गर्नुपर्ने नीति समेत अवलम्बन गर्नुपर्ने उल्लेख छ। यसै अनुरूप प्रदेश र स्थानीय तहले यसको अधिनमा रही थप नीति, रणनीति र कार्यनीतिहरू कार्यान्वयन गर्न सक्ने व्यवस्था पनि गरेको छ।

चालु आवधिक योजना (पन्ध्रौं योजना) ले पनि सामाजिक,आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोचका साथ गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ। ५ओटा उद्देश्यमा आधारित भई विभिन्न रणनीति तथा कार्यनीति समेत बनाइएको छ। जसले गर्दा योजनाको अन्त्यसम्म १५ वर्ष माथिको साक्षरता दर ५८ बाट ९५ पुऱ्याउने, युवा साक्षरता दर ९२ बाट ९९ पुऱ्याउने, आधारभूत तहमा खुद भर्ना दर ९३ बाट ९९ र माध्यमिक तह (९-१२) मा खुद भर्ना दर ४६ बाट ६५ पुऱ्याउने, प्रारम्भिक बालविकासमा खुद भर्ना दर शत प्रतिशत पुऱ्याउने, उच्च शिक्षाको कुल भर्ना दर २२ र काम गर्ने उमेर समूहका प्राविधिक तथा व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या ३१ बाट ५० पुऱ्याउने, मातृभाषामा पठनपाठन हुने विद्यालय सङ्ख्यामा २० ले वृद्धि गर्ने आदि जस्ता शैक्षिक उपलब्धि हासिल गरेर समुन्नत समाज र समृद्ध राष्ट्र बनाउन सहयोग गर्ने कुरालाई आत्मसात गरेर अगाडि बढ्न मार्गदर्शन समेत गरेको छ।

शिक्षाको विकास नै विकासको मूल आधार हो र शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने कुरालाई आत्मसात गरी मुलुकले विभिन्न समयमा शिक्षा विकासका निम्ति समयानुकुल विविध आवधिक योजना एवम् प्रस्तावहरू अगाडि बढाएको पाइन्छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच, सुनिश्चित गर्नका साथै गुणस्तर सुधार्नका निम्ति सात वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएर यसको अवधिसमेत सम्पन्न भइसकेको छ। यसको मुख्य उद्देश्य भनेकै नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापकीय सुधार गर्नु रहेको थियो र उक्त उद्देश्यले भावी योजनाहरूमा समेत निरन्तरता पाउने कुरा अवश्यम्भावी छ। हाम्रो नगर शिक्षा योजनाले पनि यिनै कुराहरूलाई शिरोधार्य गर्दै जानु पर्ने देखिन्छ।

दिगो विकासका लक्ष्य २०३० को लक्ष्य-४ मा "समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" कुरा उल्लेख गरिएको छ. जसमा सबै छात्र-छात्राहरूलाई सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले निःशुल्क न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, बालविकासमा पहुँच र गुणस्तरीयता कायम गर्ने, विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषको समान सुनिश्चितता कायम गर्ने, प्राविधिक तथा व्यावसायिक दक्षता लगायत सान्दर्भिक सिप, दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने, शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने जस्ता उद्देश्य लिई अगाडि बढेको पाइन्छ। यसले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरूलाई समेत आत्मसात् गर्दै कार्यान्वयनमा अगाडि बढ्नुपर्ने कुरालाई यस नगर शिक्षा योजनाले पछ्याउँदै जानुपर्ने देखिन्छ।

नेपाल भौगोलिक विविधताले सम्पन्न मुलुक हो। हिमाल, पहाड र तराईको सुन्दर संयोजना रहेको हाम्रो देशमा बाढी, पहिरो जस्ता भू-क्षय र महामारी जस्ता प्राकृतिक विपत्तिले बेला-बेलामा आक्रान्त पारिरहन्छ। यसको असरबाट प्रत्यक्ष रूपमा शिक्षा क्षेत्र पनि प्रभावित भइरहेको हुन्छ। बारबर्दिया नगरपालिकालाई वि.स.२०७१ साउनमा आएको बाढी र वि.स.२०७२ बैशाखमा आएको भू-कम्प ले निम्त्याएको शैक्षिक विपत्ति मात्र नभएर विश्वव्यापी महामारीका रूपमा रहेको कोरोना भाइरस (कोभिड-१९) ले त झन सबैभन्दा बढी प्रभाव पारेको क्षेत्र नै शिक्षा हो जसको प्रत्यक्ष असर आजसम्म पनि विद्यार्थीहरूले भोगिरहेका छन्। यत्तिमात्र नभई हिउँदमा देखा पर्ने

शीतलहर, हुस्सु र वायु प्रदूषण, गर्मी याममा देखा पर्ने लू, आगलागी र आँधीहुरी एवम् बर्षायाममा देखा पर्ने बाढीपहिरो, असिना, डुबान, चट्याङ्, अतिवृष्टि आदि जस्ता प्राकृतिक प्रकोपले समेत बारबर्दियाको शिक्षालाई असर पारिरहेको देखिन्छ। यस्तो अवस्थामा शिक्षा क्षेत्रको उत्थान गर्नका निम्ति शिक्षाको राष्ट्रिय उद्देश्यभित्र १२औं उद्देश्य "प्राकृतिक एवम् दैवी प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने" बमोजिम विपत्तिको पनि सामना गर्न सक्ने जनशक्ति तयार गर्न मुलुक अग्रसर रहेको पुष्टि हुन्छ।

कोभिड महामारीकै बीचमा नगरपालिकाबाट घुम्ती कक्षा सञ्चालन गर्ने, Project work मार्फत कार्य गर्ने, सम्भव भएसम्म Online class हरू लिने प्रयास गरिएको छ। कोभिड-१९ को समयमा हाम्रो नगरपालिकाले त झन् तहगत र कक्षागत रूपमा सबै विषय समेट्ने गरी "परियोजना कार्य तथा प्रश्नहरूको संगालो पुस्तक प्रकाशन गरी विद्यार्थीलाई घरमै पढ्ने र गृहकार्य गर्ने व्यवस्था मिलाउने काम गरेको छ। प्रस्तुत प्रयासलाई गतिशील बनाउन आलोपालो अनुसार शिक्षकहरूलाई घरमै गई सिकाइ सहजीकरण गर्ने प्रयास समेत गरिएको थियो। विपत्ति र महामारीको समयमा उपयोगी हुने यस्ता कार्यहरू अझ थप गर्दै गतिशील गराउनु पर्ने आजको आवश्यकता महसुस गरी अझ गुणस्तरीय एवम् व्यवस्थित गर्न नगरपालिका कटिबद्ध रहेको छ।

स्थानीय तहको शैक्षिक योजना निर्माणले शैक्षिक विकेन्द्रीकरणको मर्मलाई सम्बोधन गर्न, स्थानीय सरोकारवालालाई शिक्षाप्रति जवाफदेही र जिम्मेवार बनाउन, सम्बन्धित सरोकारवाला सबैलाई शैक्षिक योजना कार्यान्वयनमा अपनत्वको भावना बोध गराउन, स्थानीय आवश्यकता अनुरूप योजना तर्जुमा गर्न, सरकारका नीति योजना तथा विकास प्रस्तावलाई सफलीभूत पार्न, स्थानीय तहको सामाजिक, आर्थिक, भौगोलिक परिवेश अनुकुलको विद्यालय शिक्षा तथा साक्षरता कार्यक्रम सञ्चालन गर्न, शैक्षिक संस्थाहरूको आर्थिक, भौतिक, शैक्षिक एवम् व्यवस्थापकीय पक्षहरूको गुणस्तर अभिवृद्धि गर्न तथा शिक्षकहरूलाई बदलिदो परिवेश अनुसार पेसाप्रति जवाफदेही बनाउँदै क्षमता अभिवृद्धि गर्न समेत मार्गचित्र कोर्दै सोही बमोजिमको मार्गमा हिड्न प्रेरित गर्ने भएकाले यसको आवश्यकता अपरिहार्य छ। जसका कारण सिङ्गो मुलुककै शैक्षिक एवम् समग्र पक्षको विकासमा टेवा पुग्ने देखिन्छ।

१.३. नगरपालिकाका विभिन्न सन्दर्भहरू (Contexts) को प्रस्तुति

नेपालको संविधान निर्माण भइसकेपश्चात बारबर्दिया नगरपालिकामा समेत जनताबाट निर्वाचित सरकार गठन भएर कानुनी तथा व्यवस्थापकीय संरचनासहित नगरपालिकाले शैक्षिक क्षेत्रमा द्रुततर किसिमबाट काम गरिरहेको छ। यस अवधिमा नगरपालिकाको समग्र अवस्थामा सुधार भएको देखिन्छ। लुम्बिनी प्रदेशकै शैक्षिक हवको रूपमा विकास गर्ने गरी शैक्षिक गतिविधि अघि बढाइएको यस नगरपालिकामा शिक्षा विकासमा सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले प्रस्तुत शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ।

१.३.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ (Social and Cultural Context)

बहुल जाति, भाषा, धर्म, कला र संस्कृतिले सजिएको बारबर्दिया नगरपालिका बर्दिया जिल्ला सदरमुकाम गुलरियाबाट लगभग १३ किलोमिटर टाढा उत्तर दिशातिर पर्ने रमणीय थारु समुदायले बाहुल्यता रहेको बस्तीको नाम हो। यस नगरपालिका क्षेत्रको नाम "बारबर्दिया" किन रहन गयो भन्ने विषयमा एकमत देखिदैन। स्थानीय थारु भाषामा गाई र गोरुलाई वलिबर्द भनिन्छ। ऐश्वर्य र समृद्धिको प्रतीकका रूपमा रहेको गोरुलाई संस्कृत भाषामा पनि वलिबर्द भनिन्छ। कालान्तरमा वलिबर्द अपभ्रंश भएर बर्दिया जिल्लाको नामाकरण गर्न सहयोगी भएको जनविश्वास छ।

बारबर्दिया शब्द थारु समुदायको बाह्र जना बर्दिवाहरू (ग्वालाहरू) सँग सम्बन्धित रहेको भन्ने जनविश्वास रहेको छ। जस अनुसार धेरै वर्ष पहिले यस क्षेत्रमा थारु समुदायको बाह्र जना बर्दिवाहरू गाई, गोरु चराउन जङ्गलमा गएर देउतालाई बलि दिने भनी नाटक गर्दा दश जना बर्दिवाहरू लोप भए। बाँकी दुई जना बर्दिवाहरू गाउँलेको डरले आआफ्नो घाँटी रेटी मृत्यु वरण गरे। यसरी बाह्र जना बर्दिवाहरू मरेको उक्त स्थानमा गाउँलेहरूले बरहो बरदिया मण्डप निर्माण गरी नित्य पूजापाठ गर्न थाले। यस नगरपालिकाको वडा नं ५ मा रहेको

ऐतिहासिक, साँस्कृतिक धरोहरको रूपमा रहेको बरहो बरदिया (बारबर्दिया) मण्डपकै नामलाई आधार मानी स्थानीय समुदायको माग बमोजिम नै नगरपालिकाको नाम बारबर्दिया नामाकरण हुन गएको हो भन्ने स्थानीयहरूको भनाइ रहेको छ।

बारबर्दिया नगरपालिका थारु जातिको बाहुल्यता भएको पालिका हो। बारबर्दियाको पार्श्वचित्र २०७५ का अनुसार यहाँ कुलजनसङ्ख्या मध्ये ७२.२७ प्रतिशत जनसङ्ख्या थारु जाति रहेको छ। त्यसपछि क्षेत्रीहरूको जनसङ्ख्या ९.१३ प्रतिशत, पहाडी ब्राह्मणको जनसङ्ख्या ५.२८ प्रतिशत, मगरको जनसङ्ख्या २.७३ प्रतिशत, कामीको जनसङ्ख्या २.१८ प्रतिशत र दमाईको जनसङ्ख्या १.७६ प्रतिशत रहेको देखिन्छ। एक प्रतिशत भन्दा पनि कम जनसङ्ख्या रहेका जातिहरूमा सुनार, सार्की, ठकुरी, दशनामी, राजी लगायतका जातिहरू पर्दछन्। मातृभाषाका हिसाबले विश्लेषण गर्दा यहाँ ७१.०९प्रतिशत मानिसहरू थारु मातृभाषीहरू रहेका छन्। नेपाली भाषा मातृभाषी हुनेहरूको जनसङ्ख्याको प्रतिशत २७.०७ रहेको छ। त्यसरी नै मगर, राजी, अवधी, हिन्दी, तामाङ्ग, मैथिली, बैतडेली आदि भाषा मातृभाषाहरूको जनसङ्ख्या पनि रहेको छ तथापि यिनीहरूको सङ्ख्या नगण्य रहेको देखिन्छ। समावेशिताको आधारमा भन्नु पर्दा यहाँको कुल जनसङ्ख्याको २.१४ प्रतिशत मानिसहरू अपाङ्ग रहेका छन् भने सीमान्तकृत एवम् लोपोन्पुख जनसङ्ख्या ०.४६ प्रतिशत रहेको छ।

बारबर्दिया नगरपालिकको पार्श्वचित्र २०७५ का अनुसार धर्मका आधारमा जनसङ्ख्याको वर्गीकरण गर्दा यस नगरपालिकामा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ। यस नगरपालिकाका ९५.४१ प्रतिशत मानिस हिन्दूहरू रहेका छन् भने दोस्रो धर्मको रूपमा इसाइ रहेको छ जसलाई ३.०३ प्रतिशत मानिसहरूले मान्दै आएको देखिन्छ। त्यसपछि इस्लाम, बौद्ध र किरात धर्म मान्नेहरू क्रमश: ०.५७, ०.५० र ०.०३ रहेका देखिन्छन्।

यस नगरपालिकामा बसोबास गर्ने सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खाले धर्म, संस्कृति, चाडपर्व र चालचलनहरू छन्। जसअन्तर्गत बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने–माघे संक्रान्ति, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, जितीया, सिरुवा (विशेषगरी थारु–खवास), कुल–थानी पूजा, ग्रामथान पूजा, करवा चौथ, कर्कट संक्रान्ति, भुर्की पूजन, सङ्कट पूजा, बुद्ध जयन्ती, विभिन्न ल्होसार पर्वहरू, सुवरात, ईद, वकरईद, मोहरम, ग्यारही सरिफ, इदुलफित्र, क्रिसमस डे, नयाँ वर्ष, गौरा, होली, आइतबारी, देवीजात, ज्येष्ठ पूर्णिमा (राजी जातिको), चराईहरू (राना थारु जातिको), धुरिया पूजा, भूतुवा पूजा, रनपुतला (ब्राह्मण, क्षेत्री), अनन्त्य, भुवा (रणकौशल प्रदर्शन गरिने खेल), पुसे १५, ओल्के, असारे १५, गंगा दशहरा, विसु तिहारे आदि चाडपर्वहरू रहेका छन्। यस नगरपालिकामा विभिन्न समयमा धार्मिक तथा सांस्कृतिक मेलाहरू समेत लाग्ने गरेका छन्।

समग्र मुलुकमा झै यस नगरपालिकामा पनि उमेर नपुगी विवाह गर्ने परम्पराले समाजलाई अहिले पनि जकडि रहेको छ। बारबर्दिया नगरपालिकाको घरधुरी सर्वेक्षण २०७५ को अनुसार भन्नुपर्दा १५ देखि १९ वर्षको कुलजनसङ्ख्या मध्ये यो उमेरमै विवाह गर्ने जनसङ्ख्याको प्रतिशत महिलाको ३६.३८ प्रतिशत र पुरुषको २०.५४ प्रतिशत रहेको देखिन्छ। यस नगरपालिकामा छिटो विवाह गरेकै कारणले ५ वर्षदेखि २४ वर्ष उमेरका समूहका बीचमै अध्ययन छोड्ने कुल जनसङ्ख्याको प्रतिशत ३३.५४ रहेको देखिन्छ। छिटो विवाह गरेकै कारणले बहुविवाह, बेरोजगारी, स्वास्थ्य लगायत मनोसामाजिक समस्या जस्ता कुराहरूले व्यक्ति र समाजको जीवनमा प्रत्यक्ष असर पारिरहेको र अन्ततः यसले व्यक्तिको समुन्नतिमा आघात पारेको सहजै अनुमान गर्न सकिन्छ।

१.३.२ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप (Geographic and Demographic Nature)

बारबर्दिया नगरपालिकाको क्षेत्रफल २२६.४६ वर्ग कि.मि. रहेको छ। यो नगरपालिकाको भूधरातल समुद्र सतहबाट १३० मिटर देखि २१० मिटर उचाइमा रहेको छ। यो नगरपालिका २८ डिग्री १३ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांश देखि २८ डिग्री २५ मिनेट २४ सेकेण्ड उत्तरसम्म र ८१ डिग्री १७ मिनेट ८८ सेकेण्ड पूर्वी देशान्तरदेखि ८१ डिग्री २९ मिनेट १९ सेकेण्ड पूर्वसम्म फैलिएको छ। यस

नगरपालिकाको पूर्वमा बर्दिया जिल्लाकै बाँसगढी नगरपालिका र दक्षिणमा बर्दियाकै मधुवन नगरपालिका र गुलरिया नगरपालिका रहेका छन। त्यसैगरी यस नगरपालिकाको उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र पश्चिममा यसै जिल्लाको ठाकुरबाबा नगरपालिका रहेको छ।

बारबर्दिया नगरपालिकाको पार्श्वचित्र २०७५ का आधारमा भन्नुपर्दा यहाँको कुल जमिन मध्ये खेतीयोग्य जमिन ४५.५१ प्रतिशत रहेको छ भने वनजङ्गल अर्थात बर्दिया राष्ट्रिय निकुञ्जले ४१.३६ प्रतिशत जमिन ओगटेको छ। यसका साथै आवासीय क्षेत्रले ३.३७ प्रतिशत, झाँडी र बुट्यानले १.९१ प्रतिशत, घाँसे मैदानले २.६४ प्रतिशत, बालुवाले ३.३२ प्रतिशत, जलक्षेत्रले१.४४ प्रतिशत र बगैचाले ०.४८ प्रतिशत ओगटेको देखिन्छ। प्रशासनिक हिसाबले यस नगरपालिकालाई ११ ओटा वडामा विभाजन गरिएको छ जसमा वडा नं. १मा जमुनिया, वडा नं. २ मा कुमरागाउँ, वडा नं. ३ मा बनियाभार, वडा नं. ४ मा पदनाहा, वडा नं. ५ मा बन्घुस्री, वडा नं. ६ मा जयनगर, वडा नं.७ मा सिउनिया, वडा नं. ८ मा दुध्धा, वडा नं.९ मा कतर्निया, वडा नं.१० मा बैदी र वडा नं. ११ मा बेल्भार टोल/गाँउ पर्दछन्।

बारबर्दिया नगरपालिकाको घरधूरी सर्वेक्षण २०७५ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ७०,९०४ रहेको छ जसमा महिलाको जनसङ्ख्या ३७,८६४ रहेको छ भने पुरुषको जनसङ्ख्या ३३,०३८ रहेको छ। त्यसैगरी ६ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या ६५,०५३ रहेको छ जसमा महिलाको जनसङ्ख्या ३५,०४८ र पुरुषको जनसङ्ख्या ३०,००५ रहेको देखिन्छ। त्यसैगरी १५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या ५१,१६० रहेको छ जसमा महिलाको जनसङ्ख्या २८,२०० र पुरुषको जनसङ्ख्या २२,९६० रहेको देखिन्छ। यसैगरी यस नगरपालिकाको १५ वर्ष देखि ४५ वर्षको जनसङ्ख्या ३५,६८६ रहेको छ जसमा महिलाको जनसङ्ख्या २०,३७२ र पुरुषको जनसङ्ख्या १५,३१४ रहेको देखिन्छ।

१.३.३ प्राकृतिक, धार्मिक तथा पर्यटकीय महत्वका स्थानहरू (Venues related to natural, religious and tourism sectors)

बारबर्दिया नगरपालिकामा प्राकृतिक धार्मिक एवम पर्यटकीय महत्वका क्षेत्रहरू पनि रहेका छन्। नगरपालिकाको वडा नं.१,२,३,७,८ र ९ लाई बर्दिया राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रले ढाकेको छ। यो क्षेत्र जैविक विविधता संरक्षणको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण क्षेत्र हो। जलाधार क्षेत्रको हिसाबले वडा नं.२ र ३ मा अवस्थित रानी जरुवा पनि महत्वपूर्ण क्षेत्र हो। नगरपालिकाको वडा नं.९ मा रहेको सतखलुवा ताल पनि ऐतिहासिक, प्राकृतिक र जैविक विविधता संरक्षणको हिसाबले महत्वपूर्ण क्षेत्र हो। यस नगरपालिकाको वडा नं. ५ मा अवस्थित बरहो बरदिया मण्डप र वडा नं.१० मा रहेको कुम्भर अड्डा ऐतिहासिक हिसाबले महत्वपूर्ण स्थलहरू हुन्। नगरपालिकाको वडा नं.१मा रहेको देउपुरुवा मरुवा, वडा नं.२मा रहेको कुमराघाट मन्दिर, वडा नं.३ मा रहेको वनदेवी मन्दिर, वडा नं.४ मा रहेको भैरवनाथ मन्दिर, वडा नं.५ मा रहेको सदाशिव मन्दिर, वडा नं.६ मा रहेको राधाकृष्ण मन्दिर, वडा नं.७ मा रहेको बौद्ध विहार, वडा नं.८ मा रहेको पाँचधाम मन्दिर, वडा नं.११ मा रहेको बिक्री भवानी थनुवा आदि स्थलहरू मेला, पूजापाठ र धार्मिक हिसाबले महत्वपूर्ण स्थानहरू हुन्। यस नगरपालिकाको वडा नं.४ मा रहेको नगरपालिकाकै एक मात्र मस्जिद मलङ्गशाह बाबा मस्जिद पनि मुस्लिम धर्माबलम्बीहरूका लागि महत्वपूर्ण धार्मिक स्थलको रूपमा रहेको छ।

१.३.४ आर्थिक सन्दर्भ (Economic Context)

पेसागत हिसाबले भन्नुपर्दा यहाँका ७३.१ प्रतिशत मानिसहरू कृषिमा आबद्ध छन्। कृषिमध्ये पनि पशुपालनमा समेत आबद्ध जनसङ्ख्याको प्रतिशत ६९.१० रहेको छ। व्यापार व्यवसायमा आबद्ध जनसङ्ख्याको कुरा गर्दा उद्योगमा दर्ता भई नगरपालिकाभित्र सञ्चालन भएका व्यापार व्यवसायहरूको सङ्ख्या २५१ रहेको छ। जसमा ८०० भन्दा बढी मानिसहरूले रोजगारी पाइरहेका छन्। त्यसरी नै वाणिज्यमा दर्ता भई नगरपालिकाभित्र सञ्चालन भएका व्यापार व्यवसायको सङ्ख्या ४६८ रहेको देखिन्छ। यस नगरपालिकाको कुल जनसङ्ख्या ८०,९३९ भएकोमा नगरपालिकामा विभिन्न कारणले सर्वेक्षणको अवधिमा अनुपस्थित भएका मानिसहरूको सङ्ख्या १०,०३५ रहेको देखिन्छ। तीमध्ये पुरुषको सङ्ख्या ७,९५४ र महिलाको सङ्ख्या २,०८१ रहेको देखिन्छ। तीमध्ये पनि रोजगारी लगायत बसाइसराइकै क्रममा बाहिरी मुलुकमा रहेका यस नगरपालिकाको जनसङ्ख्या ३,५५० रहेको छ जसमध्ये

भारतमा मात्रै १,५३३ अर्थात् ४३.१८ प्रतिशत रहेका देखिन्छन् भने बाँकी जनसङ्ख्या अन्य मुलुक (मलेसिया, सउदी अरव, कतार, कुवेत आदि) मा रहेको देखिन्छ। शिक्षक तथा अन्य सरकारी जागिरमा रहेको जनसङ्ख्या यस नगरपालिकामा नगण्य रहेको छ।

उल्लिखित तथ्याङ्कको अध्ययनबाट पुष्टि हुन्छ कि यहाँका मानिसहरूको आम्दानी र जीवन निर्वाहको मुख्य स्रोत भनेको कृषि र पशुपालन हो। यहाँको केही जनसङ्ख्या उद्योग व्यापारमा पनि संलग्न भएर आय आर्जन गरिरहेको अवस्था छ। त्यस्तै केही मानिसहरू वैदेशिक रोजगारबाट आय आर्जन गरिरहेका छन् भने केही मानिसहरूले नगरपालिकाभित्र वा नगरपालिका बाहिरका विभिन्न पालिका र जिल्लाहरूमा दैनिक ज्याला मजदुरी गरेर आयआर्जन गरिरहेको अवस्था देखिन्छ। यसका अतिरिक्त केही मानिसहरू शिक्षण पेसा, सरकारी जागिर लगायत अन्य सङ्घसंस्थाहरूको जागिरमा लागेर आय आर्जन गरिरहेको अवस्था छ भने केही मानिसहरूले पेन्सनबाट पनि आयआर्जन गरी जीवन निर्वाह गरिरहेको अवस्था छ।

जसरी नगरबासीहरूको आम्दानी हुने गर्दछ त्यसरी नै नगरपालिकाको आयमा पनि कृषि र पशुपालनसँग सम्बन्धित उद्योग तथा व्यापारको दर्ता एवम् नवीकरणबाट भूमिका निर्वाह गरेको देखिन्छ। यसका अतिरिक्त नगरका विभिन्न टोल र बस्तीहरूमा सञ्चालन भइरहेका पसल, कारखाना, इट्टाभट्टा, मिल आदिको दर्ता र नवीकरण र भूसेवाबाट प्राप्त हुने रजिष्ट्रेसन, घरजग्गा कर आदिबाट हुने आम्दानी पनि नगरपालिकाका आम्दानीका प्रमुख स्रोतभित्र पर्दछन्। विभिन्न नदी र खोलाहरूको बालुवा, गिट्टी र ढुङ्गाहरूको ठेक्कापट्टा र बिक्रीबाट प्राप्त हुने रकम पनि नगपालिकाका आम्दानीका स्रोतहरू अन्तर्गत पर्दछन्।

बारबर्दियाको घरधुरी सर्वेक्षण २०७५ को अभिलेख अध्ययन गर्दा यहाँका ११,६६१ (७४.१५) विभिन्न कामका लागि विभिन्न व्यक्ति र संस्थाहरूबाट ऋण लिएको अवस्था छ। ऋण लिने परिवारहरूमध्ये २७.२७ प्रतिशत घरपरिवारले व्यक्तिबाट, ५१.४३ प्रतिशत परिवारले सहकारीबाट, १३.२१प्रतिशत परिवारले बैङ्कबाट, ३८.२३ प्रतिशत परिवारले अन्य वित्तीय संस्थाबाट र २.८० प्रतिशत परिवारले अन्य स्रोतबाट ऋण लिएको देखिन्छ। ऋण लिनुपर्ने कारणहरूको अध्ययन गर्दा प्रमुख कारणको रूपमा घरायसी काम रहेको देखिन्छ भने प्राथमिकता क्रमको आधारमा अन्य कारणहरूमा क्रमश: औषधी उपचार गर्न, घर बनाउन र जग्गा जमिन खरिद गर्न, कृषि व्यवसाय गर्न, शैक्षिक शुल्क तिर्न र उद्योग व्यापार गर्न आदि रहेका छन्।

१.३.५. सडक, सञ्चार , विद्युत र इन्धनको उपयोगको सन्दर्भ

बारबर्दिया नगरपालिकाको घरधुरी तथ्याङ्क सङ्कलन २०७५ को अभिलेखका आधारमा भन्नु पर्दा बारबर्दिया नगरपालिकामा सडक, सञ्चार विद्युत र इन्धन उपयोगको अवस्था सन्तोषजनक रहेको देखिन्छ। कालोपत्रे अर्थात् पक्की सडकको पहुँचमा रहेको परिवारको सङ्ख्या ६५७(४.२५) रहेको देखिन्छ भने ग्राभेल सडकको पहुचमा रहेको परिवारको सङ्ख्या ८,३६४ (५३.२५) रहेको देखिन्छ। त्यसैगरी धुले सडक अर्थात कच्ची सडकको पहुचमा रहेको परिवारको सङ्ख्या ५,८८३(३७.४५) रहेको देखिन्छ। गोरेटो बाटो भएको तर सडक बाटो नपुगेको परिवारको सख्या ६७५(४.३५) मात्र रहेको देखिन्छ। यसरी नै नगरपालिकाका ९०.९० प्रतिशत परिवारहरूले मोबाइल फोनको उपयोग गरिरहेको देखिन्छ भने २८.५२ प्रतिशत परिवारले इन्टरनेट सुविधाको उपयोग गरिरहेको देखिन्छ। त्यसैगरी यस नगरपालिकाका ८६.०२ प्रतिशत परिवारहरूले विद्युतको उपयोग गरेर दिनचर्या चलाइरहेका छन्। इन्धनको सवालमा कुरा गर्नु पर्दा यस नगरपालिकाका ८२.३ प्रतिशत घरपरिवारले इन्धनको रूपका काठदाउराको प्रयोग गरिरहेका छन् भने १०.८ प्रतिशत घरपरिवारले एलपी ग्यासको प्रयोग इन्धनको रूपमा गरिरहेका छन्। त्यसैगरी इन्धनको रूपमा गोवरग्याँसको प्रयोग गर्ने घरपरिवारको प्रतिशत ६.८१ रहेको देखिन्छ।

१.३.६. नगरपालिकाको शैक्षिक सन्दर्भ (Educational Context)

नगरपालिकाको शैक्षिक सन्दर्भलाई निम्न उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ।

१.३.६.१ विद्यालय तहको शैक्षिक अवसर र पहुँचको सन्दर्भ

नेपालको संविधान, पन्ध्रौं योजना, राष्ट्रिय शिक्षा नीति, २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ आदि जस्ता शिक्षासम्बन्धी सङ्घीय कानुनहरूले एकातिर हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन् भने अर्कोतिर सङ्घीय संरचना अनुसारका तीन वटा सरकारमध्ये शिक्षाको कुन तहको कुन काम कुन सरकारले गर्ने भन्ने कुरा समेत यकिन गरेको अवस्था छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था अनुसार स्थानीय सरकारले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी र अधिकार रहेको अवस्था छ।

बारबर्दिया नगरपालिकामा विद्यालय तहसम्मको शिक्षा प्रदान गर्नका लागि सामुदायिक तहमा ९६ वटा बालविकास केन्द्र, २८ वटा आधारभूत र १४ वटा माध्यमिक विद्यालयहरू छन्। शैक्षिक सत्र २०७८ को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या २११६ जना रहेको छ। त्यसैगरी आधारभूत तहअन्तर्गत कक्षा १–५ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ६०९६ र कक्षा ६–८ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ४४७३ जना रहेको छ। माध्यमिक तहअन्तर्गत कक्षा ९–१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २९४० र कक्षा ११–१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ११४१ जना रहेको छ। शिक्षकको विवरणको आँकलन गर्दा प्राथमिक तहमा २१९ जना, निम्न माध्यमिक तहमा ९७ जना र माध्यमिक तह (कक्षा ९–१०) मा ७८ जना र माध्यमिक तह (कक्षा ११–१२) मा १० जना शिक्षकहरू रहेको देखिन्छ।

शिक्षक अपर्याप्ततालाई मध्यनजर राखी नगरपालिकाको आफ्नो सामान्यीकरण अनुदानबाट नियुक्त गरिएका शिक्षकहरूको सङ्ख्या प्राथमिक तहमा ३३ जना, निम्न माध्यमिक तहमा ४२ जना र माध्यमिक तहमा ३७ जना गरी ११२ जना रहेको देखिन्छ। यसरी शिक्षकको थप व्यवस्थापन गर्दा समेत आधारभूत तह कक्षा ६–८ मा विद्यार्थी शिक्षकको अनुपात (१:४७) र माध्यमिक तह कक्षा ११–१२ मा (१:११४) अझै पनि बढी रहेको छ। यसैगरी बालविकासमा कुल भर्ना दर ११४.७ र खुद भर्ना दर ९६.८३ रहेको देखिन्छ। यसैगरी कक्षा १–५, कक्षा १–८ र कक्षा ९–१२ को कुल भर्ना दर क्रमश:१०५.१, १०४.३ र ७०.७ देखिन्छ भने खुद भर्ना दर क्रमश: ९७.७, ९७.१ र ४७.०० रहेको देखिन्छ। राष्ट्रिय स्तरको तुलनामा नगरपालिकाको उल्लिखित खुद भर्ना दर कम रहेको देखिन्छ। उल्लिखित कतिपय विवरणहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं १.१

बारबर्दिया नगरपालिकाका सामुदायिक विद्यालय, त्यहाँ कार्यरत शिक्षक र विद्यार्थीसम्बन्धी विवरण

क्र स	विवरण	विद्यार्थी सङ्ख्या			शिक्षक सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
		छात्रा	छात्र	जम्मा		
१	प्रारम्भिक बालविकास	१०४३	१०७३	२११६	९६	२२
२	आधारभूत तह (कक्षा १–५)	३०५४	३०४२	६०९६	२१९	२८
३	आधारभूत (कक्षा ६–८)	२१८५	२२८८	४४७३	९७	४७
४	आधारभूत तह (कक्षा १–८)	५२३९	५३३०	१०५६९	३१६	३४
५	माध्यमिक तह (कक्षा ९–१०)	१६२४	१३१६	२९४०	७८	३८
६	माध्यमिक तह(कक्षा ११–१२)	७२६	४१५	११४१	१०	११४
७	माध्यमिक तह (कक्षा ९–१२)	२३५०	१७३१	४०८१	८८	४६

स्रोत : बारबर्दिया शिक्षा पार्श्वचित्र २०७८

बारबर्दिया नगरपालिकामा संस्थागत रूपमा सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या १५ वटा, आधारभूत विद्यालयको सङ्ख्या १५ वटा र माध्यमिक विद्यालयको सङ्ख्या ३ वटा रहेका छन्। हाम्रो सन्दर्भमा संस्थागत विद्यालय भनेका सरकारबाट कुनै पनि प्रकारको अनुदान नलिई अङ्ग्रेजी भाषाका पाठ्यपुस्तकहरूको माध्यमबाट पठनपाठन हुने विद्यालयहरू हुन्। संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको अभिलेख हेर्दा तल्लो कक्षामा विद्यार्थीहरूको सङ्ख्या बढी छ र त्यसमा पनि छात्रा र छात्रको सङ्ख्या पनि हाराहारीमा रहेको देखिन्छ। माथिल्लो कक्षामा भने विद्यार्थी सङ्ख्या घट्दो क्रममा रहेको छ र त्यसमा पनि छात्राहरूको सङ्ख्या झनै कम देखिन्छ। विद्यार्थीहरूको र त्यसमा पनि छात्राहरूको सङ्ख्या सामुदायिक विद्यालयमा समेत माथिल्लो कक्षामा घट्दो क्रममा नै रहेको देखिन्छ। यहाँ उल्लेख गरिएको संस्थागत विद्यालयहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं १.२

बारबर्दिया नगरपालिकाका संस्थागत विद्यालय, त्यहाँ कार्यरत शिक्षक र विद्यार्थीसम्बन्धी विवरण

क्र स	विवरण	विद्यार्थी सङ्ख्या			शिक्षक सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
		छात्रा	छात्र	जम्मा		
१	प्रारम्भिक बालविकास	४०७	४९६	९०३	२६	३५
२	आधारभूत तह (कक्षा १–५)	५६२	९०७	१४६९	७६	१९
३	आधारभूत (कक्षा ६–८)	१०१	१८४	२८५	३५	८
४	आधारभूत तह (कक्षा १–८)	६६३	१०९१	१७५४	१११	१६
५	माध्यमिक तह (कक्षा ९–१०)	२७	४७	७४	८	९

स्रोत : बारबर्दिया शिक्षा पार्श्वचित्र २०७८

१.३.६.२ विद्यालय तहको शैक्षिक उपलब्धिको सन्दर्भ

गुणस्तर एवम् शैक्षिक उपलब्धिको सवालमा बारबर्दियाको शैक्षिक सत्र २०७५ देखि २०७७ सम्मको विश्लेषण गर्दा शैक्षिक उपलब्धि बढ्दो क्रममा रहेको देखिन्छ। कक्षा १ को अनिवार्य विषयहरूको औषत शैक्षिक उपलब्धि शैक्षिक सत्र २०७५ मा ६३.९१ भएकोमा शैक्षिक सत्र २०७७ मा ७०.२६ भएको देखिन्छ। यसरी नै हरेक कक्षामा यो उपलब्धि बढ्दो क्रममा रहेको देखिन्छ। शैक्षिक उपलब्धिको सबैभन्दा बढ्दो दर कक्षा ८ मा रहेको देखिन्छ। कक्षा ८ मा शैक्षिक सत्र २०७५ मा औषत शैक्षिक उपलब्धि ४७.१९ रहेकोमा शैक्षिक सत्र २०७७ मा यो उपलब्धि बढेर ६४.४९ पुगेको देखिन्छ। यसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं १.३

अनिवार्य विषयहरूको उपलब्धि विवरण (CGPA १.६५ तथा माथि/उपलब्धि ४० भन्दा माथि)

कक्षा/ साल	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा ६	कक्षा ७	कक्षा ८	कक्षा ९	कक्षा १०	कक्षा ११	कक्षा १२
२०७५	६३.९१	६५.८६	६६.५८	५७.९०	५९.२४	५५.३९	५६.३९	४७.१९	५३.७५	२.१३	१.८८	२.०१
२०७६	६६.०६	६८.९१	६८.९५	६०.७०	६२.४३	५६.२४	५८.२४	५३.७९	५१.७५	२.६५	२.१६	२.३१
२०७७	७०.२६	७१.२३	७०.८८	६७.२२	६८.३२	६४.९४	६७.६५	६४.४९	६७.८३	-	२.१८	-

स्रोतःIEMIS रिपोर्ट २०७८

१.३.६.३ साक्षरता, प्राविधिक शिक्षा र उच्च शिक्षाको सन्दर्भ

बारबर्दिया नगरपालिकाको ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर ६८.४४ प्रतिशत र १५ वर्ष र सोभन्दा माथिको साक्षरता दर ५७.७६ प्रतिशत भएको र १५ देखि ६० वर्ष उमेर समूहका ९६.४२ प्रतिशत नागरिक साक्षर भएकाले नगरपालिका अब आफूलाई पूर्ण साक्षर घोषणाको तयारीमा रहेको देखिन्छ। साक्षरता र निरन्तर शिक्षाको क्षेत्रमा नगरपालिकामा रहेका दुई वटा सामुदायिक सिकाइ केन्द्रहरू–जय माँ दुर्गाभवानी सामुदायिक सिकाइ केन्द्र जयनगर र पदनाहा सामुदायिक सिकाइ केन्द्र, पदनाहाले उल्लेख्य भूमिका निर्वाह गरिरहेका छन्। यसका साथै नगरपालिका विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालयले वन विज्ञानसँग सम्बन्धित प्राविधिकहरू उत्पादन गर्नका लागि ३ वर्षे डिप्लोमा सञ्चालन गरिरहेको छ र नगरपालिकाको करिब ४ करोडको लगानीमा यसको पूर्वाधार निर्माण कार्य सम्पन्न हुने तयारीमा रहेको छ। IEMIS रिपोर्ट २०७७/०७८ का अनुसार यस नगरपालिकामा प्राविधिक शिक्षातर्फ छात्रा १२९ र छात्र १५३ गरी जम्मा २८२ जना विद्यार्थीहरूले अध्ययन गरिरहेको देखिन्छ। नगरपालिकाभित्र उच्च शिक्षा प्रदान गर्नका लागि त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालन भइरहेका दुई वटा सामुदायिक कलेजहरू पनि छन् जसमा छात्रा ३८५ र छात्र १५४ गरी ५३९ जना विद्यार्थीहरूले उच्च शिक्षामा अध्ययन गरिरहेको अवस्था छ। नगरपालिकाको घरधुरी सर्वेक्षण२०७५ अनुसार यस नगरपालिकामा उच्च शिक्षा हासिल गरेका मानिसहरूको सङ्ख्या १४१६ जना रहेको देखिन्छ।

१.४ नगरपालिकाले शिक्षाको क्षेत्रमा सम्पादन गरेको उल्लेख्य कार्यहरू

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चितता भएको देशमै पहिलो नगरपालिकाको रूपमा मिति २०७५/३/२८ शिक्षा मन्त्री गिरिराजमणि पोख्रेलबाट यस नगरपालिकालाई घोषणा गरिएको।

२. सबै विद्यालयहरूमा सम्बन्धित तहको स्थायी शिक्षकलाई प्र. अ. मा नियुक्त गरी कार्यसम्पादन करार गरिएको।

३. विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या अपुग भएको साविकको प्राथमिम, निम्न माध्यमिक र माध्यमिक तहमा विषयलाई समेत मध्यनजर राखी ११७ वटा दरबन्दी सिर्जना गरी नगरबाट शिक्षकको पदपूर्ति गरिएको।

४. सबै बालविकास केन्द्रहरूमा LED सहितको शैक्षिक सामग्रीको व्यवस्था गरिएको।

५. सबै बालविकासका स. का. हरूलाई मन्टेश्वरी तालिम प्रदान गरिएको।

६. करिब २००जना आर्थिक हिसाबले कमजोर भएका बालबालिकाहरूलाई पोसाक र झोला सहित शैक्षिक सामग्रीको व्यवस्था गरिएको।

७. आधारभूत तह तथा माध्यमिक विद्यालयमा ICT को व्यवस्थापन गरिएको।

८. प्रधानाध्यापक,बालविकासका स.का.लगायत विद्यालय कर्मचारीहरूलाई थप प्रोत्साहन सुविधा दिइएको।

९. शिक्षामा अभिभावकहरूको चासो र सक्रियता बढाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको।

१०. नगरपालिकाको आफ्नो बजेटबाट विद्यालय भौतिक सुधारका कार्यक्रमहरू (कक्षाकोठा निर्माण, मर्मत, खानेपानी शौचालय, घेरबार) समेतका कार्यक्रमहरू सञ्चालन गरिएको।

११. न्यून विद्यार्थी भएका कारण नगरपालिकाका २ वटा विद्यालयहरूलाई समायोजन गरिएको।

१२. पूर्ण साक्षर नगरपालिका घोषणाका लागि आ.व.२०७६/०७७ मा ९४ वटा र आ.व.२०७७/०७८ मा ३० वटा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिएको।

१३. शिक्षकहरूका निम्ति पेसागत क्षमता विकास तालिम सञ्चालन गरिएको, नगरपालिका भित्र रहेको संस्थागत विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको र कक्षा ११ र १२ मा २ वटा विद्यालयमा विज्ञान विषयको पठनपाठन सञ्चालन गरिएको।

१४. बारबर्दिया नगरपालिका भित्रका गरिब, जेहेन्दार विद्यार्थीलाई चिकित्सा शिक्षा (MBBS), CA, Engineer अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको ।

१५. बारबर्दिया नगरपालिका भित्रका आर्थिक रूपले विपन्न तथा जेहेन्दार, सहिद, बेपत्ता परिवारका सन्तति अति विपन्न दलित, जनजाति, मुक्तकमैया, मुक्त कमलरी तथा अपाङ्ग विद्यार्थीहरूका लागि स्नातक तहसम्म अध्ययनका लागि ५० जनाका लागि छात्रवृत्तिको व्यवस्था गरिएको ।

१६. कोरोना भाइरस(COVID-19) दोस्रो भेरियन्टको सङ्क्रमणका कारण विद्यालय बन्द रहेकाले विद्यार्थीहरूलाई वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्नका लागि आधारभूत र माविका सबै विद्यार्थीको लागि परियोजना अभ्यास पुस्तिका छपाई, रेडियो शिक्षा कार्यक्रम, घुम्ती शिक्षक तथा गृह शिक्षक व्यवस्थापन, CUG SIM वितरण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएको ।

१७. कोभिडको अवधिमा विद्यालयको परिसर, शौचालय, बाहिरी वातावरण र पर्खाललाई सरसफाइ एवम् स्यानिटाइज गरिएको ।

१८. सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरूको स्वच्छता तथा सरसफाइका लागि सेनिटरी प्याडको व्यवस्था गरिएको ।

१९. अभिभावक विहीन, सडक र असहाय बालबालिकाहरूलाई जनतासँग नगरप्रमुख कार्यक्रम अन्तर्गत बालबालिका संरक्षण केन्द्र स्थापना गरी २२ जना बालबालिकाहरूलाई आ.व.२०७५/०७६ देखि नै आवासीय रूपमा राखी पठन पाठन गराउने कार्य भइरहेको ।

२०. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि शिक्षामा नयाँ नयाँ योजना तथा अभियानहरू जस्तैः सार्वजनिक विद्यालय रुपान्तरणका लागि मेरो १दिन, आफ्नो विद्यालय आफै बनाऊ , वडा स्तरीय समीक्षा, कोभिड सङ्क्रमणको अवधिमा विद्यालय बन्द रहेको समयमा मेरो घर मेरो अस्थायी विद्यालय, मेरो कोठा मेरो अस्थायी कक्षाकोठा अभियान, अभिभावक शिक्षा सञ्चालन, घुम्ती शिक्षक तथा गृह शिक्षक परिचालन आदि कार्यक्रम सञ्चालन गरिएको ।

२१. विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि प्र अ, ECD स.का. लगायत विद्यालय कर्मचारीहरूको उच्च मनोबल बढाइ शैक्षिक गुणस्तरमा सुधार हुने उद्देश्यले ४२ जना प्र अ, ९६ जना ECD स.का. र ५८ जना विद्यालय कर्मचारीहरूलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिएको ।

२२. विद्यालयमा पढाइ सिप प्रवर्द्धनका लागि शिक्षक तालिम, सरोकारवालाहरूसँग छलफल, CBEGRA, Bench Marking कार्यक्रम सञ्चालन गरिएको ।

२३. यस बारबर्दिया नगरपालिकामा सिकलसेल तथा थालेसेमिया रोग विशेष गरेर थारु समुदायमा वंशाणुगत रूपमा देखिएकाले सो रोगलाई केही हदसम्म रोक्नका लागि शैक्षिक सत्र २०७५ मा कक्षा ९ र शैक्षिक सत्र २०७६ मा कक्षा १० मा स्थानीय पाठ्यक्रमको रूपमा निर्माण गरी सिकलसेल तथा थालेसेमिया रोकथाम पुस्तिका सन्दर्भ सामग्रीको रूपमा विकास गरी कार्यान्वयन गरिएको ।

२४. भौतिक सुविधा विस्तारअन्तर्गतका कार्यक्रमहरूको कार्य सम्पन्न गरिएको ।

२५. यस बारबर्दिया नगरपालिका भित्रका आर्थिक रूपले विपन्न, मुक्त कमैया, कमलरी, सहिद परिवारका बालबालिका, दलित, जनजाति, लोपोन्मुख जातिका बालबालिकाहरूलाई छात्रवृत्ति सहित घर आँगनमै प्राविधिक शिक्षा अध्यापन गराउनका लागि बारबर्दिया नगरपालिका र CTEVT को साझेदारीमा सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालय स्थापना गरी सञ्चालन गरिएको ।

२६. नगरपालिकाले**" बारबर्दिया गौरव"** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी सार्वजनिक गरिएको ।

२७. स्थानीय पाठ्यक्रमलाई कार्यान्वय गर्नको लागि कक्षा १,२,३ र ६ मा पाठ्यपुस्तक निर्माण गरिएको ।

२८. एकीकृत पाठ्यक्रमलाई कार्यान्वय गर्नको लागि कक्षा १-३ मा अध्यापन गर्ने सबै शिक्षकलाई क्षमता विकास तालिम र सो कक्षाका सबै बालबालिकाको मूल्याङ्कन गर्न मूल्याङ्कन पुस्तिका र Port Folio File व्यवस्थापन गरिएको।

२९. विद्यालय कर्मचारी र बालविकासका शिक्षकहरूलाई सङ्घीय सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी बजेट विनियोजन गरिएको।

३०. विद्यालयमा सञ्चालन गरिने विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप, राष्ट्रपति रनिङ्ग सिल्ड तथा मेयर कप प्रतियोगितालाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिएको।

३१. नगरपालिकामा सञ्चालन भएका सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट कार्यसम्पादन भएका शिक्षकहरू तथा अनिवार्य अवकास प्राप्त शिक्षकहरूका लागि नगद पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरिएको।

३२. साधारण तथा प्राविधिक शिक्षा सञ्चालनका लागि औषत करिब २९.५७ बजेट विनियोजन गरिएको।

१.५ नगरपालिकाका शिक्षाका चुनौती र अवसर

१.५.१ चुनौतीहरू (Challenges)

उल्लिखित विश्लेषणका आधारमा बारबर्दिया नगरपालिका चुनौतीहरू निम्न बमोजिम रहेका देखिन्छन्

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु।

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु।

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु।

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु।

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्नु।

६. नगरपालिकाको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु।

७. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।

८. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सुखी र सम्मृद्ध नगरपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु।

९. आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु।

१०. सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानुन र संस्थागत संरचनाको स्थापना गर्नु।

११. सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु।

१२. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु।

१३. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गर्नु।

१४. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु।

१५. नगरपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु तथा साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु।

१६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरूलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु।

१७. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु।

१८. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु।

१९. विद्यार्थीहरूको टिकाउदर तथा सिकाइ उपलब्धि वृद्धि गर्नु,कक्षा दोहोर्याउने दर र छाड्ने दर कम गर्नु।

२०. आधारभूत तह कक्षा १-३ मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु।

२१. कक्षाकोठा व्यवस्थापन, शिक्षक नियमितता, सिकाइ स्थानान्तरणलाई व्यबस्थित गर्नु।

२२. विषम परिस्थिति (कोरोना, बाढी, हावाहुरी, आगलागी) मा शैक्षिक क्षति न्यूनीकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु।

१.५.२ अवसरहरू (Opportunities)

उल्लिखित चुनौतीहरूको समाधान गर्नका लागि बारबर्दिया नगरपालिकालाई निम्नलिखित अवसरहरू उपलब्ध हुनेछन्:

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमताहरू पूर्वाधारका रूपमा रहेको।

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको।

३. शिक्षामा नागरिकको पहुँचमा वृद्धि तथा गुणस्तरमा समेत सुधारका साथै विद्यालय शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकमा आशातीत प्रगति हुँदै गएको।

४. दिगो विकास लक्ष्य प्राप्तिका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेश सहकार्य तथा सहयोगका निम्ति प्रतिबद्ध भएको।

५. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको।

६. सङ्घीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको।

७. संविधानले स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार प्रदान गरेको कारण आफ्नो नगरपालिकाको आवश्यकता अनुकुलको माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकारलाई उपयुक्त अवसर प्राप्त भएको।

८. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने अवस्था भएको।

९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको र सोही अनुसार नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने देखिएको।

११. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको।

१२. सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुँदै गएको।

१३. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा योगदान पुग्न सक्ने देखिएको।

१.६ योजना निर्माण प्रक्रिया

देशको मूल योजनासँगै हरेक क्षेत्रको विकास र उन्नतिका लागि पनि विशिष्ट किसिमका योजनाहरूको आवश्यकता पर्दछ। योजनाको यही मूल अभिप्रायका साथ शिक्षामा पनि विशेष किसिमका आवधिक योजनाहरू निर्माण गरी कार्यान्वयन गर्ने गरिन्छ। यस सन्दर्भमा विद्यालय क्षेत्र विकास कार्यक्रम सम्पन्न हुन थालेपछि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजनाको नामबाट दिगो विकासका लक्ष्यहरूलाई समेत सम्बोधन हुने गरी सङ्घीय सरकारको तर्फबाट दश वर्षे शिक्षा क्षेत्र योजनाको मस्यौदाको विकास गरी आवश्यक अध्ययनका साथ प्रदेश सरकार लगायत स्थानीय सरकारहरूलाई समेत शिक्षा क्षेत्रको योजना बनाउनका लागि मार्ग निर्देशन गरेपश्चात योजनाको आवश्यकता महसुस गरी यसको तयारी र निर्माण कार्यले गति लिएको हो। यो भन्दा एक वर्ष अघि तयार हुनुपर्ने योजना कोभिड १९ का कारण केही समय पछि धकेलिएको भए तापनि यस योजनालाई द्रुत गतिमा निर्माण गर्नका लागि गरिएका प्रक्रिया र क्रियाकलापहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

१.६.१ योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था

❖ **योजना निर्देशक समिति (ESP Steering Committee):** यस बारबर्दिया नगरपालिकाको प्रमुख श्री दुर्गाबहादुर थारु (कबिर) को संयोजकत्वमा बारबर्दिया शिक्षा क्षेत्रको दश वर्षे योजना निर्माणको लागि निर्देशक समितिको गठन गरिएको थियो जसमा नगरपालिकाका उपप्रमुख लगायत सामाजिक विकास समितिका संयोजक, वडाध्यक्षहरू सबै, नगरपालिकाका प्रशासकीय प्रमुख, माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू सबै, र शिक्षा शाखा प्रमुखलाई समेट्ने काम भएको थियो। यसको विस्तृत विवरण अनुसूची नं १ मा हेर्न सकिने छ।

❖ **योजना तयारी प्राविधिक समूह**: बारबर्दिया नगरपालिकाका शिक्षा शाखा प्रमुख श्री टिकानाथ गोसाईको संयोजकत्वमा गठित योजना तयारी प्राविधिक समूहमा प्लान नेपाल, स्याक, EGRP II परियोजना, शिक्षा विकास तथा समन्वय इकाई, बर्दिया आदिका प्रतिनिधि एवम् माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको प्रतिनिधित्व रहने गरी योजना तयारी प्राविधिक समूह गठन गरिएको थियो। प्राविधिक समूहले देहायका दस्तावेजहरूलाई अध्ययन गरेर योजना लेखनको खाका निर्माण गरेको थियो।

- दिगो विकास लक्ष्य नं. ४ (SDG-4)
- नेपालको संविधान (२०७२)
- पन्ध्रौं योजना (२०७६/०७७– २०८०/०८१)
- विद्यालय क्षेत्र विकास योजना (SSDP)

- राष्ट्रिय शिक्षा नीति, २०७६
- राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य सङ्घीय कानुनहरू
- शिक्षा सम्बन्धी नगरस्तरीय विभिन्न निर्देशिका र कार्यविधिहरू
- सङ्घीय सरकारको शिक्षा क्षेत्र योजनाको मस्यौदा आदि ।

❖ **विषयगत अध्ययन एवम् लेखन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार नगरपालिकाले शिक्षा शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ (परामर्श दाता),विषय शिक्षक, प्रधानाध्यापकहरू तथा क्याम्पसका प्राध्यापकहरूसमेत संलग्न भएका १४ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो । यी समूहहरूले देहायका शीर्षकहरूमा कार्य विभाजन गरी योजना लेखन कार्य गरेको थियो । विषयगत समूहहरूको विवरण अनुसूची २ मा हेर्न सकिनेछ ।

- प्रारम्भिक बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- उच्च शिक्षा र माध्यमिक शिक्षासँग यसको सम्बन्ध
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम
- अनौपचारिक शिक्षा, साक्षरता र निरन्तर सिकाइ
- पाठ्यक्रम पाठ्यसामग्री तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन
- शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श
- शिक्षामा सूचना र संचार प्रविधि
- संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा
- शिक्षण संस्थाहरूको पूर्वाधार विकास

❖ **समीक्षा एवम् पृष्ठपोषण** : विभिन्न समयमा भर्चुअल एवम् भौतिक उपस्थिति एवम् भेलाको माध्यमबाट शिक्षा योजनाका बारेमा भए गरेका कार्यहरूको प्रस्तुति र सरोकारवालाहरूबाट सुझाव र पृष्ठपोषण सङ्कलन गर्ने काम भएको थियो ।

१.६.२ योजनाको मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित विषयगत समूहबाट आ आफ्नो तोकिएको विषयमा योजना तयार गरी प्राविधिक समूहमा पेश भएको थियो भने विषयगत समूहहरूबाट तयार गरेको योजनालाई आवश्यक परिमार्जन गर्दै निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि निर्देशक समितिको निर्देशानुसार लुम्बिनी प्रदेशका पूर्व शिक्षा निर्देशक एवम् विज्ञ जीतबहादुर शाहबाट भूमिका निर्वाह भएको थियो । यस क्रममा उल्लिखित विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित क्षेत्रका

आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो। यस प्रकार तयार गरिएको योजनाको प्रथम मस्यौदा परामर्श बैठकमा पेश गरिएको थियो।

१.६.३ परामर्श बैठक (Consultation Meeting)

योजना लेखन समूहका सदस्यलगायत अन्य विज्ञ समूह समेतको प्रतिनिधित्व भएको नगरस्तरीय परामर्श बैठकमा व्यापक छलफल गरी सुझावहरू प्राप्त भएका थिए। यस किसिमको परामर्श बैठक नगरपालिकाका ११ वटै वडामा समेत सञ्चालन भई सुझावहरू प्राप्त भएका थिए। उक्त सुझावहरूलाई समेत सम्बोधन गरेर योजनाको अन्तिम मस्यौदा तयार गरिएको थियो। यसरी तयार भएको अन्तिम मस्यौदा आवश्यक छलफल र अनुमोदनका लागि नगर कार्यपालिकामा पेश गरिएको थियो।

१.६.४ योजनाको स्वीकृति तथा अनुमोदन (Approval of Education Sector Plan - ESP)

विषयगत समूहबाट विषयगत लेखन परामर्श समूहबाट आवश्यक परामर्श र सुझाव एवम् उल्लिखित सबै पक्षहरूलाई समेटेर विज्ञबाट लेखन र पुनर्लेखन हुँदै तयार भएको योजनाको अन्तिम मस्यौदा अनुमोदनका लागि नगर कार्यपालिकामा पेश भएकोमा नगर कार्यपालिकाको बैठकमा योजनाका बारेमा घनीभूत छलफल गरी सामान्य संशोधन सहित व्याकरणीय हिसाबले सम्पादन गरी प्रकाशन गर्न कार्यसमितिको बैठकले स्वीकृति प्रदान गरेको थियो।

❖

परिच्छेद : दुई
शिक्षा क्षेत्र योजना

२.१ परिचय

योजना भनेको भविष्यको गर्भमा हेर्ने एक रचनात्मक कला हो। योजनाको यही विशेषताका आधारमा यस परिच्छेदमा अबको दश वर्षपछि पुग्न सकिने बारबर्दिया नगरपालिकाको शिक्षाको गन्तव्यलाई अनुमान गर्ने प्रयत्न गरिएको छ। परिच्छेद एकमा उल्लेख गरिएको बारबर्दियाको साङ्गोपाङ्गो परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नगरपालिकाको शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन्। यही सन्दर्भलाई दृष्टिगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट यस नगरपालिकाले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision),ध्येय(Mission),उद्देश्यहरू(Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचकहरू (Key indicators) प्रस्तुत गरिएको छ।

२.२ दीर्घकालीन सोच (Vision)

हाम्रो बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धता :

गुणस्तरीय शिक्षामार्फत सुख, समृद्धि र आत्मनिर्भरता

२.३ ध्येय (Mission)

गुणस्तरीय शिक्षाको माध्यमबाट विश्वबजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सक्षम र सिपयुक्त, श्रम र उत्पादनका साथै व्यक्तिगत र राष्ट्रिय जीवनप्रति सकारात्मक एवम् मानवमूल्यमा आधारित उन्नत सोच भएको तथा आफू बारबर्दिया नगरबासी भएकोमा गर्व गर्ने खुसी तथा नवपर्वर्तनशील जनशक्तिको विकास गर्ने।

२.४ लक्ष्य तथा उद्देश्यहरू (Goal and Objectives)

यस योजनाको लक्ष्य शिक्षालाई अधिकारका रूपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिताको प्रवर्धन गर्नुका साथै उच्च तथा प्राविधिक शिक्षालाई नगरको समुन्नतिका निम्ति आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नेगरी निर्धारण गरिएको छ। उक्त लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छः

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु।

५. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु।

६. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु।

७. सार्वजनिक शिक्षालाई संस्थागत विद्यालयहरूले दिने शिक्षाको तुलनामा गुणस्तरीय बनाई नागरिक समाजको सार्वजनिक शिक्षाप्रतिको आकर्षणमा अभिवृद्धि गर्नु।

८. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको माध्यमबाट विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, प्रतिष्पर्धी, प्रतिबद्ध र अनुसन्धानमुखी मानव संशाधन विकासमा सहयोग गर्नु।

९. नगरपालिकामा विद्यमान सम्भाव्य स्रोत र साधनहरूको उत्खनन् र अन्वेषण गरी नगरबासीको सुख र समृद्धिका लागि उपयोग गर्ने गरी उच्च शिक्षालाई वैज्ञानिक र अनुसन्धानमूलक बनाउन सहयोग गर्नु।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै नगरपालिकाको विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु।

११. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु।

१२. पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु।

१३. समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

१४. शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा सुरक्षित र विविधताअनुकुल बनाई विद्यार्थीलाई सिकारुमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

२.५ रणनीतिहरू (Strategies)

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन्। ती रणनीतिक प्राथमिकताहरू अन्तर्गत विद्यालय शिक्षामा सबैका बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने, विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने, नगरपालिकाको समुन्नतिसँग प्रत्यक्ष जोड्दै शिक्षामा सुशासन तथा उत्तरदायित्त्व अभिवृद्धि गर्ने रहेका छन्। यी रणनीतिक प्राथमिकताहरूमा आधारित भई यस योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू तय गरिएको छः

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गरिने छ।

२. नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिने छ।

३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गरी गराई तथा भर्ना भएका सबै बालबालिकालाई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिवृद्धि गर्नका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गरिने छ।

४. सङ्घीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा नगरपालिकाको नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तरमा प्रबर्धन गरिने छ।

५. निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

६. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ बनाउने सवालमा सहयोग र सहकार्य गरिने छ।

७. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण गरिने छ।

८. पेसाप्रति समर्पित, सामाजिक आचरणको हिसाबले अब्बल एवम् बालबालिका र शिक्षण सिकाइ क्रियाकलापप्रति रुचि भएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नका लागि आवश्यकतानुसार शिक्षक छनोट पाठ्यक्रमको विकास र परिमार्जनमा समेत नगरपालिकाबाट विशेष योगदान गरिने छ।

९. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रबर्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा विपन्न एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति अख्तियार गरिने छ।

११. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गरिने छ।

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षाको सुविधा विद्यालयमार्फत प्रदान गरिने छ।

१३. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्नका लागि आवश्यक सहयोग प्रणालीको विकास गरी लागु गरिने छ।

१४. निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गरिने छ।

१५. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रूपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइने छ।

१६. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको अनुगमन, निरीक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइने छ।

१७. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानवीय श्रोतको उचित किसिमबाट व्यवस्थापन गरिने छ।

१८. उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आर्थिक एवम् व्यवस्थापकीय सहयोगको सुनिश्चितता प्रदान गरिने छ।

१९. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने छ।

२०. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाद्वारा श्रोत परिचालन तथा व्यवस्थापन गरिने छ।

२१. सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचाका आधारमा निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक/प्राविधिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न माध्यमिक विद्यालयहरूको क्षमतामा सुधारका लागि आवश्यक सहकार्य गरिने छ।

२२. सबै तहको शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा नगरपालिकाद्वारा आवश्यक सहयोग र सहजीकरण गरिने छ।

२३. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिने छ।

२४. विभिन्न उद्देश्यका साथ विभिन्न तहको शिक्षा हासिल गर्न सहज वातावरणको सिर्जना गर्नका लागि पुस्तकालय, सामुदायिक सिकाइ तथा सूचना केन्द्र र संग्रहालयको स्थापना र विस्तार गरिने छ।

२५. शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा प्रयाप्तता, समन्यायीकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गरिने छ।

२६. नगरपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरूमा सुशासन प्रबर्धन गरी तिनको सुदृढीकरण र सबलीकरणका माध्यमबाट बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गरिने छ।

२७. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन,कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गरिने छ।

२८. सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

२९. युग सुहाउदो जनशक्ति विकासको लागि ICT अनुकूलित वातावरण निर्माण गरी STEAM Pedagogy लाई शिक्षा प्रणालीको मेरुदण्डको रूपमा विकास गरिने छ।

३०. प्रारम्भिक कक्षाहरूमा पठन सिपको विकास गर्न मातृभाषामा शिक्षण सिकाइलगायतका क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरूलाई अभिप्रेरित गरिने छ।

२.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

४. नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

५. शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने।

६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने।

७. विद्यार्थीको समग्र समुन्नतिका लागि समर्पित शिक्षकहरूबाट सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुने।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत हुने।

९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग पुग्ने।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुग्ने।

११. उच्च शिक्षा प्रदायक संस्थाहरूलाई संस्थाको सञ्चालन तथा व्यवस्थापनमा भरमग्दुर सहयोग र समन्वय प्राप्त हुने।

१२. उच्च शिक्षाबाट स्थानीय तह एवम् समग्र मुलुकको समुन्नतिका लागि आवश्यक पर्ने दक्ष, सक्षम र समर्पित जनशक्तिको उत्पादन हुने।

१३. अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त हुने।

१४. विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने।

१५. विद्यालयमा कार्यरत शिक्षकहरूलाई पेसागत विकास र सहयोग प्राप्त हुने।

१६. संस्थागत विद्यालयहरूको प्रभावकारी र न्यायसङ्गत ढङ्गले नियमन हुने।

१७. सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन हुने।

१८. नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पुनर्वितरण तथा समायोजन हुने।

१९. शिक्षाका सबै निकायहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने।

२०. विद्यालय तह एवम् उच्च शिक्षाको पाठ्यक्रम सान्दर्भिक र जीवनोपयोगी तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने।

२१. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था एवम् मनोसामाजिक कुशलता (well-being) मा सुधार र अभिवृद्धि भई सिकाइमा सुधार हुने।

२२. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

२३. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने।

२४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई असहज परिवेशमा समेत प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग हुने।

२५. शैक्षिक क्षेत्रलाई प्राथमिकताको क्षेत्रमा स्थापित गरी पालिका र समग्र मुलुकका अब्बल नागरिकहरू शैक्षिक क्षैत्रमा रोजगारीका लागि आकर्षित हुने।

२६. अभिभावक र शिक्षकको बीचको निरन्तरको अन्तरक्रिया र सहकार्यको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुने।

२७. शैक्षिक संस्थाहरू बालबालिकाको सिकाइको सवालमा अभावमुक्त थलोको रूपमा विकास भएको हुने।

२८. प्रारम्भिक कक्षाहरूमा पढाइ सिप तथा सिकाइ उपलब्धि विकास गर्ने वातावरण सृजना भएको हुने।

२९. स्टिम पेडागोजीलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा विकास गरी शिक्षकको क्षमता विकास भएको हुने।

२.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छः

तालिका २.१: मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचकहरू	आधार वर्ष २०७७ को अवस्था		लक्ष्य २०८२		लक्ष्य २०८७	
		राष्ट्रिय	बारबर्दिया	राष्ट्रिय	बारबर्दिया	राष्ट्रिय	बारबर्दिया
१. प्रारम्भिक बालविकास तथा शिक्षा							
१.१	कुल भर्ना दर	८६.४	११४.७	१००	१०५	१०५	१००
१.२	चार वर्षका बालबालिकाको भर्ना अनुपात	६७.२	८४.९९	९०	९५	१००	१००
१.३	न्यूनतम योग्यता पुगेका शिक्षक	९५.७	१००.०	१००	१००	१००	१००
१.४	आधारभूत तालिम प्राप्त शिक्षक	९१.२	८०.००	१००	१००	१००	१००
१.५	कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको	६८.७	७७.९७	९०	९५	१००	१००
२. आधारभूत शिक्षा							
२.१	कक्षा १ मा कुल प्रवेशदर	१२१.९	१०६.८	१०६	१०२	१००	१००
२.२	कक्षा १ मा खुद प्रवेशदर	९६.८	९८.४	९९	९९	९९	१००
२.३	कक्षा १- ५ मा कुल भर्ना दर	११९.३	१०५.१	११२	१०२	१०७	१००
२.४	कक्षा १- ५ मा खुद भर्ना दर	९७.१	९७.७	१००	१००	१००	१००
२.५	कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात	३.६	४.४२		५.०		५.०
२.६	कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात	२४.०	३२.७७		३०.०		३०.०
२.७	कक्षा १- ८ मा कुल भर्ना दर	११०.४	१०४.३	११५	१०२	११०	१००
२.८	कक्षा १- ८ मा खुद भर्ना दर	९३.८	९७.१	९९	९९	१००	१००
२.९	कक्षा १- ८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	०.९८	०.९३	१.००	१.००	१.००	१.००
२.१०	कक्षा ८ मा टिकाउ दर	७९.३	८७.०७	९८.९	९८.९	९९.५	१००
२.११	आधारभूत शिक्षाको तह पूरा गर्ने दर	७२.७	७१.८	९८.७	९९	९९	१००

क्र.सं.	सूचकहरू	आधार वर्ष २०७७ को अवस्था		लक्ष्य २०८२		लक्ष्य २०८७	
		राष्ट्रिय	बारबर्दिया	राष्ट्रिय	बारबर्दिया	राष्ट्रिय	बारबर्दिया
२.१२	कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात	२.१	२.२९		३.००		४.००
२.१३	कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात	५१.०	८१.३२		४५.०		३०.०
२.१४	५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको	६.२	००	१	०.००		०.००
३. माध्यमिक शिक्षा							
३.१	कुल भर्ना दर कक्षा ९- १०	९४.६	८६.१	१०५.६	१०५.०	१०९	१००
३.२	खुद भर्ना दर कक्षा ९- १०	६९.०	६५.३	८१.४	८०.०	९६.४	९५
३.३	कुल भर्ना दर कक्षा ९- १२	७१.४	७०.७	९१.६	९०.५	९७	९५
३.४	खुद भर्ना दर कक्षा ९- १२	४७.६	४७.०	५८.१	५७.५	७२.१	७०
३.५	कुल भर्ना दर कक्षा ११- १२	५१.५	५५.४	७७.३	७८.०	८५.८	८५.५
३.६	खुद भर्ना दर कक्षा ११- १२	२५.८	२८.७	४०.१	४२.५	६२.२	६५.५
३.७	कक्षा १० सम्मको टिकाउ दर	६०.३	४९.६७	९७.९	९०	९९	९८
३.८	कक्षा १२ सम्मको टिकाउ दर	२४.०	००	३५.४	००	५२.३	००
३.९	कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात	२.८	२.२८		५.०		६.०
३.१०	कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात	४०.०	९१.८७		४५.०		३०.०
३.११	कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात	३.६	१.२५		४.०		५.०
३.१२	कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात	७३.०	१२९.१		४०.०		३०.०
३.१३	कक्षा ९-१२ मा खुद भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क	१.०१	१.३४	१.००	१.००	१.००	१.००
४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ							
४.१	५ वर्ष माथिको साक्षरता दर	७८	७४.१८	९६	८५	९९	९५
४.२	१५—६० वर्षको साक्षरता दर	९२	९६.४२	९९	९८	१००	९९

क्र.सं.	सूचकहरू	आधार वर्ष २०७७ को अवस्था		लक्ष्य २०८२		लक्ष्य २०८७	
		राष्ट्रिय	बारबर्दिया	राष्ट्रिय	बारबर्दिया	राष्ट्रिय	बारबर्दिया
४.३	१५ वर्ष माथिको साक्षरता दर	५८	५७.७६	९५	८०	१००	९०
५. महिला शिक्षक							
५.१	आधारभूत तह	४३.७	२६.९७	५०	३७	५०	४५
५.२	माध्यमिक तह	२०.६	०.०७	२५	१५	३०	२५
६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय							
६.१	प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र		५०	६०	७५	९०	९५
६.२	आधारभूत विद्यालय	१३.४	२०	७०	७५	९५	९५
६.३	माध्यमिक विद्यालय		१०	६०	७०	९०	९५
७. कुल बजेटमा शिक्षा क्षेत्रको बजेटको		**११.६४**	**१९.००**	**१७**	**२०**	**२०**	**२५**

परिच्छेद : तीन
शिक्षा क्षेत्र योजनाका मुख्य उपक्षेत्रहरू

३.१ परिचय

प्रस्तुत योजनाको परिच्छेद दुईमा पहिचान गरिएका यस नगरपालिकाको शिक्षा क्षेत्रका दश वर्षे योजना (२०२१-२०३०) को दीर्घकालीन सोच, उद्देश्य र रणनीतिका आधारमा यस परिच्छेदमा शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य मुख्य उपक्षेत्रहरू समावेश गरी विश्लेषण गरिएको छ। योजनाका सबै प्रमुख उपक्षेत्रहरू यस परिच्छेद अन्तर्गत समेटिने भएकोले पनि योजनामा यो परिच्छेद एक महत्वपूर्ण परिच्छेद हो। उपक्षेत्रहरू समेट्ने क्रममा अधिकार र जिम्मेवारीको हिसाबले कुन तहको सरकारको कुन उपक्षेत्र भन्ने कुरालाई गौण रूपमा हेरी नगरपालिकाको शिक्षा क्षेत्रलाई समग्रमा हेर्ने काम प्रस्तुत योजनाले गरेको छ। त्यसकारण पनि योजनाको यस परिच्छेदमा शिक्षा क्षेत्रका प्रमुख उपक्षेत्रहरू अन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा, अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर र आजीवन सिकाइ आदि उपक्षेत्रलाई समेटिएको छ।

उल्लिखित उपक्षेत्र अन्तर्गतका विषयवस्तुहरूको खाका तयार गर्ने क्रममा यस पूर्वका शिक्षा योजनाहरू, दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय शिक्षा नीति २०७५, मुलुकको पन्ध्रौं पञ्चवर्षीय योजना, सङ्घको दश वर्षे शिक्षा क्षेत्र योजनाको ड्राफ्ट, नेपालको संविधान एवम् शिक्षासम्बन्धी प्रचलित कानुनहरू, शिक्षा मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित अद्यावधिक तथ्याङ्कहरू, बारबर्दिया नगरपालिकाको पार्श्वचित्र २०७५, बारबर्दिया शिक्षा पार्श्वचित्र २०७८ आदिको अध्ययन र विश्लेषण गर्ने काम भएको छ। यसका अतिरिक्त सरोकारवालाहरूसँग भएका अन्तरक्रिया र छलफलबाट लिखित एवम् मौखिक रूपमा प्राप्त भएका सुझावहरूलाई समेत समेट्ने काम गरिएको छ प्रत्येक उपक्षेत्रहरूको वर्तमान अवस्थाको विश्लेषणको क्रममा चुनौती र अवसरहरूको पहिचान गरी सम्बन्धित उपक्षेत्रसँग सम्बन्धित उद्देश्य रणनीति प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण गर्ने काम भएको छ।

३.२ प्रारम्भिक बालविकास र शिक्षा

३.२.१ परिचय

बालबालिकामा प्रारम्भिक बालविकास उमेरमा उपलब्ध सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा अभिवृद्धि गर्दछ। बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकारको सुनिश्चिततले उनीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउँछ। सिकाइ मानव विकासको एउटा पक्ष हो। यो गर्भावस्थादेखि मृत्युपर्यन्त जारी रहन्छ। मानव जीवनको आधारशीलाका रूपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्वपूर्ण हुन्छ। दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन्। अत: दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल गर्न प्रारम्भिक बालविकास शिक्षाले महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

सरकारले आफ्ना नागरिकको सर्वाङ्गीण विकासका लागि विशेष लगानी गरेको हुन्छ। यसका लागि नेपाल सरकारले पनि संविधान, ऐन कानुन, नीति र कार्यक्रमहरूमा विभिन्न व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ। यसैगरी ३९(३)मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनी बालबालिकाको विकास र सहभागिताको व्यवस्था गरिएको छ। शिक्षा (नवौँ संशोधन) ऐन २०२८ले

चारवर्ष उमर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ। यसैगरी सोही ऐनको दफा ११त(१) मा **"प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ"** भनी उल्लेख गरिएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ। बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधान रहेका छन्। पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५ / ७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन्। यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ।

३.२.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास शिक्षा औपचारिक शिक्षाको लागि पूर्व तयारी र सर्वाङ्गीण विकासको मूल आधार हो भन्ने कुरा दिगो विकास लक्ष्यको ४.२ मा उल्लेख गरिएको छ। कक्षा १० उत्तीर्ण गरेको व्यक्ति प्रारम्भिक बालविकास केन्द्रको शिक्षक हुनसक्ने कानुनी प्रावधान रहेको छ। हाल नेपालमा ३०,०३९ सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास केन्द्र र ६,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरू रहेका छन् (CEHRD, 2020)। बालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिकाको सङ्ख्या ११०५५६१ देखिन्छ भने चार बर्ष उमेरका बालबालिकाको कुल सङ्ख्या ६ लाख ४० हजारमध्ये ४,३६,११५ प्रारम्भिक बालविकास तथा बाल शिक्षामा भर्ना भएका देखिन्छन्। यसरी नियाल्दा बालविकासमा बालबालिकाको कुल भर्ना दर ८५.१ र खुद भर्ना दर ६८.८ पुगेको छ। बालविकासमा अध्यापनरत ९५.७ प्रतिशत शिक्षकहरूको न्यूनतम योग्यता पुगेको देखिन्छ भने ९१.२ प्रतिशतले आधारभूत तालिम समेत लिएको देखिन्छ। बालविकासको अनुभव सहित कक्षा १ मा अध्ययन गर्ने बालबालिकाको प्रतिशत ६८.७ रहेको देखिन्छ।

लुम्बिनी प्रदेश अन्तर्गत सामुदायिक ५३५६ र संस्थागत १११० गरी कुल ६४६६ बालविकास केन्द्र रहेका छन्। जस अन्तर्गत ३-४बर्ष उमेर समूहका छात्रा १०३,७७४ र छात्र १२०,७५७ गरी कुल२२४,५३१ बालबालिकाहरू रहेका छन्। बालविकासमा भर्ना भएका सबै बालबालिकाहरूको सङ्ख्या २२५१५३ रहेको छ जसमध्ये छात्राको सङ्ख्या १०२०३९ र छात्रको सङ्ख्या १२३११४ रहेको छ। यसरी हेर्दा लम्बिनी प्रदेशमा यो तहमा बालबालिकाको कुल भर्ना दर ९८.३ र चार वर्षका बालबालिकाको भर्नाको अनुपात अर्थात खुद भर्ना दर ७७.८ रहेको देखिन्छ। त्यसैगरी लुम्बिनी प्रदेशमा न्यूनतम योग्यता पुगेका बालविकासका शिक्षकहरूको ९६.५ रहेको छ भने आधारभूत तालिम लिएका शिक्षकहरूको प्रतिशत ९५.७ रहेको छ। कक्षा १ मा नयाँ भर्ना हुने विद्यार्थीहरूमध्ये ७०.२ प्रतिशत विद्यार्थीहरू बालविकासको अनुभव लिएर आउने गरेका देखिन्छन्। **(फ्लयास रिपोर्ट, २०१९-२०२०)**

बारबर्दिया नगरपालिकामा बालविकास केन्द्रहरूको सङ्ख्या १११ वटा रहेको छ जसमध्ये सामुदायिक विद्यालयमा आधारित ७२ वटा, संस्थागत विद्यालयमा आधारित १५ वटा र समुदायमा आधारित २४ वटा रहेका छन्। यस नगरपालिकामा रहेका तीनै किसिमका बालविकास केन्द्रमा शैक्षिक वर्ष २०७८ मा भर्ना भएका बालबालिकाको जम्मा सङ्ख्या ३०१६ रहेको छ जसमध्ये १५६९ जना बालक र १४५० जना बालिका रहेका देखिन्छन्। प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर (GER) ११४.७ रहेको छ भने प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने ७७.९७ प्रतिशत रहेको छ।

यस पालिकामा एउटा बालविकास केन्द्रमा पुरुष र अरू सबै बालविकास केन्द्रमा महिला सहजकर्ता रहेका छन्। बालविकास केन्द्रमा सहजीकरण गर्ने सबै सहजकर्ता न्यूनतम शैक्षिक योग्यता प्राप्त छन्। सबै सहजकर्ताहरू प्रारम्भिक बालविकास सम्बन्धी तालिम प्राप्त छन्।

प्रारम्भिक बालविकास शिक्षामा आउने बालबालिकाहरूको लैङ्गिक सुचक ०.९२ रहेको छ। अधिकांश बालविकास केन्द्रमा स्मार्ट टि.भी.को व्यवस्था गरिएको छ। बालविकासका कोठाहरू छापामय रहेका छन्। बालविकासका सबै बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ। प्राय सबै विद्यालयमा खाजा मेनु तयार गरी खाजा खुवाउने प्रबन्ध गरिएको छ।

बालविकास शिक्षालाई प्रभावकारी बनाउनका लागि अभिभावक र शिक्षक बिच समय समयमा अन्तरक्रिया गर्ने गरिएको छ। बालविकास केन्द्रका बालबालिकाहरूको दिवा खाजा, बुक कर्नरका लागि हरेक वर्ष स्थानीय तह मार्फत स्रोत व्यवस्थापन हुने गरेको छ। यसपूर्व बाल विकासका सहजकर्ताहरूको पारिश्रमिक न्यून (रु ६०००/- मात्र) भएकोमा प्रोत्साहनका लागि स्थानीय तहले रु.२०००/- मासिक रूपमा तलबमा थप सुविधा दिने गरेकोमा अहिले सङ्घीय सरकारले नै मासिक न्यूनतम तलब रु १५०००/- दिने भनी व्यवस्था गरिएकोमा संङ्घिय सरकारबाट रु ८०००/- र स्थानीय तहबाट रु७०००/- थप गरी न्यूनतम तलब भत्ता दिने गरी व्यवस्था गरिएको छ। बालविकास सहजकर्ताहरूलाई स्थानीय स्रोत साधनको प्रयोग गरी शैक्षिक सामग्री निर्माणका लागि हरेक बर्ष तालिमको व्यवस्था समेत स्थानीय तहले गर्ने गरेको छ। यसका अतिरिक्त अभिभावकको सहयोगमा समेत स्थानीय शैक्षिक सामग्री निर्माण गर्ने कार्य विद्यालयले गरिरहेको छ।

बालविकास केन्द्रमा समस्याको रूपमा बालबालिकाहरूको उमेरमा अनेकता हुनु, बाल विकास केन्द्रको सजावट र फर्निचरको व्यवस्था उपयुक्त किसिमको नहुनु, सिकाई कुनाको व्यस्थापन राम्रो नहुनु, बालमैत्री र मौसममैत्री कक्षाकोठा नहुनु, बालबालिकाको सञ्चित अभिलेख व्यवस्थित नहुनु, कक्षा १ र २ मा जस्तै पढाउने परिपाटी कायम रहनु, "खेल्दै सिक्दै" को सिद्धान्त अनुसारका खेल सामग्री तथा शैक्षिक सामग्री नुहुनु, बालविकास संहजकर्ताहरूमा उत्प्रेरणाको कमी रहनु, अनुगमन र सुपरीवेक्षणको प्रभावकारी व्यवस्थापन नहुनु आदि रहेका छन्।

३.२.३ चुनौती तथा अवसर

प्रारम्भिक बालविकास शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चितता सहित प्रारम्भिक बालविकास र शिक्षाप्रतिको आकर्षणमा अभिवृद्धि गर्नु, बालविकासका लागि सक्षम र समर्पित जनशक्तिको व्यवस्थापन गर्नु, अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनु, बालबालिकाको घरायसी वातावरण बालबालिकामैत्री बनाउनु, विद्यालयदेखि सरकारसम्मका संस्थाहरू बालबालिकाप्रति सहयोगी र सकारात्मक हुनु, प्रारम्भिक बालविकास स्तरको शिक्षा नि:शुल्क घोषणा गर्नु, बालबालिकाका निम्ति उचित मनोसामाजिक परामर्शको व्यवस्था गर्नु, बालविकासमा कार्यरत शिक्षकको पारिश्रमिक तथा सेवा शर्तसम्बन्धी स्पष्ट मापदण्डको विकास गर्नु, प्रारम्भकि बालविकास तथा शिक्षाको गुणस्तरको न्यूनतम मापदण्ड विकास गर्नु, सरकारी विद्यालयहरूमा सञ्चालित बालविकास केन्द्र र सस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाको सहजीकरण र अवधिमा एकरूपता ल्याउनु आदि प्रारम्भिक बाल विकास शिक्षाका मुख्य चुनौतीहरू रहेका छन्।

नेपालको संविधान २०७२ ले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हकअन्तर्गत प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाको हकमा समावेश गरेको छ। विद्यालय क्षेत्र विकास योजनाले प्रारम्भिक शिक्षा र बालविकासलाई विद्यालय शिक्षाको संरचनामा एकीकृत गरिसकेको र शिक्षा ऐन, २०२८ को आठौं संशोधनले समेत प्रारम्भिक बालविकास र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक बालविकास र शिक्षालाई शिक्षा प्रणालीको जगको रूपमा आत्मसात गरिएको छ। नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्रको पहुच सुनिश्चितताका लागि आवश्यक संरचनाको विकास भइसकेको अवस्था छ। अभिभावक, समुदाय, वडा कार्यालय, स्थानीय र प्रदेश सरकारहरूबीच साझेदारी र सहकार्य मार्फत प्रारम्भिक बाल विकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने अवसर प्रशस्त छ। सङ्घीय सरकारले समेत चालु आर्थिक वर्षको बजेटमा बालविकास केन्द्रमा कार्यरत शिक्षकहरूको तलबभत्ता वृद्धि गर्ने सवाललाई सम्बोधन गरेको छ। प्रदेश सरकार र विभिन्न पालिकाहरूले समेत बालविकासका शिक्षकहरूलाई पारिश्रमिकमा टेवा पुग्नेगरी प्रोत्साहन र सेवासुविधा प्रदान गरेको छ। राष्ट्रिय शिक्षा

नीति २०७६ ले समेत बालविकासको गुणस्तरमा अभिवृद्धि गर्नका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ। उल्लिखित पक्षहरूलाई बालविकासको क्षेत्रमा भएका अवसरहरूको रूपमा लिन सकिन्छ।

३.२.४ लक्ष्य तथा उद्देश्यहरू

यस योजना अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षाको लक्ष्य बारबर्दियाका प्रारम्भिक उमेर समूहका सबै बालबालिकाको उपयुक्त किसिमबाट शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्नु रहेको छ भने यसका उद्देश्यहरू निम्न बमोजिम रहेका छन्।

१. प्रारम्भिक बालविकासका लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गर्नु।

२. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित नि:शुल्क आधारभूत शिक्षामा भर्ना गर्ने।

३. प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुने गरी गुणस्तरीय र प्रभावकारी बनाउनु।

४. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूको गुणस्तर सुनिश्चित गर्नु।

५. पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गर्नु।

६. प्रारम्भिक बालविकासमा दक्ष र बालबालिकाप्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवम् आर्थिक स्रोतको सुनिश्चतता गर्नु।

७. बालबालिकाको घरायसी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा स्थानीय तह, आमा, बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रीय संलग्नता सुनिश्चित गर्नु।

८. प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरूका लागि पोषण एवम स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्नु।

३.२.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घ र प्रदेशको कानुनसँग नबाझिने गरी बालविकास सम्बन्धी कानुन, नीति, कार्यविधि आदि निर्माण गरेर कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य र नि:शुल्क गरिने छ।

२. तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूमा सञ्चालन भइरहेको बालविकासको शिक्षा अवधिलाई समायोजन गरी कम्तिमा २ वर्षको बनाउनका लागि कानुन निर्माण गरी कार्यान्वयन गरिने छ।

३. प्रारम्भिक बालविकासको सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोगलाई जोड दिइने छ।

४. प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधार गर्न स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरूको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिने छ।

५. लागत साझेदारीका आधारमा बालविकास केन्द्रको पुनर्वितरण र विस्तार गरिने छ।

६. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बालमैत्री कक्षाकोठा व्यवस्थापनसहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गरिने छ।

७. बालबालिकाहरूको मनोरञ्जन र उनीहरूको सन्तुलित र स्वस्थकर विकासमा सहयोग पुऱ्याउनका लागि कम्तिमा प्रत्येक विद्यालयमा एउटा बालउद्यानको स्थापना र विकास गरी सञ्चालन गरिने छ।

८. बालविकास उमेरका बालबालिकाको आफ्ना सन्ततिहरूलाई घरायसी वातावरणलाई बालमैत्री बनाउन '***सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा' र आमा शिक्षा*** मार्फत अभिभावकलाई जिम्मेवार बनाइने छ।

९. बाबुआमा नभएका बालबालिकाको निम्ति विभिन्न सामाजिक सङ्घसंस्था र मनकारी सामाजिक अभियन्ताहरूसँग सहकार्य र समन्वय गरी उनीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपूर्तिको सुनिश्चितता प्रदान गर्नका लागि कानुन बनाई नगरपालिकाद्वारा अभिभावकको भूमिका निर्वाह गरिने छ।

१०. प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई समयानुकुलको तलब सुविधाका साथै योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गरिने छ।

११. प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तिमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गरी सोको कार्यान्वयन गरिने छ।

१२. प्रारम्भिक बालविकासका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकासलाई सन्तुलित किसिमबाट अघि बढाउनका लागि विज्ञमार्फत आवश्यक पर्ने मनोसामाजिक परामर्श सम्बन्धी तालिम सहजकर्तालाई प्रदान गरिने छ।

१३. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थानीयस्तरमा उपलब्ध कम मूल्यका (No Cost , Low Cost) स्रोतसाधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) को कार्यान्वयनको सुनिश्चितता गरिने छ।

१४. प्रारम्भिक बालविकासका क्षेत्रमा गरिने लगानीलाई एकद्वार प्रणालीबाट खर्च गरिने नीतिगत प्रबन्ध कार्यान्वयनमा ल्याइने छ।

१५. अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत, घरमा आधारित प्रारम्भिक बाल शिक्षा स्थापना र सञ्चालन लगायत अपाङगताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको विकास गरी कार्यान्वयन गरिने छ।

१६. नगरपालिकाको अगुवाइमा स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिने छ।

१७. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण लगायत सबै किसिमका अधिकारको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र आमसंचार माध्ययमसँग सहकार्य गरिने छ।

१८. दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ।

३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

लक्षित उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भई यसको सकारात्मक असर शिक्षाका अरू तहमा समेत प्रतिबिम्बित हुने छ।

ख) प्रमुख नतिजाहरू (Key results)

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई कम्तिमा दुई वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच भएको हुने।

२. कक्षा १ मा प्रवेश गर्ने सबै बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितका हुने।

३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा पेसाप्रति समर्पित, योग्य र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने ।

४. पाठ्यक्रम परिमार्जन र अनुकुलनसहित कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने ।

५. भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरूको विकास र सञ्चालन हुने ।

६. सामुदायिक र संस्थागत विद्यालयहरूमा सञ्चालनमा रहेका बालविकास तथा शिक्षा कार्यक्रमहरूमा समयावधिका हिसाबले एकरूपता हुने ।

७. बाबुआमा नभएका बालबालिकाहरूका निम्ति स्थानीय पालिकाहरूले अभिभावकको भूमिका निर्वाह गरेको हुने ।

८. बालविकास तथा शिक्षा उमेरका सन्ततिका अभिभावकहरू कानूनी एवम् नैतिक हिसाबले सन्ततिको शिक्षाका लागि जिम्मेवार र जवाफदेही हुने ।

९. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार हुने ।

१०. बालविकास शिक्षामा बालबालिकाहरूको टिकाउदरमा वृद्धि हुने ।

ग) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

तालिका ३.२: प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरूको विकास, परिमार्जन तथा प्रबोधीकरण गरी कार्यान्वयन गरिने।	पटक	१	✓	✓	१	✓	२	२	सङ्घ र प्रदेश सरकारसँग समेत सहकार्य गरी स्थानीय तहले निर्माण र कार्यान्वयन गर्ने।
२	न्यूनतम मापदण्डअनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय सहितको कक्षा कोठाको व्यवस्था गरिने	बाविके	१९	१९	१९	१९	२०	९६	९६	वडाका साथै स्थानीय तहको लगानी
३	निजी क्षेत्र र सङ्घसंस्थाहरूको समेत साझेदारीमा मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरिने।	बाविके	१९	१९	१९	१९	२०	९६	९६	वडा समेत स्थानीय तहले व्यवस्थापन समितिमार्फत अभिभावक, समुदाय, गैर सरकारी संस्था, निजी क्षेत्रसँग सहकार्य र समन्वय गरी सञ्चालन गर्ने।
४	विकास साझेदार, गैरसरकारीसंस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन भेटघाट, अन्तरक्रिया सञ्चालन गरिने।	बाविके	९६	९६	९६	९६	९६	९६	९६	स्थानीय तहको अगुवाइमा विकास साझेदार र निजी क्षेत्र तथा सङ्घसंस्थासँगको साझेदारी, सहकार्य, सहयोग र सक्रियतामा

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
५	प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण	बाविके	✓	✓	✓	✓	✓	✓	✓	वडा र स्थानीय तहबाट कार्यान्वयन।
६	कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य गर्न कानुन निर्माण गरिने।	स्थानीय तह	९६	९६	९६	९६	९६	९६	९६	सङ्घ र प्रदेशको सहजीकरणमा स्थानीय तहले कानुन बनाई सम्पादन गर्ने
७	कानुन बनाई बालविकास तथा शिक्षाको अवधिलाई कम्तिमा दुई वर्ष हुने गरी संशोधन गरिने	स्थनीय तह	७९	✓	✓	✓	✓	७९	७९	स्थानीय तहले कानुन बनाई सम्पादन गर्ने।
८	स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरूको संलग्नतामा प्रारम्भिक बालविकास सल्लाहकार संयन्त्रको स्थापना र सञ्चालन गरिने।	बाविके	९६	९६	९६	९६	९६	९६	९६	वडा समेत स्थानीय तहको सक्रियतामा
९	प्रत्येक वडामा कम्तिमा बालविकास केन्द्रलाई नमुनाको रूपमा स्थापना गरी सञ्चालन गरिने।	वडा	११	✓	✓	✓	✓	११	११	वडा र स्थानीय तहको सहकार्य र सहलगानी।
१०	बाबुआमा दुवै नभएका बालबालिकाहरूका लागि आधारभूत आवश्यकता पूरा गर्नेगरी स्थानीय तहले अभिभावकको जिम्मेवारी निर्वाह गर्नु पर्ने	सबै अभिभावक विहीन	✓	✓	✓	✓	✓	सबै अभिभावक विहीन	सबै अभिभावक विहीन	सङ्घसंस्थासँगको सहकार्यमा स्थानीय तहले बजेटको व्यवस्थापनसहित गर्ने।

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
११	कानुन र शिक्षा दुवैको माध्यमबाट अभिभावककलाई जिम्मेवार बनाउदै घरायसी वातावरणलाई सिकाइमैत्री बनाउन अभिभावकलाई अभिप्रेरित गर्ने।	बाविके	९६	✓	✓	✓	✓	९६	९६	विकास साझेदारहरूसँगको सहकार्य र साझेदारीमा सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
१२	प्रारम्भिक बालविकास तथा शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि	शिक्षक	९६	✓	✓	✓	✓	९६	९६	सङ्घ, प्रदेश र स्थानीय तहको लगानी।
१३	बाविकेको शिक्षालाई दुई वर्षे बनाउदा थप गरिने शिक्षकको व्यवस्थापन।	शिक्षक	९६	✓	✓	✓	✓	९६	९६	सङ्घ, प्रदेश र स्थानीय तहको लगानी।
१४	शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर प्रदान गर्ने।	शिक्षक	२५	५०	२५	✓	✓	१००	१००	सङ्घ, प्रदेश र स्थानीय तहको लगानी।
१५	बालविकास केन्द्रको स्तरोन्नतिका लागि कार्यक्रमगत र शीर्षकगत रूपमा सशर्त बजेटको व्यवस्था गर्ने।	बाविके	९६							वडाका साथै स्थानीय तहको लगानी एवम् कार्यान्वयन।
१६	प्रत्येक बालविकास केन्द्रमा एकजना शिशु स्याहार कार्यकर्ताको व्यवस्था	बाविके	९६	१९	१९	१९	१९	१९	९६	वडाका साथै स्थानीय तहको लगानी एवम् कार्यान्वयन।
१७	चाइल्ड ट्र्याकिङ गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई कोड दिई बालबालिकाको अभिलेखीकरण गर्ने।	बाविके	९६	✓	✓	✓	✓	९६	९६	प्रदेशको सहजीकरण र स्थानीय तहको सहयोगमा वडा र बालविकास केन्द्रले गर्ने।

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१८	प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिका, (दुर्गम भेगमा बसोबास गर्ने अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएकाहरूसमेत(प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचका लागि वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन	वडा	११	✓	✓	✓	✓	११	११	वडा सहितको स्थानीय तहले वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको रूपमा घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने
१९	अपाङ्ता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन	पहिचान भएका घरपरिवार र केन्द्रहरू	घर परिवार र केन्द्र	✓	✓	✓	✓	घरपरिवार र केन्द्र	घरपरिवार र केन्द्र	विकास साझेदार र परिवारसँगको समन्वयन र सहकार्यमा वडा, नपा र प्रारम्भिक बालविकास केन्द्रले गर्ने।
२०	प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरी सन्दर्भ सापेक्ष बनाउने र प्रबोधीकरण गर्ने	पटक	१	✓	✓	✓	✓	१	१	सङ्घ र प्रदेशको प्राविधिक सहयोग र सहजीकरणमा स्थानीय विज्ञहरू समेतको संलग्नतामा।

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
२१	बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान गरी बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमनगरी कुपोषित बालबालिकाका लागि आवश्यक प्रबन्ध गर्ने	सबै बाविके	सबै केन्द्र	✓	✓	✓	✓	सबै बाविके	सबै बाविके	स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी वडा र स्थानीय तहले सञ्चालन गर्ने
२२	प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था	सबै बाविके	✓	✓	✓	✓	✓	सबै बाविके	सबै बाविके	सङ्घ, प्रदेश र स्थानीय तह (दिवा खाजा तथा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको क्रियाकलाप अनुसार)
२३	सिकाइ सहजीकरण कार्यमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको समेत प्रयोग गर्ने	स्थानीय तह, सबै केन्द्र	सबै केन्द्र	✓	✓	✓	✓	सबै बाविके	सबै बाविके	सङ्घ र प्रदेशको सहजीकरणमा वडा र स्थानीय तहले कार्यान्वयन गर्ने।
२४	प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू र अभिभावक तथा सरोकारवालाहरूका लागि नियमित अभिमुखीकरण	सबै बाविके	✓	✓	✓	✓	✓	सबै बाविके	सबै बाविके	विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले।

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
२५	प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा माहिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने	वडा, स्थानीय तह, सबै बाविके	✓	✓	✓	✓	✓	✓	वडा, स्थानीय तह, सबै बाविके	विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले।
२६	प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने	सबै बाविके	✓	✓	✓	✓	✓	९६	९६	विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले।
२७	प्रारम्भिक बालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घ संस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि	सबै बाविके	✓	✓	✓	✓	✓	९६	९६	विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले।
२८	प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन गरिने	कार्यान्वयन निरन्तर स्थानीय तह	✓	✓	✓	✓	✓	९६	९६	सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिकाले सम्पादन गर्ने।

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
२९	सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरूको अनिवार्य रूपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराउने	सबै बाविके	✓	✓	✓	✓	✓	९६	९६	सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिकाले सम्पादन गर्ने।
३०	कम्तिमा प्रत्येक विद्यालयमा एउटा बालउद्यानको स्थापना र सञ्चालन	सबै वडा	२	२	२	२	३	११	११	नगरपालिका र वडा
३१	प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको प्रभावकारिताको सङ्घ, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण	सबै वडा स्थानीय तह र बाविके	✓	✓	✓	✓	✓	✓	✓	विज्ञहरूलाई पनि समावेश गरी सङ्घ, प्रदेश,स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षणमा।
३२	बालविकास कक्षालाई छापामय बनाउन उपयुक्त कक्षाकोठाको व्यवस्था गरिने	सबै बाविके	✓	✓	✓	✓	✓	✓	✓	वडा कार्यालय र नगरपालिका
३३	बालविकास केन्द्रका लागि आवश्यक शैक्षिक खेल सामग्रीको व्यवस्था गरिने	सबै बाविके	✓	✓	✓	✓	✓	✓	✓	वडा, न पा र अन्य सङ्घ संस्थाको सहाकार्यमा

३.३ आधारभूत शिक्षा

३.३.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। यसपूर्व भएको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर हाल व्यवस्था गरिएको आधारभूत तहको शिक्षाले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखी आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गरी मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ। सबैका लागि शिक्षा (२०००-२०१५), सहश्राब्दी विकास लक्ष्य, दिगो विकासको लक्ष्यहरू, इन्चोन घोषणा (२०१५- २०३०), संयुक्त राष्ट्र,सङ्घ, मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २६, शिक्षा सम्बन्धी ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ।

सबैका लागि शिक्षाको दोस्रो उद्देश्यमा खास गरी बालिका, कठिन परिस्थितिमा परेका तथा सामाजिक आर्थिक रूपले पिछडिएका जनजाति समुदायका बालबालिकालगायत सबैका लागि गुणस्तरीय निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच तथा विद्यालय पूरा गर्ने अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो। विद्यालय क्षेत्र विकास योजनाले सन् २०२२–२०२३ सम्ममा प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर ९४ कक्षा १ को खुद भर्ना दर शत प्रतिशत र आधारभूत तह (१-८) को खुद भर्ना दर शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। पन्ध्रौं योजनाले वि.स.२०८०/०८१ सम्म आधारभूत तहको खुद भर्ना दर ९५.५ पुऱ्याउने लक्ष्य छ। यस तहको अवधिलाई अन्तराष्ट्रिय स्तरमा समेत अनिवार्य र निःशुल्क गरिएको पाइन्छ।

गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सिप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। हाम्रो देश नेपालको आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रमको बुँदा न.६३ मा आगामी आर्थिक वर्षमा साक्षर नेपाल घोषणा गर्ने, बुँदा न.७० मा बालबालिकालाई विद्यालय ल्याऔँ र पढाइमा टिकाऔँ कार्यक्रमलाई प्रभावकारी बनाउने र सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६–२०८५ अभियान सञ्चालन गर्ने नीति लगायत थुप्रै आधारहरूले आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि बारबर्दिया नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ।

३.३.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप मुलुकभर आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन गरिरहेका विद्यार्थीहरूको सङ्ख्या ५३१९००४ रहेको छ। यी मध्ये सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३८०६६३९ र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १५१२३६५ रहेको छ। यसरी हेर्दा मुलुकको आधारभूत तहका विद्यार्थीहरूको कुल भर्ना दर ११०.४ र कक्षा १ देखि ८ को खुद भर्ना दर ९३.८ पुगेको छ। यस्तै आधारभूत तह पूरा गर्ने दर ७२.७ र कक्षा ८ को टिकाउ दर ७९.३ रहेको छ। अझै पनि आधारभूत तहको उमेर समूहका ६.२ बालबालिका विद्यालय बाहिर रहेका छन्।

लुम्बिनी प्रदेशमा आधारभूत तह कक्षा १–८ सञ्चालन भएका जम्मा विद्यालयहरूको सङ्ख्या ४०५६ रहेको छ जसमा सामुदायिक विद्यालयको सङ्ख्या ३,४८२ र संस्थागत विद्यालयको सङ्ख्या ५७४ रहेको छ। लुम्बिनी प्रदेशमा आधारभूत तहमा ९,७१,५८९ विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। यी विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयहरूमा अध्यनरत विद्यार्थीहरूको सङ्ख्या ६,९६,२५५ र

संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २,७५,३३४ रहेको देखिन्छ। यसरी नै छात्रा र छात्राको सङ्ख्या क्रमश: ४,७७,८९८ र ४,९३,६९१ रहेको देखिन्छ। आधारभूत तह अन्तर्गत कक्षा १-५ को कुल भर्ना दर १२१.३ कक्षा १-५ को खुद भर्ना दर ९७.२ रहेको छ भने कक्षा १–८ को कुल भर्ना दर १११.९ र खुद भर्ना दर ९३.५ रहेको छ।

बारबर्दिया नगरपालिका भित्र हाल कक्षा १-३ सञ्चालित विद्यालयहरूको सङ्ख्यागत एकाइ ५७ (सामुदायिक ४२ र संस्थागत १५), कक्षा १-५ सञ्चालित विद्यालयहरूको सङ्ख्यागत एकाइ ५५ (सामुदायिक ४० र संस्थागत १५), कक्षा १-८ सञ्चालित विद्यालयहरूको सङ्ख्यागत एकाइ २८ (सामुदायिक २२ र संस्थागत ६), कक्षा १-१० सञ्चालित विद्यालय ९ (सामुदायिक ६ र संस्थागत ३) र १-१२ सञ्चालित विद्यालयहरू ८ (संस्थागत नभएको) रहेका छन्। यसरी अध्ययन गर्दा आधारभूत तह सञ्चालन भएका जम्मा विद्यालयहरूको सङ्ख्या ५७ रहेको छ। यस तहमा जम्मा १२३२३ जना (५९०२ जना छात्रा र ६४२१जना छात्र) विद्यार्थीहरू अध्ययनरत छन्। यसरी हेर्दा नगरपालिकाको आधारभूत तह कक्षा १ देखि ८ को विद्यार्थीहरूको कुल भर्ना दर १०४.४ र कक्षा १ देखि ८ को खुद भर्ना दर ९८.४ पुगेको छ। यस्तै आधारभूत तह पूरा गर्ने दर ९५.१५ र कक्षा ८ को टिकाउ दर ८७.७ रहेको छ। अझै पनि आधारभूत तहको उमेर समूहका १.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् यद्यपि यो नगरपालिका आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य घोषणा सुनिश्चित गरिएको पालिका हो।

यी विद्यालयहरूमा सामुदायिकतर्फ आधारभूत तहको स्वीकृत दरबन्दीमा प्राथमिक तह ११२ र निम्न माध्यमिक तह २८ का साथै राहत दरबन्दीतर्फ प्राथमिक तहमा ७४ र निम्न माध्यमिक तहमा २७ गरी जम्मा २४१ जना शिक्षकहरू कार्यरत छन्। यसका अतिरिक्त प्राथमिक तहमा ३३ र निम्न माध्यमिक तहमा ४२ जना गरी आधारभूत तहमा जम्मा ७५ जना शिक्षकहरू नगरपालिकाको आफ्नो अनुदानबाट नियुक्त भई कक्षा १ देखि ८ सम्म अध्यापनरत रहेको देखिन्छ। यसरी हेर्दा यस पालिकामा कक्षा १ देखि कक्षा ५ सम्मको र कक्षा ६ देखि कक्षा ८ सम्मको शिक्षक र विद्यार्थी अनुपात क्रमशः १:३३ र १:८१ रहेको र आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्मको यो अनुपात १:४४ देखिन्छ।

३.३.३ चुनौती र अवसर

नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई पूर्णरूपले नि:शुल्क र अनिवार्य किसिमले प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, उपयुक्त सङ्ख्यामा दक्ष र पेसाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजी विद्यालयबीचको शिक्षण सिकाइको प्रक्रिया र उपलब्धिको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धी अभिवृद्धि गर्नु, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, विभिन्न किसिमका प्रकोप, सङ्कट तथा महामारीबाट शिक्षालाई मुक्त बनाउनु लगायत विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु आधारभूत शिक्षासँग सम्बन्धित चुनौतीहरू हुन्।

आधारभूत तहको शिक्षाको सवालमा अवसरहरू पनि बग्रेल्ती देखिएका छन्। नगरपालिकाले आफूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रदायक पालिकाको सुनिश्चतता घोषणा गरिसकेको अवस्था छ। बाबुआमा नभएका बालबालिकाहरूको पहिचान गरी उनीहरूको शिक्षाका लागि खाना, नाना र आवासीय सुविधा प्रदान गरिएको छ। शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले नगरपालिकाका निम्ति शिक्षामा सहभागीता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ। देशमा सङ्घीयताको कार्यान्वयनसँगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरूप्रतिको चासो र चिन्ता बढिरहेको छ। शिक्षकका पेसागत सङ्घ संस्था, राजनीतिक दल, नागरिक समाज आदिबाट शैक्षिक सुधारमा सकारात्मक प्रतिबद्धताहरू प्राप्त भइरहेका छन्।

यसरी नै आधारभूत शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै गएको अवस्था छ। विद्यालयमा आधारभूत तहको खुद भर्ना दर र लैंङ्गिक समता सूचकाङ्कमा प्रगति देखिएको छ। स्थानीय तहको सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याइ शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ। शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा प्रयाप्त लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिन्छ। बारबर्दिया नगरपालिकाले शिक्षकको अपर्याप्ततालाई समाधान गर्न आफ्नै स्रोतबाट आधारभूत तहमा शिक्षकहरूको व्यवस्थापन गरेको छ।

३.३.४ लक्ष्य तथा उद्देश्यहरू

यस बारबर्दिया नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूका लागि समतामूलक किसिमबाट गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने रहेको छ भने यससँग सम्बन्धित उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु।

३. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।

४. विविधता अनुकुल, उत्थानशील (Resilient) र जवाफदेही विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु।

५. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

३.३.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. जनसांख्यिक बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा विद्यालय गाँभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने काम सम्पादन गरिने छ।

२. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र सङ्घीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउनुका साथै आफ्ना परिवारका बालबालिकालाई विद्यालयमा भर्ना नगराएमा दण्डित हुनेतर्फ अभिभावकलाई सजग गरिने छ।

३. घरधुरी सर्वेक्षण मार्फत गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको पहिचान गरी उनीहरूको आधारभूत तहको शिक्षालाई पूर्ण रूपले निःशुल्क किसिमबाट पूरा गर्ने कुराको सुनिश्चित गरिने छ।

४. विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने आर्थिकरूपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, विपन्न द्वन्द्व पीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरूलाई उनीहरूको अवसर लागत (Opportunity cost) लाई समेत दृष्टिगत गरी छात्रबृत्ति र प्रोत्साहन कार्यक्रम सरल र सहज रूपमा उपलव्ध गराउनुका साथै स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरू उपलब्ध गराउन आवश्यक कार्य गरिने छ। आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गरिने छ।

५. सामुदायिक विद्यालय नभएको सेवा क्षेत्रमा स्थापना भएर निःशुल्क अनिवार्य आभारभूत शिक्षा प्रदान गर्न योगदान गर्ने संस्थागत विद्यालयहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा अनुदान दिने पद्धतिको विकास गरिने छ।

६. विद्यालय सेवा क्षेत्रसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित हुनेगरी सबै विद्यालयहरूमा गुणस्तरीय वातावरणको सुनिश्चित गरिने छ।

७. आधारभूत शिक्षालाई कानुनी रूपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस नगरपालिकामा सरकारी ढुकुटीबाट तलबभत्ता खाने कुनै पनि कर्मचारीको न्यूनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उत्तीर्ण हुनु पर्ने प्रावधानको व्यवस्थापन गरी सोको प्रभावकारी कार्यान्वयन गरिने छ।

८. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ।

९. सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गरिने छ।

१०. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गराउने सवालमामा आवश्यक लगानीको प्रबन्ध गर्न सङ्घीय सरकार र आवश्यक समन्वयन गरी तत्सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।

११. शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ र यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ।

१२. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउदै सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमताको विकास गरिने छ।

१३. सङ्घ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ।

१४. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घसंस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ।

१५. सङ्घ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।

१६. तीनै तहका सरकारको सहकार्यमा अनुदानमा वृद्धि गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरूमा दिवाखाजाको व्यवस्थापन गरिने छ।

१७. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने र शिक्षण संस्थाहरूलाई प्रविधिससम्बन्धी सिप र साधनसहितको भौतिक पूर्वाधार सम्पन्न बनाउनुका साथै विद्यालयलाई बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री बनाउने कार्यको कार्यान्वयन गरिने छ।

१८. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा रहनु पर्ने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थल (Save Zone) को निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरूलाई हुने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

१९. शिक्षक होइन कि अनुदान देऊ हामीले चाहेको गुणस्तर दिन सक्छौं भन्ने स्थानीय तहका केही विद्यालयहरूलाई शिक्षकको सट्टा अनुदान उपलब्ध गराई नमूनाका रूपमा सञ्चालन गर्न अभिप्रेरित गरिने छ।

२०. सङ्घीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी नपुग शिक्षक दरवन्दी सिर्जना गरी विद्यालयलाई वितरण गरिने छ।

२१. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी कार्यान्वयन गर्ने।

२२. निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण मार्फत जवाफदेहिता सुनिश्चितताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिने छ।

२३. आधारभूत तहको प्रारम्भिक कक्षामा लागु भएको प्रारम्भिक कक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिने छ।

२४. आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने वातावरण तयार गरिने छ।

२५. सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरूमा स्थानीय स्रोत साधन परिचालन गरिने छ।

२६. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ले निर्दिष्ट गरेअनुसार विद्यालय शिक्षालाई विविधताअनुकुल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गरिने छ।

२७. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनुसार स्थानीय पेसा, व्यवसाय र प्रविधि एवम् मूल्य, मान्यता, संस्कार र रीतिरिवाजहरूको संरक्षण र सम्बर्धन गर्न र बालबालिकालाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्नका लागि एक विद्यालय एक व्यवसायको अवधारणालाई स्थानीय पाठ्यक्रम निर्माणको क्रममा समावेश गरी कार्यान्वयन गरिने छ।

२८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण गरिने छ।

२९. जैविक विविधता, हरित विद्यालय, बालबगैचा र पर्यावरणको अवस्थालाई सुदृढ गर्न एवम् वन्यजस्तु र मानिस बिचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा स्थानीय पाठ्यक्रम एवम् अन्य क्रियाकलापहरू मार्फत विद्यार्थीहरूमा तदनुरूपको ज्ञान, सिप र अभिवृत्तिको विकास गरिने छ।

३०. तोकिएका मापदण्ड पूरा गरेका विद्यालयहरूलाई आवश्यक अनुदानको व्यवस्था गरी नमूना विद्यालयको रूपमा विकास गरिने छ।

३१. प्रारम्भिक पठन सिप कार्यक्रमलाई प्रारम्भिक कक्षाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि घर र विद्यालयमा पढाइ कुना (छापामय वातावरण सहतिको) निर्माण, समुदायमा घुम्ती पढाइ कुना निर्माण र सञ्चालन, स्थानीय स्तरमा परम्परागत लोककथाहरू संकलन र वाचन, स्थानीय एफ एम तथा रेडियोमा आधारित सन्देशमूलक कार्यक्रम सञ्चालन, अभिभावक र समुदायका व्यक्तिहरूको सहभागितामा पढाइ मेला आयोजना लगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ।

३२. विद्यालय (संस्थागत समेत)हरूको नियमन, अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उलब्ध गराउन र विद्यालयहरूले गरेको राम्रा अभ्यासहरूलाई सामुदायिक र संस्थागत विद्यालयहरूको बीचमा आदानप्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक र शिक्षक सहितको तेश्रोपक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी गरिने छ।

३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा यस तहको उमेर समूहका सबै बालबिलकाको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।

ख) प्रमुख नतिजाहरू (Key results)

१. सबै बालबालिका गुणस्तरीय आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने।

२. सम्बन्धित विद्यालयको सेवा क्षेत्र अन्तर्गतका बालबालिकाहरू सम्बन्धित विद्यालयमा नै अध्ययन गरेको हुने।

३. संविधानको मर्म अनुसार आधारभूत शिक्षा निःशुल्क र अनिवार्य रूपमा सञ्चालन भएको हुने।

४. अनाथ र गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूले सहज बातावरणमा अनिवार्य र निःशुल्क आधारभूत शिक्षा हासिल गरेका हुने।

५. सबै अभिभावकहरू बालबालिकाको आधारभूत तहको शिक्षा अनिवार्य रूपले पूरा गराउनु पर्ने सवालमा सजग र जिम्मेवार भएको हुने।

६. पेसाप्रति पर्याप्त समर्पण, सिप र सङ्ख्यामा भएका शिक्षकहरूले बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने।

७. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।

८. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने।

९. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।

१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) भएको हुने।

११. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग भएको हुने।

१२. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने।

१३. विद्यालयहरू सूचना र सञ्चार प्रविधिको उपलब्धता र उपयोगको हिसाबले सम्पन्न भएका हुनेछ।

१४. जीवन र जगतप्रति सकारात्मक सोच, श्रमप्रतिको श्रद्धा, व्यवहारकुशल सिप र सामाजिक आचरणको हिसाबले आधारभूत तह पूरा गरेका बालबालिकाहरू उल्लेख गर्न लायक भएका हुने।

१५. जैविक विविधता, हरित विद्यालय, बालबगैचा र पर्यावरणको अवस्थालाई सुदृढ एवम् वन्यजस्तु र मानिस बिचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा स्थानीय पाठ्यक्रम एवम् अन्य क्रियाकलापहरूमार्फत विद्यार्थीहरूमा तदनुरूपको ज्ञान,सिप र अभिवृत्तिको विकास भएको हुने।

१६. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा भएको हुने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थल (Save Zone) को निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरूलाई हुने गरी अभिभुखीकरण कार्यक्रम सञ्चालन गरिएको हुने।

(ग) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्क लक्ष्य

तालिका ३.३: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्क लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१	विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन	पटक	१	१	✓	✓	✓	२	२	वडा र नगरपालिका
२	शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन	पटक	१	✓	✓	✓	✓	१		सङ्घ (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) र नगरपालिका
		विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
३	विद्यालयमा मापदण्डअनुसार नपुग शिक्षकको व्यवस्था	शिक्षक नपुगेका विद्यालयहरू	✓	✓	✓	✓	✓	✓		नगरपालिका र प्रदेश सरकार
४	आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने कार्यको निरन्तरता		१००	१००	१००	१००	१००	१००	१००	वडा र नगरपालिका
५	विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर)	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	१००	सङ्घ, प्रदेश र नगरपालिका (विद्यालय भौतिक सुधारको क्रियाकलाप अनुसार)
६	विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण	विद्यालय	१००	१००	१००	१००	१००	१००	१००	सङ्घ, प्रदेश र नगरपालिका
		पटक	१				१	२		
७	राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भएका सम्पूर्ण प्रावधानहरूको कार्यान्वयन	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	सङ्घ, प्रदेश र नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार)

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
८	कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास (बहुभाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत)	शिक्षक	२०	२०	३०	३०		१००	१००	सङ्घ, प्रदेश तथा नगरपालिका (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार)
९	विद्यालय शिक्षालाई प्रकोप, संङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन	योजना तयारी पटक	१	१	१	१	१	५	१०	सङ्घ, प्रदेश तथा नगरपालिकाको आपसी सहकार्यमा स्थानीय तहबाट कार्यान्वयन
		विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
१०	सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास	विद्यालय	२०	३०	३०	२०		१००	१००	सङ्घीय सरकार र प्रदेश सरकारको लगानी र सहजीकरणमा नगरपालिकाबाट कार्यान्वयन।
११	शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संरचना	तयारी कोर्ष र कार्यक्रम विकास	२					२	४	सङ्घ / विश्वविद्यालय तथा प्रदेश (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) सँगको आपसी सहकार्यमा नगरपालिकाबाट कार्यान्वयन।
		सहायता संरचना	३					३	६	
१२	विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र कम्तिमा प्रति विद्यार्थी रु २५। हुनेगरी दिवा खाजाको प्रबन्ध र दिवा खाजा सञ्चालन	विद्यालय	५०	५०	१००	१००	१००	१००	१००	सङ्घ, प्रदेश तथा नगरपालिकाको सहकार्यमा (दिवा खाजा तथा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रको क्रियाकलाप अनुसार)
		विद्यार्थीहरू	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१३	विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग	अपाङ्ग विद्यार्थी	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	सङ्घ, प्रदेश तथा नगरपालिका
१४	नि:शुल्क शिक्षाको सुनिश्चितताका लागि –पाठ्यपुस्तक	विद्यार्थी	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	सङ्घ, तथा स्थानीय तह (पाठ्यपुस्तक तथा छात्रवृत्तिका क्रियाकलाप अनुसारसमेत)
	–आर्थिक रूपमा विपन्नका लागि ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति	विपन्न विद्यार्थी	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
	– अभिभावकविहीन विद्यार्थीका लागि शिक्षा सहित खाना, नाना र छानाको व्यवस्था	अभिभावक विहीन विद्यार्थी	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
	– सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
१५	कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी कार्यान्वयन	विद्यालय	४०	१००	१००	१००	१००	१००	१००	सङ्घ, प्रदेश तथा नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार
१६	स्थानीय पाठ्यक्रममा आधारित एक विद्यालय एक व्यवसाय कार्यक्रम सञ्चालन	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिकाले विद्यालयलाई बीउ पुँजी उपलब्ध गराएर सञ्चालन गर्ने।
१७	शिक्षण सिकाइमा सुधार र बालमैत्री विद्यालयको विकासका लागि प्रस्तावमा आधारित अनुदान प्रणालीको कार्यान्वयन	आवेदक विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका
१८	शिक्षक दरबन्दीको सट्टा अनुदान लिएर गुणस्तर सुनिश्चित गर्ने विद्यालयहरूका लागि कार्यक्रम	इच्छुक विद्यालय	१	१	१	१	१	५	६	सङ्घ र प्रदेश सहजीकरणमा नगरपालिकाले कार्यान्वयन

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१९	आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार
२०	आधारभूत तहमा एउटा वडामा कम्तिमा एउटा नमूना विद्यालयको विकासका लागि कार्यक्रमको सञ्चालन गरिने	वडा	२	२	२	२	२	१०	११	
२१	निवृत्त शिक्षक र शिक्षाका अधिकृत कर्मचारी तथा विज्ञसम्मिलित तेस्रो पक्षबाट विद्यालयहरूको अनुगमन र प्रतिवेदन गरिने	अनुगमन पटक	१	१	१	१	१	५	१०	नगरपालिका
		प्रतिवेदन पटक	१	१	१	१	१	५	१०	
२२	कक्षा १ देखि कक्षा ३ सम्म कक्षागत शिक्षक व्यवस्थापन र त्यसभन्दा माथिका कक्षाहरूमा विषयगत शिक्षकको व्यवस्था हुने गरी कार्यतालिका निर्माण गरी लागु गर्ने।	कक्षा १-३ सञ्चालन भएका विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका
२३	भूकम्प लगायत प्राकृतिक प्रकोबाट सुरक्षित रहनका लागि विद्यालयमा Safe Zone को निर्धारण र सोको कार्यान्वयन गरिने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका, वडा पालिका र विद्यालयहरू
२४	नमूना विद्यालयको विकासका लागि अनुदानको व्यवस्था गरिने	विद्यालय	१	१	१	१	१	५	८	सङ्घ, प्रदेश तथा नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
२५	प्रारम्भिक पठन सिप कार्यक्रमसँग सम्बन्धित घर र विद्यालयमा पढाइ कुना निर्माण, समुदायमा घुम्ती पढाइ कुना निर्माण र सञ्चालन, स्थानीय स्तरमा परम्परागत लोककथाहरू संकलन र वाचन, स्थानीय एफ एम तथा रेडियोमा आधारित कार्यक्रम सञ्चालन, अभिभावक र समुदायका व्यक्तिहरूको सहभागितामा पढाइ मेला आयोजना लगायतका कार्यक्रमहरू सञ्चालन गरिने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका, वडा पालिका र विद्यालयहरू
२६	स्थानीय पाठ्यक्रम र अन्य क्रियाकलाप मार्फत विद्यार्थीहरूसँग सहकार्य गरी हरित विद्यालय र बालबगैचा प्रवर्धन तथा वन्यजन्तु र मानिस बीचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि कार्यक्रमहरू सञ्चालन गरिने।	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका, वडा पालिका र विद्यालयहरू
२७	–शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना –विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण	प्रणाली सङ्ख्या	१	१	१	१	१	१	१०	सङ्घ, प्रदेश तथा नगरपालिका
		विद्यालय	३०	४०	३०			१००	१००	
२८	सरकारी ढुकुटीबाट तलब खाने कुनै पनि पदमा जागिर खानका लागि कम्तीमा पनि आधारभूत तहको शिक्षा पूरा गरेको योग्यता निर्धारण गरी सोको कार्यान्वयन	कार्यविधि निर्माण	✓					✓	✓	नगरपालिका
		कार्यान्वयन		✓	✓	✓	✓	✓	✓	

३.४ माध्यमिक शिक्षा

३.४.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ।

राष्ट्रिय शिक्षा नीति,२०७६ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ। माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागु गरिएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ।

३.४.२ वर्तमान अवस्था

मुलुकको माध्यमिक तहको शिक्षाको अवस्था अध्ययन गर्दा यस तहमा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ। शैक्षिक तथ्याङ्क २०७७ अनुसार माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर र खुद भर्ना दर क्रमशः ७१.४% र ४७.६% पुगेको छ। कक्षा ९-१२ मा लैङ्गिक समता सूचक १.०२ पुगेको छ। तर कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये माध्यमिक तहको कक्षा १० र कक्षा १२ मा पुग्ने दर क्रमशः ६०.३% र २४.०% मात्र रहेको देखिन्छ। यसले कक्षा ८ र कक्षा १० (एस.ई.ई.) पछाडि ठुलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने गरेको देखाउँछ। सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा कुल १०,४०,९७६ बालबालिकाहरू अध्ययनरत रहेका छन्। कक्षा ११ र कक्षा १२ मा ६,६१,६४२ विद्यार्थी भर्ना भएका छन्। संस्थागत विद्यालयतर्फ कक्षा ९ र १० मा २,४६,७९१ (कुल विद्यार्थी सङ्ख्याको करिब २३%) तथा कक्षा ११ र कक्षा १२ मा २,३४,३८३ विद्यार्थी (करिब ३५%) अध्ययनरत रहेका छन्।

समग्र मुलुकमा कक्षा ९ देखि १० मा छात्राहरू ५०.३ % रहेकोमा संस्थागत विद्यालयमा जम्मा ४२.३% छात्रा छन्। यसले निजी विद्यालयमा छोरीलाई भन्दा छोरालाई पठाउन प्राथमिकता दिएको देखिन्छ। माध्यमिक तहको कक्षा ९-१० मा अध्ययनरतमध्ये दलित तथा जनजाति समुदायका विद्यार्थीहरू क्रमशः१२.३% र ३७.५% छन्। त्यस्तै कक्षा ११-१२ मा दलित तथा जनजाति समुदायका विद्यार्थीहरू क्रमशः ८.७% र ३८.१% रहेका छन्। दलित र जनजातिको जनसङ्ख्या क्रमशः १३% र ३७% भएको सन्दर्भमा जनङ्ख्याको तुलनामा दलित समुदायको माध्यमिक शिक्षामा सहभागिताको अनुपात कम देखिन्छ। उल्लिखित विद्यार्थीहरूमध्ये कक्षा ९ र कक्षा १० मा ७,१२३ तथा कक्षा ११ र कक्षा १२ मा २,६२३ अपाङ्गता भएका बालबालिकाहरू अध्ययनरत छन्। माध्यमिक तहकै कक्षा ९ र कक्षा १० अध्यापन गराउने गरी ३९ ओटा परम्परागत विद्यालयहरू सञ्चालनमा रहेका छन्। कुल १२१ ओटा खुला विद्यालयहरूमध्ये ८४ ओटाले माध्यमिक शिक्षाको पठन-पाठन गर्दै आएका छन् भने १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा रहेका छन्।

शैक्षिक तथ्याङ्क २०७६ अनुसार लुम्बिनी प्रदेशमा कक्षा ९–१० सञ्चालन भएका जम्मा माध्यमिक विद्यालयहरू १६२४ र कक्षा ११–१२ सञ्चालन भएका जम्मा विद्यालयहरू ६४४ रहेका छन्। सामुदायिक माध्यमिक विद्यालयहरूको मात्र हिसाब गर्दा लुम्बिनी प्रदेशमा कक्षा ९–१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ११०३ र कक्षा ११–१२ सञ्चालन भएका विद्यालयहरू ४९४ रहेका छन्। त्यसैगरी लुम्बिनी प्रदेशमा संस्थागत विद्यालयको हिसाब गर्दा कक्षा ९–१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ५२१ र कक्षा ११–१२ सञ्चालन भएका विद्यालयहरू १५० रहेका छन्। लुम्बिनी प्रदेशमा माध्यमिक तह कक्षा ९–१२ मा अध्ययनरत विद्यार्थीहरूको कुल सङ्ख्या २,८३,५५२ जसमा छात्रा र छात्रको सङ्ख्या क्रमश:१,४३,८३७ र १,३९,७१५ रहेको देखिन्छ। यसरी नै सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या क्रमशः२,१३,६०९(छात्राः ११२८६२ छात्रः १००७४७) र ६९,९४३ (छात्राः ३०,९७५ छात्रः ३८,९६८) रहेको छ।

शैक्षिक तथ्याङ्क २०७८ अनुसार यस बारबर्दिया नगरपालिकामामा कक्षा ९–१० सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरू ६ वटा र कक्षा ११–१२ सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरू ८ वटा रहेका छन्। संस्थागत विद्यालयतर्फ हिसाब गर्दा कक्षा ९–१० सञ्चालन भएका संस्थागत विद्यालयहरूको सङ्ख्या यस नगरपालिकामा ३ वटा रहेका छन् भने कक्षा ११–१२ सञ्चालन भएका संस्थागत माध्यमिक विद्यालयहरूको सङ्ख्या यस नगरपालिकामा शून्य रहेको छ। त्यसैगरी तथा माध्यमिक तह कक्षा ९–१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २९४० र कक्षा ११–१२ मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ११४१गरी जम्मा ४०८१ विद्यार्थीहरू अध्ययनरत् रहेका देखिन्छन्। यसमध्ये छात्रा र छात्रको सङ्ख्या क्रमश:२३५० र १७३१ रहेको देखिन्छ। संस्थागत विद्यालयतर्फ कक्षा ९–१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ७४ जना मात्र रहेको देखिन्छ।

नगरपालिकामा माध्यमिक तहमा स्थायी, अस्थायी, राहत र नगरपालिकाबाट राखिएका शिक्षक गरी कक्षा ९–१० मा ७८ र कक्षा ११–१२ मा १० गरी जम्मा ८८ शिक्षकहरू कार्यरत रहेका छन्। यस नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात कक्षा ९–१० मा ९२ र कक्षा ११–१२ मा १२९ रहेको छ। यसरी नै माध्यमिक तहको कुल विद्यार्थी भर्ना दर कक्षा ९–१० मा ९२.५, कक्षा ११–१२ मा ५७.३ र कक्षा ९–१२ मा ७४.९ रहेको अवस्था छ। त्यसरी माध्यमिक तहमा विद्यार्थीको खुद भर्ना दर कक्षा ९–१० मा ६७.१, कक्षा ११–१२ मा २५.८ र कक्षा ९–१२ मा ४६.५ रहेको अवस्था छ। साथै माध्यमिक तह कक्षा १० को टिकाउ दर ४९.६७ रहेको देखिन्छ।

हाम्रो मुलुकमा विगत लामो समयदेखि नै विद्यालय र शिक्षकको क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्थाभित्र सिकाइ संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवीसमेत हुँदै आएको छ। विज्ञान शिक्षा परियोजना तथा माध्यमिक शिक्षा विकास परियोजनादेखि हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमसम्म क्षमता विकासले प्राथमिकता पाएको छ। कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर,प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन्। प्रधानानाध्यापकको छुट्टै पदको विकास गर्ने भन्ने नीति तय गरिए पनि कार्यान्वयन भएको छैन।

सङ्घीयता संरचनाअनुसार तीनओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भएतापनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। शिक्षा विकाससँग सम्बन्धित संरचनाहरू पनि सोहीअनुसार बन्ने क्रममा छन्। शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ। शिक्षकको पेसागत तालिमका लागि प्रदेश सरकारअन्तर्गत तालिम केन्द्रहरू छन्। शिक्षकका केही पेसागत सङ्गठनहरू तथा विभिन्न गैरसरकारी सङ्घ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

३.४.३ चुनौती र अवसर

माध्यमिक शिक्षाका चुनौतीको रूपमा नि:शुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु, माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला,

दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तह विशेषत: कक्षा १० बाट कक्षा ११ को सङ्क्रमण दर तथा माध्यमिक तहमा खुद भर्ना दर बढाउनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, शिक्षकको पेसागत समर्पण र दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढङ्गले त्यसको प्रयोग गरी सिकाइ उपलब्धिमा सुधार गर्नु, डिजिटल डिभाईडलाई कम गर्नु, सबै माध्यमिक विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, सङ्घीय संरचनाअनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत, कानुनी तथा संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन र संस्थागत क्षमता विकास गर्नु, विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्नु, आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी माध्यमिक शिक्षाको प्रविष्टीलाई स्तरीय बनाउनु, शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्नु, विद्यालय शिक्षालाई विविधताअनुकुल, समावेशी र समतामूलक बनाउनु, आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्नु आदिलाई लिन सकिन्छ।

सङ्घीयताको सङ्क्रमणकालीन अवस्था, कर्मचारीहरूको समायोजन, स्थानीय र प्रदेश तहको संरचना, कानुन र व्यवस्थापकीय स्पष्टताको अभाव, शिक्षक व्यवस्थापन, विद्यालय शिक्षक र शिक्षक विद्यार्थीको उच्च अनुपात, विद्यालयमा राजनीतिक हस्तक्षेप, विद्यालय सुपरिवेक्षण, शैक्षिक गुणस्तर र सान्दर्भिकता, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, माध्यमिक शिक्षामा न्यून लगानी, तीनवटा तहका सरकारहरू बिचको समन्वय र सहकार्य तथा शिक्षासम्बन्धी अधिकारको साझा बुझाइमा अस्पष्टता, मेधावी व्यक्तिहरूको शिक्षण पेसामा आकर्षण, शिक्षकको पेसागत विकास, संस्थागत विद्यालयलाई सेवामूलक बनाउँदै लैजाने कार्य, माध्यमिक शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने कार्य, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमको प्रभावकारी कार्यान्वयन, विद्यालय र नतिजामा आधारित सुपरिवेक्षण आदि पनि माध्यमिक शिक्षाका चुनौतीहरू हुन्।

नेपालको संविधान(२०७२)को मौलिक हक सम्बन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी र पहुँचको सिद्धान्तलाई अपनाएको र शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको स्थिति रहेको छ। संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेन्टी गरिएको छ। संविधानको त्यही धाराले अपाङ्ग भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई उच्च शिक्षासमेत नि:शुल्क हुने व्यवस्था गरेको छ। त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले उच्च शिक्षासम्म छात्रवृत्तिसहित नि:शुल्क हुने ब्यवस्था गरेको छ। संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति अङ्गीकार गरेको छ। त्यही धाराले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनेर निर्देशन गरेको छ। उल्लिखित कुराहरूलाई अवसरको रूपमा लिन सकिन्छ।

त्यसरी नै संविधानको अनुसूची ९ मा उल्लेख गरिएको साझा अधिकारको क्षेत्रभित्र रहेर नगरपालिकाले माध्यमिक शिक्षाको स्तर वृद्धिका लागि योगदान गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नपुग शिक्षक दरबन्दीको व्यवस्थापन गर्नका लागि प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाए अनुरूप नगरपालिकाले माध्यमिक तहका ३३ वटा शिक्षक दरबन्दीको सिर्जना गरी उक्त दरबन्दीमा शिक्षक नियुक्ति गरेर पठनपाठनमा लगाएको छ। यसका साथै शिक्षा नीति २०७६ले कक्षा १० वा माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्न, शिक्षकको पेसागत विकास गर्न, शिक्षक बढुवासम्बन्धी कार्य सम्पादन गर्न र विद्यालय क्षेत्र विकास योजना तथा समग्र विद्यालय शिक्षासम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय तह र विद्यालयहरूलाई जिम्मेवार हुने गरी नीति अगाडि सारेको छ। उक्त नीतिले सङ्घ,

प्रदेश र स्थानीय तहका अधिकार तथा जिम्मेवारीहरूलाई थप स्पष्ट बनाएको छ। शिक्षाका उल्लिखित सन्दर्भहरूलाई समेत अवसरको रूपमा हेर्न सकिन्छ।

३.४.४ लक्ष्य तथा उद्देश्यहरू

यस योजनाको माध्यमिक शिक्षा उपक्षेत्रको लक्ष्य माध्यमिक शिक्षामा सबको पहुँचलाई सुनिश्चित गर्दै शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई नगरपालिका र समग्र मुलुकका निम्ति मध्यमस्तर र उच्च शिक्षाका निम्ति अब्बल दर्जाको मानव संशाधन विकास गर्नु रहेको छ भने यस अन्तर्गतका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चितता, सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

२. माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर वृद्धि गर्नु।

३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेहीमा वृद्धि गर्नु।

४. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित निर्माण गर्नु।

५. माध्यमिक शिक्षालाई सिक्दै कमाउदैको अवधारणा अनुरूप विद्यार्थीहरूमा आत्मनिर्भरता र श्रमप्रति सम्मान गर्ने बानीको विकास गर्नु।

६. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

७. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार गर्नु।

८. राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षाबिचको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्नु।

९. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै माध्यमिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियालाई सबलीकरण गर्नु।

३.४.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घीय मापदण्डअनुसार प्रदेश सरकारसँग आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिने छ।

२. नि:शुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता विकास गरिने छ।

३. माध्यमिक तहमा खुद भर्ना दर र टिकाउदर बढाउन तथा कक्षा १० देखि ११ मा संक्रमणदर बढाउन बैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन एवम् अपाङ्गता भएका र अभिभावक विहीन बालबालिकाहरूका लागि खाना, नाना र छाना सहितको सुविधा उपलब्ध गरिने छ।

४. गरिब तथा विपन्न परिवारका विद्यालय छोड्न सक्ने सम्भावना भएका कक्षा ८ उतीर्ण विद्यार्थीलाई कक्षा ९-१२ को माध्यमिक शिक्षा पूरा गर्न सहयोग गर्नका लागि सहयोग पद्धतिको विकास गरिने छ।

५. आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गरिने छ।

६. सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था (PEMC) पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइने छ।

७. सामुदायिक विद्यालय नभएको सेवा क्षेत्रमा स्थापना भएर नि:शुल्क माध्यमिक शिक्षा प्रदान गर्न योगदान गर्ने संस्थागत विद्यालयहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा अनुदान दिने पद्धतिको विकास गरिने छ।

८. विद्यार्थीलाई शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गरिने छ।

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरी डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ।

१०. सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूप अनुसार २५ देखि ५० प्रतिशतसम्मको पाठ्यभारका लागि प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्य समावेश गरिने छ।

११. विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ को कार्यान्वयन गर्ने क्रममा विद्यार्थी, स्थानीय तह र विद्यालयहरूको आवश्यकतामा आधारित गरी विद्यार्थीलाई सिक्दै कमाउदै गर्ने वातावरणको समेत सिर्जना हुने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिने छ।

१२. नगरपालिकाका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा माध्यमिक शिक्षा अध्ययन गर्नका लागि सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गरिने छ।

१३. नगरपालिकाले विकास साझेदार र सङ्घ एवम् प्रदेश सरकारसँग सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ।

१४. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा रहनु पर्ने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थल (Save Zone) को निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरूलाई हुने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

१५. विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गरिने छ।

१६. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहित विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिने छ।

१७. माध्यमिक शिक्षामा मानव मूल्यमा आधारित शिक्षालाई अन्तरसम्बन्धित विषयको रूपमा शिक्षण सिकाइ गर्नका लागि पाठ्यक्रममा स्थानीय परिवेश अनुसार परिमार्जन गरी कार्यान्वयन गरिने छ।

१८. विद्यालयमा रचनात्मक किसिमले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्न इच्छुक विद्यालयहरूलाई उनीहरूको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गरिने छ।

१९. नतिजाप्रतिको जबाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सङ्घीय संरचना अनुकुल सुधार गरिने छ।

२०. शिक्षक निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिने छ।

२१. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइने छ।

२२. सङ्घीय सरकारको शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरबन्दीका आधारहरूको पुनरावलोकन गरी निर्धारण गरिएको शिक्षक दरबन्दीको आवश्यकता अनुसार पुनर्वितरण, समायोजन तथा थप गर्नका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिने छ।

२३. बालबालिकाको सिकाइ उपलब्धि सुधारका निम्ति जिम्मेवार हुनका लागि अभिभावकलाई आवश्यक कानुन र सहजीकरणमार्फत अभिप्रेरित गरिने छ।

२४. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्न स्थानीय तहसँग सहकार्य गरिने छ।

२५. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धितमा सुधार गरिने छ।

२६. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिने छ र सुधारका क्षेत्र पहिचान गरी सुधारका लागि कार्यक्रम सञ्चालन गरिने छ।

२७. माध्यमिक विद्यालयहरूलाई नियमन एवम् पुरस्कृत गर्न सङ्घ र प्रदेशसँग समन्वय गरी उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गरिने छ।

२८. तोकिएका मापदण्ड पूरा गरेको वा गर्नुपर्ने प्रावधानका आधारमा माध्यमिक विद्यालयहरूलाई नमूना विद्यालय र वृहत विद्यालय (Big School) को रूपमा विकास गरिने छ।

२९. शिक्षण सिकाइमा विज्ञान, प्रविधि, इन्जिनियरिङ्, कला र गणित (STEAM) लाई हरेक विषयमा अन्तरसम्बन्धित गरी विद्यार्थीहरूमा तदनुरूपको ज्ञान, सिप र क्षमताको विकास गरिने छ।

३०. शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी सङ्घ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरूसँगको समन्वय र साझेदारीमा माध्यमिक शिक्षाको पहुँच गुणस्तर र सान्दर्भिकतामा सुधार हुने गरी विद्यालयको आवश्यकता अनुसार कार्यक्रमहरूको तय गरी सञ्चालन गरिने छ।

३१. विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी विद्यालय र नगरपालिका स्तरबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्न सहजीकरण गरिने छ।

३२. विद्यालय (संस्थागत समेत)हरूको नियमन, अनुगमन र सुपरीवेक्षण गरी वस्तुगत प्रतिवेदन उलब्ध गराउन र विद्यालयहरूले गरेको राम्रा अभ्यासहरूलाई सामुदायिक र संस्थागत विद्यालयहरूको बिचमा आदानप्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक र शिक्षक सहितको तेश्रो पक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ।

३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई नगरपालिका र समग्र मुलुकको आवश्यकता अनुसार सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

ख) प्रमुख नतिजाहरू (Key results)

१. सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने।

२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।

३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम, पाठ्य सामग्रीमा परिमार्जन, सहजीकरणमा सूचना र प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।

४. मध्यमिक शिक्षा पूरा गर्ने सबै बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।

५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुने।

६. शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने।

७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग भएको हुने।

८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको पेसागत क्षमता र समर्पणमा विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने।

९. पर्याप्त सिप र सङ्ख्यामा भएका दक्ष र पेसाप्रति समर्पित शिक्षकहरूले बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने।

१०. सबै अभिभावकहरू बालबालिकाको आधारभूत तहको शिक्षा अनिवार्य रूपले पूरा गराउनु पर्ने सवालमा सजग र जिम्मेवार हुने।

११. शिक्षण सिकाइ क्रियाकलापहरूमा सिर्जनशीलता र नविनता प्रदर्शन गरी शैक्षिक उपलब्धिमा सुधार गर्ने विद्यालय, शिक्षक र विद्यार्थीहरू सम्मानित र पुरस्कृत भएका हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

तालिका ३.४.: माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१	नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरूको तयारी र कार्यान्वयन	पटक	१					१	१	सङ्घ, प्रदेश र नगरपालिका
२	विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन	पटक	१	१	✓	✓	✓	१		नगरपालिका
३	शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन	पटक	१	✓	✓	✓	✓	१		सङ्घ (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) र नगरपालिका
		विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
४	विद्यालयमा मापदण्डअनुसार नपुग शिक्षक व्यवस्था	दरबन्दी नपुग विद्यालय	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिका र प्रदेश सरकार
५	सिर्जनात्मक क्रियाकलापका लागि विद्यालयहरूलाई प्रस्ताव र कामका आधारमा प्रोत्साहन अनुदान	इच्छुक विद्यालय	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिका
६	विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि)	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	सङ्घ, प्रदेश र नगरपालिका (विद्यालय भौतिक सुधारको क्रियाकलाप अनुसार)

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
७	विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण	विद्यालय	२५	२५	२५	२५		१००		सङ्घ, प्रदेश र नगरपालिका
		पटक	१				१	२		
८	राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भएका सम्पूर्ण प्रावधानहरूको कार्यान्वयन	कक्षा प्रतिशत	२५	२५	२५	२५		१००		सङ्घ, प्रदेश र स्थानीय तहको आपसी समन्वयमा (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार)
९	व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास	शिक्षक	२०	२०	३०	३०		१००		सङ्घ, प्रदेश तथा स्थानीय तह (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार)
१०	विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन	योजना तयारी पटक	१							योजना निर्माणमा सङ्घ र प्रदेश सरकारको समन्वयमा नगरपालिकाबाट कार्यान्वयन
		विद्यालय	४२	४२	४२	४२	४२	४२	४२	
११	सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास	विद्यालय	२०	३०	३०	२०	१००	१००	१००	सङ्घीय सरकार र प्रदेश सरकारको समन्वय र सहजीकरणमा स्थानीय तहबाट कार्यान्वयन।

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१२	शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संरचना	तयारी कोर्स र कार्यक्रम विकास	२							सङ्घ / विश्वविद्यालय तथा प्रदेश सरकार र नगरपालिका (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार)
		सहायता संरचना	३							
१३	माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, ईन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने	विद्यालय	२०	२०	२०	२०	२०	१००		सङ्घ, प्रदेश तथा नगरपालिकाको सहकार्य सहलगानीमा
१४	विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग	विद्यार्थी सङ्ख्या	✓	✓	✓	✓	✓			सङ्घ, प्रदेश र नगरपालिका
१५	विव्यस, पिटिए पदाधिकारीको क्षमता विकास		२५	३०	३०	१५		१००		प्रदेश तथा स्थानीय तह
१६	नि:शुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक	विद्यार्थी सङ्ख्या	४०००	४१००	४२००	४३००	४४००	४५००		सङ्घ, प्रदेश र नगरपालिका (पाठ्यपुस्तक तथा छात्रवृत्तिका क्रियाकलाप अनुसारसमेत)
	–आर्थिक रूपमा विपन्नका लागि सहयोग र छात्रवृत्ति कार्यक्रम	विद्यार्थी सङ्ख्या	१०००	१०२५	१०५०	१०७५	११००	११५०		
	अभिभावकविहीन बालबालिकाका लागि खाना, नाना र छानाको व्यवस्था	विद्यार्थी सङ्ख्या	२५	३०	३५	४०	४५	५०		

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
	– सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन	विद्यालय सङ्ख्या	४२	४२	४२	४२	४२	४२		
१७	कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी सुधार गर्ने	विद्यालय	४०	१००	१००	१००	१००	१००		सङ्घ, प्रदेश र नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार
१८	स्थानीय पाठ्यक्रममा आधारित सिक्कदै कमाउदै कार्यक्रम सञ्चालन	विद्यालय	४०	१००	१००	१००	१००	१००		प्रदेश सरकारको प्राविधिक सहयोगमा नगरपालिकाले बिउ पुँजी उपलब्ध गराएर सञ्चालन गर्ने।
१९	भूकम्प लगायत प्राकृतिक प्रकोपबाट सुरक्षित रहनका लागि विद्यालयमा Safe Zone को निर्धारण र सोको कार्यान्वयन गरिने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिकाबाट सञ्चालन र व्यवस्थापन
२०	स्थानीय पाठ्यक्रम र अन्य क्रियाकलाप मार्फत विद्यार्थीहरूसँग सहकार्य गरी हरित विद्यालय र बालबगैचा प्रवर्धन तथा वन्यजन्तु र मानिस बिचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि कार्यक्रमहरू सञ्चालन गरिने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका, वडा पालिका र विद्यालयहरू
२१	माध्यमिक तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने	माध्यमिक विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै		नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
२२	–शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना	प्रणाली सङ्ख्या	१	१	१	१	१	१		सङ्घ, प्रदेश तथा नगरपालिका
	–विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण	विद्यालय	३०	४०	३०			१००		
२३	नमूना एवम् वृहत विद्यालयको विकास	विद्यालय	१	१	१	१	०	४	५	सङ्घ, प्रदेश तथा नगरपालिका
२३	विशेषज्ञ सम्मिलित तेश्रो पक्षबाट विद्यालयको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदन	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका
२४	शिक्षण सिकाइमा विज्ञान, प्रविधि, इञ्जिनियरिङ, कला र गणित (STEAM) लाई हरेक विषयमा अन्तरसम्बन्धित गरी विद्यार्थीहरूमा तदनुरूपको ज्ञान, सिप र क्षमताका विकास गरिने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	सङ्घ, प्रदेश तथा नगरपालिका

३.५. उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षाको सम्बन्ध

३.५.१ परिचय

क्याम्पसमा अध्ययन अध्यापन हुने स्नातक तह र सोभन्दा माथिको अध्ययनबाट हासिल गरिने शिक्षालाई हाम्रो मुलुकमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा उच्च शिक्षा भनिन्छ। उच्चस्तरीय दक्ष एवम् समालोचक, सर्जक, अनुसन्धानमूलक तथा विचारक जनशक्ति उत्पादन गर्ने शिक्षा भनेको उच्च शिक्षा हो। बारबर्दिया नगरपालिका लगायत समग्र मुलुकको समृद्धि र विकासका लागि आवश्यक पर्ने क्षमता र तत्परतामा आधारित चौतर्फी क्षमता, दक्षता र योग्यता भएका विश्वस्तरीय नागरिक उत्पादन र विकास गर्नु आजको आवश्यकता हो। यसका लागि अन्तर्राष्ट्रियस्तरको अनुसन्धान केन्द्र, ज्ञान विज्ञान तथा प्रविधि विकास केन्द्र र विषयविज्ञ आपूर्ति केन्द्रको रूपमा उच्च शिक्षा प्रदायक कलेज र विश्वविद्यालयहरूले काम गर्न जरुरी छ। उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सिप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रूपमा विकास र विस्तार गर्न आवश्यक छ। यसबाट मात्रै गुणस्तरीय शिक्षा मार्फत सुखी समृद्धि र आत्मनिर्भर हुने नगरपालिकाको दीर्घकालीन सोच पूरा हुने देखिन्छ।

नेपालको शिक्षाको संरचनामा कक्षा १२ उतीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि स्नातक तह, स्नातकोत्तर तह, एम फिल तह र अनुसन्धान तह गरी चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ। देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगार उन्मुख तथा मूल्यउन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो। अहिले मुलुकमा सङ्ख्यात्मक रूपमा उच्च शिक्षा प्रदायक संस्थाहरूको विस्तार भएको देखिएता पनि गुणस्तरीय उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन। यसका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ। स्थानीय श्रोत र साधनको अत्यधिक सदुपयोग गर्दै नगरपालिकामा सम्पत्तिको रूपमा रहेको प्राकृतिक स्रोत एवम् मौलिक ज्ञान, सिप, अनुभव, कला, संस्कृति, सभ्यता आदिलाई अध्ययन अध्यापन र अनुसन्धानमार्फत् नगरपालिकाको विकासमा योगदान गर्नसक्ने जनशक्ति उत्पादन गर्ने उच्च शिक्षाको अध्यनय अध्यापन गर्ने कलेजको स्थापना गर्न आवश्यक छ।

३.५.२ वर्तमान अवस्था

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले २०७७ मा प्रकाशित गरेको तथ्याङ्क अनुसार नेपालमा ११ ओटा विश्वविद्यालय तथा ४ वटा राष्ट्रिय प्रतिष्ठान (मानित विश्वविद्यालय) हरू स्थापना भई १४२५ वटा कलेजहरू जसमध्ये १३७ वटा आंगिक, ५३५ वटा सामुदायिक र ७५३ वटा निजी लगानीका शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन्। उल्लिखित कलेजहरूमध्ये सामुदायिक, आङ्गिक र निजी कलेजहरूमा अध्ययन गर्ने विद्यार्थीहरू क्रमश: १,२८,४९८ जना, १,३७,४२८ जना र १,५८,०७४ जना गरी जम्मा ४,२३,९९६ जना रहेको देखिन्छ। यसमा पनि छात्रा र छात्रहरूको सङ्ख्या २,२२,९८१ र २,०१,०१५ रहेको छ। सङकायगत विद्यार्थीहरूको प्रतिशत नियाल्दा सबैभन्दा बढी विद्यार्थीहरू अर्थात ४६.७८ प्रतिशत विद्यार्थीहरू व्यवस्थापन सङकायमा छन् भने शिक्षा, मानविकी, विज्ञान तथा प्रविधि, इञ्जीनियरिङ्ग र चिकित्शा शास्त्रमा क्रमश: १७.८८, १३.२०, ७.११, ६.५५ र ६.०८ प्रतिशत रहेको देखिन्छ। त्यसरी नै कृषि, वन विज्ञान र कानुन सङकायमा क्रमश: १.०३, ०.५१ र ०.४८ प्रतिशत रहेको देखिन्छ।

बारबर्दिया नगरपालिकामा उच्च शिक्षा अध्ययन गर्ने कलेजहरूको सङ्ख्या दुईओटा मात्र रहेका छन्: श्री सदाशिव बहुमुखी क्याम्पस जयनगर र श्री जनसेवा बहुमुखी क्याम्पस बैदी। यी दुबै क्याम्पसहरू त्रिभुवन विश्वविद्यालयबाट सम्बन्ध प्राप्त गरी सञ्चालन भएका सामुदायिक क्याम्पसहरू हुन्। यी दुबै क्याम्पसमा व्यवस्थापन शिक्षा र मानविकी तर्फ स्नातक तहको अध्ययन अध्यापन गरिन्छ। दुबै क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको कुल सङ्ख्या ५३९ जना रहेको छ जसमा छात्रा र छात्रको सङ्ख्या क्रमश: २८५ र १५४ रहेको

छ। यसमा पनि संकायगत हिसाबले हेर्दा शिक्षा, मानविकी र व्यवस्थापन सङकायमा क्रमश: ३१० जना, १७१जना र ५८ जना अध्ययनरत देखिन्छन्। बारबर्दियाको घरधूरी सर्वेक्षणका आधारमा भन्नुपर्दा यस नगरपालिकामा उच्च शिक्षा हासिल गरेका मानिसहरूको सङ्ख्या १४१६ रहेको छ जसमा महिलाको सङ्ख्या ६७९ र पुरुषको सङ्ख्या ७३७ रहेको छ। यसमा पनि स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहसम्मको शिक्षा हासिल गर्नेहरूको सङ्ख्या क्रमशः १०३९, ३७२, १ र ४ जना रहेको देखिन्छ।

उच्च शिक्षा नीति २०७६ ले उच्च शिक्षाको सम्बन्धमा केही महत्वपूर्ण कुराहरू सम्बोधन गर्नेगरी केही नीतिहरू अघि सारको छ जसमध्ये विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकुल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने, चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउने, आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेसमै विशेषज्ञ जनशक्तिको उत्पादन गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने, उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रमको समयानुकुल पुनरावलोकन तथा पुनर्सरचना गर्ने, उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिको व्यावहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनतासमक्ष पुऱ्याउन अनिवार्य स्वयम् सेवकीय सामाजिक सेवाका रूपमा "राष्ट्रिय विकास सेवा" सञ्चालन गर्ने, पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडीबुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने। साधारण विषय अध्यापन गराइरहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरण गर्ने आदि महत्वपूर्ण रहेका छन्। उल्लिखित नीतिहरूको अवलम्बन गर्दै बारबर्दिया नगरपालिकाले समेत आफ्नो नगरपालिकामा उच्च शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने अवस्था देखिन्छ।

३.५.३ चुनौती र अवसर

उच्च तहको शिक्षामा नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरूप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु; उच्च शिक्षाको निम्ति आवश्यक पर्ने भौतिक पूर्वाधार र आर्थिक लगानीको प्रवर्धन गर्नु, दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नु र हाल सञ्चालनमा रहेको साधारण विषयहरू अध्ययन अध्यापन गरिने कलेजहरूलाई प्राविधिक विषय अध्ययन अध्यापन गर्ने कलेजको रूपमा परिणत गर्नु, उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई नगरपालिकामा विद्यमान शैक्षिक बेरोजगारीको न्यूनीकरण गर्नु; उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसँग जोड्दै जनताको समृद्धि र नगरपालिकाका लागि विकासको साधक बनाउनु नगरपालिकामा उपलब्ध जल, जमिन, जङ्गल, जडीबुटी र जैविक विविधता, पर्यावरण, मौलिक कला संस्कति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने कलेजहरूको स्थापना गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई नगरपालिका भित्रै आकर्षित गरी रोजगार सिर्जना गर्नु जस्ता सवालहरूलाई नगरपालिकामा विद्यमान उच्च शिक्षाका चुनौतीका रूपमा लिन सकिन्छ।

नगरपालिकामा हाल दुईओटा सामुदायिक कलेजहरू सञ्चालनमा हुनु, वन विज्ञान अध्ययन संस्थान स्थापना र सञ्चालनका लागि पूर्वाधारको रूपमा नगरपालिकाभित्र वन विज्ञान विषयको ३ वर्षे डिप्लोमा तहको अध्ययन अध्यापन सञ्चालन भइरहेको अवस्था हुनु, नगरपालिकामा सञ्चालन भइरहेका माध्यमिक विद्यालयहरूमा प्रशस्त जग्गाजमीन भएको हुँदा त्यस किसिमका जग्गाजमिनलाई उच्च शिक्षाको भौतिक पूर्वाधार विकासका निम्ति उपयोग गर्न सकिने परिवेश हुनु, उच्च शिक्षामा प्राकृतिक स्रोत साधन र थारु समुदायको मौलिक कला संस्कृतिमा आधारित अध्ययन, अध्यापन र अनुसन्धानका गतिविधिहरू सञ्चालन गर्न सकिने सम्भावना हुनु; नगरपालिका लगायत समग्र बर्दिया जिल्ला अन्नको भण्डारको रूपमा चिनिएको क्षेत्र भएको, खेतीयोग्य जमिन पनि प्रयाप्त भएको र छिमेकी पालिका र जिल्लाहरूमा पनि कृषि सम्बन्धी ३ वर्षे डिप्लोमा तहको अध्ययन अध्यापन भइरहेकाले यस नगरपालिकामा कृषि सम्बन्धी कलेज स्थापना गरी सञ्चालन गर्नका लागि उपयुक्त परिवेश हुनु आदिलाई यस नगरपालिकाको उच्च शिक्षाको अवसरको रूपमा लिन सकिन्छ।

३.५.४ लक्ष्य तथा उद्देश्यहरू

यस योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य नगरपालिका एवम् समग्र मुलुकको समृद्धि लगायत प्राज्ञिक उत्कृष्टता र उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न योगदान गर्नु रहेको छ भने उक्त लक्ष्य परिपूर्तिका लागि निम्नानुसारका उद्देश्यहरू रहेका छन्।

१. उच्च शिक्षामा नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरूप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु।

२. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउन योगदान गर्नु।

३. उच्च शिक्षामार्फत् नगरपालिकाको अर्थतन्त्रलाई ज्ञान र विज्ञानमा आधारित अर्थतन्त्रको रूपमा विकास गर्नु।

४. उच्च शिक्षालाई नगरपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रूपमा स्थापित गर्नु।

५. नगरपालिकाको समग्र पक्षको रुपान्तरणको लागि कृषि विज्ञान, वन विज्ञान, पूर्वीय दर्शन, आयुर्वेद र विज्ञान एवम् प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील मानव संसाधन विकास गर्नु

६. नगरपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेत्तृवदायी भूमिका निर्वाह गर्न सक्ने सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकुल प्रतिस्पर्धी र अब्बल जनशक्ति उत्पादन गर्नु।

७. नगरपालिकाबाट उच्च शिक्षा हासिल गरेका अब्बल क्षमताका जनशक्तिलाई नगरपालिकाको उन्नयनका लागि योगदान गर्न उपयुक्त वातावरणको सिर्जना गरी अभिप्रेरित गर्नु।

३.५.५ रणनीतिहरू

यस योजनाका उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ।

१. नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरूप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रूपमा नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूमा प्राविधिक विषयहरूको अध्ययन अध्यापन गुणस्तरीय किसिमबाट सञ्चालन गरिने छ।

२. प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरूको सङ्ख्या र गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वयन गर्ने तर्फ सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

३. पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने क्रममा साधारण एवम् प्राविधिक विषय दुबैतिरका कोर्सहरूमा मानव मूल्य, थारु संस्कृति र पूर्वीय दर्शनमा आधारित शिक्षालाई अन्तरघुलन गरी सेवाभावले ओतप्रोत, नैतिकवान, इमान्दार र खुसी नागरिक उत्पादन गर्ने कुरालाई उच्च प्राथमिकता दिइनेछ।

४. कृषि, वन, पूर्वीय दर्शन, पशुपक्षीपालन लगायतका प्राविधिक विषयहरू तथा होटल व्यवस्थापन जस्ता विषयहरूको अध्ययन अध्यापन हुने गरी कलेजहरूको स्थापना र सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

५. उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिको व्यावहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनता समक्ष पुऱ्याउन अनिवार्य स्वयमसेवकीय सामाजिक सेवाका रूपमा राष्ट्रिय विकास सेवा सञ्चालनका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

६. स्वयमसेवकीय सामाजिक सेवाका रूपमा राष्ट्रिय विकास सेवा अन्तर्गत समुदायको सेवा तथा नगरपालिकाको विकासका लागि संलग्न हुने विद्यार्थीहरूलाई कामअनुसारको निर्वाह खर्च उपलब्ध गराउने कार्यमा सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

७. साधारण विषय अध्यापन गरिरहेका नगरपालिकामा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रुपान्तरणका लागि प्रोत्साहित गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

८. प्राज्ञिक तथा पेसागत डिग्रीको रूपमा एकीकरण गरिएको हालको शिक्षाशास्त्रका कार्यक्रमहरूको पुनरावलोकन गरी प्राज्ञिक डिग्री पूरा गरेपछि मात्र पेसागत डिग्री प्रदान गर्ने व्यवस्थालाई लागु गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

९. उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त बनाउँदै ज्ञान निर्माण तथा उत्पादनमा केन्द्रित गरी उच्च शिक्षालाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग आबद्ध गरिने छ।

१०. उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै नगरपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका हुने गरी स्तरीय र आकर्षक बनाउन सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

११. उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरूप शिक्षालाई प्रत्यक्ष रूपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१२. विश्वसनीयता एवम् प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवम् दूर शिक्षामार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१३. 'आफ्नै नगरपालिकाबाट उत्पादित जनशक्ति: आफ्नै नगरपालिकाको उन्नतिका लागि गतिलो शक्ति' अभियान सञ्चालन गरी नगरपालिकाबाट उत्पादित उच्च शिक्षाको अब्बल जनशक्तिलाई नगरपालिकामै काम गर्नका लागि आकर्षित गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरी विविध सम्मान र प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिने छ।

१४. उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरूलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गरिने छ।

१५. नगरपालिकाले उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूलाई पर्याप्त लगानीका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने छ। सङ्घ र प्रदेश सरकारबाट पर्याप्त लगानी नहुँदासम्म उच्च शिक्षाको अति आवश्यकीय क्षेत्रमा नगरपालिकाले उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराइने छ।

३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

माध्यमिक शिक्षालाई उच्च शिक्षाको गतिलो पूर्वाधारको रूपमा विकास गरी नगरपालिकामा सञ्चालन भएको उच्च शिक्षाको कार्यक्रमबाट उत्पादित उच्च क्षमता, उच्च अभिप्रेरणा, उच्च मनोबल, उच्च नैतिकता र मातृभूमीप्रति उच्च सम्मानभाव भएको जनशक्तिमार्फत नगरपालिकालगायत प्रदेश र मुलुकको समृद्धिका लागि उच्च योगदान पुगेको हुने।

ख) प्रमुख नतिजाहरू (Key results)

१. नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरूप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रूपमा नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूको क्षमता विकास भएको हुने।

२. प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरूको सङ्ख्या र गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वयन भएको हुने।

३. उच्च शिक्षाबाट सेवाभावले ओतप्रोत, नैतिकवान, इमान्दार र खुसी नागरिक उत्पादन भएको हुने।

४. कृषि, वन, पूर्वीय दर्शन, पशुपक्षीपालन लगायतका प्राविधिक विषयहरू तथा होटल व्यवस्थापन जस्ता विषयहरूको अध्ययन अध्यापन हुने गरी कलेजहरूको स्थापना र सञ्चालन भएको हुने ।

५. स्वयमसेवकीय सामाजिक सेवाका रूपमा राष्ट्रिय विकास सेवाअन्तर्गत समुदायको सेवा तथा नगरपालिकाको विकासका लागि उच्च शिक्षाका विद्यार्थीहरू संलग्न भएका हुने ।

६. साधारण विषय अध्यापन गरिरहेका नगरपालिकामा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरू आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रुपान्तरण भएका हुने ।

७. उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै नगरपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरू मान्यता र गुणस्तरका हिसाबले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका भएको हुने ।

८. उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरूप शिक्षालाई प्रत्यक्ष रूपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गरिएको हुने ।

९. आफ्नै नगरपालिकाबाट उत्पादित उच्च क्षमताको जनशक्ति आफ्नै नगरपालिकाको उन्नतिका लागि गतिलो शक्तिको रूपमा काम गर्न अभिप्रेरित भएको हुने ।

१०. उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरूलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गरिएको हुने ।

(ग) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

तालिका ३.५ : उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र सं	प्रमुख क्रियाकलापहरू	एकाइ	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य १० वर्षे	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१	गुणस्तरीय किसिमबाट प्राविधिक विषयहरूको अध्ययन अध्यापन गर्ने माध्यमिक विद्यालयहरूमा अभिवृद्धि	माध्यमिक विद्यालय	२	३	४	५	६	६	६	सङ्घ, प्रदेश र नगरपालिकाको सहकार्य
२	साधारण एवम् प्राविधिक विषय दुबैतिरका कोर्सहरूमा मानव मूल्य, थारु संस्कृति र पूर्वीय दर्शनमा आधारित शिक्षाको अन्तरघुलन हुने गरी पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको पुनरावलोकन	पटक	१	१				२	४	सङ्घ, प्रदेश र नगरपालिकाको सहकार्य
३	कृषि, वन, पूर्वीय दर्शन, पशुपक्षीपालन लगायतका प्राविधिक विषयहरू तथा होटल व्यवस्थापन जस्ता विषयहरूको अध्ययन अध्यापन हुने गरी कलेजहरूको स्थापना र सञ्चालन	स्थापना	२					२	२	सङ्घ, प्रदेश र नगरपालिकाको सहकार्य
		सञ्चालन		२				२	२	
४	उच्च शिक्षा अन्तर्गत अनिवार्य स्वयमसेवकीय सामाजिक सेवाका रूपमा राष्ट्रिय विकास सेवा सञ्चालन	सञ्चालन		✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिकाको सहकार्य

क्र सं	प्रमुख क्रियाकलापहरू	एकाइ	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य १० वर्षे	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
५	साधारण विषय अध्यापन गरिरहेका नगरपालिकामा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रुपान्तरण	रुपान्तरण		१				१	२	सङ्घ, प्रदेश र नगरपालिकाको सहकार्य
६	प्राज्ञिक तथा पेसागत डिग्रीको रूपमा एकीकरण गरिएको हालको शिक्षाशास्त्रका कार्यक्रम पुनरावलोकन गरी प्राज्ञिक डिग्री पूरा गरेपछि मात्र पेसागत डिग्री प्रदान गर्ने व्यवस्थाको कार्यान्वयन	पटक	१					१	१	सङ्घ, प्रदेश र नगरपालिकाको सहकार्य
७	उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त सिकारु बनाउने गरी उच्च शिक्षालाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग आबद्ध गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	विश्वविद्यालय, सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा
८	उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै नगरपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका हुने गरी स्तरीय र आकर्षक बनाउने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	विश्वविद्यालय, सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा
९	उच्च शिक्षालाई कमाउदै र सिक्दैको अवधारणा अनुरूप शिक्षालाई प्रत्यक्ष रूपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	विश्वविद्यालय, सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा

क्र सं	प्रमुख क्रियाकलापहरू	एकाइ	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य १० वर्षे	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१०	विश्वसनीयता एवम् प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवम् दूर शिक्षा मार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	विश्वविद्यालय, सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा
११	'आफ्नै नगरपालिकाबाट उत्पादित जनशक्ति: आफ्नै नगरपालिकाको उन्नतिका लागि गतिलो शक्ति' अभियान सञ्चालन गरी नगरपालिकाबाट उत्पादित उच्च शिक्षाको अब्बल जनशक्तिलाई नगरपालिकामै काम गर्नका लागि आकर्षित गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	विश्वविद्यालय, सङ्घ र प्रदेशसँग सहकार्य गर्दै नगरपालिकाको अगुवाईमा
१२	उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरूलाई उचित छात्रवृत्तिको व्यवस्था गर्ने,	पटक	१					१	१	सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा
१३	नगरपालिकाले उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूलाई पर्याप्त लगानीका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा
१४	सङ्घ र प्रदेश सरकारबाट पर्याप्त लगानी नहुँदासम्म उच्च शिक्षाको अति आवश्यकीय क्षेत्रमा नगरपालिकाले उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने	पटक	१	१	१					नगरपालिका

३.६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

३.६. १. परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास आजको अपरिहार्य आवश्यकता हो। यो शिक्षा श्रम सिप रोजगारी र उत्पादनसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। यसका अतिरिक्त यो शिक्षा समाज र समग्र मुलुकको समृद्धिसँग जोडिएको हुन्छ। त्यसैले पनि हाम्रो जस्तो बसिबसी खानका लागि पढ्नुपर्छ भन्ने मानसिकताले घर गरेको समाजमा गरिखाने शिक्षालाई प्राथिमकता दिएर कार्यान्वयन नगर्दासम्म मुलुकको समुन्नति सम्भव देखिँदैन। उल्लिखित विषयलाई आत्मसात गरी सरकारले गरिखाने शिक्षा अर्थात प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र बिस्तारलाई उच्च प्राथमिकतामा राखेर प्रत्येक स्थानीय तहसम्म यसको पहुँच विस्तार गरी सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगार एवम् स्वरोजगारका अवसरहरू सिर्जना गर्दै कामका लागि विदेश जाने युवाहरूलाई स्वदेशमै आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ।

नेपालको सन्दर्भमा लिच्छवि कालदेखि नै अनौपचारिक रूपमा सिकेका सिपहरूलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरूको उत्पादन र व्यवसाय गरेको पाइन्छ। त्यस्तैगरी मल्लकालमा आएर सिपमूलक कार्यहरूले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ। राणाकालीन तथा शाहकालीन समयमा पनि कालिगडी व्यवसायले व्यापकता पाएको र बेलायतबाट कालीगडहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको देखिन्छ। औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो। नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं.२००४ सालदेखि नै सुरु भएको हो। नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ। यद्यपि यो पद्धति र पाठ्यक्रमले निरन्तरता पाउन सकेन। यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षाले ७ दशक पार गरिसकेको छ।

जुन मुलुकले आफ्नो स्रोत साधनको प्रयोग र परिचालन गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन, त्यो मुलुकले युग अनुकुल आफूलाई बदल्न पनि सक्दैन। अत:यसका लागि शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खान सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरुरी छ। माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशिलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी बन्न सक्ने हुनुपर्छ। यसै कुरालाई मध्यनजरमा राखी माध्यमिक तह कक्षा ९–१२ मा प्राविधिक धारको पठनपाठन सुरु गरिएको भएतापनि कक्षा ९ मा प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११–१२ मा पुगेपछि विज्ञानको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकाले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरूको दर न्यून रहेको छ।

अहिले मुलुकमा कुल जनसङ्ख्याको २८.६ प्रतिशत बहुआयामिक गरिबीको मारमा परेका छन (अर्थ मन्त्रालय, २०७६)। यसको प्रमुख कारण देशमा उपलब्ध मानव संशाधनको ब्यवस्थापन र विकासका लागि योजनाबद्ध रूपमा काम हुन नसक्नुलाई लिन सकिन्छ। एकातर्फ युवा जनशक्तिको उपलब्धता र सम्भावित उपस्थिति (कुल जनसङ्ख्याको २०प्रतिशत १५ देखि २४ बर्ष उमेर समूह र १५ बर्ष मुनिको ३५ प्रतिशत छ, केन्द्रीय तथ्याङ्क विभाग, २०६८),अत्यन्त राम्रो रहेको भने अर्कोतर्फ स्वास्थ्य, कृषि, निर्माण, वन, पर्यटन, उर्जा र सेवा क्षेत्र साथै घरेलु, साना तथा ठुला उद्योगहरूको प्रचुर सम्भावनाले ठुलो मात्रामा रोजगारीको सुनिश्चितता हुने देखिन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सिप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ। त्यसरी

नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरू स्थापना गरिने छ भनी उक्त नीतिमा उल्लेख गरिएको छ। नेपालका आवधिक योजनाहरूले पनि निजी क्षेत्र, गैर सरकारी क्षेत्र, स्थानीय निकाय र विकास साझेदारहरूसँगको सहकार्यमा शिक्षा र तालिमका अवसरहरू बिस्तार गर्ने रणनीति लिएको पाईन्छ। जीवनोपयोगी शिक्षा र सिपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिवृद्धि गर्दै सामाजिक तथा आर्थिक रुपान्तरणको आधारशिला मानिएको छ (राष्ट्रिय योजना आयोग, २०७६)। मुलुकले राष्ट्रिय श्रम बजारलाई लक्षित गरी प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरूको बिस्तार गरी आवश्यकता भएकाहरूको पहुँच उपलब्ध गराउन क्षेत्रगत रूपमा सरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा पोलिटेक्निक ईन्ष्टिच्युटहरू खोल्ने, शिक्षालय, तालिम केन्द्रहरूको स्थापना गरी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अख्तियार गरेको छ। प्राबिधिक शिक्षा र तालिमका कार्यक्रमहरूमा द्वन्द पीडित, सहिद परिवार, पछाडि परेका वर्ग, दलित, आदिवासी, जनजाति, मुसलमान, महिला र पिछडिएका क्षेत्रलाई प्राथमिकतामा राखी प्राविधिक शिक्षा र घुम्ति तालिमहरू सञ्चालन गर्ने कार्यक्रम राज्यले आगाडि सारेको छ **(शिक्षा मन्त्रालय, २०७६)**

३.६.२. वर्तमान अवस्था

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७७ मा प्रकाशित तथ्याङ्कलाई नियाल्दा केही समय यता आएर प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूको सङ्ख्यात्मक रूपमा निकै बिस्तार भएको छ। CTEVT को केन्द्रको संरचना र ७ओटा प्रदेश कार्यालयहरू बाहेक ६१ ओटा आङ्गिक पोलिटेक्निक/शिक्षालयहरू,२० वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ५६३ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त निजी शिक्षालयहरू र ११४० वटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू देशभरि विस्तार गरिएका छन। लुम्बिनी प्रदेशको अवस्था हेर्दा आङ्गिक ९, साझेदारी ८८, सामुदायिक विद्यालय (TECS) ७९, निजि संस्था १, छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू १५६ गरी जम्मा ३२३ ओटा प्राविधिक शिक्षा प्रदायक संस्थाहरू सञ्चालनमा रहेका छन्। यसरी नै मुलुकभरि माध्यमिक तह (कक्षा ९ देखि कक्षा १२ सम्म) मा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको सङ्ख्या ४८४ रहेको छ भने लुम्बिनी प्रदेशमा यो सङ्ख्या ९८ मात्र रहेको छ। **(शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक सूचना, २०७७)**

नेपालमा हाल बिभिन्न १२ ओटा विषयगत मन्त्रालयहरूले प्राविधिक शिक्षा र सिपमूलक तालिमसँग सम्बन्धित रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन। यसमध्ये पनि ६ ओटा मन्त्रालयहरू (कृषि तथा पशुपक्षी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा, विज्ञान तथा प्राविधि र स्वास्थ्य तथा जनसङख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा वाणिज्य) ले मुख्यरूपमा प्राबिधिक शिक्षा र तालिमका कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ। शिक्षा मन्त्रालयले २०७४ सालमा प्रकाशन गरेको एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको वार्षिक प्रतिवेदन अनुसार आ.व.२०७२/०७३ मा कृषि तथा पशुपक्षी विकास मन्त्रालयले १८८३ जना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत २,३९६ जना, शिक्षा, विज्ञान तथा प्राविधि मन्त्रालय अन्तर्गत ५८,४९१ र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू मार्फत २९,२२४ जनालाई व्यावसायिक तालिम प्रदान गरेको देखिन्छ। **(शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)**

यसरी नै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७७ को तथ्याङ्कको आधारमा भन्नु पर्दा टिएसएलसीका कार्यक्रमहरू सञ्चालन गर्ने शिक्षालयहरूको सङ्ख्या ६२५ र डिप्लोमा तहको कार्यक्रमहरू सञ्चालन गर्ने शिक्षालयहरूको सङ्गख्या ६१८ रहेको छ। यसरी नै टिएसएलसीमा अध्ययन गरिरहेका विद्यार्थीहरूको सङ्ख्या मुलुकभर २०,३७१ रहको छ जसमा छात्राहरू ११,५८५ र छात्रहरू ८,७८५ छन्। प्राविधिक शिक्षाको डिप्लोमा तहमा अध्ययनरत मुलुकभरका विद्यार्थीहरूको सङ्ख्या १३,५८४ रहेको छ जसमा छात्राहरू १,४८४ र छात्रहरू १२,०८७ छन्।

त्यसरी नै बारबर्दिया नगरपालिकाको पाञ्चजन्य माध्यमिक विद्यालय, पदनाहामा बाली विज्ञान, जनसेवा माध्यमिक विद्यालय, बैदीमा सिभिल इञ्जिनियरिङ् र सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालय, जयनगरमा वन विज्ञानको ३ वर्षे डिप्लोमा तहको अध्ययन अध्यापन भइरहेको छ। प्राविधिक शिक्षाको डिप्लोमा तहमा अध्ययनरत यस नगरपालिकामा विद्यार्थीहरूको सङ्ख्या १६० रहेको छ जसमा छात्राहरू ७५ र छात्रहरू ८५ छन्। यसका अतिरिक्त यसरी उत्पादन भएको मध्यम स्तरको जनशक्तिलाई उच्च तहको प्राविधिक शिक्षा दिएर अब्बल किसिमको जनशक्तिमा रुपान्तरण गर्नका लागि प्राविधिक शिक्षा दिने कलेजहरूको स्थापना गर्नु जरुरी रहेको छ जससम्बन्धी योजना यसभन्दा पूर्व नै उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्धित खण्डमा प्रस्तुत गरिएको छ। बारबर्दिया नगरपालिकामा प्राविधिक धारका विद्यालयहरू एउटा पनि नभएको अवस्था देखिन्छ। पहिले सञ्चालन गरेका विद्यालयहरूले समेत अहिले बन्द गरेको अवस्था देखिन्छ।

३.६.३. चुनौती र अवसर

प्राविधिक तथा व्यावसायिकको सन्दर्भमा कक्षा ९ देखि कक्षा १२ को प्राविधिक धारको पाठ्यक्रमलाई अधिकांश विद्यार्थीलाई आकर्षित गर्ने गरी परिमार्जन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरूको अन्तरघुलन गरी समावेश गर्नु, शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको वृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारको कार्यक्रम सञ्चालनका लागि दक्ष र अभिप्रेरित जनशक्तिको व्यवस्थापन गर्नु, प्राकृतिक स्रोत साधनमा आधारित प्राविधिक र व्यावसायिक शिक्षालाई प्रवर्धन गर्नका लागि आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धतासहितको ठोस योजना कार्यन्वयनका लागि आवश्यक व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको निरन्तरता भन्दा पनि स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना निर्माण र सोको कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन।

बारबर्दिया नगरपालिकाले अहिले पनि मेडिकल साइन्स, इन्जिनियारिङ् र चार्टर एकाउण्टेन्सी अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्नु, सिटिइभिटीसँग साझेदारीका आधारमा नगरपालिकाले आफ्नै लगानीमा वन विज्ञान तर्फ डिप्लोमा तह अध्ययनका लागि सहिद विष्णुधनी स्मृति बहुप्राविधिक शिक्षालयको स्थापना गरी सञ्चालन गर्नु, नगरपालिका भित्र प्राविधिक एसएलसी र डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालनमा हुनु, कृषि, पशुपालन, इन्जियारिङ, इलेक्ट्रिसिटी र इलोक्ट्रोनिक तर्फका प्राविधिक शिक्षा सञ्चालनका लागि नगरपालिकाको परिवेश अनुकुल हुनु, प्राविधिक शिक्षा प्राप्त गरेका विद्यार्थीहरू बेरोजगार बस्नु नपरेको कारण नागरिकहरूको प्राविधिक शिक्षा तर्फको आकर्षण बढ्नु आदि यस नगरपालिकाका प्राविधिक शिक्षा तर्फका अवसरहरू हुन्।

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, विद्यालयदेखि उच्च शिक्षासम्म प्राविधिक शिक्षालाई प्राथिमकताका साथ सञ्चालन गर्नका लागि सरकारी नीति र कार्यक्रमहरू लागु हुदै गएको अवस्था हुनु, सिटिइभिटी अन्तर्गतका बिभिन्न तहका सिपमुलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सिप र प्रविधिलाई व्यावसायिक सिप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु, साधारण विषयहरूमा उच्च शिक्षा सञ्चालन भइरहेका कलेजहरूलाई प्राविधिक शिक्षा सञ्चालन गर्ने कलेजको रूपमा स्थानान्तरण गर्न प्रोत्साहित गर्ने शिक्षा नीति हुनु आदिलाई समेत प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ।

३.६.४. लक्ष्य तथा उद्देश्यहरू

यस योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य बारबर्दिया नगरपालिका लगायत समग्र मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिको साधक प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन गर्ने रहेको छ भने यससँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन्।

१. प्राविधिक र व्यावसायिक शिक्षामार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भरताका साथै देश र नागरिकप्रति समर्पित र इमान्दार जनशक्ति उत्पादन गर्नु।

२. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसरमा वृद्धि गरी उच्च शिक्षाको अवसर प्रदान गर्नु।

३. नगरपालिकाको स्रोतसाधन र सम्भाव्यतामा आधारित उद्योग, व्यवसाय र रोजगारीमार्फत नगर र नगरवासीको आर्थिक विकास र समृद्धिमा सहयोग गर्नु।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी समावेशी एवम समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि प्राविधिक विषयका योग्य विज्ञहरू, सक्षम सिपयुक्त र उद्धमशील जनशक्ति तयार गर्नु।

५. श्रमप्रति श्रद्धा र सम्मान गर्ने भावना र श्रम गर्ने अभिवृत्तिमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगरीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आबद्ध गर्नु।

३.६.५. रणनीतिहरू

१. स्थानीय श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्प्रर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू इच्छुक सबैलाई प्रदान गर्ने गरी प्राविधिक शिक्षालय र तालिम प्रदायक संस्थाहरूको विकास र विस्तार गरिने छ।

२. प्राविधिक ताथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गर्न सङ्घ, प्रदेश सरकार र सरोकारवालासँग समन्वय र सहकार्य गरिने छ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वनय र सहकार्य गरिने छ।

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले तयार गरेका प्राविधिक र व्यावसायिक धारका पाठ्यक्रमहरूलाई नगरपालिकाको आवश्यकता, सम्भाव्यता र मौलिकता अनुकुल हुनेगरी छनौट गरेर सञ्चालन गर्न नगरपालिका स्तरमा विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम व्यवस्थापन इकाईको गठन गरिने छ।

५. प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा हाल सञ्चालनमा रहेको सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालयलाई उच्च शिक्षा दिने कलेजको रूपमा स्तरोन्नति गरिने छ।

६. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि सङ्घ, प्रदेश सरकार र विश्वविद्यालयहरूसँग सहकार्य गरिने छ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि निःशुल्क अवसर र तालिम लिनेहरूलाई व्यवसाय गर्न सहुलियत ब्याजदरमा ऋण उपलव्ध गराउनका साथै हाल नगरपालिकाबाट सञ्चालन गरिएको छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

८. आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिने छ।

९. प्राथमिकताका आधारमा कृषि तथा वन, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलोक्ट्रोनिक, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन गर्नका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१०. नगरपालिकामा साधारण विषय सञ्चालन भएका उच्चशिक्षा प्रदायक संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरणका लागि प्रोत्साहित गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

११. निजी क्षेत्र तथा नगर भित्रका प्राविधिक शिक्षालयहरूको रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसिप र अन् द जब ट्रेनिङ्ग सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१२. श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको मागअनुसार नयाँ सिप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१३. मन्त्रालयअन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेका प्राविधिक धारतर्फको कक्षा ९–१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित तीन बर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन बर्षे पाठ्यक्रम लागु गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१४. प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन गर्न आवश्यक कानुनी र संरचनागत प्रबन्ध गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१५. प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकुल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, सङ्घसंस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारी गर्ने वातावरणको सिर्जना गर्नका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१६. प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता हुने गरी कार्यक्रमको विकास गरी कार्यान्वयन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१७. प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान् र सेवान्मुख बनाउनका लागि तथा प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरूको अन्तरघुलन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिने छ।

१८. सबै क्षेत्र हैसियत र वर्गका मानिसहरूमा श्रम संस्कृतिको विकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारिश्रमिकको व्यवस्था गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१९. नगरपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरूमा त्यहाँ अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम उपलब्ध गरिने छ।

२०. नगरपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गरिने छ।

३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

बारबर्दिया नगरपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट सक्षम, सिपयुक्त र श्रमप्रति सम्मानभाव भएको जनशक्ति उत्पादन भई आर्थिक उपार्जनका अवसरमा वृद्धि भएको हुने।

ख) प्रमुख नतिजाहरू (Key results)

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रममा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि भएको हुने।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई व्यवस्थापन गर्नका लागि नगरपालिका स्तरमा विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन इकाईको गठन भएको हुने।

३. प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा हाल सञ्चालनमा रहेको सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालय उच्च शिक्षा दिने कलेजको रूपमा स्तरोन्नति भएको हुने।

४. प्राविधिक धारतर्फको कक्षा ९–१२ र तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन बर्षे पाठ्यक्रम कार्यान्वयन भएको हुने।

५. प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन भएको हुने।

६. प्राविधिक शिक्षासम्बन्धी गतिविधिहरू प्रयोगात्मक, व्यावहारिक र समयानुकुल भएको हुने।

७. प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्ति पेसाप्रति समर्पित भई काम गरेको हुने।

८. नागरिकमा श्रमप्रतिको सम्मान भाव विकास भएको हुने।

९. नगरपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरूले विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम प्राप्त गरेको हुने।

१०. नगरपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गरिएको हुने।

(ग) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

तालिका ३.६.: प्राविधिक तथा व्यावसायिकत शिक्षा र तालिमका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१	सङ्घ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको योजनाको कार्यान्वयनका लागि आवश्यक कानुन, नियम, निर्देशिका र कार्यविधि बनाई लागु गरिने	पटक	१				१	२	३	सङ्घ, प्रदेश र नगरपालिकाको आपसी सहकार्य र समन्वयमा
२	प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्नका लागि छात्रवृत्ति एवम् विशेष सहुलियत दिने नीति अवलम्बन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वनय र सहकार्य गरिने	लक्षित समूहको पहिचानको आधारमा सङ्ख्या	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिकाको अगुवाइमा सङ्घ, प्रदेश सरकारसँग सहकार्य गर्दै
३	नगरपालिका स्तरमा प्राविधिक शिक्षासम्बन्धी काम गर्नका लागि विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन एकाइको गठन गरिने	पटक	१				१	२	३	नगरपालिका
४	प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा हाल सञ्चालनमा रहेको सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालयलाई उच्च शिक्षा दिने कलेजको रूपमा स्तरोन्नति गरिने	पटक	१					१	१	सङ्घ र प्रदेश सरकार सँगको सहकार्य र न पा को अगुवाइमा

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
५	नगरपालिकामा साधारण विषय अध्यापन गरिरहेका कलेजलाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षा प्रदायक कलेजको रूपमा रूपान्तरण गरिने	कलेज	१					१	२	सङ्घ र प्रदेश सरकार सँगको सहकार्य र न पा को अगुवाइमा
६	आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न छात्रवृत्ति एवम् प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिने	सर्वे पश्चात आवश्यकताका आधारमा	✓	✓	✓	✓	✓	✓	✓	न पा को अगुवाइमा सङ्घ र प्रदेशसँग सहकार्य गर्दै
७	प्राथमिकताका आधारमा कृषि तथा वन, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलोक्ट्रोनिक, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन गरिने।	सर्वे पश्चात मागका आधारमा	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिकाको अगुवाइमा सङ्घ, प्रदेश सरकार र निजी क्षेत्र समेतको लगानीका आधारमा
८	निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकासका लागि (Apprenticeship), इन्टर्नसिप र अन् द जब ट्रेनिङ्ग कार्यक्रम सञ्चालन गरिने	सर्वे पश्चात मागका आधारमा	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, न पा र निजी क्षेत्र समेतको लगानीका आधारमा
९	प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता प्रदान गरिने	पेसामा निरन्तर प्रोत्साहन	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१०	प्राविधिक धारतर्फको कक्षा ९–१२ र तीन बर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन बर्षे पाठ्यक्रमको कार्यान्वयन गरिने	एउटै ढाँचामा सञ्चालन	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको समन्वयमा
११	प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन	परीक्षा सञ्चालन	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको समन्वयमा
१२	प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरूको अन्तरघुलन गरिने	पाठ्यक्रम परिमार्जन	१					१	२	सङ्घ र प्रदेशसँगको समन्वयमा
१३	नगरपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम प्रदान गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिका
१४	विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिका

३.७ अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

३.७.१ परिचय

शिक्षा सभ्य र सुसंस्कृत मानव जीवन पद्धतिको प्रमुख पूर्वाधार हो। यो मानव अधिकारको विषय पनि भएकाले सबैलाई सार्वजनिक शिक्षाको सुनिश्चित गर्नु राज्यको दायित्व हो। औपचारिक शिक्षाबाट मात्र सबैलाई समय सुहाउँदो सार्वजनिक शिक्षाको सर्वसुलभ पहुँच नहुने हुँदा औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकावाट समय सापेक्ष ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवन पर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो। अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवम् आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ।

शिक्षा क्षेत्र योजना २०७७-८७ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रावधानलाई विगत आधा शताब्दीमा मुलुकमा भए गरेका परीक्षणहरू, विभिन्न अन्तर्राष्ट्रिय अनुभवहरू तथा सबै सरोकारवालाहरूको सल्लाह र सुझावको आधारमा समय सापेक्ष सुधार गरिएको छ। अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्धन गर्नेतर्फ लैजानु पर्ने देखिन्छ।

अनौपचारिक लगायत अन्य माध्यमबाट सिकेका सिकाइहरूलाई समेत समकक्षता प्रदान गरी गतिशीलता र पारगम्यतालाई सहज बनाउनका लागि राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework- NQF) नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र (तत्कालीन अनौपचारिक शिक्षा केन्द्र) बाट आधारभूत तहको समकक्षी अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र, मापदण्ड तथा उपलब्धिहरूको प्रारूप तयारी भइरहेको छ। राष्ट्रिय शिक्षा नीति – २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

बारबर्दिया नगरपालिकाको शिक्षा क्षेत्रको योजनाको यस खण्डमा सिङ्गो मुलुक एवम् बारबर्दियामा अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गरी अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमको स्वरूप तयार गर्ने क्रममा यस योजना अवधिका लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यसमा समावेश गरिएको छ।

३.७.२ वर्तमान अवस्था

सन् १९९४ मा दूर शिक्षा केन्द्रको स्थापना, वि.सं. २००८ मा नन्दी रात्री मा.वि. बाट खुला पद्धति अंगालेर SLC परीक्षाको सञ्चालन, प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१८) बाट प्रौढ साक्षरताको सुरुवात, २०६५-०६६ मा नेपाल सरकारको राष्ट्रिय साक्षरता अभियान

सञ्चालन, २०६९-०७२ को साक्षर नेपाल अभियान आदि कार्यक्रमहरू नेपालमा बैकल्पिक पद्धतिबाट सम्पूर्ण (विद्यालय बाहिर रहेका समेत) नागरिकलाई शिक्षित बनाउनका लागि प्रभावकारी भूमिका खेल्ने कार्यक्रमहरू रहेका थिए र प्रस्तुत कार्यक्रमहरूले उल्लिखित भूमिका निर्वाह गरेकोमा पनि कुनै सन्देह छैन। शिक्षा नियमावली २०५९ को परिच्छेद ९ र १० मा क्रमशःअनौपचारिक र दूर शिक्षा सम्बन्धी व्यवस्था भएको साथै पन्ध्रौ योजना (२०७६/०७७- २०८०/०८१)ले समेत "अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान र सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने" रणनीति तय गरेको सन्दर्भलाई हेर्दा अनौपचारिक, खुला र निरन्तर सिकाइले समाज सुधारमा उल्लेखनीय भूमिका निर्वाह गर्ने देखिन्छ।

हाम्रो मुलुकमा योजनाबद्ध विकासको सुरुसँगै २०१३ देखि नै अनौपचारिक शिक्षाको विकास र विस्तार हुँदै आएको छ। यस अन्तरगत मुख्य गरी आधारभूत प्रौढ शिक्षा, महिला शिक्षा, साक्षरोत्तर शिक्षा, साक्षरता अभियान लगायतका क्रियाकलाप हरू सञ्चालन हुँदै आएका छन्। मुलुकको संविधान, आवधिक योजना, राष्ट्रिय शिक्षा नीति, क्षेत्रगत ऐन नियम तथा तीनै तहका सरकारको नीति कार्यक्रम तथा बजेटमा समेत अनौपचारिक शिक्षालाई प्राथमिकताका साथ राखिएको छ। शैक्षिक इतिहासलाई अध्ययन गर्दा नेपालमा अनौपचारिक तथा आजीवन सिकाइको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। आजीवन सिकाइलाई संस्थागत गर्न नसकिए पनि नेपालमा अनौपचारिक शिक्षाको विकासका लागि विभिन्न प्रयासहरू भइरहेका छन्। विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको गुणस्तरमा सुधार हुने नतिजाको अपेक्षा गरिएको थियो।

विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिमा २४,००,००० निरक्षर तथा नव साक्षरहरूले निरन्तर शिक्षा प्राप्त गर्ने, आधारभूत तहका १,६५,००० बालबालिकाहरूले लचिलो शिक्षा प्राप्त गर्ने (आधारभूत तह भन्नाले कक्षा १-५ र ६-८ सरह, माध्यमिक तह कक्षा ९-१२ सरह), १,६०,००० सहजकर्ताले आधारभूत तथा पुनर्ताजगी तालिम प्राप्त गर्ने र निरन्तर शिक्षा प्रदान गर्न ४,२४२ सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा हुने परिमाणात्मक लक्ष्य किटान गरिएकोमा २१५१ सामुदायिक सिकाइ केन्द्रहरू स्थापना भई सञ्चालनमा रहेका छन्। सामुदायिक सिकाइ केन्द्रसम्बन्धी विषयलाई शिक्षा ऐनमा समावेश गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधि सम्ममा कुल साक्षरता दर ८७ प्रतिशत, १५-२४ वर्ष उमेर समूहको साक्षरता दर ९५ र १५ वर्ष माथिको साक्षरता ७५प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरिएकोमा ती साक्षरता दरहरू क्रमशः ७८, ८८.६र ५७ प्रतिशत पुगेको छ। यसै गरी खुला शिक्षा प्रवर्धन गर्न १२१ ओटा खुला विद्यालय र १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय सञ्चालित छन्।

अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गरिएको छ भने तालिम मापदण्ड निर्धारण गरी सोका आधारमा सहजकर्ताहरूका लागि तालिम प्रदान गरिएको छ। महिला सहभागिता र सशक्तीकरण वृद्धि भएको छ। औपचारिक शिक्षामा विशेष गरी पिछडिएका समुदायका छात्राहरूको सहभागितामा वृद्धि भएको छ। सिकाइ सक्षमता १२ ओटा निर्धारण गरी साक्षर नेपाल अभियान सञ्चालन भई हालसम्म ५३ जिल्ला साक्षर घोषणा भएका छन्। उक्त अभियानकै क्रममा बारबर्दिया नगरपालिकाका साविकका गाविस र समग्र बर्दिया जिल्ला समेत २०७२ सालमा साक्षर घोषणा गरिएको देखिन्छ। त्यस अभियानमा १५ देखि ६० वर्ष उमेर समूहका मानिसहरूको साक्षरता दर ९५ प्रतिशत पुग्यो भने जिल्लालाई साक्षर घोषणा गर्न सकिने प्रावधान रहेको छ।

विगतदेखिको प्रयासको फलस्वरूप २००७ सालमा २ प्रतिशत रहेको नेपालको साक्षरता दर राष्ट्रिय जनगणना २०६८ को अनुसार नेपालको साक्षरता दर ६५.९४ प्रतिशत रहेको देखिन्छ जसमा महिलाको साक्षरता दर ५७.३९प्रतिशत र पुरुषको साक्षरता दर ७५.१४ प्रतिशत रहेको देखिन्छ। उक्त जनगणना अनुसार लुम्बिनी प्रदेशको पाँच वर्ष माथिको कुल जनसङ्ख्या ४०,४८,६१० भएकोमा साक्षर जनसङ्ख्या २६,८९,३५३ रहेको देखिन्छ। जसलाई प्रतिशतमा हेर्दा ६६.४ रहेको छ। यसमध्ये पनि महिला र पुरुषको साक्षरता दर क्रमशः ५८.३ प्रतिशत र ७५.५ प्रतिशत रहेको देखिन्छ। बारबर्दिया नगरपालिकाको सन्दर्भमा कुरा गर्नु पर्दा बारबर्दियाको घरधुरी सर्वेक्षण

२०७५ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ७०९०४ रहेको छ जसमा महिलाको जनसङ्ख्या ३७,८६४ रहेको छ भने पुरुषको जनसङ्ख्या ३३,०३८ रहेको छ। त्यसैगरी ५ वर्षभन्दा माथिको जनसङ्ख्यामा साक्षर जनसङ्ख्याको ९६.४२ प्रतिशत रहेको देखिन्छ।

३.७.३ चुनौती र अवसर

अनौपचारिक शिक्षाका समग्र चुनौतीहरूको रूपमा सबै नागरिकलाई कार्यमूलक साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पूर्ण साक्षर नगरपालिका घोषणा गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई कार्यमूलक बनाउनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजले पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु, औपचारिक शिक्षाबाट बञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच उपलब्ध गराउनु, साक्षरतालाई आय आर्जन र निरन्तर शिक्षासँग आबद्ध गर्नु आदि मुख्य चुनौती रहेका छन्। अनौपचारिक शिक्षाप्रति अभिरुचिको कमी, सहभागीहरूको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरूबिच समन्वयको अभाव, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यावहारिकता, स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतीका रूपमा रहेका छन्।

बारबर्दिया नगरपालिकाका अनौपचारिक शिक्षा क्षेत्रका विशिष्ट चुनौतीहरूको रूपमा नगरपालिका भित्रका दुर्गम क्षेत्रमा बसोबास गरिरहेका र सिकाइको उमेर ढल्किसकेका व्यक्तिहरूलाई सिकाइको अवसर विस्तार गर्नु, निरक्षर व्यक्तिको तथ्याङ्क सङ्कलन र निजहरूलाई सिकाइका लागि स्रोत व्यवस्थापन गर्नु, सामुदायिक सिकाइ केन्द्रहरूलाई अनौपचारिक शिक्षाका निम्ति सक्रिय बनाउनु, कार्यक्रमको सफल कार्यान्वयनको प्रभावकारी अनुगमन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु, शिक्षाका लागि समाजका हरेक तह र तप्काका व्यक्ति एवम् संस्थाको सहयोग र समर्थन प्राप्त गर्नु, कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त ज्ञान सिपलाई दिगो बनाउन उपयुक्त अवसरको सिर्जना गर्नु, सिकाइका लागि सिकाइ नभई सिकाइप्रति सिकारुको अपनत्व बोध गराउनु, एकपटक सिकिसकेपछि सोको निरन्तरताका लागि पुन: सिकाइ कार्यक्रम सञ्चालन गर्नु, प्रौढहरूमा 'सिकेर के हुन्छ र ?' भन्ने मनोभावना हटाइ सिकाइले जीवन सहज बनाउछ भन्ने तर्फ अभिप्रेरित बनाउनु, सिकारुको धर्म, संस्कृति आदि समेटेर उनीहरूकै मातृभाषामा सिकाइ सामग्रीको विकास गर्नु आदि रहेका छन्।

वर्तमान सन्दर्भमा बहुशासकीय साझेदारहरूको स्रोत सहितको प्रतिबद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सङ्घीय सरकारको दीर्घकालिन सोच, साक्षरता अभियान, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रूपमा लिन सकिन्छ। शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै गरेको स्थितिको अन्त्य गरी शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि अवसरको रूपमा लिन सकिन्छ।

बारबर्दिया नगरपालिकाको सन्दर्भमा नगरपालिका पूर्ण साक्षर घोषणाको सङ्घारमा हुनु, पालिकासँग घरधुरी सर्वेक्षण २०७५ सम्पन्न भई साक्षर र निरक्षरको नामनामेसी विवरण हुनु, नगरपालिकामा धेरै पहिलेदेखि साक्षरताको क्षेत्रमा क्रियाशील हुदै आएका दुईओटा सिकाइ केन्द्रहरू लगायत अन्य सहयोगी विकास साझेदारहरूले सहयोग गरिरहेको अवस्था हुनु, नगरपालिका शिक्षा र साक्षरताको क्षेत्रमा लगानी गर्न प्रतिबद्ध हुनु आदिलाई यस नगरपालिकामा भएका अनौपचारिक शिक्षाका अवसरहरूको रूपमा लिन सकिन्छ।

३.७.४ लक्ष्य तथा उद्देश्यहरू

यस शिक्षा क्षेत्र योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य अनौपचारिक शिक्षालाई साक्षरताको मूल आधारको रूपमा विकास गर्दै पूर्ण साक्षर नगरपालिका सहितको समुन्नत समाज निर्माण गर्ने रहेको र यस अन्तर्गतका उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

१. शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर सबै नगरवासी नागिरकहरूका लागि समावेसी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु

२. अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु।

३. पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तार गर्नु।

४. अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबिचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु।

५. औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गर्नु।

३.७.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ:

१. नगर क्षेत्र भित्र विभिन्न उमेर समूहका औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूको लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ।

२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिने छ।

३. 'साक्षर अभिभावक हाम्रो गौरव' लाई साक्षरता अभियानसँग जोडेर आफ्नो सेवा क्षेत्रअन्तर्गतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि टोल र वडामा रहेको शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गरिने छ।

४. नागरिक समाज, आमा समूह, बालक्लब युवाक्लब तथा अन्य स्थानीय सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका सुनिश्चितताको घोषणा गरिने छ।

५. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी साक्षरता र निरन्तर शिक्षाको निम्ति नागरिकहरूलाई अभिप्रेरित गरिने छ।

६. राष्ट्रिय योग्यता प्रारूपअनुसार अरितिक्त, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्ड विकास गरी कार्यान्वयन गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिने छ।

७. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका डिजिटल सिकाइ सामग्री विकास गरी उपयोगमा ल्याउन सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिने छ।

८. सङ्घ, प्रदेश र स्थानीय सरकारलगायत साझेदार निकायबिच समन्वय, सहजीकरण तथा राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन गर्न सङ्घदेखि स्थानीय तहसम्म नै एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिने छ।

९. अनौपचारिक एवम् आजीवन सिकाइका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच स्रोत साझेदारीको प्रारूप विकास गरी लागु गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१०. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ. एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गरिने छ।

११. सामुदायिक सिकाई केन्द्रलाई प्रत्येक वडामा आबद्ध तथा विस्तार गरेर प्रविधिमैत्री बनाई सिकाइका अवसर प्रदान गरिने छ।

१२. सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोतकेन्द्र बनाई समुदायमा रहेका नवसाक्षर व्यक्तिहरूलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिने छ।

१३. पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न वडास्तरमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गरिने छ।

१४. स्वाध्ययन वा अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त व्यक्तिहरूलाई क्षमता र योग्यतानुसार मूल्याङ्कन गरी समकक्षता प्रमाणपत्र प्रदान गरिने छ। त्यसरी प्रमाणपत्र प्राप्त व्यक्तिलाई औपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ।

१५. कुनै पनि कक्षाका विद्यार्थीहरूका घरपरिवारका निरक्षर सदस्यहरूलाई साक्षर बनाउने गरी त्यस्ता विद्यार्थीहरूलाई परियोजना कार्य र प्रयोगात्मक कार्य दिने व्यवस्था गरिने छ।

१६. अनौपचारिक शिक्षालाई आवश्यकता अनुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई–पत्राचार आदिको माध्यमबाट सञ्चालन गरिने छ।

१७. मौलिक एवम् पम्परागत सिप र शिक्षाको मूल प्रवाहीकरण गर्न खुला र वैकल्पिक शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक सहजीकरण गरिने छ।

१८. नवसाक्षरहरूका लागि खुला विद्यालय, वैकल्पिक विद्यालय, पेसागत विद्यालय, व्यावसायिक विद्यालय आदि सञ्चालन गर्न विद्यालय संरचना र संयन्त्र प्रयोगमा प्रोत्साहन गरिने छ।

१९. नगरपालिकामा शिक्षा, युवा तथा खेलकूद शाखा अन्तर्गत रहने गरी अनौपचारिक शिक्षा इकाईको स्थापना गरी कार्यान्वयन गरिने छ।

२०. औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाकाबिच अन्तरसम्बन्ध स्थापित गर्नका लागि सामुदायिक सिकाइ केन्द्रलाई पुलको रूपमा विकास गरी कार्यक्रम सञ्चालन गरिने छ।

३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

१. नगरपालिकाका सबै नागरिकहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भई यसकै कारण उनीहरूको जीवनस्तरमा सकारात्मक प्रभाव परेको हुने।

ख) प्रमुख नतिजाहरू (Key results)

१. बारबर्दिया नगरपालिका पूर्ण साक्षर नगरपालिकाको रूपमा घोषणा भई नवसाक्षर र शिक्षालाई निरन्तरता दिन चाहनेहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरूको प्रबन्ध भएको हुने।

२. सिकारुको आवश्यकताअनुसार आजीवनका सिकाइका नमुना मोड्युलर सिकाइ सामग्रीहरू विकास भई कार्यान्वयन भएको हुने।

३. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्र (Lifelong Learning Hub) को रूपमा विकास भएको हुने।

४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार भई राष्ट्रिय योग्यता प्रारूपअनुरूप समकक्षता प्रदान भएको हुने।

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारूप तयार भई कार्यान्वयन भएको हुने।

६. सामुदायिक सिकाइ केन्द्रलाई प्रत्येक वडामा आबद्ध तथा विस्तार एवम् प्रविधिमैत्री बनाई सिकाइका अवसर प्रदान गरिएको हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका ३.७.: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलाप	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	नगरपालिकालाई पूर्ण साक्षर सुनिश्चितताको घोषणा गरिने	पटक	१	✓	✓	✓	✓	१		नगरपालिका
२	'साक्षर अभिभावक हाम्रो गौरव' लाई साक्षरता अभियानसँग जोडेर विद्यालय सेवा क्षेत्र अन्तर्गतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि टोल र वडामा रहेका शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी आदिलाई परिचालन गरिने	विद्यालय	५७	५७	✓	✓	✓	✓		नगरपालिका र विद्यालय
३	साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री स्थानीय भाषाका सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
४	नगरपालिकाको कम्तीमा एउटा सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ. एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गरिने	नगरपालिका	१	✓	✓	✓	✓	१	१	सङ्घ, प्रदेश र नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलाप	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
५	सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोतकेन्द्र बनाई समुदायमा रहेका नवसाक्षर व्यक्तिहरूलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिने।	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र स्थानीय तह
६	स्थानीय मागका आधारमा एउटा वडामा एउटा हुनेगरी सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा सञ्चालन गरिने	वडा	१	२	२	२	२	९	१०	नगरपालिका
७	पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न वडामा रहेको सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र स्थानीय तह
८	सामुदायिक पुस्तकालयहरूको स्थापना र सञ्चालनलाई सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गर्ने	पुस्तकालय		✓	✓	✓	✓			सङ्घ, प्रदेश र नगरपालिका
९	विद्यालयमा अध्ययनरत विद्यार्थीहरूबाट आफ्नो परिवारका निरक्षर सदस्यहरूलाई साक्षर बनाउनका लागि परियोजना एवम् प्रयोगात्मक कार्य सञ्चालन	विद्यालयहरू	✓	✓	✓	✓	✓	✓	✓	प्रदेश सरकार, स्थानीय सरकार र विद्यालयहरू
१०	सामुदायिक सिकाइ केन्द्रमा संयोजकको व्यवस्था तथा सहयोगीको व्यवस्था गरिने	नगरपालिका	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिका
११	तीनै तहका सरकारको लागत सहभागिताको प्रारूप तयार गरी कार्यान्वयन गरिने	पटक	१							सङ्घ, प्रदेश र स्थानीय तह

क्र.सं.	प्रमुख क्रियाकलाप	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१२	एफएम रेडियो, सञ्चारकर्मी र मिडियासँग साक्षरता र निरन्तर शिक्षाका लागि सहकार्य	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिका
१३	आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास (मौलिक तथा परम्परागत ज्ञानसहित) र डिजिटलाइज्ड	मोड्युल		१०	१०	१०		३०		सङ्घ, प्रदेश र स्थानीय तह
१४	सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन,अनलाइन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र सञ्चालन)	निरन्तर	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र स्थानीय तह
१५	राष्ट्रिय योग्यता प्रारूपअनुसार योग्यता प्रमाणीकरण तथा समकक्षतासम्बन्धी कार्यविधि को कार्यान्यन गर्ने	पटक	१	✓	✓	✓	✓	१		सङ्घ, प्रदेश र स्थानीय तह
१६	साक्षरता र निरन्तर शिक्षाका लागि अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, पेसागत विद्यालय, व्यावसायिक विद्यालय, धार्मिक प्रकृतिका विद्यालय लगायतका संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने	विभिन्न प्रकृतिका विद्यालयहरू	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र स्थानीय तह
१७	औपचारिक, अनौपचारिक र अरितिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गर्न सामुदायिक सिकाइ केन्द्रलाई पुलको रूपमा विकास गरी कार्यक्रम सञ्चालन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र स्थानीय तह

परिच्छेद : चार
शिक्षा योजनाका अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

४.१ परिचय

योजनामा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ।

प्रस्तुत परिच्छेदमा शिक्षा क्षेत्र अन्तर्गतका उल्लिखित विभिन्न उपक्षेत्रहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः शिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रम पाठ्यसामग्री तथा मूल्याङ्कन, शैक्षिक सुशासन, सबलीकरण र गुणस्तर व्यवस्थापन शिक्षामा सूचना र प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, सुरक्षित विद्यालय व्यवस्थापन, भौतिक पूर्वाधार विकास समावेश गरी विश्लेषण गरिएको छ। यी अन्तरसम्बन्धित विषयहरूलाई योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यी विषयलाई यस खण्डमा अलग्गै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरू जाने भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरूले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुऱ्याउने काम गर्दछ।

४.२ शिक्षक व्यवस्थापन र विकास

४.२.१ परिचय

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो। यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरू स्रोतहरूले गति लिने गर्दछन्। शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

हाम्रो मुलुकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ। शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरू (उच्च मावि) ले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरूबाट हुने गरेको छ। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन्।

शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलुकमा जस्तै यस नगरपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालमा क्रमश: केही सकारात्मक कामहरू भएको देखिए तापनि त्यसको सँगसँगै बग्रेल्ती चुनौतिहरू पनि देखिएका छन्। अत:यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस नगरपालिकाको सन्दर्भमा शिक्षक व्यवस्थापनको अवस्था, शिक्षक व्यवस्थापन तथा विकासको उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

४.२.२ वर्तमान अवस्था

(क) स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था

शिक्षक व्यवस्थापनको विषयलाई स्थानीय तहले सर्वाधिक चासो लिएको विषय हो। यद्यपि शिक्षा ऐन र नियमावली संशोधन नभएको कारण यसले मूर्त रूप लिन सकेको छैन। तथापि स्थानीय तहहरूले आफ्नो पालिकाभित्र शिक्षकहरूको सरुवा एवम् करार नियुक्ति गर्ने काम गरिरहेका छन्। कतिपय पालिकाहरूले शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिको सिफारिस र नियुक्तिका साथ हाजिर हुन आएका शिक्षकहरूलाई हाजिर नगराएको अवस्था समेत छ। कतिपय स्थानीय तहहरूले गरेका शिक्षकका सरुवाहरू पनि विवादित भएर न्यायालयसम्म पनि पुगेको अवस्था छ। शिक्षकहरूका पेसागत संस्थाहरूले शिक्षकहरूलाई स्थानीय तहको मातहतमा नराखी सङ्घीय सरकारको मातहतमा राख्नुपर्ने जस्ता विषयहरू अघि सारेको अवस्था पनि त्यत्तिकै महत्वपूर्ण रहेको देखिन्छ।

बारबर्दिया नगरपालिकाको सन्दर्भमा भने शिक्षक व्यवस्थापनको सन्दर्भमा सकारात्म कार्यहरू सम्पादन भएका छन्। सर्वप्रथम त माध्यमिक तहका स्थायी शिक्षकहरू केही सीमित र सुविधासम्पन्न विद्यालयहरूमा थुप्रिएर काम गरिरहेको र अन्य विद्यालयहरूले दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरू नपाइरहेको अवस्थाका कारण राहत र निजी दरबन्दीका शिक्षकहरूबाट त्यस्ता विद्यालयहरू सञ्चालन भइरहेको अवस्था थियो। नगरपालिकाले यो अवस्थामा सुधार गर्नका लागि माध्यमिक र निम्न माध्यमिक तहका दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरूलाई प्रधानाध्यापकको जिम्मेवारी दिएर विद्यालयहरूमा पठाएको छ। यद्यपि स्थायी शिक्षकहरूमा विद्यालयको नेतृत्व लिनका लागि वाञ्छनीय क्षमता हुन्छ भन्ने कुरामा त्यत्ति धेरै विश्वास गरिहाल्नुपर्ने अवस्था भने छैन। नगरपालिकाले यसका अतिरिक्त नगरको सामान्यीकरण अनुदानबाट तलबभत्ता पाउने गरी शिक्षकको अभाव भएका विद्यालयहरूमा शिक्षकको नियुक्ति गरी पठाएको अवस्था छ। यसरी नियुक्ति हुने शिक्षकहरूमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा क्रमश: ३३, ४२ र ३७ जना गरी जम्मा ११२ जना शिक्षकहरूको व्यवस्था गरिएको छ। नगरपालिकाको प्रस्तुत कदमले विद्यालयहरूमा शिक्षकहरूको अपर्याप्तताबाट सिर्जना भएका समस्याहरूको समाधान भएको देखिन्छ।

(ख) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति २०७६ ले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ। नेपालको पन्ध्रौं योजना (२०७६/०७७–२०८०/०८१) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार

शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्थामा सुधार हुँदै गएको छ।

शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरू र त्यसमा पनि महिलाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग, पूर्वानुमानयोग्य सरुवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कारसम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्याई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गराउन आवश्यक देखिएको छ।

शिक्षक सेवा आयोगले शिक्षकको निम्ति लिइने परीक्षामा कानुनबमोजिम आरक्षणको व्यवस्था गरेको छ। यसले शिक्षण पेसालाई समावेशी बनाउन सहयोग पुगेको भएतापनि विद्यार्थी र विद्यालयहरूलाई अब्बल शिक्षक पाउने सवालमा अवरोध भएको गुनासाहरू पनि सरोकारवालाहरूबाट उठाइएको अवस्था छ। यसका अतिरिक्त विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्यूटर सम्बन्धी दक्षता, बालबालिकाप्रति सकारात्मक प्रवृत्ति र आर्थिक प्रलोभन भन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्व दिने स्वभावको शिक्षकको आवश्यकता भएतापनि शिक्षक सेवा आयोगको पाठ्यक्रमले त्यस प्रकारको शिक्षक छनौटका लागि योगदान गर्न नसकेको देखिन्छ।

(ग) शिक्षक तयारी

नेपालमा विद्यालयको शिक्षा शास्त्रको उच्च माध्यमिक तह र विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका वि.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ। यस्ता कार्यक्रमहरूमा विद्यार्थी भर्नाका आधारहरूमा न्यूनतम ग्रेड तोकिएको हुँदा यसकै परिणामस्वरूप विश्वविद्यालयका यी कार्यक्रमहरूमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ। दृष्टान्त दिएर भन्नुपर्दा सन् २०१८/०१९ मा भर्ना भई परीक्षामा सहभागी भएका परीक्षार्थीहरूमध्ये १६.६५प्रतिशत विद्यार्थी नियमिततर्फ उत्तीर्ण भएको देखिन्छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम शिक्षा शास्त्रबाट कक्षा १२ उत्तीर्ण एवम् विश्वविद्यालयबाट वि.एड.वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ।

शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वि.एड.पश्चात अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसैगरी माध्यमिक तह कक्षा ११–१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

पन्ध्रौँ योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भएपनि यो कार्य हुन सकेको छैन। राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ। यही मापदण्डका आधारमा शिक्षा, विज्ञान तथा

प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ।

यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ। विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यावहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षणसम्बन्धी विषय अध्ययन गर्नुपर्ने भएकाले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ।

विश्वका विभिन्न मुलुकहरूको अभ्यासलाई हेर्दा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो कार्यक्रम पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मानिने प्रचलन पनि रहेका छन्। हाम्रो मुलुकमा पनि हालको कक्षा ११ र १२ को परिवर्तित पाठ्यक्रममा सङ्कायगत संरचना नभएकाले अबको एक वर्षमा कक्षा १२ उत्तीर्ण गरी शिक्षक हुनका लागि तत्कालका लागि कम्तीमा १ वर्षे शिक्षक तयारी कोर्स व्यवस्था गरी सो कोर्स पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले समेत आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमशः न्यूनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एक वर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने र शिक्षा शास्त्र सङ्काय नै खारेज गर्ने गरी नीति अघि सारेको देखिन्छ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन। यसै गरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू, जस्तै– शिक्षक सेवा आयोगबाट छनौट भई नियुक्ति पाएका स्थायी, अस्थायी, राहत अनुदानका, विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि छन्। विभिन्न किसिमका शिक्षकहरूका सेवाको सर्त र सुविधा पनि फरक फरक छन्। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन।

(घ) शिक्षणसिकाइ क्रियाकलाप

विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको छ। मूलतः बालबालिकाको सिकाइ उपलब्धि कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा निर्भर रहने हुँदा नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयास भए तापनि अपेक्षित उपलब्धि हासिल भएको अवस्था देखिदैन।

पन्ध्रौ योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षाशिक्षण पद्धतिमार्फत पढाइ सिप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ। विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४–२०७७/०७८)ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ भन्ने मान्यता बोकेको पाइन्छ।

यस योजनाले बालकेन्द्रित तथा अन्तर्क्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको पाइन्छ। यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ।

कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागि विशेष सहयोग, अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता, शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा जोड, उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा शिक्षणसिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रूपमा हुन नसकेको र हजारौँ शिक्षकले पेसागत विकास तालिम हासिल गरेको भए तापनि शिक्षकले तालिममा सिकेका सिपको कक्षाकोठामा अपेक्षित रूपमा प्रयोग गर्न नसकेको विडम्बना विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएको अवस्था छ। **(DOE, 2006)**

विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो। यत्ति हुँदा पनि हाम्रा शिक्षकहरूलाई एकातिर कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापहरूमा रमाउनका लागि उपयुक्त वातावरणको सिर्जना गर्न नसकेको अवस्था छ भने अर्कोतिर शिक्षण सिकाइ क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहरू छनौट गरेर कक्षा कोठामा लिन नसकेको अवस्था पनि त्यत्तिकै खट्किएको देखिन्छ। कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

(ङ) शिक्षक पेसागत सहयोग पद्धति

नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.स. २०२८ मा लागु भएको राष्ट्रिय शिक्षा पद्धति योजनाले लिडर र फिडर विद्यालय (Leader and Feeder School) को अवधारणा अघि पनि सारेको थियो। यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१–१९९१) हुँदै नेपालको शिक्षा सुधारका लागि निरन्तर रूपमा धेरै परियोजना र कार्यक्रमहरू कार्यान्वयनमा आए। अध्ययन गर्दा ती सबैले शिक्षकको पेसागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या बिस्तार गरी १०५१ स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थियो। स्रोतकेन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकासम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरूसँग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोगसम्बन्धी कार्यशाला सञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलापहरू सञ्चालनमा सहयोग गर्ने, शैक्षणिक योजनाहरू निर्माणमा सहयोग गर्ने, शिक्षकहरू बिचको अन्तरक्रिया गराउने आदि कार्यहरू हुने गर्थे। सङ्घीय संरचनाको कार्यान्वयनसँगै हाल आएर स्रोत केन्द्र पद्धति विघटन भएको हुँदा स्रोतकेन्द्रबाट सम्पादन हुने उल्लिखित कार्यहरूमा गतिरोध भएको अवस्था छ।

स्रोतकेन्द्रले सम्पादन गर्दै आएका कामहरू समेत स्थानीय तहले गर्नुपर्ने अवस्था भए तापनि कतिपय स्थानीय तहहरूमा शिक्षा सेवाका कर्मचारीहरू र स्पष्ट कानुन र नीति निर्देशनको अभावका कारण कार्यसम्पादनका प्रभावकारिता देखिएको छैन। राष्ट्रिय

शिक्षा नीति, २०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरूलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि यसतर्फ आवश्यक कानुन र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन। दिगो विकास लक्ष्य (२०१६–२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबिच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन।

शिक्षाका पुराना संरचनाहरू विघटन भएको र नयाँ संरचनाको विकास पनि नभइसकेको अवस्थामा अन्य मुलुकमाझै हाम्रो नगरपालिका र समग्र मुलुकमा नै प्रचलनमा भएका शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू जस्तैः कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, कन्फरेन्स, सहपाठीसँगको अन्तरक्रिया, प्रतिबिम्बित अभ्यास आदि दिशाविहीन भएको अवस्था छ।

(च) शिक्षक क्षमता विकास कार्यक्रम

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसै कुरालाई आत्मसात गरी पन्ध्रौँ योजनामा विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने उल्लेख छ। यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धतिसम्बन्धी ज्ञान र सिप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था गरेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रबिन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू, जस्तै: कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान (Collaborative Research) मेन्टरिङ, कोचिङ आदि सञ्चालन गरिने व्यवस्था गरेको छ। साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ।

मुलुक सङ्घीय संरचनामा गएसँगै शिक्षकको पेसागत विकासमा अग्रणी भूमिका निर्वाह गरिरहेको साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साबिकको शिक्षा विभागमा गाभिन गई सो विभाग हाल शिक्षा तथा मानव स्रोत विकास केन्दमा रुपान्तरण भएको छ। शैक्षिक जनशक्ति विकास केन्द्र गाभिएसँगै मुलुकभरि रहेका २९ ओटा तालिम केन्द्रहरू पनि गाभिएर ७ ओटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रमा रुपान्तरण भएका छन्। शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ। शिक्षकको पेसागत विकासका लागि सात ओटा प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन तथा अफलाइन विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम (दुई चरणमा) र कष्टोमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ।

हालै अवधि समाप्त भएको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि शिक्षकको पेसागत विकासलाई जोड दिएको अवस्था थियो। यसअन्तर्गत आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अङ्ग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता

विकासका लागि टिपिडी तालिम सञ्चालन गरिएको थियो। तथापि विद्यमान सातओटा शिक्षा तालिम केन्द्रहरूबाट मात्र ठुलो सङ्ख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ। यसैगरी शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोगमा समस्या देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन्।

पेसागत विकासको एउटा प्रचलित मोडल भनेको १०–२०–७० मोडल हो। यस मोडलका अनुसार कुनै पनि व्यक्तिले पेसागत विकासका लागि आवश्यक पर्ने कुल सिप र दक्षातामध्ये दश प्रतिशत सिप र दक्षता विद्यालय तथा विश्वविद्यालयका कक्षाहरूबाट आर्जन गर्दछ। बिस प्रतिशत सिप र दक्षता पेसासँग सम्बन्धित तालिम गोष्ठी र अन्तरक्रियाहरूबाट सिक्दछ भने बाँकी सत्तरी प्रतिशत सिप र दक्षता उसले आफ्नो कार्य सम्पादनको क्रममा सिक्दछ। यसका लागि पेसामा काम गर्ने व्यक्ति पेसाप्रति मन, बचन र कर्मले समर्पणभावका साथ जुटेको हुनुपर्दछ। हाम्रो मुलुकका सार्वजनिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको व्यवस्थापनको क्रममा देखा परेका विविध समस्याहरूको न्यायोचित किसिमले सम्बोधन हुन नसक्दा हाम्रो पेसागत विकासको सत्तरी खण्ड प्यारालाइज्ड भएको अवस्था छ।

(छ) शिक्षक उत्तरदायित्व

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइने छ र शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जबाफदेहिता वहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिने उल्लेख छ। यसका साथै राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जबाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जबाफदेही बनाइने उल्लेख गरेको छ। यत्तिमात्र नभई बारबर्दिया नगरपालिका लगायत कतिपय अरू पालिकाहरूले समेत प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सेवा करार गरेको र प्रधानाध्यापकले शिक्षकहरूसँग कार्यसम्पादन सेवा करार गरी उत्तरदायित्व बोध गराउने गरेको देखिएको छ।

नेपालमा शिक्षक उत्तरदायित्वको सन्दर्भमा कुरा गर्दा थुप्रै सामुदायिक विद्यालयहरूले राम्रा अभ्यास प्रस्तुत गरेको छन्। यस सन्दर्भमा पर्याप्त विद्यार्थीहरू भएका, नियमित पठनपाठन हुने र विद्यार्थीको सिकाइ उपलब्धि पनि उच्च भएका केही विद्यालयहरूका अभ्यासलाई नमुनाका रूपमा पनि लिन सकिन्छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर उत्तरदायी बनाउने प्रयास गरे पनि यो औपचारिक मात्र हुनगई यसबाट खासै योगदान भएको देखिदैन।

नेपालमा विभिन्न समयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले राष्ट्रिय स्तरमा गरेको विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (NASA) बाट विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर देखिएको छ। (ERO, 2014, 2015, 2017, 2018) शिक्षण सिकाइमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि बढाउन शिक्षक पेसागत विकासका अवसरहरू प्रदान गरिँदै आएको छ तर शिक्षक पेसागत विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडेर हेर्ने कुराको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने आवश्यकता देखिएको छ। यसै कुरालाई मध्यनजर राखी पन्ध्रौँ योजनाले शिक्षकले कक्षाकोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरूलाई पेसाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ।

विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा प्रमुख समस्या भनेको काम गर्ने र काम नगर्ने शिक्षककोबिचमा सेवासुविधा र प्रोत्साहनको सवालमा भिन्नता पहिल्याउन नसक्नु हो। कामको आधारमा भन्दा पनि नियुक्तिको प्रकृतिको आधारमा सेवा सुविधाको वितरण हुने गर्दछ। प्रोत्साहन त छँदैछैन भनेपनि हुन्छ र भएपनि त्यसको वितरण न्यायपूर्ण छैन। शिक्षण सिकाइको सवालमा कतिपय अवस्थामा व्यवस्थापनविद पिटर ड्रकरले भनेझैँ पनि भइरहेको छ। उनको भनाइ छ: 'कुनै पनि संस्थामा काम गर्नेहरूले त्यो संस्थामा पुरस्कृत हुने व्यक्तिलाई हेरिरहेका हुन्छन। यदि त्यो पुरस्कार कामचोर, अल्छी र अनावश्यक किसिमले बाठो व्यक्तिले पायो भने क्रमश: त्यो संस्थाका अरू काम गर्नेहरू पनि कामचोर, अल्छी र अनावश्यक किसिमले बाठो हुँदै जान्छन् र अन्तत: उक्त संस्था धराशायी हुन्छ। 'हाम्रा शिक्षक लगायत शिक्षामा काम गरिरहेको जनशक्ति यही नियतिको सिकार भएकै कारण पनि उनीहरूले अपेक्षा गरेअनुरूप उत्तरदायित्व बोध नगरेको र तदनुरूपको उपलब्धि हासिल हुन नसकिरहेको अवस्था छ।

(ज) शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। नियमावलीअनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:३०, पहाडी भेकमा १:४० र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ।

यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेकमा यो अनुपात न्यून रहेको छ।

शिक्षक सङ्ख्याको बारेमा तथ्याङकको अध्ययन गर्दा शैक्षिक तथ्याङ्क २०७७ अनुसार मुलुकमा कक्षा १ देखि कक्षा १२ सम्मको कुल विद्यार्थी सङ्ख्या ७८,०७,३८९ रहेको छ भने सामुदायिक विद्यालयमा कार्यरत राहत र स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकको कुल सङ्ख्या १,५९,३६८ रहेको छ। साथै मुलुकमा सामुदायिक विद्यालयहरूको कुल सङ्ख्या २८,६४३ रहेको छ। संस्थागत विद्यालयतर्फको तथ्याङक हेर्दा मुलुकभर संस्थागत विद्यालयहरूको सङ्ख्या ६,६८७ रहेको छ र विद्यार्थीहरूको सङ्ख्या १५,१२,३६५ रहेको छ। त्यसैगरी शैक्षिक तथ्याङक हेर्दा बारबर्दिया नगरपालिकामा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कुल विद्यार्थीहरूको सङ्ख्या १६,६३८ रहेको छ जसमध्ये संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या १,८२८ देखिन्छ। साथै यस नगरपालिकामा सामुदायिक विद्यालयहरू ४२ र संस्थागत विद्यालयहरू १५ गरी जम्मा विद्यालयहरू ५७ रहेको देखिन्छ।

यसरी विश्लेषण गर्दा आधारभूत तहको कक्षा १ देखि ५ सम्मको मुलुकको विद्यालय शिक्षक अनुपात ३.६ र यस नगरपालिकाको उक्त अनुपात ४.४२ रहेको छ। त्यसरी नै कक्षा १ देखि ५ सम्मको शिक्षक विद्यार्थी अनुपात मुलुकको २४.० रहेको छ भने यस नगरपालिकाको उक्त अनुपात ३२.७७ रहेको छ। त्यसरी नै कक्षा ६–८ को विद्यालय शिक्षक अनुपात मुलुकको २.१ रहेको छ भने यस नगरपालिकाको २.२९ रहेको छ। त्यसरी नै कक्षा ६–८ को शिक्षक विद्यार्थी अनुपात मुलुकको ५१.० रहेको छ भने यस नगरपालिकाको उक्त अनुपात ८१.३२ रहेको छ। त्यसरी नै कक्षा ९–१० र कक्षा ११–१२ को विद्यालय शिक्षक अनुपात मुलुकको क्रमशः २.८ र ३.६ रहेको छ भने यस नगरपालिकाको उक्त अनुपात क्रमशः २.२८ र १.२५ रहेको छ। यसैगरी कक्षा ९–१० र कक्षा ११–१२ को शिक्षक विद्यार्थी अनुपात मुलुकको ४०.० र ७३.० रहेको छ भने यस नगरपालिकाको उक्त अनुपात क्रमशः ९१.८७ र १२९.१ रहेको छ।

राष्ट्रिय शिक्षा नीति,२०७६ मा हालको शिक्षक दरबन्दी पुनर्वितरणबाट पनि शिक्षक नपुग भएमा नेपाल सरकारबाट दायित्व नपर्ने गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकताका आधारमा थप शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने व्यवस्था मिलाइने छ भनिएको छ। नेपाल सरकारले अध्यादेशबाट ल्याएको आर्थिक वर्ष २०७८/०७९ को आय व्ययको सार्वजनिक वक्तव्यको बूँदा नं २१८ मा शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दीको मिलान गरी प्राथमिक तहमा बढी भएका दरबन्दी माध्यमिक तहमा रुपान्तरण गरिने छ र त्यसबाट पनि बढी भएको दरबन्दी खारेज गरिने छ भनिएको छ। बारबर्दिया नगरपालिकाको हकमा राहत र नगरपालिकाले सिर्जना गरेका शिक्षक दरबन्दीले शिक्षक कमीको समस्यालाई समाधान गरेपनि कक्षामा भएको शिक्षक विद्यार्थीको उच्च अनुपातलाई उपयुक्त बनाउन र माध्यमिक विद्यालयहरूमा विषयअनुसारको शिक्षकको व्यवस्थाका लागि शिक्षक दरबन्दी थप गर्नुपर्ने देखिन्छ। साथै थरिथरिका शिक्षकलाई व्यवस्थापन गरी सङ्घीय र स्थानीय तहका शिक्षक गरी दुई किसिमका मात्र बनाउन आवश्यक छ। यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ समेतलाई विचार गरेर शिक्षक व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

४.२.३ चुनौती र अवसर

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाई शिक्षण पेसामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा सङकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रूपमा विकास गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरूमा तहगत रूपमा न्यूनतम विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्नेगरी निरन्तर स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष, न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरू हुन्।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक गन्ध आउने थरिथरिका पेसागत संस्थातिर नभई विशुद्ध पेसाको उन्नयनमा सहयोग पुऱ्याउने गरी सबैको साझा पेसागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारीतामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी बनाउनु आदि पनि शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरू नै हुन्।

शिक्षक सेवा आयोगले निरन्तर रूपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवाका नियमित कार्यहरू प्रभावकारी रूपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदन अनुसार दरबन्दी मिलानका कार्यहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेसागत विकास प्रारूपअनुसार पेसागत विकासका तीनओटै तरिकाहरू कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु, शिक्षकका पेसागत संस्थाहरू प्रविधि तथा अन्य पेसागत विकास सम्बन्धी तालिम र प्रशिक्षण कार्यक्रमको आयोजना र सहजीकरणमा अभिप्रेरित देखिनु,नगरपालिकाले आफ्नै स्रोतबाट नपुग भएका शिक्षक दरबन्दीको व्यवस्थापन गरी कामकाजमा लगाउनु, प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार गर्नु आदि यस क्षेत्रका अवसरहरू रहेका छन्।

४.२.४ लक्ष्य तथा उद्देश्यहरू

उपर्युक्त चुनौती र अवसरहरूका आधारमा यस नगरपालिकाको दश वर्षे शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासको लक्ष्य पर्याप्त सङ्ख्यामा भएका पेसाप्रति समर्पित र दक्ष शिक्षकहरूबाट बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी भई सहजीकरण गर्नु रहेको छ भने योसँग सम्बन्धित उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएका छन्:

१. शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गर्दै शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गर्नु।

२. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ गर्नु।

३. नपुग शिक्षक दरबन्दीमध्ये राष्ट्रिय शिक्षा नीतिअनुसार प्रदेशसँग समन्वय, सहकार्य र सहलगानीका आधारमा कानुन बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरी न्यायोचित किसिमले वितरण गर्नु।

४. सबै तहमा शिक्षकहरूको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपुण शिक्षकको सुनिश्चितता गर्नु।

५. शिक्षक बैङ्ककको स्थापना गर्न प्रत्येक वर्षको चैत्र मसान्तमा विज्ञापन गरी रोष्टर शिक्षक सुनिश्चित गर्नु।

६. पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी गर्नु।

७. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।

८. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु।

९. सुपरिवेक्षण,शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी सान्दर्भिक र प्रभावकारी गर्नु।

४.२.५ रणनीतिहरू

यस योजनामा प्रस्तुत खण्डका रणनीतिहरू देहायबमोजिम रहेका छन् :

१. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गरिने छ।

२. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित हुँदै पुनरावलोकन गरिने छ।

३. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गरिने छ।

४. प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४–८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने छ।

५. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतीक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने कार्य गरिने छ।

६. शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भार बेहोर्ने गरी कानुनबमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरूको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरूको नियुक्ति र पदस्थापन गरिने छ।

७. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य गरिने छ।

८. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गर्न यसकालागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गर्न स्थानीय तहसँग सहकार्य गरिने छ।

९. शिक्षकहरूको साझा सङ्गठनको रूपमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेसागत सहयोग र विकासका निम्ति क्रियाशील बनाउनका लागि सङ्घ एवम् स्थानीय तहसँग सहकार्य गरिने छ।

१०. शिक्षकको उपस्थिति नियमितता र कार्यसम्पादनका लागि शिक्षक तथा कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्धति सम्बन्धित विद्यार्थीको सिकाइ सुधारसँग प्रधानाध्यापकको वृत्ति विकासलाई सुधार गर्नका लागि स्थानीय तहसँग सहकार्य गरिने छ।

११. शिक्षकको सेवा, सर्त, सुविधा, प्रोत्साहन,बढुवा लगायतका वृत्ति विकासका लागि पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१२. कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक भएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानुनी प्रावधान बनाई सरुवालाई वस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाउनका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१३. शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धतिको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१४. पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित प्र.अ.तथा शिक्षकको सामाजिक आचरण, पेसाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरूको अभिमतलाई समेत आधार बनाई लागु गरिने छ।

१५. विषयवस्तुका अतिरिक्त शिक्षण पेसाप्रति गर्व गर्ने, बालबालिकासँग रमाउने, सामाजिक सेवाभावले अभिप्रेरित र आचरणको हिसाबले निष्कलङ्कित व्यक्ति शिक्षण पेसामा छनौट हुने गरी सङ्घीय शिक्षक सेवा आयोग र प्रदेश शिक्षक सेवा आयोगको पाठ्यक्रमलाई पुनरावलोकन गर्नका लागि सुझाव दिइने छ।

१६. सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर पठनपाठन नियमित गर्नका लागि सट्टा शिक्षकको व्यवस्था गरिने छ।

१७. सेवानिवृत्तका लागि स्वेच्छिक रूपमा अवकाश हुन चाहने शिक्षकहरूलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने छ।

४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि (Outcomes)

१. पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार भएको हुने।

ख) नतिजा (Results)

१. शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी, छनौट र पेसागत विकास भएको हुने।

२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार भएको हुने।

३. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने।

४. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित भएको हुने।

५. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने ।

६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार भएको हुने ।

७. विद्यालयमा हुनुपर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा पर्याप्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान एवम् पुनर्वितरण र शिक्षकको आपूर्ति नियमित रूपमा भएको हुने ।

८. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित भएको हुने ।

९. पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरस्कार पद्धति स्थापित भएको हुने ।

१०. शिक्षकहरू राजनीतिक आस्थाका हिसाबले हुने गुटउपगुट र झुन्डलाई छोडेर विद्यार्थीको सिकाइ उपलब्धिमा समर्पित हुनुका साथै आफू स्वयमको पेसागत विकासका लागि एउटै साझा संस्थामा आबद्ध हुने भएका कारण शिक्षकहरूमा पेसाप्रतिको समर्पण र विद्यार्थीप्रतिको सेवाभाव उच्च भएको हुने ।

११. सुत्केरी बिदामा बस्ने शिक्षकको सट्टा अन्य शिक्षकको व्यवस्था भएको हुने ।

१२. शिक्षण सिकाइ क्रियाकलापलाई नियमित गर्न शिक्षक नियुक्ति व्यवस्थित भएको हुने ।

१३. शिक्षण पेसामा नयाँ शिक्षक प्रवेश गराउन अनिवार्य अवकाश हुनु अगावै स्वेच्छिक सेवा रोज्ने शिक्षकलाई विशेष प्रोत्साहनको व्यवस्था भएको हुने ।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका नं : ४.२

शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
	शिक्षकको पेसागत आकर्षण र नियुक्ति									
१	शिक्षकहरूका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाई कार्यान्वयन गरिने	सबै शिक्षक	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेश सरकारसँग सहकार्य
२	नगरपालिकाका सबै शिक्षकको स्वास्थ्य बिमा अनिवार्य गरिने	सबै शिक्षक	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेश सरकारसँग सहकार्य
३	सरुवा र बढुवालाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कानुनको निर्माण एवम् कार्यान्वयन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेश सरकारसँग सहकार्य
४	अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरिने	दरबन्दी सिर्जना	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर
		वितरण	✓	✓	✓	✓	✓	✓	✓	
५	स्थानीय तहबाट महँगी, यातायात, खाजा खर्च , सञ्चार खर्च आदिको व्यवस्था गरेर निजामतिको तुलनामा शिक्षकको सेवा सुविधालाई अझै आकषर्क बनाउने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
६	बालविकासका शिक्षक र विद्यालयका कर्मचारीलाई कम्तिमा एउटा शैक्षिक मजदुरले पाउनुपर्ने सुविधामा नघटाइ सङ्घले दिएको सुविधामा थप गरी तलबभत्ता उपलब्ध गराउने	बाविकेका शिक्षक र विद्यालयका कर्मचारी	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर
	शिक्षक तयारी									
७	अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने	पटक	१	१	१	१	१	५	१०	सङ्घ र प्रदेश सरकारसँग सहकार्य
८	नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गरिने	पटक	१	१	१	१	१	५	१०	सङ्घ र प्रदेश सरकार सँग सहकार्य
९	शिक्षण पेसालाई रोजाइको पेसा बनाउन चाहनेहरूका निम्ति पेसामा प्रवेशका लागि पूर्व सेवाकालीन तालिम र मनोसामाजिक परामर्शको व्यवस्था गरिने	पटक	२	२	२	२	२	१०	२०	सङ्घ र प्रदेश सरकार सँग सहकार्य
	शिक्षण सिकाइ क्रियाकलाप									
१०	नियमित शिक्षणसिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गरी कार्यान्वयन गरिने	पटक	१	१	१	१	१	५	१०	स्थानीय तहसँग सहकार्य गरेर

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
११	दृष्टिसम्बन्धी अपाङ्गता भएका सबै बालबालिकाका लागि ब्रेललिपि लगायतबाट र श्रवणसम्बन्धी अपाङ्गता भएकालाई साङ्केतिक लगायतबाट सिक्ने व्यवस्था मिलाउने	सामग्री सेट	–	१	–	१	–	२		सङ्घ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर
१२	प्रत्येक माध्यमिक विद्यालयमा एक पुस्तकालयको प्रबन्ध गर्ने र प्रत्येक आधारभूत कक्षामा पुस्तक कुना व्यवस्था गरिने	सबै मा वि	✓	✓	✓	✓	✓	✓		प्रदेश र स्थानीय तहको सहकार्य गरेर
१३	प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT Lab को प्रबन्ध गरिने	सबै विद्यालय	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य गरेर
१४	प्रत्येक विद्यालयमा उपकरण/विज्ञान सामग्रीयुक्त कम्तिमा एक विज्ञान प्रयोगशालाको प्रबन्ध गरिने	सबै विद्यालय	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य गरेर
१५	प्राविधिक तथा व्यावसायिक शिक्षा धारको पढाइलाई व्यावहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसका लागि सुविधायुक्त प्रयोगशालाको प्रबन्ध गरिने	सम्बन्धित विद्यालय	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य गरेर
१६	प्रत्येक विद्यालयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धतामार्फत शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउने	सबै विद्यालय	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१७	विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्न प्र.अ.लाई जिम्मेवार बनाउने	सबै प्र अ	५७	५७	५७	५७	५७	५७		प्रदेश र स्थानीय तहको सहकार्य गरेर
१८	शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरूलाई प्रधानाध्यापक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकबाट शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा बढुवा र अन्य प्रोत्साहनको व्यवस्था गरिने	कानुनमा संशोधन गरेर	✓	✓	✓	✓	✓	✓		प्रदेश र स्थानीय तहको सहकार्य गरेर
१९	स्थानीय आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी हरेक विद्यालयलाई केही न केही स्थानीय सिप र व्यवसायका लागि पहिचानयोग्य हवको रूपमा विकास गरिने	सबै विद्यालय	✓	✓	✓	✓	✓	✓	सबै विद्यालय	प्रदेश सरकार सँग सहकार्य
२०	प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरूको सुधारका लागि कार्यमूलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ट अनुसन्धानलाई नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गरिने	सबै शिक्षक	✓	✓	✓	✓	✓	✓	सबै विद्यालय	प्रदेश सरकार सँग सहकार्य
२१	शिक्षण सिकाइ लगायत विद्यालयको समग्र पक्षको अनुसन्धान र अनुगमन गरी प्रतिवेदन दिन विज्ञहरू सम्मिलित भएको तेस्रो पक्षलाई खटाइने	नगरपालिका	५७	५७	५७	५७	५७	५७		प्रदेश र स्थानीय तहको सहकार्य गरेर

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
	शिक्षक पेसागत सहयोग पद्धति									
२२	स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन कार्यविधिको विकास गरिने	कार्यविधि निर्माण	१	१						प्रदेश सरकारसँग सहकार्य
२३	मार्गदर्शन/कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरूको ई–सञ्जाल/समूह बनाइने	नगरपालिका	१	१	१	१	१	१		प्रदेश सरकार सँग सहकार्य
२४	शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने (शिक्षण पेसामा प्रवेश गरेको शिक्षकका लागि कम्तिमा ३ महिनासम्म अनुभवी विज्ञ शिक्षकको साथमा रहेर)	नगरपालिका	✓	✓	✓	✓	✓	✓		सङ्घ र प्रदेश सरकार सँग सहकार्य
२५	शिक्षकहरूको संस्था शिक्षक महासङ्घलाई शिक्षकहरूको पेसागत सहयोगको निम्ति जिम्मेवार बनाइने	नगरपालिका	✓	✓	✓	✓	✓	✓		शिक्षक महासङ्घ सँग सहकार्य
२६	प्रधानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरिने	सबै विद्यालय	५७	५७	५७	५७	५७	५७		प्रदेश सँग सहकार्य
२७	शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन गरिने	नगरपालिका	✓	✓	✓	✓	✓	✓		प्रदेशसँग सहकार्य
२८	सहपाठी कक्षाअवलोकन गरिने	सबै विद्यालय	✓	✓	✓	✓	✓	✓		विद्यालयसँग सहकार्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
	शिक्षक पेसागत क्षमता विकास									
२९	शिक्षकको पेसागत विकास आवश्यकताअनुसार शैक्षिक तालिम केन्द्रहरूमा खटाइ शिक्षकहरूलाई पेसागत विकास तालिम लिन प्रेरित गर्ने र तालिम पश्चात विद्यालयमा आई सिकाइ आदानप्रदानको संस्कार विकास गरिने	शिक्षक सङ्ख्या	३०	३०	३०	३०	३०	१५०		प्रदेश र तालिम केन्द्रसँग सहकार्य
३०	स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गरिने	समूह सङ्ख्या	१०	१०	१०	१०	१०	१०		शिक्षक समूहसँग सहकार्य
३१	स्थानीय पालिकास्तरमा सञ्चालन हुने प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले आफ्नो विद्यालयमा गरेको केही न केही अनुकरणीय कार्य अर्थात् असल अभ्यासलाई प्रस्तुतिका लागि अनिवार्य गरिने	स्थानीय तह	५७	५७	५७	५७	५७	५७		प्रधानाध्यापकहरूहरू सँग सहकार्य
३२	विद्यालयहरूले गरेका असल अभ्यासहरूको अवलोकन एवम् सिकाइका लागि अवलोकन भ्रमणको व्यवस्था गरिने (पालिका र प्रदेशस्तरमा)	पटक	२	२	२	२	२	८		विद्यालयहरू सँग सहकार्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
३३	सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गरिने। *(प्रत्येक शिक्षकले प्रत्येक ७ वर्षमा तालिम पाउने)*	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	शिक्षक र तलिम केन्द्रसँग सहकार्य
३४	विद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुको साथै शिक्षकको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गरिने।	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	प्रधानाध्यापकहरू सँग सहकार्य
३५	विद्यालयलाई प्रविधिका हिसाबले स्रोतसम्पन्न बनाइने।	सबै विद्यालय	५७	५७	५७	५७	५७	५७		विद्यालयसँग सहकार्य
	शिक्षक उत्तरदायित्व									
३६	शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाइने	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	प्रधानाध्यापक हरूहरू सँग सहकार्य
३७	विद्यालयमा छुट्टै प्रधानाध्यापक पदको व्यवस्था गरी करारमा नियुक्त गर्ने कानुनी व्यवस्था गरिने	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ र प्रदेशसँग सहकार्य
३८	शिक्षकको बढुवा, सरुवा र प्रोत्साहनलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाइने	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ र प्रदेशसँग सहकार्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
३९	शिक्षकले शिक्षणमा बिताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाइने	सबै विद्यालय	५७	५७	५७	५७	५७	५७	५७	प्रधानाध्यापक हरूसँग सहकार्य
४०	विद्यालयमा उपलब्ध शिक्षकहरूमध्ये हरेक हिसाबले उत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाइने	सबै विद्यालयहरू	५७	५७	५७	५७	५७	५७	५७	वि व्य स सँग सहकार्य
४१	शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति र विव्यसले पालिकासँग करार सम्झौता गरी कार्य गरिने	सबै विद्यालयहरू	५७	५७	५७	५७	५७	५७	५७	प्र अ विद्यालय र वि व्य सँग सहकार्य
	शिक्षक आपूर्ति र वितरण									
४२	राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम हरेक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्दा पनि नपुग शिक्षक दरबन्दीका लागि प्रदेश सरकारसँग सहकार्य र सहलगानीका आधारमा शिक्षक दरबन्दीको सिर्जना गरिने	शिक्षक दरबन्दी	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ प्रदेशसँग सहकार्य
४३	मौज्दात शिक्षक दरबन्दी र सिर्जना गरिएका दरबन्दीको विषयगत हिसाबले फेहरिष्त तयारी गरी विज्ञापनका लागि प्रदेश शिक्षक आयोगमा पठाइने	शिक्षक दरवन्दी	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ प्रदेशसँग सहकार्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
४४	स्थायी शिक्षक नआउदासम्म बैकल्पिक सूचीका उम्मेदवारहरूलाई करार नियुक्ति गरी काममा लगाइने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका
४५	एकदिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरी शिक्षक अवकास, सरुवा र नियुक्ति वा पदस्थापन भई काम गर्ने शिक्षकको व्यवस्थापन गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका
४६	लामो समय सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर नियमित शिक्षण गर्न सट्टा शिक्षकको व्यवस्था गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका
४७	सेवा निवृत्त हुन ५ वर्षदेखि २ वर्ष अगावै स्वेच्छिक अवकाश लिन चाहने शिक्षकलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका

४.३ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन

४.३.१ परिचय

पाठ्यक्रम औपचारिक शिक्षाको बाटो हो। यही बाटोमा मानिसलाई समुन्नति शिखरमा पुऱ्याउने औपचारिक शिक्षा रुपी साधन हिड्ने गर्दछ वा शिक्षा हिड्नु पर्दछ। कुनै मुलुक वा प्रदेश वा पालिका वा विद्यालयको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरूले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्दछ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले तय गर्दछ। यत्ति मात्र नभई पाठ्यक्रमले उक्त बाटोमा सिकारुलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत पाठ्यक्रमले व्याख्या गर्दछ। पाठ्यक्रमले देखाएको बाटोमा सिकारु हिड्न सके नसकेको पहिचान गरी हिड्न नसकेको भए वा अर्को कुनै अनपेक्षित बाटोमा हिडेको भएमा सिकारुलाई पाठ्यक्रमले नै तोकेको बाटोमा हिड्न प्रेरित गर्ने काम मूल्याङ्कनले गर्दछ। यसरी पाठ्यक्रम र मूल्याङ्कन एउटै सिक्काका दुईपाटा भएर काम गरिरहेका हुन्छन्। अर्को शब्दमा भन्नुपर्दा मूल्याङ्कनको पाटोलाई समेत पाठ्यक्रमले आफूमा समाहित गरेर पाठ्यक्रम अघि बढ्ने गर्दछ।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेशअनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ। यसका साथै पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य, मान्यता तथा व्यवहारलाई सान्दर्भीकरणसहित आत्मसात् गर्न; विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोणअनुरूप व्यवहार गर्न, आफ्नो र अरूको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ। यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ। मानवीय आवश्यकता, सिकारुको रुचि, सामाजिक मूल्य, मान्यता र समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधिअनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ।

शिक्षा क्षेत्र योजनाको प्रस्तुत खण्डमा नेपालमा विद्यालय तह (बालविकास शिक्षादेखि कक्षा १२ सम्मको) पाठ्यक्रम विकास, कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरिएको छ। उच्च शिक्षाको पाठ्यक्रम र मूल्याङ्कनका सवालहरूलाई समेत सतहमा उठान गरिएको छ। पाठ्यक्रम र सन्दर्भ सामग्रीको सवालमा बारबर्दिया नगरपालिकाका प्रयासहरूलाई सन्दर्भ अनुसार जोड्ने काम समेत गरिएको छ। पाठ्यक्रमको सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरिएको छ। पहिचान गरिएका चुनौती र अवसरहरूलाई मध्यनजर गरी यस योजना अवधिमा बारबर्दिया नगरपालिकामा पाठ्यक्रम र मूल्याङ्कनलाई अझ सान्दर्भिक बनाउन र यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी यस योजनाका उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा, मुख्यमुख्य कार्यक्रम तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ।

४.३.२ वर्तमान अवस्था

शिक्षाका अधिकांश सरोकारवालाहरू अहिले पनि पाठ्यक्रमतिर भन्दा पनि पाठ्पुस्तकतिर बढी चासो राखिरहेका हुन्छन्। मिडियाले समेत पाठ्यपुस्तक सम्बन्धित विद्यालयमा पुगे नपुगेको कुरालाई प्रमुख खबर बनाइरहेको हुन्छ। अरूका त कुरै टाढा भयो, कतिपय शिक्षकहरूले समेत पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई प्राथमिकतामा राखी पठनपाठन गरेका तथ्यहरू भेटिन्छन्। यसो हुनुमा पठनपाठन सुरु भएको केही दशक नाघिसकेपछि मात्रै औपचारिक रूपमा हाम्रो मुलुकमा पाठ्यक्रमको जन्म भएको सन्दर्भले भूमिका निर्वाह गरेको हुनसक्छ। यसकारण कि शिक्षक, विद्यार्थी र शिक्षाका सरोकारवालाहरूले पाठ्यक्रमलाई भन्दा पनि पहिले पाठ्यपुस्तकलाई देख्ने मौका पाए। नेपालमा वि.सं.२०२८को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो।

पाठ्यक्रम विकास केन्द्रको स्थापना र यसको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो। यसै क्रममा वि.सं.२०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्यन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १–१२ मा यो पाठ्यक्रम कार्यान्वयन गर्ने योजना छ।

यसरी कार्यान्वयन हुन गइरहेको पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकिने व्यवस्था गरिएको छ।

पाठ्यक्रममा सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ। विद्यालय तह पूरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ। विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा (Credit Based) मा निर्धारित गरिएको छ। विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सोअनुरूप विकास गरिएका पाठ्यक्रमका उल्लिखित परिवर्तन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ। यसका लागि शिक्षकको तयारी, क्षमता विकासको अवसर, उत्प्रेरणा तथा जबाफदेहिता ज्यादै महत्त्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ। विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ। प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम, शिक्षण सिकाइ तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ।

पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्याङ्कनलाई सँगसँगै हिडाँउन अपेक्षाकृत सकिएको छैन। निरन्तर मूल्याङ्कनले यसको मर्म अनुरूप व्यवहारमा प्रयोग हुन नसकिरहेको अवस्था छ। शिक्षण सिकाइ क्रियाकलापसँगसँगै मूल्याङ्कन पनि हिड्नु पर्नेमा मूल्याङ्कनको गति अलि ढिला भएको छ। त्यसमा पनि निर्माणात्मक मूल्याङ्कन त थला परेर हिड्न नसकेको हो कि झै महसुस भइरहेको छ। त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन

पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरुआत गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ। यति हुँदाहुदै पनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गरेर सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षालगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ।

कक्षा ८, १० र ११/१२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, बैध र विश्वसनीय बनाउनु पर्ने छ। त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षणसम्बन्धी कार्य चरणबद्ध रूपमा भइरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका निम्ति प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ। समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुऱ्याउनका लागि मूल्याङ्कन प्रारूपको विकास तथा कार्यान्वयन गर्नुपर्ने भएको छ। विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन।

पूर्वीय दर्शनमा आधारित शिक्षा, मातृभाषा तथा स्थानीय विषय, संस्कृतलगायत शास्त्रीय भाषा शिक्षाका लागि कानुनी तथा नीतिगत आधारहरू तयार भई मौलिक एवम् स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै स्थानीय तह तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरिएको छ। सम्बन्धित क्षेत्र वा विषयका यथेष्ट रूपमा विज्ञ पहिचान र परिचालन गरी स्थानीय आवश्यकता निर्धारण गर्न नसक्दा यस्ता विषय क्षेत्रका लागि निर्धारित विषय र संरचना प्रभावकारी हुन सकेका छैनन्। प्राविधिक माध्यमिक शिक्षा, केही परम्परागत शिक्षा तथा स्थानीय पाठ्यक्रमबाहेक अन्य सबै विषयमा पाठ्यक्रमअनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित विषय शिक्षक तथा विज्ञहरूबाट लेखाइ मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निजी मुद्रक तथा वितरकबाट विद्यालयमा बिक्री वितरण हुने व्यवस्था रहेको छ।

नेपाल सरकारले स्थानीय तहमार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १–१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ। विकल्पविहीन र प्रतिस्पर्धाविना तयार हुने यस्ता पुस्तकहरूमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न। विगत केही बर्षदेखि कक्षा १–३ मा प्रारम्भ गरी कक्षा १–५ सम्म पुऱ्याइएको रङ्गिन पाठ्यपुस्तक छपाइ गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरिएको छ। यसका लागि पुस्तक डिजायन र मुद्रणमा सुधार आवश्यक देखिन्छ। त्यसैगरी स्पेसिफिकेसन अनुसारको कागज तथा मुद्रणको गुणस्तर सुनिश्चित गर्नु उत्तिकै आवश्यक छ।

अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था भएको, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ ले पनि सोही कुरा उल्लेख गरेको र यस सम्बन्धमा निर्देशिकामा प्रक्रिया उल्लेख गरिए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन। निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित पुस्तकहरूमा पनि प्रतिस्पर्धात्मक रूपमा पुस्तक मूल्याङ्कन नहुनु र मूल्याङ्कन औपचारिक मात्र भई सबैलाई सूचीकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरू पनि प्रयोग हुनसक्ने देखिन्छ।

पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तकबाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेबसाइटमा राख्ने गरेको छ भने प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाइसम्बन्धी सन्दर्भ सामग्रीहरू भने कार्यक्रम लागु भएका विद्यालयमा पुऱ्याइएको छ। अधिकांश बाल सन्दर्भ सामग्रीहरूको उपलब्धता र प्रयोग सीमित छ भने कतिपय सामग्री अध्यावधिक गर्नुपर्ने पनि छन्। यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा

१–५ का लागि विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तकहरू तयार गरेको छ भने केही मातृभाषामा (लिम्बु, मुन्दुम, राना थारु, मैथिली) कक्षा १–३ का लागि अन्य विषयका पाठ्यपुस्तकहरू पनि तयार गरेको छ। एकातिर सीमित स्रोत तथा जनशक्तिका कारण मातृभाषाका सामग्री विकासमा चुनौती रहेको छ भने अर्कोतिर मातृभाषाका पाठ्यसामग्री प्रयोग गर्ने कार्यमा कतिपय विद्यालय तथा समुदायलाई उत्साहित गर्न पनि सकिएको छैन।

पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीय प्रति तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतीय सिकाइ पोर्टल (e-Learning Portal) मा उक्त सिकाइ सामग्रीहरू राखिएका छन्। माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरी वेबसाइटमा राखिएका छन्।

स्थानीय तहहरू अहिलेको परिवर्तित परिवेशमा स्थानीय पाठ्यक्रम निर्माणको लागि जुटिरहेको देखिन्छ। आफ्नो पालिकामा उपलब्ध विषय वा पाठ्यक्रम विज्ञ एवम् सो नभए अन्य प्रदेश वा राष्ट्रिय स्तरबाट पनि विज्ञको व्यवस्था गरेर पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने कार्य भइरहेको छ। यस्तैमा एउटा ज्वलन्त नमूनाको रूपमा रहेको नगरपालिका बारबर्दिया नगरपालिका हो। यसपूर्व स्थानीय वा ऐच्छिक विषय भनेर अङ्ग्रेजी भाषालाई अध्यापन गरिरहेका विद्यालयहरूले अहिले स्थानीय तहले बनाएको पाठ्यक्रमको आधारमा स्थानीय भाषा, सिप, पेसा, व्यवसाय, पर्यावरण, पर्यटन, प्रविधि, परम्परा, संस्कृति, पूर्वीय दर्शन, सामाजिक मूल्य मान्यता आदि जस्ता विषयवस्तु समेटेर तयार गरिएको बारबर्दिया गौरव नामको स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिरहेको अवस्था छ।

त्यसो त बारबर्दियाले पाठ्यकमको आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू पनि लेखन एवम् प्रकाशन गर्ने कामलाई तिब्रता दिएको छ। यसै सन्दर्भमा बारबर्दियामा शैक्षिक सत्र २०७८ मा कक्षा १, २, ३ र ६ मा स्थानीय पाठ्यपुस्तक समेत तगार गरी पठनपाठन सुरु गरिएको छ भने शैक्षिक सत्र २०७९ मा कक्षा ४, ५, ७ र वि स २०८० मा कक्षा ८ लागु गर्ने योजना रहेको छ। कोभिड १९ को कारण विद्यालयहरू बन्द भएको अवस्थामा घरमै बसेर अध्ययन गर्नका लागि बारबर्दिया नगरपालिकाले स्वाध्ययन सामग्री प्रकाशन गरेर विद्यार्थीहरूलाई वितरण गरेको थियो। राष्ट्रिय शिक्षा नीति २०७६ले प्रदेशस्तरका विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरणका साथै विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड, स्वीकृति र नियमन गर्ने जिम्मेवारी प्रदेश तहको हुने भनी किटान गरिएको भएतापनि यो जिम्मेवारीमा प्रदेश सरकारले आफूलाई क्रियाशील बनाउन अझै बाँकी देखिएको छ। यो मामलामा प्रदेशभन्दा स्थानीय तहहरू क्रियाशील भएको अवस्थालाई सकारात्मक किसिमले लिन सकिन्छ।

४.३.३ चुनौती र अवसर

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था गर्नु, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि स्थानीय तहको क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु, पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु, पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु, पालिका स्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु, बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी भाषाको छनोट गर्नु, विशेषत: प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृ भाषा, स्थानीय भाषा, बहुभाषा आदिको प्रयोग गर्नु, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन गर्नु, अपाङ्गता भएका बालबालिकाकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन गर्नु, मूल्याङ्कनलाई व्यावहारिक र प्रयोजनमूलक बनाउनु आदि पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन्।

यसका अतिरिक्त शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धताको सुनिश्चित गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञा तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान (राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन) गर्नु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्नु, अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइको लागि सिप प्रविधि र पहुँमा विस्तार गर्नु, पाठ्यक्रम विकास, परिमार्जन कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह, प्रदेश सरकार तथा विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता गर्नु आदि समेतलाई पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा देखिएका चुनौतीहरू हुन् ।

यसका साथै उच्च शिक्षाको पाठ्यक्रम समय अनुसार परिवर्तन र परिमार्जन गर्नु, उच्च शिक्षाको पाठ्यक्रम परिवर्तन र परिमार्जन प्रक्रियालाई सरल बनाउनु, पाठ्यक्रम परिवर्तन गर्दा धरातलीय आवश्यकतालाई भन्दा विश्वव्यापीकरणका विषयले प्रश्रय पाउनु, विश्वविद्यालयपिच्छे पाठ्यक्रम फरक हुनु, पाठ्यक्रमको मर्म मुताविक शिक्षण सिकाइ क्रियाकलापहरूमा परिमार्जन गर्नु, शिक्षकले गर्नु पर्ने भनी पाठ्यक्रमले तोकेका विद्यार्थीको मूल्याङ्कन पद्धतिलाई बस्तुनिष्ठ बनाउनु, परिवर्तित र परिमार्जित पाठ्यक्रम एवम् मूल्याङ्कन प्रणालीको सम्बन्धमा शिक्षकहरूलाई प्रवोधिकरण गर्नु, आदि उच्च शिक्षाको तहमा पाठ्यक्रम र पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन् ।

पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङकन प्रणालीमा कण्ठ गर्ने किसिमको सङ्ज्ञानात्मक पक्षभन्दा सिप र सिर्जनालाई प्राथमिकता दिने कार्यको आरम्भ हुनु, मूल्याङ्कन प्रणाली क्रमशः विद्यालय र शिक्षकमा आधारित हुँदै जानु, स्थानीय ज्ञान, सिप र प्रविधिलाई क्रमशः पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने कार्यको आरम्भ हुनु, तुलनात्मक रूपमा पहिलेको भन्दा पाठ्यपुस्तक छपाइ, गुणस्तर र डिजाइनमा सुधार हुँदै जानु, पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार क्रमशः प्रतिस्पर्धात्मक किसिमले बजारमा जानु, पहिले जस्तो पाठ्यपुस्तकमा आधारित नभई अवका शिक्षण सिकाइ क्रियाकलापहरू पाठ्यक्रममा आधारित हुँदै जानु, सन्दर्भ सामग्रीहरूको प्रकाशनमा बढोत्तरी हुँदै जानु, विभिन्न मातृभाषामा पाठ्यपुस्तक र सन्दर्भसामग्रीहरू प्रकाशन हुँदै जानु, वेभसाइटहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भसामग्रीका इकपिहरू पढ्न मिल्ने गरी उपलब्ध हुँदै जानु, प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विद्यालयहरूमा बालबालिकाहरूका निम्ति कक्षाकोठाहरूमा सन्दर्भ सामग्रीहरूसहितका बुककर्नरहरूको व्यवस्था हुनु बारबर्दिया लगायतका पालिकाहरूले आफ्नै परिवेश अनुकुलको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको अवस्था हुनु जस्ता पक्षहरूलाई पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा देखिएका अवसरहरूको रूपमा लिन सकिन्छ ।

४.३.४ लक्ष्य तथा उद्देश्यहरू

यस योजनाले पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कनका उपक्षेत्रको लक्ष्यको रूपमा पाठ्यक्रमलाई समयसापेक्ष,सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नगरपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु रहेको छ भने यससम्बन्धी उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. स्थानीय आवश्यकता र विश्वपरिवेशलाई आत्मसात गरी पाठ्क्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी गर्नु ।

२. पूर्वीय दर्शन, मानवीय मूल्यमान्यता र आदर्शलाई अन्तरसम्बन्धित विषयवस्तुको रूपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित किसिमबाट विकास गरी कार्यान्वयन गर्नु ।

३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुनेगरी विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु ।

५. सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

६. कक्षाकोठामा हुने शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा आधारित नभई पाठ्यक्रममा आधारित बनाउनका लागि शिक्षालयको वातावण उपयुक्त बनाउनु र शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्नु।

७. स्तरीय र सिकारुमैत्री पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको लेखन र प्रकाशन गरी विद्यालय र विद्यार्थीहरूलाई सहज किसिमले उपलब्ध गराएर पठन संस्कृतिमा विकास गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु।

८. पालिका स्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन क्षेत्रमा काम गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको व्यवस्था गर्नु।

४.३.५ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिएको छ :

१) पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध र समुन्नत नगरपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनुका साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारको विद्यालय तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ र कार्यान्वयनको मूल्याङ्कन आवधिक रूपमा गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गरिने छ।

२) पूर्वीय दर्शन, मानवीय मूल्य मान्यता र आदर्शका साथै ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यावहारिक बनाउँदै लगिनुका साथै विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गरिने छ।

३) पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रूपमा कार्यान्वयन गर्ने र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ। विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गरिने छ।

४) सङ्घीय संरचनाअनुसार स्थानीय तहको सरकारबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ।

५) राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार स्थानीय स्तरमा विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता र जिम्मेवारीको विकास गरिने छ।

६) वैकल्पिक सिकाइका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपत्, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार, शिक्षकको पेसागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाउदै लगिनेछ।

७) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको विकास, परिमार्जन तथा समायोजन गरी डिजिटाइज अनलाइन सिकाइ पोर्टलमार्फत् सर्वसुलभ गराइनेछ।

८) पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजीवी, शिक्षाप्रेमी, परम्परागत ज्ञान र सिपका ज्ञाता तथा अनुसन्धाता आदिको सहभागिता र भूमिकामा वृद्धि गरिने छ।

९) स्थानीय तहबाट समेत प्रकाशन हुने पाठ्यपुस्तकको गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तक विकास गरिने छ। कागज तथा छपाइको गुणस्तरसमेत सुधार गरी बहुवर्ष प्रयोगको सम्भाव्यता परीक्षण गरिने छ। यसका साथै पाठ्यक्रममा आधारित शिक्षणसिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गरिने छ।

१०) परम्परागत रूपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाई सूचना,सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने छ। प्रारम्भिक कक्षाहरूको शिक्षण सिकाइमा पाठ्यपुस्तकको प्रयोगलाई न्यूनीकरण गरिने छ।

११) बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिने छ। यसका लागि विशेषत:प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथिमकता दिइनेछ।

१२) विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाउदै लगिनेछ।

१३) विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

१४) सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई परीक्षणमा ल्याइनेछ।

१५) प्रत्येक सामुदायिक विद्यालयमा एक एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोग, थप ज्ञान, सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गरिने छ।

१६) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्न नगरपालिकाले आफ्नो तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवारी र जवाफदेहिताको विकास गरिने छ र भाषा आयोगको परामर्शमा मानकीकरण, शब्दकोश निर्माण, तथा लेख्य परम्पराको विकास गर्ने कार्यको आरम्भ गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरिने छ।

१७) मातृभाषामा पाठ्यसामग्री विकास तथा प्रयोगका लागि नगरपालिकाको सक्षमतालाई प्रभावकारी बनाइनेछ।

१८) सङ्घीय सरकार र प्रदेश सरकारको सहयोग सहकार्यका आधारमा नगरपालिकामा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि मौजूदा संरचना पुनरवलोकन गरिने छ।

१९) सङ्घीय सरकार र प्रदेश सरकारको सहयोगमा अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गरिने छ।

२०) पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा नयाँ विकसित पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने वा विकास गर्नुपर्ने सक्षमता यकिन गरी उनीहरूको पेसागत सक्षमता विकास योजनासमेत समावेश गरी पाठ्यक्रम कार्यान्वयन पूर्व शिक्षकको सक्षमता विकास गर्ने व्यवस्थालाई सुदृढ बनाइनेछ।

२१) सिकारुको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने छ।

२२) तीव्र गतिमा भइरहेको ज्ञान विज्ञान र प्रविधिको परिवर्तन र विकासलाई सम्बोधन र समावेश हुने गरी पाठ्यक्रमको परिवर्तन र परिमार्जन गर्ने कार्यलाई सहज, सरल, चुस्त र छरितो बनाइनेछ।

२३) पाठ्यक्रम, पाठ्यसामग्री लगायत अन्य सन्दर्भ सामग्रीहरूको विकास र कार्यान्वयनको क्रममा स्टेमलाई उच्च प्राथमिकता दिएर तदनुरूपको शिक्षण सिकाइ क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र परियोजना कार्यहरू सञ्चालन गरिने छ।

२४) शिक्षण सिकाइ भन्दा परीक्षालाई महत्त्व दिने हाम्रो संस्कारलाई परिवर्तन गरी सिकेको प्रमाणित भइसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणालीको विकास गरिने छ।

२५) स्थानीय तहबाट निर्माण गरिने पाठ्यक्रम र सन्दर्भ सामग्रीहरू स्थानीय आवश्यकता, मूल्यनिष्ठ समाज एवम् मानवतामा आधारित र पूर्वीय दर्शनमा आधारित बनाई निर्माण एवम् कार्यान्वयन गरिने छ।

२६) विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, बस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित हुनेगरी परिमार्जन गरिने छ।

४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

विद्यालय तह र उच्च शिक्षाको पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग भएको हुने।

ख) नतिजा (Results)

१) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म लगायत उच्च शिक्षाको समेत पाठ्यक्रम विकास भई कार्यान्वयन भएको हुने।

२) कक्षा १–३ मा व्यवहारकुशल सिपहरूसहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन भएको हुने।

३) कक्षा १–८ सम्म सबै विद्यालयमा सम्बन्धित स्थानीय तहले विकास वा समायोजन गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको हुने।

४) प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तहसम्म विशेषतः कक्षा १–३ मा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण भएको हुने।

५) बहुपाठ्यपुस्तक प्रयोग हुने र पाठ्यपुस्तकको गुणस्तरमा सुधार भएको हुने।

६) कक्षाकोठा सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारको माध्यमका रूपमा मूल्याङ्कनको प्रयोग हुनाका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुने।

७) पाठ्यसामग्रीहरू अपाङ्गमैत्री तथा सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष हुने।

८) सिकाइ क्रियाकलाप बालमैत्री, स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभावकारी भएको हुने ।

९) पाठ्यक्रम विकास तथा परिमार्जन सहभागितात्मक भएको हुने ।

१०) पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित भएको हुने ।

११) पाठ्यक्रम कार्यान्वयनका लागि नतिजा अर्थात् विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व बहन भएको हुने ।

१२) नगरपालिकास्तरको पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि उपयुक्त संरचनाको स्थापना भएको हुने ।

१३) सङ्घ र प्रदेश सरकारको समन्वय र सहकार्यमा बारबर्दिया नगरपालिकाले निर्माण गर्ने स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्रीहरू स्थानीय आवश्यकता, मूल्यनिष्ठ समाज एवम् मानवता र पूर्वीय दर्शनमा आधारित भएको हुने ।

ग) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य (Major activities and target)

तालिका ४.३.: पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र.सं	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	नमुना पाठ्यपुस्तक विकास तथा परीक्षण, पाठ्यक्रम कार्यान्वयन, शिक्षक निर्देशिका विकास, पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमुखीकरण आदि गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयन	कक्षा/ विषय	✓	✓	✓					सङ्घीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोग।
२	विद्यार्थी मूल्याङ्कन–मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक, बाह्य) अन्तर्गत नमुना साधन विकास, कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमुना विकास र प्रबोधीकरण (पृष्ठपोषण र अभिलेखनसमेत)	कक्षा/ विषय	✓	✓	✓	✓				सङ्घीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोग।
३	प्राविधिक धारतर्फका पाठ्यक्रम तथा पाठ्यसामग्री अन्तर्गत समस्या तथा विकल्प पहिचान र संरचना तयारी, पाठ्यक्रम समायोजन, परिमार्जन तथा विकास पाठ्यसामग्री समायोजन, परिमार्जन तथा विकास प्रयोगात्मक कार्यविधि विकास र पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधीकरण	विषय क्षेत्र र पटक	✓	✓	✓					सङ्घीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोग।

क्र.सं	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
४	निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास तथा परिमार्जन तथा एकीकरण	सङ्ख्या	२					२		सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा
५	विभिन्न विषयमा विद्यार्थीका लागि नमुना डिजिटल अन्तरक्रियात्मक सामग्री विकास गरी सम्पूर्ण सामग्रीलाई डिजिटलाइज गरी केन्द्रको इ–पुस्तकालयमा व्यवस्थित गरी सार्वजनिक पहुँच हुने गरी राख्ने	पद्धति कक्षा विषय पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			दृष्टिविहिन तथा श्रवण क्षमताविहिनले समेत प्रयोग गर्न सक्ने गरी सङ्घको नेतृत्वमा निर्माण
६	पाठ्यपुस्तक									
	–बहुपाठ्यपुस्तक नीति कार्यान्वयन (गुणस्तर सुनिश्चि गर्ने, मूल्याङ्कन तथा छनोट) एवम् नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउने	कक्षा/ विषय	१–१०	१–१०	१–१०	१–१०	१–१०			सङ्घीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोग।
	–पाठ्यपुस्तकको बहुबर्षे प्रयोगको परीक्षण	कक्षा/ विषय	तयारी	तयारी	परीक्षण	परीक्षण				
	–विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकुल पाठ्यपुस्तक/पाठ्यसामग्री विकास तथा नि:शुल्क उपलब्ध गराउने	कक्षा/विषय सङ्ख्या	१ देखि ३	४ देखि ५	६ देखि ८	९ र १०	११ र १२			
७	पाठ्यक्रम मूल्याङ्कन									

क्र.सं	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
	– अनुसन्धान तथा मूल्याङ्कन	तह/कक्षा				१	१			सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा
	– सुधार	कक्षा/ विषय					अधारभूत	माध्यमिक		
	–विद्यालयमा आधारित पाठ्यक्रम विकास परीक्षण	विषय				कक्षा १	कक्षा २	कक्षा ३		
८	मातृभाषा तथा स्थानीय पाठ्यक्रम									
	–मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, समायोजन तथा कार्यान्वयन	कक्षा/विषय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यका आधारमा नगरपालिकाले सम्पादन गर्ने
	–मातृभाषाका बाहेक अन्य स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, तथा कार्यान्वयन	कक्षा/विषय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			
९	संस्थागत प्रबन्ध र क्षमता विकास									
	– पाठ्यक्रम विकास केन्द्रलाई छरितो सङ्गठन बनाई आवश्यक विज्ञ परिचालन गरी संरचनागत सुधार	पटक	१	१						सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा
	–प्रदेश तहमा पाठ्यक्रमसम्बन्धी कार्य गर्ने संस्थागत संरचनाको व्यवस्था	पटक	१	१						सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा

क्र.सं	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
	–स्थानीय सरकार तहमा पाठ्यक्रमको विकास, कार्यान्वयन, परीक्षा तथा मूल्याङ्कन, अनुगमनलगायतका प्राविधिक सहयोगका लागि स्थानीय विज्ञ सम्मिलित प्राविधिक संयन्त्रको व्यवस्था	पटक	१	१						सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यका आधारमा नगरपालिकाले सम्पादन गर्ने
	–तीनै तहको कार्य विवरणअनुसार क्षमता विकासका कार्यक्रम तयार गरी कार्यान्वयन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			तीनै सरकारको सहकार्यमा
	–नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणालीमार्फत् शिक्षकको क्षमता विकास	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			तीनै तहका सरकारको सहकार्यमा
१०	आधारभूत तथा माध्यमिक तहमा सार्वजानिक परीक्षा प्रणाली सुधारका लागि क्षमता विकास गर्ने	स्थानीय तह	७९	७९	७९	७९	७९	७९		सङ्घ, प्रदेश र स्थानीय तह

क्र.सं	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
११	नगरपालिका स्तरमा पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि उपयुक्त संरचनाको स्थापना हुने	स्थापना	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			सङ्घ र प्रदेशसँगको सहकार्यका आधारमा नगरपालिकाले सम्पादन गर्ने
१२	स्थानीय तहले निर्माण गर्ने पाठ्यक्रम र पाठ्यपुस्तक स्थानीय आवश्यकता, मूल्यनिष्ठ समाज एवम् मानवता र पूर्वीय दर्शनमा आधारित हुने	लेखन र प्रकाशन	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			सङ्घ र प्रदेशसँगको सहकार्यका आधारमा नगरपालिकाले सम्पादन गर्ने
१३	स्थानीय तहबाट स्थानीय आवश्यकता अनुसार मातृभाषा लगायत अन्य भाषाका पाठ्यपुस्तक र सन्दर्भ सामग्री सम्पादन प्रकाशन र वितरण सम्बन्धी कार्य गरिने	लेखन र प्रकाशन	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			सङ्घ र प्रदेशसँगको सहकार्यका आधारमा नगरपालिकाले सम्पादन एवम् प्रकाशन गर्ने

४.४. शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन

४.४.१ परिचय

आधुनिक राज्य व्यवस्थामा सुशासन र जनशक्ति व्यवस्थापनको सवाल एक महत्वपूर्ण सवाल हो। त्यसैले पनि भन्ने गरिन्छ-"सुशासन राज्यप्रणालीमा प्राणी जगतलाई नभई नहुने वायु जस्तै हो जसको उपस्थितिको बारेमा खासै चासो राखिदैन तथापि यसको अनुपस्थितिले भने जीवनमा ठुलो फरक पर्दछ। " सुशासनको बारेमा हाम्रो मुलुकमा पनि बेलाबेलामा चर्चा भइरहन्छ। सुशासनको खम्वाको रूपमा रहेका कानुनी शासन, सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, समता र समावेशिता, प्रभावकारिता र मितव्ययिताजस्ता कुराहरूको पालना भएन र धज्जी उडाउने काम शासकबाट भयो भन्ने कुराहरूको बारेमा बेलाबेलामा चर्चापरिचर्चा हुनु हाम्रो मुलक र हाम्रो प्रदेशमा नौलो मानिदैन। शिक्षा क्षेत्रमा यसको बहस झनै चर्को रूपमा उठ्ने गरेको छ।

सामान्यतया गुणस्तर भन्नाले उपभोक्तालाई बस्तु वा सेवाबाट प्राप्त हुने सन्तुष्टि हो। उपभोक्तालाई प्राप्त हुने सन्तुष्टिको स्तर जति उच्च हुन्छ वस्तु वा सेवा त्यत्ति धेरै गुणस्तरीय भन्ने बुझिन्छ। शिक्षामा गुणस्तर भन्नाले पहिलो कुरा, परिवार र समुदायबाट सहयोग र प्रोत्साहन प्राप्त स्वस्थ र सिकाइका लागि उत्प्रेरक सिकारु, दोश्रो कुरा, सिकाइका लागि स्वस्थ, सुरक्षित, लैङ्गिक समतामूलक र उपयुक्त स्रोतसाधन र सुविधायुक्त वातावरण, तेश्रो कुरा, साक्षरता, जीवनोपयागी सिप र ज्ञान लगायत लैङ्गिकता, स्वास्थ्य, पोषण, सङक्रामक रोगहरूबाट बचावट गर्नका लागि सान्दर्भिक हुने पाठ्यक्रम, विषयवस्तु र शैक्षिक सामग्री, चौथो कुरा, सिकाइ सहजीकरणमा प्रवर्धन र विभेदको न्यूनीकरणलाई सहयोग पुग्ने गरी उपयुक्त कक्षाकोठा, विद्यालय र मूल्याङ्कन प्रणालीमा आधारित तालिमप्राप्त र दक्ष शिक्षकबाट सहजीकरण गरिएको बालकेन्द्रित शिक्षण प्रणाली र पाँचौं कुरा, शिक्षाका राष्ट्रिय लक्ष्य र समाजमा सकारात्मक सहभागिताको परिपूर्ति हुने गरी ज्ञान, सिप र अभिवृत्ति भएका नागरिकहरूको उत्पादन आदि पर्दछन्। **(UNICEF, June, 2000)**

शिक्षामा गुणस्तरलाई व्यक्ति, परिवार, समाज र राष्ट्रको दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ। दृष्टान्त दिएर भन्नुपर्दा राष्ट्रका लागि गुणस्तरीय शिक्षा अन्तर्गत विद्यार्थीको राम्रो राष्ट्रिय शैक्षिक उपलब्धि, विश्वव्यापी प्रतिष्पर्धी नागरिकको उत्पादन, विकासलाई सहयोग गर्ने, राष्ट्रियता प्रवर्धन गर्ने र राष्ट्रको विकासका लागि आवश्यक जनशक्ति परिपूर्ति गर्ने जस्ता पक्षहरू पर्दछन्। समाजका निम्ति गुणस्तरीय शिक्षा अन्तर्गत सहिष्णुता, सामुदायिक सदभाव, नैतिकवान, शिष्ट, संस्कृतिको प्रवर्धन गर्ने, सकारात्मक सोच भएको आदि जस्ता पक्षहरू पर्दछन्। परिवारका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारमूलक, परम्पराको संरक्षण र पालना गर्ने तथा आर्थिक उपार्जन गर्ने आदि जस्ता कुराहरू पर्दछन्। त्यसैगरी व्यक्तिका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारी, स्वतन्त्र जीवनयापन र समुन्नत चेतना जस्ता कुराहरू गुणस्तरीय शिक्षा अन्तर्गत पर्दछन्।

हाम्रो देश र प्रदेशको सन्दर्भमा कुरा गर्नुपर्दा, गुणस्तरीय शिक्षाका बारेमा चर्चा भएका र सरोकारवालाहरूले बुझेको अर्थ र परिभाषाबाट सन्तुष्ट हुने ठाउँ देखिदैन। कतिपय सरोकारवालाहरूले अंग्रेजी माध्यममा पढ्ने, अङ्ग्रेजी बोल्ने, परीक्षामा राम्रो ग्रेड ल्याउने, व्यवहारमा भन्दा पनि पठनपाठन र सैद्धान्तिक पक्षमा सवल, वैदेशिक रोजगारका लागि वाञ्छनीय जस्ता कुराहरू गुणस्तरीय शिक्षाका लागि प्राथमिकतामा परेको देखिन्छ। कतिपयमा गुणस्तरीय शिक्षा कामदार हुनका लागि भन्दा पनि बसेर खानका लागि भन्ने सोचले घर गरेको अवस्थालाई पनि नकार्न नसकिने स्थिति छ।

शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन एउटै सिक्काका दुई पाटाजस्तै अन्तरसम्बन्धित विषयहरू हुन। एउटाको उपस्थिति भएको ठाउँमा अर्कोको उपस्थिति पनि अनिवार्य मानिन्छ। अर्थात जहाँ सुशासन हुन्छ त्यहाँ गुणस्तर पनि हुन्छ। त्यसैगरी जहाँ गुणस्तर हुन्छ त्यहाँ सुशासन पनि हुन्छ। यसको विपरित जहाँ सुशासन हुँदैन त्यहाँ गुणस्तरका कुरा गर्नु पनि हास्यास्पद हुन्छ र गुणस्तर नभएको ठाउँमा सुशासनको अवस्था कमजोर हुनु पनि अन्यथा नभई स्वभाविक मानिन्छ। हाम्रो मुलुकको शिक्षामा सुशासन र गुणस्तर सङ्कटमा परेका कुराहरू धेरै पहिले देखि उठिरहेका छन्। सुशासन र गुणस्तरलाई उच्च बनाउनका लागि विभिन्न समयमा विभिन्न प्रयासहरू पनि हुँदै आएका छन् तथापि प्रयासहरू त्यति सफल भएको देखिदैन जति हुनु पर्थ्यो। प्रस्तुत योजनाको यस खण्डमा सुशासन र शैक्षिक गुणस्तरको

वर्तमान अवस्थाको विश्लेषण गर्दै यससँग सम्बन्धित चुनौती र अवसरहरू योजनाले निर्धारण गरेका उद्देश्य र रणनीतिहरू योजनाका अपेक्षित उपलब्धि र लक्षित क्रियाकलापहरूलाई सिलसिलेवार किसिमबाट प्रस्तुत गरिएको छ।

४.४.२ वर्तमान अवस्था

विगत लामो समयसम्म सरकार र शैक्षिक कार्यक्रमहरूको प्राथमिकता शिक्षामा सबैको पहुँच हुनु पर्ने विषयले पाएको अवस्था हो। अबका सरकार र कार्यक्रमहरूले भने पहुँचका साथसाथै गुणस्तरलाई समेत प्राथमिकतामा राखेको अवस्था छ। शिक्षालाई व्यावहारिक, रोजगारमूलक, वैज्ञानिक, जीवनोपयोगी, सान्दर्भिक, प्रतिस्पर्धी आदि जे बनाउने भनेपनि त्यो भनेको गुणस्तरीय शिक्षा हो भन्ने कुरामा कसैलाई द्विविधा छैन। अबको सरकार र सरकारका योजना, नीति र कार्यक्रमहरूले यिनै शब्दावलीहरूको प्रयोग गर्दै शिक्षालाई सम्बोधन गरेको अवस्था छ।

विद्यालय क्षेत्र विकास योजनाले शिक्षाको गुणस्तरलाई सम्बोधन गर्दै सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण सिकाइको सामग्री (पाठ्यपुस्तक लगायत), विधि, मूल्याङ्कन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्नु पर्ने कुरामा जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। शिक्षालाई गुणस्तरीय बनाउनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले पाठ्यक्रम र मूल्याङ्कनमा समेत परिमार्जन गरेको छ। अबको शिक्षण सिकाइ र मूल्याङ्कनका क्रियाकलापहरूले शिक्षाको संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उसको सिप, व्यवहार र अभिवृत्तिको समेत मूल्याङ्कन गर्ने गरी हरेक विषयमा पच्चीस प्रतिशत भार आन्तरिक मूल्याङ्कनका लागि व्यवस्था गरेको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप२०७६ले मूल्याङ्कनलाई कक्षाकोठाको सिकाइमा आधारित बनाउनका लागि मूल्याङ्कनको केही अधिकार विषयगत शिक्षकलाई प्रदान गरिएको छ भने निर्णयात्मक मूल्याङ्कनका लागि समेत निर्माणात्मक मूल्याङ्कनलाई आधार मान्ने गरी पाठ्यक्रमको विकास गरिएको छ। यसका साथै शिक्षालाई जीवनोपयोगी र व्यावहारिक बनाउने सवालमा निरन्तर मूल्याङ्कनको पद्धति पनि अवधारणागत हिसाबले प्रभावकारी पद्धति हो जसले आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा लागु गरिएको छ। यसका साथै स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नका लागि स्थानीय तहलाई अधिकार दिएको अवस्था छ। माध्यमिक तहमा प्राविधिक धारको पठनपाठन गरी शिक्षालाई उत्पादन र रोजगारमुखी बनाउने प्रयास गरिएको छ। उल्लिखित सन्दर्भहरूले शिक्षालाई गुणस्तरीय बनाउने सवालमा टेवा पुगेको देखिन्छ।

योजना, नीति र कानुनहरूमा शिक्षाको गुणस्तरलाई विशेष सम्बोधन गरेको अवस्था भएपनि सरकारका कार्यक्रमहरूमा भने शिक्षा अझै पनि प्राथमिकतामा नपरेको अवस्था छ। शिक्षामा बिनियोजित बजेट मध्ये ७० प्रतिशत हाराहारीको बजेट शिक्षकको तलव भत्ताको निम्ति खर्च हुने गर्दछ भने शिक्षकको तलबभत्ता र सुविधालाई समेत आकर्षक बनाउन सकिएको छैन। शिक्षाको गुणस्तरको धेरै प्रतिशत शिक्षकको दक्षता र पेसाप्रतिको समर्पणमा निर्भर रहने गर्दछ जवकि यो पक्षलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकिएको छैन। कतिपय विद्यालयहरू शिक्षक दरबन्दीविना नै चलिरहेका छन्। दुई दशकभन्दा बढी समयको अन्तरालमा पनि शिक्षकहरूको दरबन्दीमा बढोत्तरी गर्ने काम भएको छैन। कुनै बेला कुल बजेटको सत्र प्रतिशत बजेट शिक्षामा बिनियोजित हुने गरेकोमा हालका वर्षहरूमा आएर दश प्रतिशतको वरिपरि विनियोजन हुने गरेको अवस्था छ। मुलुकमा संविधानको भावनालाई समेट्ने गरी लामो समयसम्म शिक्षा ऐन निर्माण हुन नसक्नुले पनि शिक्षामा गुणस्तरको बाटोमा अघि बढ्न असहज भएको अवस्था छ।

शिक्षाका संरचनाहरू पनि व्यवस्थित र आवश्यकता अनुसारका हुन सकिरहेका छैनन्। संस्थागत संरचनाका चुरो कुरो भनेको नीति नियम र कानुनको निर्माण गर्नु हो। त्यो काम हुन सकेको छैन। संविधानको मर्म अनुरूप शिक्षा, शिक्षक र निजामती सेवाका कानुनहरू निर्माण हुन नसकिरहेको अवस्था छ। यसकारण पनि कतिपय प्रदेश र स्थानीय तहहरूले जागरुकता देखाएर बनाएका ऐन कानुन पनि कामयावी हुन नसकिरहेको अवस्था छ। शिक्षा क्षेत्र र विद्यालयको अनुगमन, कक्षाकोठामा हुने क्रियाकलापहरूको अवलोकन र पृष्ठपोषणका लागि

अहिले जिम्मेवार पदाधिकारी कोही पनि नभएको अवस्था छ। स्रोतकेन्द्र लगायत पहिलेका कतिपय संरचनाहरू खारेज गरिएको अवस्था छ भने नयाँ संरचना निर्माण हुन नसकिरहेको अवस्था छ। बौद्धिक पलायन बढ्दो क्रममा रहेको छ। अध्ययन गर्ने नाममा राजधानी र सहरतिर लागेपछि फेरि फर्केर आफ्नो थात्थलोतिर आउनेहरू विरलै छन्। कोही राजधानीतिर लाग्छन् भने कोही विदेशतिर। त्यस्तो जनशक्तिलाई आकर्षण गर्नका लागि सरकारहरूले शिक्षा लगायत मुलुकको समग्र अवस्थामा सुशासन र गुणस्तरको प्रत्याभूति जति दिन सक्नु पर्थ्यो त्यति दिन नसकिरहेको अवस्था छ।

उल्लिखित विश्लेषणबाट बोध हुन्छ कि नेपालमा शिक्षाको क्षेत्रमा सुशासन र गुणस्तर व्यवस्थापनको पाटो अपेक्षाकृत प्रभावकारी हुन नसकिरहेको अवस्था छ। यी दुबै पक्ष प्रभावकारी नहुनुमा यसलाई परिचालन गर्ने मानिस वा जनशक्ति पनि सक्षम र इमान्दार भएनन् कि भन्ने कुरा पनि त्यत्तिकै जल्दोबल्दो किसिमबाट उठिरहेको छ। काम गर्ने मानिसहरू किन सक्षम र इमान्दार हुन सकेनन् त भन्ने कुरालाई सिंहावलोकन गरेर विश्लेषण गर्नु पर्ने भएको छ। कतै इमान्दारीपूर्वक काम गर्नेहरू होर्चोअर्घेलोमा परेका छन् भन कतै काम नगर्नेहरू सम्मान र प्रसंशाको पगरी पाउनेमा परेका छन्। कतै काम गर्नका लागि जनशक्तिको अभाव छ भने कतै जनशक्तिले काम नपाएर घाम तापेर बसेको अवस्था छ। कतै सुविधाको उपभोग गर्न पनि भ्याइनभ्याइ छ भने कतै सुविधाको नाममा तोकिएको तलवभत्ता बाहेक अरू केही छैन। एउटै ऐन कानुनबाट प्रवेश गरेकाहरूको बिचमा समेत विभेद छ। प्रभावकारी कानुनको अभावमा कतिपय सुशासन र गुणस्तर व्यवस्थापन सँगसँगै जनशक्ति व्यवस्थापनका पाटो समेत बिलखबन्दमा परेको देखिन्छ।

शिक्षण संस्थाहरूमा कतिपय स्वअभिप्रेरित जनशक्तिले अनुकरणीय काम गरेको अवस्था छ। दृष्टान्तको रूपमा कतिपय सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक र तिनीहरूको टिमले विद्यालयलाई आकर्षणको केन्द्र बनाउन सफल भएका सन्दर्भहरूलाई लिन सकिन्छ। कतिपय कलेजहरूलाई पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने सवालमा त्यहाँ काम गर्ने टिमले अहोरात्र खटेर काम गरेको अवस्था छ। हाम्रा धेरै विद्यालयहरू भने मर्नु र बाँच्नुको अवस्थामा छन्। कतै शिक्षकहरू धेरै छन् विद्यार्थीहरू छैनन्। कतै विद्यार्थीहरू धेरै छन् शिक्षकहरू छैनन्। सरकारले शिक्षकहरूलाई अपायक हुने गरी शिक्षक दरबन्दीको कटौती र पुनर्वितरण गर्न नसकेको अवस्था छ। शिक्षकहरूलाई माया पनि गर्न नसकेको अवस्था छ र उनीहरूमाथि शासन पनि गर्न नसकेको अवस्था छ। कतिपय शिक्षकहरू वर्षौंदेखि घरदेखि टाढा काम गरेको अवस्था छ भने कतिपयले घरै नछोडेर एउटै विद्यालयबाट निवृत्त भएको अवस्था छ।

४.४.३ चुनौती र अवसर

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनमा मुलुकमा थुप्रै चुनौतीहरू छन् जसमध्ये समयमा शिक्षा ऐन र कानुनहरू निर्माण गरेर कार्यान्वयन गर्नु, शिक्षालयहरूमा आवश्यकता अनुसारको शिक्षक दरबन्दी पदपूर्ति गर्नु, शिक्षामा अब्बल क्षमताको उम्मेदवारहरूलाई प्रवेश गराउनु, जनशक्ति व्यवस्थापनको सवालमा विद्यालय व्यवस्थापन समितिको कामलाई विश्वसनीय र निष्पक्ष बनाउनु, शिक्षालयका कर्मचारी र अध्यापकलाई तोकिएको जिम्मेवारीप्रति जिम्मेवार बनाउनु, कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्थापन गर्नु, उपयुक्त स्थानमा उपयुक्त व्यक्तिको व्यवस्थापन गर्नु, शिक्षालयहरूको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउनु, शिक्षालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, बालविकासका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई कानुनले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु, शिक्षामा पर्याप्त लगानीको सुनिश्चित गर्नु आदि प्रमुख रूपमा रहेका छन्। मुलुकमा बल्झिएका यिनै चुनौतीहरूका कारण बारबर्दिया नगरपालिकासमेत उल्लिखित चुनौतीहरूबाट अछुतो हुन नसिकरहेको अवस्था छ।

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनका सवालमा केही अवसरहरू पनि देखिएका छन् जसमध्ये शिक्षाको तहगत व्यवस्थापन गर्न साविकको ऐन कानुनको आधारमा काम भइरहेको, स्थानीय तहदेखि सङ्घीय मन्त्रालय तथा विद्यालयदेखि विश्वविद्यालयसम्मका सङ्गठन र संरचना एवम् जनशक्तिको व्यवस्थापन तथा कामको बाँडफाँडसमेत भई सेवाप्रवाह भइरहेको, निजी तथा सहकारी र गैरसरकारी क्षेत्रको पनि शिक्षामा महत्वपूर्ण योगदान रहेको, विभिन्न निकायहरूका प्रतिवेदन मार्फत शिक्षा क्षेत्रको सुशासनलाई अभिवृद्धि गर्नु पर्ने आवश्यकतालाई औल्याउने काम भएको, राष्ट्रिय शिक्षा नीति २०७६ले सुशासन र गुणस्तरका सवालमा विभिन्न मापदण्ड

निर्धारण गर्ने गरी नीति निर्धारण गरेको, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, कार्यसम्पादन मूल्याङ्कन प्रणाली, योग्यतामा आधारित जनशक्ति छनौट प्रणाली आदि प्रमुख रूपमा रहेका छन् ।

यसका अतिरिक्त बारबर्दिया नगरपालिकामा भएका शिक्षाका अवसरहरूको कुरा गर्नु पर्दा शिक्षा क्षेत्रमा नगरपालिकाले मनग्य लगानी गरेको, सम्बन्धित तहका स्थायी शिक्षकहरूलाई प्रधानाध्यापकमा नियुक्त गरी कामकाजमा लगाएको, अधिकार र जिम्मेवारीका आधारमा प्रधानाध्यापक लगायत शिक्षकहरूसँग कार्यसम्पादन करार गरेको, शिक्षक दरबन्दीको सिर्जना गरी शिक्षक दरबन्दी अपर्याप्त भएका विद्यालयहरूमा शिक्षक दरबन्दी वितरण गरेको, धरधूरी सर्वेक्षण मार्फत सामाजिक क्षेत्र लगायत तथ्याङ्कहरू अद्यावधिक गरेको, उच्च शिक्षा अन्तर्गत मेडिकल साइन्स इन्जिनियरिङ र चार्टर्ड एकाउन्टेन्सी अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरेको, स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेको आदिलाई शिक्षामा सुशासन र गुणस्तर प्रवर्धन गर्नका लागि नगरपालिकाले विकास गरेका अवसरहरूको रूपमा लिन सकिन्छ ।

४.४.४ लक्ष्य तथा उद्देश्यहरू

योजनाको यस उपक्षेत्रको लक्ष्य शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन मार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै नगरपालिकाको शैक्षिक पद्धतिलाई सबैका निम्ति पारदर्शी, विश्वससीय र मितव्ययी बनाउनु रहेकामा यस अन्तर्गतका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचनाको स्थापना गर्नु ।

२. विश्वविद्यालयबाट सर्वोत्कृष्ठ नतिजा हासिल गरेका मेधावी प्रतिभाहरूलाई अध्यापन सेवामा आकर्षित गर्नका लागि आवश्यक कानुनी व्यवस्था गर्नु सङ्घीय सरकार तथा प्रदेश सरकारलाई सुझाव दिनु ।

३. नगरपालिकाको अब्वल शैक्षिक जनशक्तिलाई अन्य पालिका प्रदेश वा विदेश पलायन हुनबाट रोकी आफ्नै नगरपालिकामा काम गर्नका लागि प्रोत्साहित गर्नु ।

४. प्रारम्भिक कक्षा पढाइ सिप विकासका लागि पढाइ शिक्षण माध्यम सुधार, सेवा प्रणाली सवलीकरण र अभिभावक र समुदायको सहयोग तथा संलग्नता अभिवृद्धि गर्नु ।

५. शिक्षा प्रणालीमा भएको शिक्षण सिकाइ, परीक्षा र मूल्याङ्कन प्रणालीलाई प्रयोगात्मक, व्यावहारिक र जीवनसापेक्ष हुनेगरी परिमार्जन गरी कार्यान्वयन गर्नु ।

६. गुणस्तरीय शिक्षाप्रतिको सरोकारवालाहरूको बुझाइमा परिमार्जन र शिक्षामा उनीहरूको सहभागितालाई शैक्षिक अभिमुखीकरण र प्रशिक्षणका माध्यमबाट सुनिश्चित गर्नु ।

७. शिक्षामा सिर्जनशिलता, सांस्कृतिक सम्पत्तिहरूको संरक्षण, प्राकृतिक स्रोत र साधनको जगेर्ना एवम् उपयोग र बदलिदो विश्वपरिवेश अनुसारको शिक्षाको गुणस्तरलाई कायम गर्नका लागि सोही अनुसारको अध्ययन र अनुसन्धान लागि शिक्षामा आवश्यक प्रवन्ध गर्नु ।

८. अध्यापन सेवामा प्रवेश गर्नका लागि व्यक्तिको मनोसामाजिक र प्रवृत्तिगत परीक्षालाई मूल्याङ्कनको आधारको रूपमा प्रयोग गर्नका लागि आवश्यक प्रवन्ध गर्न सङ्घ तथा प्रदेश सरकारलाई सुझाव दिनु ।

९. नगरपालिका एवम् प्रदेशबाट सिर्जना गरिएको दरबन्दी शिक्षक एवम् कर्मचारी नियुक्तिका लागि प्रदेश शिक्षा आयोगको स्थापनाका लागि सङ्घ र प्रदेशसँग समन्वय र सहकार्य गर्नु ।

१०. शिक्षक र कर्मचारीका लागि प्रदान गरिने पुरस्कार, प्रोत्साहन, बृत्तिविकास र दण्डसजायलाई बस्तुगत र व्यवहारिक बनाई लागु गर्नु ।

११. शिक्षालयहरूको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरूको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्नु।

१२. स्थानीय तहको शिक्षा सम्बन्धी कामलाई चुस्त र प्रभावकारी बनाउनका लागि त्यही अनुसारको जनशक्ति र संरचनाको विकास गरी कार्यान्वयन गर्नु।

१३. विद्यालयको प्रधानाध्यापकलाई अधिकार प्राप्त कार्यकारीको रूपमा कामकाज गर्न पाउने गरी अधिकारसम्पन्न गराउने गरी नियम कानुनको प्रवन्ध र परिमार्जन गर्नु।

४.४.५ रणनीतिहरू

प्रस्तुत उद्देश्यहरू पूरा गर्नका लागि देहायका रणनीतिहरू अवलम्बन गरिएको छ :

१. विद्यालयहरूमा काम गर्ने वैतनिक र अवैतनिक व्यक्तिहरूको शैक्षिक पृष्ठभूमि, सामाजिक क्षेत्रमा गरेको योगदान, मूल्यनिष्ठ व्यक्तित्व आदिको समेत मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक ब्यक्तिको चयन गर्ने कार्यलाई पालिकाको शिक्षा सम्बन्धी ऐन कानुनमा व्यवस्था गरी कार्यान्वयन गरिने छ।

२. कानुनमा एउटा विद्यालयमा विशेष अवस्था बाहेक बढीमा पाँच वर्ष भन्दा बढी समय प्रधानाध्यापक एवम् शिक्षक भई काम गर्न नपाउने गरी सरुवा प्रणालीलाई पारदर्शी, निष्पक्ष र अनुमानयोग्य बनाई लागु गरिने छ।

३. जनप्रतिनिधि, अभिभावक, शिक्षाप्रेमी र समाजसेवीहरूको बाहुल्यता हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानुन बनाई कार्यान्वयन गरिने छ।

४. प्रदेश र स्थानीय तहबाट आवधिक रूपमा सबै प्रकृतिका विद्यालयहरूको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या पहिचान गरी सुधारका उपायहरूको पृष्ठपोषण प्रदान गरिने छ।

५. निवृत्त र अवकाशप्राप्त शिक्षाका अधिकृत र योग्य शिक्षकहरूको समेत रोष्टर तयार गरी शैक्षिक सुपरीवेक्षण, अनुगमन, अनुसन्धान, तालिम आदि सञ्चालन गरिने छ।

६. अनुगमन र सुपरीवेक्षण पद्धतिलाई असल व्यक्ति, असल संस्था र असल कामहरूको बढावा, प्रचारप्रसार र विस्तार हुने गरी संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिने छ।

७. विद्यालय व्यवस्थापन समितिको सिफारिसको आधारमा स्थानीय तहले प्रधानाध्यापकको नियुक्ति गर्ने गरी कानुनमा परिमार्जन गरी कार्यान्वयन गरिने छ।

८. विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापकबाट पेश भएका प्रस्तावहरूलाई अनुमोदन गर्ने वा नगर्ने वा संशोधन सहित गर्ने अधिकार निहित राखी अनुमोदन भएका निर्णयहरूको कार्यान्वयन गर्ने पूरा अधिकार प्रधानाध्यापकलाई हुने गरी कानुनी व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गरिने छ।

९. प्रधानाध्यापकलाई आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक सम्पादन गर्न उत्प्रेरित गर्नका लागि प्रोत्साहन स्वारूप खाइपाइ आएको तलवको कम्तिमा पनि १० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गरिने छ।

१०. विद्यालय व्यवस्थापन समितिको क्रियाशिलतामा अभिभावकहरूसँगको संवाद र अन्तरक्रियालाई निरन्तरता प्रदान गरी अभिभावक र शिक्षाका सरोकारवालाहरूलाई बालबालिका र शिक्षालयप्रति जिम्मेवार हुन अभिप्रेरित गरिने छ।

११. विद्यालयमा काम गर्ने प्रधानाध्यापक, कर्मचारी र शिक्षकबाट सम्पादन गरिने कार्यविरणको आधारमा कार्य सम्झौता गर्ने र सोअनुसार काम भए नभएको कुराको अनुगमन र मूल्याङ्कन गर्नका लागि गैरराजनीतिक किसिमबाट शिक्षाविदहरूको टिम बनाई उक्त टिमको सिफारिसको आधारमा आवश्यक कार्वाही अघि बढाउने काम गरिने छ।

१२. विद्यालयहरूमा सम्पादन गर्ने कामलाई सार्वजनिक सुनुवाइ, वेभसाइट, डिजिटल बोर्ड, नोटिस बोर्ड, गुनासो एवम सुझाव पेटिका, नियमित अन्तरक्रिया एवम संवाद मार्फत सार्वजनिक गरिने छ।

१३. सम्झौतामा तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक तोकिएकै समयमा उत्कृष्ठ किसिमले सम्पादन गर्ने एवम् सिर्जनात्मक क्षमता भएका विद्यालय, शिक्षक तथा कर्मचारीहरूलाई सम्मानित र प्रोत्साहित गर्नका लागि विभिन्न किसिमका अभिप्रेरणात्मक कार्यक्रमको विकास गरी सञ्चालन गरिने छ।

१४. शिक्षकहरूलाई पेसाप्रति प्रतिबद्ध र जिम्मेवार बनाउनका लागि उनीहरूको कार्यसम्पादनको स्तर र विद्यार्थी एवम् अभिभावकको अभिमतलाई बढुवा र प्रोत्साहन सुविधासँग आबद्ध गर्न सहजीकरण र समन्वय गरिने छ।

१५. विभिन्न कारणले शिक्षामा पछि परेका एवम् गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्न लगायत विद्यार्थीलाई निःशुल्क किसिमले उपलब्ध गराउने पाठ्यपुस्तक र छात्रवृत्ति आदिको भुक्तानी गर्न भौचर प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।

१६. सङ्घ, प्रदेश एवम् स्थानीय तहको ढुकुटीबाट पारिश्रमिक लिएर शिक्षालयमा काम गर्ने कुनै पनि शिक्षक एवम् कर्मचारीलाई राजनीतिक दल विशेषको सदस्य भई सार्वजनिक पद एवम् सेवामा रहेर काम गर्न नपाउने गरी कानुन बनाई लागु गरिने छ।

१७. शैक्षिक कार्यविधि र प्रक्रियालाई प्रक्रियामुखीभन्दा पनि परिणाममुखी बनाई कार्यसम्पादन गर्ने गरी संयन्त्रको निर्माण एवम् कार्यान्वयन गरिने छ।

१८. विभिन्न प्रकारका महामारी, जोखिम र हिंसामा परेका बालबालिकाहरूका लागि उनीहरूको अनुकुल हुने गरी सिकाइ सहजीकरणका विभिन्न विकल्पहरूको प्रयोग गरेर शिक्षामा समन्यायको वातावरण गरिने छ।

१९. कानुनअनुसार स्थापना भई सञ्चालनमा रहेका सबै प्रकारका विद्यालयहरूमा पूर्वाधार, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, गुणस्तर, परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा समान ढाँचा बनाई लागु गरिने छ।

२०. संस्थागत र सामुदायिक विद्यालयका प्रारम्भिक तहका कक्षाहरूको शिक्षण सिकाइ बालबालिकाको स्थानीय वा मातृभाषामा हुने गरी आवश्यक वातावरणको सिर्जना गरिने छ।

२१. प्रारम्भिक कक्षामा शिक्षण माध्यम सुधार गर्न शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीको प्रयोग, पेसागत सहयोग, पुनःर्तजाकी तालिम, अनुभव आदन प्रदान कार्यक्रम सञ्चालन गरिने छ।

२२. प्रारम्भिक कक्षामा पढाइ सेवा प्रणाली सुधार तथा सुदृढीकरण गर्न नियमित अनुगमन, पृष्ठपोषण, अभिभावक क्षमता विकास,अध्ययन भम्रण कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि वढाइनेछ।

२३. प्रारम्भिक कक्षाका लागि अभिभावक शिक्षक सम्मेलन, घर र विद्यालयमा पढाइ कुना निर्माण, परम्परागत लोककथा संकलन तथा बाचन र सबै व्यक्तिको सहभागितामा पढाइ मेला सञ्चालन गरिने छ।

२४. स्थानीय तह र प्रदेश सरकारबाट शिक्षक दरबन्दी सिर्जना गरी नियुक्त हुने शिक्षकको पदपूर्ति गर्नका लागि स्वतन्त्र र स्वायत्त निकायको रूपमा प्रदेश शिक्षक सेवा आयोगको गठन र सञ्चालन गर्नका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ। विद्यालयमा कार्यरत कर्मचारीहरूको निम्ति समेत यही प्रदेश शिक्षक सेवा आयोगले काम गर्नेछ।

२५. स्थानीय तहमा कार्यपालिकाको मातहतमा रहने गरी एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रूपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना गरिने छ।

२६. अनौचारिक शिक्षा, निरन्तर शिक्षा र खुला शिक्षाको क्षेत्रमा काम गर्नका लागि स्थानीय तहमा साधन, स्रोत र प्रविधिसम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गरिने छ।

२७. सिकारुको मूल्याङ्कनको आधारमा सिकारुका सिकाइका कमजोर पक्षहरू, सिकारुले थप सुधार गर्नुपर्ने पक्षहरू, शिक्षकले गर्नुपर्ने थप शिक्षण क्रियाकलापसमेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समयसमयमा अभिभावकलाई समेत प्रदान गरिने छ।

२८. शिक्षालय सिकारुको हो त्यसकारण शिक्षालय अरूको भावना र इच्छा अनुसार होइन कि सिकारुको भावना र इच्छाअनुसार चलायमान हुनुपर्छ भन्ने कुरालाई आत्मसात गरी विद्यार्थीको उत्प्रेरणाको स्तर र विद्यालयको बालमैत्री वातावरणको अभिवृद्धि हुने गरी PLAS (Planning of Learning Achievement by Students) कार्यक्रम, विहानीपख विद्यालय खुल्ने समयमा हरेक दिन शिक्षकहरूबाट विद्यार्थीहरूलाई भलाकुसारीका साथ स्वागत गर्ने र सोही समयमा विद्यालय परिसरमा बालमनोविज्ञान र राष्ट्रिय भावनामा सकारात्मक प्रभाव पार्ने किसिमका गीतसङ्गित श्रवण कार्यक्रम, विद्यार्थीहरूको बौद्धिकता (Intelligence) पहिचान कार्यक्रम आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीको सक्षमताको पहिचान र जगेर्ना गरिने छ।

२९. सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै शिक्षण सिकाइ र प्रशिक्षणको पद्धतिमा समेत परिमार्जन गरी आमने सामने (Face to face), विद्यालयमा आधारित (School Based), मिश्रित (Blended) र अनलाइन तथा भर्चुअल (Online and Virtual) पद्धतिको अवलम्बन गरिने छ।

३०. विद्यार्थी मूल्याङ्कन प्रणाली घटनामा आधारित, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारु केन्द्रित अभ्यासलाई आधार बनाइनेछ।

३१. प्रारम्भिक कक्षामा CBEGRA र बेन्च मार्किङ्ग कार्यक्रमलाई विद्यार्थी मूल्याङ्कनको मुख्य मापदण्ड बनाइनेछ।

३२. पुस्तक समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारुको समुदाय वा परिवारमा आधारित ससाना खोजमुलक कार्य र तिनको सङ्क्षिप्त प्रतिवेदन, मौखिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकाहरूलाई परीक्षा र मूल्याङ्कनका साधनको रूपमा संस्थागत गरिने छ।

३३. प्रविधिमा आधारित शैक्षिक सामग्री (डिजिटल शैक्षिक सामग्री) को विकास तथा प्रयोग क्रमशःवृद्धि गरिने छ।

३४. पाठ्यक्रमको पुनरवलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्यमा आधारित शिक्षा र आधुनिक विज्ञान प्रविधिलाई सन्तुलित रूपमा समावेश गरिने छ।

३५. विभिन्न प्रकारका जोखिम र हिंसामा परेका परेका बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिने छ।

३६. उत्कृष्ठ विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिने छ।

३७. संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूले गरेका राम्रा अभ्यासहरू एक अर्काले अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिने छ।

३८. अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरूमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरिने छ।

४.४.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

१. शिक्षामा सुशासन र गुणस्तरमा अभिवृद्धिमार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै नगरपालिकाको शैक्षिक पद्धति सबैका निम्ति पारदर्शी, विश्वासनीय, गुणस्तरीय र मितव्ययी हुने।

ख) प्रमुख नतिजा (Key Results)

१. नगरपालिकाको शिक्षामा अब्बल दर्जाका प्रतिभाहरू आकर्षित भएर काम गरेका हुने।

२. विद्यालयहरूमा मनोवैज्ञानिक र प्रवृत्तिगत हिसाबले बालबालिका र शिक्षण पेसाप्रति रुचि भएका जनशक्तिको प्रवेशको आवृत्तिमा बढोत्तरी भएको हुने।

३. कामको आधारमा पुरस्कार, प्रोत्साहन र वृत्ति विकासको अवसर प्रदान गरिएको हुने।

४. विद्यालयहरू हरेक किसिमका अभावबाट मुक्त भई न्याय, समता, शान्ति र सुशासनका क्षेत्रको रूपमा स्थापित भएका हुने।

५. प्रारम्भिक कक्षामा माध्यम सुधार तथा प्राणाली सुधार भएको हुने।

६. प्रारम्भिक कक्षामा पठन सिप विकास भएको हुने।

७. विद्यालयहरूले सम्पादन गर्ने क्रियाकलापहरूप्रति सरोकारवालाहरूको सहभागिता र सोच सकारात्मक र प्रेरणादायी हुने।

८. नगरपालिकाको अब्बल जनशक्ति नगरपालिकाको विकासका निम्ति प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नगरपालिकाको उन्नति र प्रगतिका लागि खुसीपूर्वक समर्पित भएको हुने।

९. मन, बचन र कर्मले पेसाप्रति समर्पित व्यक्तिको शिक्षण पेसामा प्रवेशका लागि उपयुक्त पाठ्यक्रम र परिवेशको सिर्जना भएको हुने।

१०. सक्षम शिक्षकलाई प्रधानाध्यापक बनाई विद्यालयको विकासका लागि प्रधानाध्यापकलाई अधिकारसम्पन बनाइएको हुने।

११. विद्यार्थीलाई सरकारले प्रदान गर्ने हरेक निःशुल्क सामग्री लगायत वित्तीय सहयोग र सुविधाहरूको रकम बैङ्क मार्फत उनीहरूकै खातामा भौचर पद्धतिबाट उपलब्ध गराइएको हुने।

१२. पाठ्यक्रमको पुनरवलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्यमा आधारित शिक्षा र आधुनिक विज्ञान र प्रविधिलाई सन्तुलित रूपमा समावेश गरिएको हुने।

१३. विभिन्न प्रकारका जोखिम र हिंसामा परेका बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिएको हुने।

१४. उत्कृष्ठ विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिएको हुने।

१५. संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूले गरेका राम्रा अभ्यासहरू एक अर्काले अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिएको हुने।

१६. संस्थागत र सामुदायिक विद्यालयका प्रारम्भिक तहका कक्षाहरूको शिक्षण सिकाइ बालबालिकाको स्थानीय वा मातृभाषामा हुने गरी आवश्यक वातावरणको सिर्जना हुने।

१७. अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरूमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरिएको हुने।

ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ४.४.: शैक्षिक सुशासन सबलीकरण र जनशक्ति व्यवस्थापनका लागि प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको सहकार्यमा
२	विश्वविद्यालय र नगरपालिकाका सर्वोत्कृष्ट व्यक्तिहरूलाई शिक्षालयहरूमा आकर्षित गर्नका लागि उनीहरूका निम्ति प्रदान गर्ने अध्यापन अनुमति पत्रलाई खुकुलो बनाउने र अध्यापन सेवालाई सुविधा र वृत्ति विकासका हिसाबले सम्पन्न बनाउनका लागि नीति र कानुन र प्रोत्साहनको व्यवस्था गरिने	निरन्तर सञ्चालन	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको सहकार्यमा
३	शिक्षण पेसामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक ब्यक्तिको चयन गर्ने कार्यलाई पालिकाको शिक्षा सम्बन्धी ऐन कानुनमा समेत व्यवस्था गरी सोको कार्यान्वयन गरिने	निरन्तर सञ्चालन	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको सहकार्यमा
४	एउटा शिक्षालयमा विशेष अवस्था बाहेक बढीमा पाँच वर्ष भन्दा बढि समय प्रधानाध्यापक एवम् शिक्षक भई काम गर्न नपाउने गरी सरुवा प्रणालीलाई पारदर्शी, निष्पक्ष र अनुमानयोग्य बनाउन कानुनको निर्माण एवम् कार्यान्वयन	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको सहकार्यमा

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
५	गैरराजनीतिक किसिमबाट शिक्षाविदहरूको टिम बनाई उक्त टिमले जनशक्तिको कामको मूल्याङ्कन गरी आवश्यक कार्बाहीका निम्ति सिफारिस	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको सहकार्यमा
६	सरकारको ढुकुटीबाट बेतन खाने कुनै पनि शिक्षक र कर्मचारी राजनीतिक दल विशेषको सदस्य नहुने गरी कानुन बनाई कार्यान्वयन गरिने	पटक निरन्तर	१	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको सहकार्यमा
७	विद्यार्थीलाई सरकारले प्रदान गर्ने हरेक निःशुल्क सामग्री लगायत वित्तीय सहयोग र सुविधाहरूको रकम बैङ्क मार्फत उनीहरूकै खातामा भौचर पद्धतिबाट उपलब्ध हुने	लक्षित विद्यार्थी	१	✓	✓	✓	✓	✓	✓	नगरपालिका
८	शिक्षकहरूको पेसागत विकास, अधिकार र कर्तव्यको सवालमा काम गर्नका लागि एउटा मात्र पेसागत संस्था हुने गरी कानुनको निर्माण गरी कार्यान्वयन	पटक निरन्तर	१	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश तथा स्थानीय तह
९	सङ्घ र प्रदेशसँग समन्वय र सहकार्य गरी स्थानीय तहमा सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सङ्गठन तथा जनशक्तिको पुनःसंरचना गर्ने	पटक	१	✓	✓	✓	✓	१		सङ्घ, प्रदेश तथा स्थानीय तह
१०	संस्थागत र सामुदायिक विद्यालयका प्रारम्भिक तहका कक्षाहरूको शिक्षण सिकाइ बालबालिकाको स्थानीय वा मातृभाषामा हुने गरी प्रवन्ध गरिने	पद्धति	१					१		नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
११	कानुनमा व्यवस्था गरी प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र आफ्ना शिक्षक र स्टाफका निम्ति अधिकार सम्पन्न बनाउने	पटक निरन्तर	१	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश तथा स्थानीय तह
१२	प्रधानाध्यापकलाई आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक सम्पादन गर्न उत्प्रेरित गर्नका लागि प्रोत्साहन स्वरूप खाइपाइ आएको तलवको कम्तिमा पनि १० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराइने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश तथा स्थानीय तह
१३	शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन गर्ने	पद्धति	१	✓	✓	✓	✓	१		स्थानीय तह, विद्यालय
१४	स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन गर्ने	विद्यालय	५७	✓	✓	✓	✓	५७		नगरपालिका
१५	अनौचारिक शिक्षा, निरन्तर शिक्षा र खुला शिक्षाको क्षेत्रमा काम गर्नका लागि स्थानीय तहमा साधन, स्रोत र प्रविधिसम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गरिने छ	पटक सञ्चालन	१	✓	✓	✓	✓	✓		नगरपालिका
१६	पालिकामा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रूपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना	स्थापना र सञ्चालन	१	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश तथा स्थानीय तह

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१७	पाठ्यक्रमको पुनरवलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्यमा आधारित शिक्षा र आधुनिक विज्ञान प्रविधिलाई सन्तुलित रूपमा समावेश गरिने छ	पटक	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश, स्थानीय तह
१८	प्रदेश र स्थानीय तहबाट लगानी भई सिर्जना गरिएका शिक्षक दरबन्दीमा नियुक्तिका लागि प्रदेश शिक्षक सेवा आयोगको स्थापना र कार्यान्वयन	पटक सैचालन	१	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		प्रदेश, स्थानीय तह
१९	विभिन्न प्रकारका जोखिम र हिंसामा परेका बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिने	निरन्तर	१	१	१	१	१	५		सङ्घ, प्रदेश र नगरपालिकाको समन्वयमा
२०	उत्कृष्ट विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिने	निरन्तर	१	✓	✓	✓	✓	✓	✓	नगरपालिका
२१	पालिकाबाट स्थानीय भाषा र आवश्यकतामा आधारित पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू विकास र प्रकाशनका लागि उपयुक्त संयन्त्रको निर्माण गरी तत्सम्बन्धी कार्य गरिने	संयन्त्रको विकास र कार्य सञ्चालन	१	✓	✓	✓	✓	✓	✓	नगरपालिका
२२	संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूले गरेका राम्रा अभ्यासहरू एक अर्काले अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓		नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
२३	अभिभावकलाई बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउनका लागि कानुन बनाई कार्यान्वयन	पटक कार्यान्वयन	१	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका
२४	अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरूमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓		नगरपालिका र विद्यालय
२५	प्रारम्भिक कक्षामा माध्यम सुधार तथा प्रणाली सुधार गर्न सामग्री, पेसागत सहयोग ,क्षमता विकास अनुगमन गर्ने	निरन्तर	✓	✓	✓	✓	✓	✓		नगरपालिका
२६	प्रारम्भिक कक्षामा अभिभावक शिक्षा, पढाइ मेला, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने	निरन्तर	✓	✓	✓	✓	✓	✓		नगरपालिका
२७	CBEGRA तथा Bench Marking सञ्चालन	वर्ष	१	१	१	१	१	५	५	नगरपालिका

४.५. शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श

४.५.१ परिचय

सामान्य किसिमले हेर्दा संसारमा भएका सबै मानिसहरू एकैकिसिमका जस्ता देखिन्छन्। सबैका शरीरका अङ्ग र इन्द्रियहरू उस्तै छन् र ती अङ्ग र इन्द्रियहरूले गर्ने काम पनि उस्तै छन्। शरीरभित्रका प्रणालीहरूले गर्ने काम पनि उस्तै हुन्। यत्ति हुँदाहुदै पनि मानिसहरू एकअर्कासँग हुबहु मिल्दैनन्। देख्ने बित्तिकै सबै मानिसहरूको बिचमा भिन्नता देखिन्छ। त्यसैले पनि अहिलेसम्म संसारका कुनै आमा पनि आफ्नो सन्तति कुन हो भनेर द्विविधामा परेको अवस्था छैन। करोडौको मात्र होइन अरबौंको भिडमा पनि मानिसहरू प्रष्ट चिनिन्छन्। यसप्रकार जसरी बाहिर हेर्दा मानिसहरू फरक छन् उनीहरूको रुचि, स्वभाव, क्षमता र सम्भावनाका हिसाबले पनि मानिसहरू एकअर्कासँग फरक हुन्छन्। जसरी बगैचामा थरिथरिका फूलहरूको व्यवस्थापनले बगैचा सुन्दर देखिन्छ, त्यसरी नै फरकफरक स्वभाव, रुचि, क्षमता र सम्भावना भएका मानिसहरूको तदनुरूपको व्यवस्थापनले पनि मानिसहरूको बस्ती मानव बगैचा जस्तो देखिन्छ। यही कुराको अध्ययन, विश्लेषण र सम्बोधन गर्ने काम योजनाको प्रस्तुत खण्डमा गरिने छ।

नेपाल सामाजिक–सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक,आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसैगरी विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ।

उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलिब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता (diversity) लाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता (equity) कायम गर्नु आवश्यक छ। यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। समता अभिवृद्धिसहित विविधतालाई समावेश गर्न (inclusion) प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नु पर्दछ। यस प्रकार शिक्षामा विविधता (diversity), समता (equity) र समावेशिता (inclusion) को प्रवर्धन गर्नु आवश्यक छ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ।

विविधताको सम्मान गर्न नसकेको कारणबाट व्यक्तिमा मनोसामाजिक समस्याहरू बल्झिने गर्दछन्। यी कुराहरू जानी वा नजानी बालबालिकाहरूमा विद्यालय र परिवारले समेत सिर्जना गरिरहेको हुन्छ। कतिपय कामहरू बालबालिकाको विकासका निम्ति गरिएका भए तापनि त्यसले उनीहरूको विकासमा बाधा पुऱ्याइरहेको हुन्छ। यस्ता बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरूमा समुदाय तथा परिवशअनुसार भिन्नता हुनसक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ। कुनै बाधाहरू भौतिक तथा स्रोत - सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुनसक्दछन्। कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन्। यस्तो अवस्थामा बालबालिकालाई मनोसामाजिक परामर्शको आवश्यकता हुने गर्दछ।

हाम्रो जस्तो मुलुकमा अभिभावक र विद्यार्थीका लागि मनोसामाजिक परामर्श सेवाको अहम महत्व छ। अभिभावकहरूमा चेतनाको अभाव छ। बालबालिकाहरू चुलबुले र चकचके स्वभाव भएको हाम्रा अभिभावकलाई मन पर्दैन जव कि यो बालबालिकाको प्राकृतिक

स्वभाव हो। हाम्रा कतिपय अभिभावकहरूलाई चकचक नगर्ने, एकैठाउँमा चुप्प लागेर बस्ने, अभिभावकको आज्ञाकारी हुने जस्ता स्वभाव भएको बालबालिकाहरू मन पर्छ जवकि बालबालिकामा यस्तो स्वभाव देखिनु भनेको अस्वाभाविक हो र बालबालिकामा देखिएको समस्या हो। बालबालिकाको सम्बन्धमा अभिभावकसँग यस्ता अनगिन्ति भ्रमहरू छन्। जसले गर्दा बालबालिकाहरूको उपयुक्त विकासमा बाधा पुऱ्याइरहेको हुन्छ। कतिपय बालबालिकाहरूले आफ्नो विशेष प्रतिभा र क्षमता देखाउन खोजिरहेको हुन्छ हामी त्यसलाई पनि हुर्कन र फष्टाउन नदिएर निषेध गर्न खाजिरहेका हुन्छौं। यस्तो अवस्थामा बालबालिका, अभिभावक र केही हदसम्म शिक्षकलाई समेत परामर्श सेवा र यससम्बन्धी सिपको विकास गर्न आवश्यक देखिन्छ।

यस परिच्छेदमा विविधताको सम्मान र समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवामा अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरी त्यसमा देखिएका अन्तरहरू (gaps) का आधारमा चुनौतीहरू पहिचान गरिएको छ। यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवामा अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरूसमेत उल्लेख गरिएको छ।

४.५.२. वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि. सं.२०२१मा ल्याबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ। त्यसैगरी वि. सं. २०२५ देखि खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवासीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवसीय प्रबन्धको सुरुआत भएको थियो। अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्धसहित यसलाई नेपाल अपाङ्ग अन्ध सङ्घ र नवजीवन गृह एवम् केही पछि खगेन्द्र नवजीवन केन्द्रका रूपमा स्थापित भई हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भइरहेको छ।

शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ। बालिका तथा महिला शिक्षामा वि.सं. २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गतालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागितका लागि वि.सं. को २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरु भएको थियो।

समतामूलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्नेसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३–२००२, सालामान्का घोषणा सन् १९९४, तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिवद्धता जनाएको छ। यी सम्पूर्ण महासन्धि एवम् घोषणापत्रहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाका राष्ट्रिय कार्यक्रमको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन्। विशेषगरी संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, सन् २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ।

खासगरी सबैका लागि शिक्षाको डकार घोषणापत्र र तदनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणासहित पहुँच विस्तारमा जोड

दिई छात्रवृत्तिलगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित आरक्षणको प्रबन्ध भएको छ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ़्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बहुवञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। मुलुकमा बहुदलीय संसदीय व्यवस्थाको पुनर्वहाली भए पछि शिक्षामा केही हदसम्म लगानीको पनि वृद्धि भयो। विद्यालय शिक्षामा छात्रा र दलित समुहको सहभागिता अभिवृद्धिका लागि छात्रबृत्तिको व्यवस्था गरियो। आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालन गरिएको यो छात्रवृत्ति कार्यक्रमले विद्यालय तहमा छात्रा र दलित लगायत अन्य समूहको भर्ना दर उल्लेख्य रूपमा बढेको अवस्था छ। करिव तीन दशक अघि सबै छात्रा र सबै दलित विद्यार्थीहरूका लागि ब्लाङकेट अप्रोचबाट कार्यान्वयन गरिएको यो छात्रवृत्ति कार्यक्रम अहिले पनि त्यही किसिमबाट कार्यान्वयन भइरहेको छ र छात्रवृत्ति रकम पनि खासै समसामयिक हुने गरी वृद्धि गर्न सकिएको छैन। अहिलेको आवश्यकता भनेको छात्राहरू र दलितहरूमध्ये पनि विपन्न समूहलाई छनोट गरी महङ्गी समेतलाई मध्यनजर गरी छात्रवृत्ति रकम दिनु पर्ने देखिन्छ। यसका अतिरिक्त यस प्रकारको छात्रवृत्ति अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थी, मुक्त कम्लहरी विद्यार्थी, गरिब तथा विपन्न विद्यार्थी, द्वन्द्वपीडित विद्यार्थी र सहिद परिवारका विद्यार्थीका निम्ति यस्तो छात्रवृत्तिको व्यवस्था गरिएको छ।

छात्रवृत्तिलाई आवासीय प्रयोजनका निम्ति पनि व्यवस्था गरिएको छ। यस्तो छात्रवृत्ति छात्राहरूको लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरूका निम्ति छात्रावास, मुक्त कम्लहरीका निम्ति छात्रावास, मोडल स्कूल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरूका निम्ति छात्रावास आदि कार्यक्रमको निम्ति सङ्घीय सरकारले प्रदान गर्ने गरेको छ। यस्तो छात्रवृत्ति कार्यक्रममा प्रति विद्यार्थी मासिक चारहजार रुपैयाँको दरले दश महिनाको निम्ति उपलब्ध गराउने गरिएको छ। प्रति विद्यार्थी मासिक किसिमले दिने यो रकम विद्यार्थीहरूका खाना लगायत सरसफाइ र शैक्षिक सामग्रीसम्बन्धी आवश्यकता पूरा गर्न अपर्याप्त देखिन्छ।

गैरआवासीय विद्यार्थीहरूका निम्ति प्रदान गरिने छात्रवृत्ति पनि अपर्याप्त रहेको छ र त्यसको दुरूपयोग पनि त्यत्तिकै देखिन्छ। विद्यालयदेखि अभिभावकसम्म पुग्दा विद्यार्थीलाई जे कामको लागि दिइएको हो त्यो काममा कमैमात्र प्रयोग भएको देखिन्छ। गरिवीको रेखामुनी रहेका बालबालिकाले छात्रबृत्ति पाउन नसकेको अवस्था छ। अबको आवश्यकता भनेको जाति र लिङ्गको आधारमा भन्दा पनि विपन्नताको आधारमा छात्रवृत्ति दिनु पर्ने हुन्छ र यो रकम पुग्ने गरी पनि हुनु आवश्यक छ। विद्यार्थीहरू जति बेला छात्रवृत्ति बाँडिन्छ त्यत्तिबेलामात्र विद्यालयमा आउने र अरू समयमा नआउने वा कम आउने समस्या पनि कतिपय विद्यालयहरूमा छ। यो समस्या लगायत छात्रवृत्तिको दुरूपयोगलाई नियन्त्रण गर्न भौचर प्रणालीबाट पुग्ने मात्रामा छात्रवृत्ति दिनु पनि त्यत्तिकै जरुरी छ।

देशमा सङ्घीयताको कार्यान्वनय सँगसँगै कतिपय प्रदेश सरकार र स्थानीय तहहरूले विपन्न समुदाय र छात्राहरूका निम्ति पनि छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ। यस बारबर्दिया नगरपालिकाले उच्च शिक्षा अन्तर्गत मेडिकल साइन्स, इन्जिनियरिङ र चार्टर्ड

एकाउन्टेन्सी अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरेको छ। त्यसरी नै यस नगरपालिकाले बाबुआमा नहुने अनाथ बालबालिकाहरूको निम्ति अभिभावकको भूमिका निर्वाह गर्नेगरी खाना नाना र छाना सहितको आवासीय सुविधाको व्यवस्था गरेको छ। कतिपय स्थानीय तहहरूले उच्च तहको प्राविधिक शिक्षा अध्ययनका निम्ति समेत कोटा निर्धारण गरी बजेट विनियोजन गरेको देखिन्छ।

समाजको बनावट सरलबाट क्रमशः जटिल प्रकारको हुँदै गएपछि समाजका हुने विकृत्तिहरू पनि बढ्दै गएको अवस्था छ। यो विकृतिमा बालबालिका र त्यसमा पनि विशेष गरी बालिकाहरू बढी प्रताडित भएको देखिन्छ। बालबालिकाहरूको उमेरसँगै हुने गरेको शारीरिक र मानसिक वृद्धि र विकासको कारण हुने गरेको विविध किसिमका परिवर्तनलाई उचित किसिमले व्यवस्थापन गर्न नसक्नुको कारणले पनि कतिपय समस्याहरू देखा पर्ने गर्दछन्। यस्तो अवस्थामा विद्यालय र घरपरिवारले उनीहरूलाई उचित किसिमले मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुन्छ। बालबालिकाको निम्ति यो परामर्शको टडकारो आवश्यकता भएपनि सरकारी तवरबाट यसलाई महत्व दिएको देखिदैन। गैरसरकारी क्षेत्रबाट भने कतिपय आवश्यकता परेका विद्यालयहरूमा शिक्षकहरूका निम्ति छोटो अवधिका तालिम र प्रशिक्षण प्रदान गरेको देखिन्छ। विदेश जाने विद्यार्थीहरूका निम्ति परामर्श दिने उद्देश्यले सहरका गल्ली र चोकहरूमा कन्सल्टेन्सीका नाममा शैक्षिक परामर्श केन्द्रहरू स्थापना भए तापनि यस्ता परामर्श केन्द्रहरू सेवामुखी भन्दा पनि मुनाफामुखी भएको देखिन्छ।

बारबर्दिया शिक्षा पार्श्वचित्र २०७८ का अनुसार बारबर्दिया नगरपालिकामा प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विभिन्न किसिमको अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या १२४ जना रहेको छ जसमा छात्राको सङ्ख्या ६१ र छात्रको सङ्ख्या ६३ रहेको छ। यो सङ्ख्यालाई तहगत रूपमा हेर्दा बालविकासमा १० जना, आधारभूत तहमा ८७ जना र माध्यमिक तहमा २९ जना रहेको देखिन्छ। प्रस्तुत सङ्ख्यालाई अपाङ्गताको आधारमा हेर्नुपर्दा शारीरिक अपाङ्गता भएका ५४ जना, बौद्धिक अपाङ्गता भएका ३२ जना, सुस्त श्रवण भएका ६ जना, दृष्टिविहीन भएका ११ जना, कमजोर दृष्टि भएका ११ जना र बहु अपाङ्गता भएका १० जना रहेका छन्। उल्लिखित विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयमा ११९ जना र संस्थागत विद्यालयमा ५ जना अध्ययनरत छन्।

यसरी नै सोही पार्श्वचित्रका अनुसार बारबर्दिया नगरपालिकाको विद्यालय शिक्षामा बालविकास देखि माध्यमिक तहसम्म दलित विद्यार्थीहरूको कुल सङ्ख्या १९४२ रहेको छ। यसमध्ये छात्राको सङ्ख्या ९७२ र छात्रको सङ्ख्या ९८० रहेको देखिन्छ। त्यसरी नै जनजाति विद्यार्थीहरूको सङ्ख्या १४०६१ रहेको छ जसमा छात्राको सङ्ख्या ७१०४ र छात्रको सङ्ख्या ६९५७ रहेको देखिन्छ। ब्राह्मण/क्षेत्री, जनजाति र दलित बाहेक अन्य जातिका विद्यार्थीहरूको सङ्ख्या ४३७ रहेको छ जसमा छात्राको सङ्ख्या २०५ र छात्रको सङ्ख्या २३२ रहेको देखिन्छ।

समतामूलक किसिमले सबै प्रकारका विद्यार्थीहरूको शिक्षामा पहुँचको अभिवृद्धिका लागि नगरपालिकाले हरेक वर्ष विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरेको अवस्था छ। शैक्षिक सत्र २०७७ को अभिलेख हेर्दा आधारभूत तहमा छात्रा छात्रवृत्ति ५४५८ जनालाई, दलित छात्रवृत्ति ६५१ जनालाई, अपाङ्ग छात्रवृत्ति ९३ जनालाई र मुक्त कमैयाँ छात्रवृत्ति ७६४ जनालाई प्रदान गरेको देखिन्छ भने माध्यमिक तहमा अपाङ्ग छात्रवृत्ति २० जना र मुक्त कम्लरी छात्रवृत्ति ५ जनालाई प्रदान गरेको देखिन्छ। त्यसरी नै सहिद विष्णुधनी स्मृति बहु प्राविधिक शिक्षालयमा अध्ययन गर्नका लागि ३ जना विपन्न दलित, ८ जना विपन्न जनजाति, १ जना सीमान्तकृत, ४ जना विपन्न तथा सुकुम्वासी, ५ जना सहिद, घाइते तथा वेपत्ता परिवारका सदस्य, २ जना अपाङ्ग, ३ जना मुक्त कमैया/कम्लहरी र १ जना पिछडिएको क्षेत्रकोलाई शुल्कमा छुट (१६ जनालाई पूर्ण, ८ जनालाई पचहत्तर छुट र ३ जनालाई पचास) हुने अध्ययनको अवसर प्रदान गरिएको छ। गरी प्रदान गर्ने गरिएको छ। यसका साथै उच्च शिक्षा अध्ययन गर्नका लागि ५ जना मुक्त कम्लहरी र उच्च शिक्षामा पनि प्राविधिक विषय अध्ययन गर्नका लागि विपन्न समुदायका ३ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ।

४.५.३. चुनौती तथा अवसर

बालबालिकालाई समावेशी तथा विशेष शिक्षा प्रदान गर्नका लागि अपांगता भएका बालबालिकालाई शैक्षिक अवसर प्रदान गर्ने क्रममा घरपरिवार, समुदाय र विद्यालयहरूबाट उचित सहयोग र सकारात्मक सोचमा प्रवर्धन गर्नु, अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक

समावेशीकरणमा अपेक्षित सुधार गर्नु, विशेष शिक्षा मार्फत गुणस्तरीय जीवनयापन र आत्मनिर्भर गराउने कार्यमा अपेक्षित उपलब्धि हासिल गर्नु, अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका निम्ति सहज पहुँच हुनेगरी विशेष प्रकृतिका शिक्षालयहरूको स्थापना र सञ्चालन गर्नु, दृष्टिविहीन बालबालिकाहरूका निम्ति आवश्यक पर्ने ब्रेललिपिका पाठ्यपुस्तक र सन्दर्भ सामग्री एवम सुस्त श्रवण भएका बालबालिकाहरूका निम्ति साङ्केतिक भाषाको सिप भएका शिक्षकहरूको उपलब्धतालाई सहज बनाउनु, विशेष शिक्षाका आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु, विविध प्रकारका बालबालिकाको तथ्याङ्क तथा सूचनालाई अद्यावधिक गर्नु, समावेशी किसिमबाट बालबालिकाको आवश्यकता र सिकाइलाई सहज बनाउने गरी नवीनतम् सूचना प्रविधिको अवलम्बन र उपयोग गर्ने कार्यलाई व्यवस्थित गर्नु, समावेशी र विशेष शिक्षा अनुकुलन मूल्याङ्कन परीक्षा प्रणाली र सिकाइ व्यवस्थापनका लागि प्रयाप्त खोज, अनुसन्धान तथा अभ्यास हुनु, समाजमा विद्यमान कतिपय कुरीति र कुप्रथा विद्यमान भएको कारण समावेशी किसिमको सामाजिक संरचनाको स्थापना गर्नु आदि जस्ता चुनौतीहरू समावेशी एवम् विशेष शिक्षाको क्षेत्रमा प्रमुख रूपमा रहेका छन् ।

त्यसरी नै छात्रवृत्ति र मनोसामाजिक परामर्श सेवाका सम्बन्धमा देखापरेका प्रमुख चुनौतीहरूमा धेरै विद्यार्थीले प्राप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृत्तिको रकमलाई समयसापेक्ष बृद्धि गर्नु, धेरैजसो छात्रवृत्तिहरू ब्लाङ्केट अप्रोचबाट नभई निश्चित आधार तथा आवश्यकतामा आधारित बनाई प्रदान गर्नु, अधिकांश छात्रवृत्ति गरिबी केन्द्रित नभई जातजाति र लिङ्गलाई आधार मानेर प्रदान गरिनाले यसको औचित्य र सान्दर्भिकतामा प्रश्न उठ्नु, आवासीय बाहेकका छात्रवृत्तिका उद्देश्य तथा उपयोगिता स्पष्ट पार्नु, जातजाति र लिङ्गका आधारमा दिइने छात्रवृत्तिप्रति नागरिक समाजमा सकारात्मक भावनाको विकास गर्नु, छात्रवृत्ति कार्यक्रमको सहयोगबाट सामाजिक विभेदलाई न्यूनीकरण गर्नु , लक्षित विद्यार्थी छनोट गरी छात्रवृत्ति वितरण गर्नका लागि स्थानीय तहलाई स्वायत्तता प्रदान गर्नु, छात्रवृत्ति वितरण र यसको उपयुक्तता तथा प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु, विद्यार्थीको निम्ति प्रदान गरिने मनोसामाजिक परामर्शको क्षेत्रलाई सरकारको प्राथमिकतामा पार्नु, मनोसामाजिक परामर्शको पहुँच लक्षित समूहसम्म पुऱ्याउनु आदि रहेका छन् ।

मुलुकका विभिन्न जिल्लाहरूमा आवासीय सुविधा सहितका विशेष प्रकृतिका विद्यालयहरूको स्थापना गरी पठनपाठन कार्य भइरहेको, विद्यालय शिक्षा र शिक्षक तालिम कार्यक्रम मार्फत फरक क्षमता र विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि अन्य बालबालिकाहरूसँगै समावेशी किसिमबाट शिक्षण सिकाइ गर्ने कार्यलाई प्राथमिकतकापूर्वक सञ्चालन गरिएको, प्राथमिक तहका पाठ्यपुस्तकहरू २५ भन्दा बढी मातृभाषामा प्रकाशन गरी पठनपाठनका लागि प्रयोग गरिएको, शिक्षा ऐन एवम् शिक्षक सेवा आयोग नियमावलीले समेत शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाएको आदिलाई यस क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

यसका साथै छात्रवृत्तिले दलित, छात्रा, अपाङ्गता भएका विद्यार्थी, लोपान्मुख, सीमान्तकृत, मुक्त कम्लहरी, विपन्न, द्वन्द्वपीडित र सहिदका परिवारका बालबालिकाहरूको शिक्षामा पहुँचको बृद्धि भएको, छात्रवृत्ति लगायतका कार्यक्रमहरूले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित बनाएको, यस बारबर्दिया नगरपालिकाले घरधुरी सर्वेक्षण गरी अपाङ्गता भएका बालबालिकाहरूको विवरण अद्याविधक गरेको, अनाथ बालबालिकाहरूका लागि अभिभावकत्व सहित आवास सुविधा उपलब्ध गराएको, शिक्षालाई समावेशी बनाउने कार्यमा गैरसरकारी क्षेत्रबाट पनि योगदान भइरहेको, मनोसामाजिक परामर्शको क्षेत्र सबैको चासोको क्षेत्र हुँदै गएको, मनोसामाजिक परामर्शको क्षेत्रमा गैरसरकारी क्षेत्रबाट सीमित भए पनि पाठ्यक्रमहरूमा समेत मनोसामाजिक परामर्शको क्षेत्रलाई समेटिएको आदिलाई पनि शिक्षालाई समावेशीका साथै मनोसामाजिक परामर्शयुक्त बनाउने सवालमा अवसरहरूको रूपमा लिन सकिन्छ ।

४.५.४ लक्ष्य तथा उद्देश्यहरू

प्रस्तुत योजनाको यस उपक्षेत्रको लक्ष्य विभिन्न कारणले शिक्षाबाट वञ्चित र अपाङ्गता भएका नगरपालिकाका सबै प्रकारका व्यक्तिका लागि अधिकारमुखी अवधारणाका आधारमा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सहितको गुणस्तरीय समावेशी एवम् विशेष शिक्षाका अवसर मार्फत सक्षम र प्रतिस्पर्धी नागरिक उत्पादन गर्नु रहेकोमा यस अन्तर्गतका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक,आर्थिक कारणले अवसरबाट वञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।

३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउनु।

४. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु।

५. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता गर्नु।

६. कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट शिक्षामा उनीहरूको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु।

४.५.५ रणनीतिहरू

१. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइनेछ।

२. लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिष्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूसमेत विकास गरी पहुँच सुनिश्चित गरिने छ।

३. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ।

४. आाधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने। त्यसैगरी सिकाइलाई जीवनोपयोगी सिपसँग आाबद्ध गरिने छ।

५. लक्षित समूहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरूको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रममा अनुकुलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण सिपयुक्त जनशक्तिको व्यवस्था गरिने छ।

६. औपचारिक विद्यालय शिक्षाबाट वञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गरिने छ।

७. सबै प्रकारका बालबालिकामा उपयुक्त क्षमता विकास हुने गरी औपचारिक, अनौपचारिक खुला तथा दूर शिक्षा र निरन्तर सिकाइको व्यवस्था गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ।

८. सबै प्रकारका विद्यार्थीहरूलाई विद्यालय तथा शिक्षालयहरूका विभिन्न तहमा भर्ना गर्दा उनीहरूको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा गरिने छ।

९. विशेष बालबालिकाहरूको विशिष्टताअनुसार विद्यालय र विश्वविद्यालयहरूमा प्राविधिक शिक्षातर्फ उनीहरूको भर्ना प्रक्रियालाई सहज बनाउन सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ।

१०. विशेष बालबालिकाहरूलाई आत्मनिर्भर बनाउन दिगो विकासका लागि हरित सिपमा आधारित जीवनपयोगी सिपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरवलोकन गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने।

११. अपाङ्गतामैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नवीनतम् सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको विकास गरिने छ।

१२. नगरपालिकाभित्र निर्माण भइसकेका विद्यालयका पूर्वाधार र अब निर्माण हुने पूर्वाधारहरूलाई अपाङ्गतामैत्री बनाउदै लिने सवालमा नगरपालिकाबाट सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१३. अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको विशेष विद्यालय स्थापना गरिने छ।

१४. अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सिप सिक्ने अवसर प्रदान गर्न भूमिका निर्वाह गरिने छ।

१५. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, साङ्केतिक चित्र आदि) को समुचित प्रबन्ध गरिने छ।

१६. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीको विकास र सहज पहुँचका लागि सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ।

१७. सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ।

१८. अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकुल बनाउन सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

१९. अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्न भूमिका निर्वाह गरिने छ।

२०. हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरवलोकन तथा परिमार्जन गरी लक्षित र आावश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गर्ने। छात्रवृत्तिका लागि मूलत: गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने गरी व्यवस्था गरिने छ।

२१. सम्बन्धित शिक्षण संस्था र समुदायको सहभागितामा नगरपालिकामा छात्रवृत्ति व्यवस्थापन र अनुगमन समिति गठन गरिने छ।

२२. गैर आवासीय छात्रवृत्तिका लागि विद्यार्थीको नाममा बैङ्क खाता सञ्चालन गरी उनीहरूलाई प्रदान गरिने छात्रवृत्तिलाई एकद्वार भौचर प्रणाली मार्फत प्रदान गरिनुका साथै उद्देश्यअनुरूप पर्याप्त हुने गरी छात्रवृत्ति रकमको समय अनुसार पुनरवलोकन गरिने छ।

२३. शिक्षा क्षेत्रको बजेटमा समावेश छात्रवृत्ति विद्यार्थीलाई विद्यालयमा अध्ययन गर्न र सिकाइ क्रियाकलापमा सहयोगी हुने कार्यमा केन्द्रित गरिने छ भने परिवार तथा व्यक्तिको जीवनयापन तथा कल्याणसँग सम्बन्धित सहयोग आवश्यकतानुसार सामाजिक सुरक्षा अन्तर्गत स्थानीय तहले अलग्गै सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२४. घरायसी वातावरण बालमैत्री नहुनुका साथै अन्य विविध कारणले शिक्षा लगायत जीवनका विभिन्न क्रियाकलापहरू अघि बढाउने सवालमा अलमल र द्विविधामा परेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट उनीहरूको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गरिने छ।

२५. विद्यार्थीहरूमा मनोसामाजिक समस्याहरू सघन रूपमा देखिदै गएको कारण उनीहरूको शिक्षा लगायत समग्र जीवनमा प्रतिकुल असर परिरहेको कुरालाई मध्यनजर राखी नगरपालिकाबाट यससम्बन्धी आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गरिने छ।

२६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गर्ने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने छ।

४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

१. विद्यालय तहको शिक्षामा उचित मनोसामाजिक परामर्शका साथ समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने।

ख) नतिजा (Key Results)

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितीमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुने।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार भएको हुने।

३. समावेशी र विशेष शिक्षाका लागि आवश्यक पर्ने दक्ष सिपयुक्त र तालिमप्राप्त शिक्षकको उचित व्यवस्था भएको हुने।

४. समावेशी र विशेष शिक्षामार्फत गुणस्तरीय, दक्ष र सक्षम जनशक्ति उत्पादन र त्यसको उचित व्यवस्थापन भएको हुनेछ।

५. अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरीय जीवनयापन र आत्मनिर्भर दिनचर्या कायम भएको हुने।

६. अपाङ्गता र प्रविधिमैत्री विद्यालय र कक्षाकोठा व्यवस्थापन भएको हुने।

७. समावेशी विद्यालय र अपाङ्गमैत्री सिकाइ वातावरण स्थापना भएको हुने।

८. अपाङ्गता भएका बालबालिकाको सिकाइमा आधारित विभिन्न सिकाइ सामग्रीको प्रयोग र व्यवस्थापन भएको हुने।

९. बालबालिकाको आवश्यकतालाई पहिचान गरी विशेष विद्यालयहरू स्थापना भएका हुने।

१०. लक्षित समूहका बालबालिकाको शिक्षा र सिकाइमा अभिभावकको विशेष सक्रियता भएको हुने।

११. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही भएको हुने।

१२. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाहारहित बालमैत्री वातावरण सिर्जना भएको हुने।

१३. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि भएको हुने।

१४. विशेषतः गरिबी र कठिन परिस्थितिमा रहेका, सुविधाविहीन र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्यन हुने।

१५. लक्षित समूहको विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइमा सहभागिताको दरमा सुधार भई सिकाइमा सुधार भएको हुने।

१६. छात्रवृत्तिलाई भौचर एवम् एकद्वार प्रणालीबाट वितरण गरी यसको दुरूपयोगमा न्यूनीकरण भई उपलब्धिमा सुधार भएको हुने।

१७. विविध किसिमका कठिनाइ असहज परिवेश र समस्यामा परिरहेका बालबालिकाहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरी शिक्षामा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको हुने।

ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

तालिका ४.५: शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						१० वर्षको लक्ष्य	कैफियत
			१	२	३	४	५	जम्मा		
१	नगरपालिकामा व्यक्तिको अवस्था र सिकाइ आवश्यकता पहिचान गर्ने गरी संयत्रको विकास गरिने	पटक	✓	१	✓	✓	✓	१	२	नगरपालिका
२	कुनै पनि व्यक्ति शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको समन्वयनमा नगरपालिका
३	विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयभित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको समन्वयनमा नगरपालिका
४	विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागत(Opportunity Cost) सँग तादात्म्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाइने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको समन्वयनमा नगरपालिका
५	सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवम् लैङ्गिक मैत्री बनाइने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको समन्वयनमा नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						१० वर्षको लक्ष्य	कैफियत
			१	२	३	४	५	जम्मा		
६	बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ र प्रदेशसँगको समन्वयनमा नगरपालिका
७	विशेष आवश्यकता हुने बालबालिकाहरूका लागि मौजुदा पाठ्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन गरिने	पटक	१					१	२	सङ्घ, प्रदेश र नगरपालिका
८	बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकासका लागि पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश गरिने	पटक	१					१	२	सङ्घ, प्रदेश सरकार र नगरपालिका
९	विद्यालय शिक्षा तथा आजीवन सिकाइको आवश्यकता अनुसारको सिकाइ सामग्रीको विकास गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश र नगरपालिका
१०	सिकाइ सहजीकरणमा सञ्चार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓		सङ्घ र प्रदेश
११	राष्ट्रिय पाठयक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकताअनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गरिने	पटक		१		१		२	२	सङ्घ, प्रदेश सरकार र नगरपालिका
१२	पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						१० वर्षको लक्ष्य	कैफियत
			१	२	३	४	५	जम्मा		
१३	शिक्षण पेसामा विशेष लक्षित समूहका व्यक्तिहरूको सहभागिता बढाई समावेशी तुल्याउन उल्लिखित समूहलाई शिक्षक तयारीका लागि छात्रवृत्तिको अवसर दिइने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश सरकार र नगरपालिका
१४	आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गरिने	पटक	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश सरकार र नगरपालिका
१५	पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने	पटक	१	१	१			३	५	सङ्घ, प्रदेश र नगरपालिका
१६	आधारभूत तहसम्मको शिक्षा मातृभाषा/बहुभाषामा पाउने व्यवस्था गर्ने तथा मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
१७	समता रणनीतिले गरेको व्यवस्थाअनुसार लैङ्गिक समानता र समावेशीकरणलाई एकीकृत मुद्दाको रूपमा सम्बोधन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
१८	विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
१९	पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरणा तथा सिकाइ प्रक्रियालाई समता र समावेशीताका दृष्टिले परीक्षण तथा सुधार गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
२०	शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश सरकार र नगरपालिका

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						१० वर्षको लक्ष्य	कैफियत
			१	२	३	४	५	जम्मा		
२१	लैङ्गिक सञ्जाललाई वडा र विद्यालयसम्म विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, जातीय विभेद, छाउपडी प्रथा आदि विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	नगरपालिका र वडा पालिका र विद्यालय
२२	छात्रवृत्ति छनोट तथा वितरण निर्देशिका विकास र कार्यान्वयन गरिने	पटक	१		-		-	१	२	सङ्घ, प्रदेश र नगरपालिका
२३	नगरपालिका स्तरमा छात्रवृत्ति व्यवस्थापन समिति गठन र कार्य सञ्चालन गरिने	पटक	१					१	२	सङ्घ, प्रदेश र नगरपालिका
२४	निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण गरिने	लक्षित विद्यार्थी	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
२५	अपाङ्गमैत्री भौतिक पूर्वाधारको विकास सम्बन्धी भवन आचार संहिताको पूर्ण रूपमा कार्यान्वयन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
२६	मनोसामाजिक परामर्शका लागि आवश्यक संरचना र जनशक्तिको स्थापना र कार्यान्वयन गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका
२७	अनुगमन तथा मूल्याङ्कन	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र नगरपालिका

४.६. शिक्षामा सूचना र सञ्चार प्राविधि

४.६.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइलाई सुधार गर्न, सिकाइलाई सान्दर्भिक गराउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सहयोग पुऱ्याउने पर्दछ। यी चारओटा मार्गदर्शन सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३/२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार र प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपत् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी बारबर्दिया नगरपालिका लगायत मुलुकको समेत वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित विषयगत उपक्षेत्रहरू जस्तैः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत समग्र शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका केही पक्षहरू पनि उल्लेख गरिएको भए पनि समग्रतामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगको अवस्थाको विश्लेषणका आधारमा यस परिच्छेदमा योजनाको खाका समावेश गरिएको छ। त्यसैले यस परिच्छेदका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी समग्र योजना निर्माण गरी सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित गराइनु आवश्यक देखिन्छ।

४.६.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति, कानुन तथा रणनीतिको अवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतीको समीक्षा गर्नुपर्ने हुन्छ। नेपालले बोर्ड बैंक नीति, २०७१ ल्याई विद्यालय लगायतमा कनेक्टिभिटी र सुरक्षाको विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारको संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोप्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा

सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी सम्बन्धी तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। एकातिर शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने अर्कोतिर शिक्षामा सूचना तथा संचार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ तयार भई रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले दश हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाको विकास तथा प्रयोग गर्ने शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयलाई पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए। उक्त गुरुयोजनामा कार्यक्रम सञ्चालनका लागि आवश्यक रणनीति तथा लक्ष्यहरू पनि निर्धारण गरिएको थियो।

त्यसैगरी विद्यालय क्षेत्र विकास योजनामा पनि सूचना तथा सञ्चार प्रविधि सम्बन्धी समावेश गरिएका प्रमुख क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने आदि रहेका थिए। उल्लिखित योजना तथा नीतिले लक्षित गरेका शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यमा भएको प्रगति र वर्तमान अवस्थाको संक्षिप्त समीक्षा यहाँ प्रस्तुत गरिएको छ :

एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको छ तापनि धेरैजसो विद्यालयमा कम्प्युटरलगायत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन। त्यसैगरी विद्यालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्च शिक्षाका अलग अलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरू बिच सम्बन्ध स्थापित गर्न कठिनाइ भएको छ। विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासमा वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्यूटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि एकातिर यी सुविधाहरू न्यून छन् भने अर्कोतिर शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्यादै कम रहेको छ। कतिपय विद्यालयहरूको विभिन्न व्यक्ति तथा सङ्घसंस्था मार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री प्राप्त गरेका छन्। एकातिर साधन तथा संरचना बढाउन आवश्यक छ भने अर्कोतिर यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि गर्नु पर्ने देखिन्छ।

शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि डिजिटल सामग्रीको पर्याप्त नहुनु पनि समस्याका रूपमा रहेको छ। विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ। त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा केही डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ। संशोधित पाठ्यक्रम अनुसार कक्षा ११ र कक्षा १२ मा कम्प्यूटर शिक्षालाई समेत समावेश गरी जीवनोपयोगी शिक्षा विषयलाई अनिवार्य गरिएको छ। यसका अतिरिक्त राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षाको प्रश्न पत्रलाई अनलाइन मार्फत परीक्षा केन्द्रलाई उपलब्ध गराउने प्रणालीलाई संस्थागत गर्ने कार्यको थालनी गरेको छ। यसका साथै कतिपय विश्वविद्यालय कलेज र

विद्यालयहरूले पनि आफ्ना परीक्षा र शिक्षण सिकाइ क्रियाकलापहरू अनलाइन प्रणालीबाट सञ्चालन गरेका छन् र शिक्षण सिकाइ पनि अनलाइन मार्फत नै सञ्चालन गरेको अवस्था छ।

दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ। कोभिड १९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेभ पोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ। पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीय प्रति वेवसाइटमा राख्ने गरिएको छ। प्रविधिमैत्री शिक्षक समाजले कोभिड१९ को कारण विद्यालय बन्द भएको अवधिमा विभिन्न प्रदेश, जिल्ला र पालिकाका शिक्षकहरूका निम्ति अनलाइन मार्फत आइसिटी र पेसागत विकास सम्बन्धी सेमिनारहरू सञ्चालन गरेको छ। कोभिड१९ को महामारीको अवधिमा बारबर्दिया नगरपालिकाले पनि अनलाइन मार्फत शिक्षक र विद्यार्थीहरूका लागि शिक्षण सिकाइ कार्यक्रमहरू सञ्चालन गरेको र विद्यार्थीहरूका निम्ति घरमै बसेर अध्ययन गर्नका लागि सन्दर्भ सामग्रीको प्रकाशन गरी वितरण गर्ने काम गरेको थियो। साथै नगरपालिकाले विद्यार्थीको घरको कोठालाई नै अस्थायी कक्षाकोठाको रूपमा दिएर सिकाइ कार्यक्रम सञ्चालन गरेको थियो।

विद्यार्थी र अभिभावकहरू आफूसँग भएको स्मार्ट फोनमा भएका विभिन्न एप्सहरूको प्रयोग गर्दै डिजिटल दुनियाँमा प्रवेश गरेको अवस्था छ। उनीहरूमा भएको यो साधन क्षमता र चासोलाई सकारात्मक किसिमले स्वीकार गर्दै शिक्षण सिकाइ क्रियाकलापसँग यसको मितेरी गाँस्नु पर्ने जरुरी देखिन्छ। कतिपयले सीमित मात्रामा भए पनि शिक्षण सिकाइको क्षेत्रमा विकास भएका एप्स र पोर्टलहरूको प्रयोग गरी शिक्षण सिकाइको सिलसिलामा सम्पादन गर्नु पर्ने परियोजना कार्य गृहकार्य लगायतका अन्य अध्ययन सम्बन्धी कार्यमा समेत सदुपयोग गरिरहेको अवस्था छ। यसका अतिरिक्त कतिपयले आफूसँग भएको स्मार्ट फोनको दुरूपयोग गरेर आफूलाई बरबादीतिर धकेलिरहेका दृष्टान्तहरू पनि समाजमा बग्रेल्ती रहेका छन्। यसकारण पनि विकसित मुलुकहरूले डिजिटल डिभाइसहरूको प्रयोगलाई व्यवस्थित गर्नका लागि समेत साइवरसम्बन्धी कानुनहरू समेत बनाई लागु गरेको अवस्था छ र यो सवालमा हाम्रो मुलुकले समेत पहल गरेको देखिन्छ।

माथि उल्लेखित उपलब्धि तथा अवसरहरूको आधारमा गत शैक्षिक सन् २०७६-७७ को कोभिड१९को प्रभावबाट मुलुकभरका सबै विद्यालयहरू ६ महिनाभन्दा बढी समय अप्रत्यासित रूपमा बन्द रहन गएको अवस्थामा शिक्षा मन्त्रालयले विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्य योजना जारी गरी सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सरकारी प्रयास र अन्य सरोकारवाला साथै विभिन्न निकायको समन्वयमा विद्यार्थी सिकाइलाई निरन्तरता दिनका लागि विविध वैकल्पिक सिकाइका विधिहरूको विकास, व्यवस्थापन र सञ्चालन गरेको मध्ये प्रविधिमा आधारित विभिन्न विधिहरू प्रमुख रहेका थिए। यी विधिहरूमा प्रमुखतः छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी. बाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू Online Portal हरूको पहुँचबाट प्राप्त सामग्रीहरू CEHRD learning portal. You tube Channel Virtual classes, CDC को ई-पुस्तकालय साथै अन्य संस्थाहरूद्वारा निर्मित Online सामग्रीहरू र शिक्षण सिकाइ समूह गठन, Online based Zoom meeting सिकाइका मुख्य माध्यम रहेका थिए। यस अवधिमा भए गरेका क्रियाकलापहरूको आधारमा मुलुक भर लगभग १३ प्रतिशत विद्यालयहरूले मात्र वेभमा आधारित सामग्री प्रयोग गरेको देखिन्छ भने बारबर्दिया नगरपालिकाको यो प्रतिशत ३३ भन्दा बढि देखिन्छ। बाँकी अरू विद्यालयहरूले अन्य वैकल्पिक विधिहरू प्रयोग गरेको देखिन्छ।

शैक्षिक व्यवस्थापनमा पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) स्थापना र स्थानीय तहसम्म एकीकृत सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) विकास गरी अनलाइन गरिएको छ। त्यसैगरी विभिन्न सूचना तथा कतिपय सेवाका लागि आवेदन दिने लगायतका कार्यका लागि अनलाइन पद्धति विकास गरिएको छ। विद्यालयको लेखाप्रणालीलाई व्यवस्थित गर्ने, परीक्षाका फाराम लगायतका कार्यलाई अनलाइन गर्न थप कार्य गर्नु पर्ने देखिन्छ। विद्यालय क्षेत्र विकास योजना (SSDP) कार्यान्वयनको अवस्था विश्लेषण गर्दा हाल सञ्चालनमा रहेका जम्मा २८,८३३ सामुदायिक विद्यालयहरूमध्ये ५०.२४ विद्यालयमा विद्युत र १८.७% विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध छ भने ४१.२४ विद्यालयमा कम्प्युटरको सुविधा छ। कम्प्युटरको

सुविधा भएका विद्यालयमध्ये करिव ३७.०४ विद्यालयमा मात्र शिक्षण सिकाइ प्रयोजनमा कम्प्युटरको प्रयोग भएको छ। प्रशासनिक कार्यमा मात्र कम्प्युटर सुविधा प्रयोग गर्ने विद्यालयको सङ्ख्या कम्प्यूटरको सुविधा हुनेमध्ये करिव ३६ रहेको हुँदा कतिपय विद्यालयमा कम्प्युटर भए पनि प्रयोग नभएको अवस्था पनि छ। बारबर्दिया नगरपालिकाका सबै विद्यालयहरूमा विद्युत सेवा पुगेको छ भने इन्टरनेट सेवा पुगेका विद्यालयहरूको प्रतिशत ८० भन्दा बढि रहेको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना २०१३-२०१७ मा दश हजार विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण तथा कनेक्टिभिटी सहितको संरचना तयार गर्ने लक्ष्य राखेकोमा हालसम्म करिब १२ हजारको हाराहारीका सामुदायिक विद्यालयमा कम्प्युटर भए तापनि केही विद्यालयहरूमा मात्र व्यवस्थित रूपमा संरचना तयार भएको देखिन्छ। इन्टरनेट सुविधा भएका सामुदायिक विद्यालयहरू करिव ५ हजार ४ सय विद्यालय मात्र रहेका देखिन्छन्। त्यसै गरी केन्द्रमा डिजिटल पुस्तकालय, डाटा केन्द्र र डिजिटल स्टुडियो स्थापना उल्लेख्य प्रगति भएको देखिदैन। केही प्रशिक्षक, शिक्षक तथा कर्मचारीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम दिइएको छ भने यसलाई विस्तार गर्नुपर्ने जरुरी देखिन्छ। वि.सं.२०७६ देखि नेपाल दूरसञ्चार प्राधिकरणले पनि ग्रामीण दूरसञ्चार विकास कोष मार्फत मुलुकभरका केही विद्यालयहरूलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी र अन्य संरचनामा सहयोग गरिरहेको छ। बारबर्दिया नगरपालिका यसरी सहयोग प्राप्त गर्ने विद्यालयहरूको सङ्ख्या ३ वटा रहेका छन्। यस नगरपालिकामा कम्प्युटर ल्याब भएका विद्यालयहरूको सङ्ख्या १६ रहेको छ।

४.६.३ चुनौती र अवसर

उल्लिखित समीक्षाका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी केही चूनौतीहरूको पहिचान गरिएको छ। तीमध्ये सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै शिक्षालयहरूमा त्यसको व्यवस्थापन गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँचको विस्तार गर्नु, STEAM ल्याबको स्थापना र व्यवस्थापन गर्नु, STEAM अप्रोच अनुसार सिकाइ वातावरणको निर्माण गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधि (E-governance) को प्रयोगलाई सहज हुने गरी बिस्तार गर्नु, विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका विच समन्वय र सहकार्य व्यवस्थित गर्नु सूचना र सञ्चारको प्राणको रूपमा रहेको विद्युत सेवाको विस्तार एवम् विद्युत सेवाको आपूर्तिलाई नियमित गर्नु, सूचना र सञ्चार प्रविधिको दुरूपयोगलाई न्यूनीकरण गर्नु आदि प्रमुख रहेका छन्।

शिक्षामा सूचना र सञ्चार क्षेत्रका अवसरहरूको रूपमा कोभिड१९ ले शिक्षामा सूचना र सञ्चारको महत्वको बारेमा सरोकारवालाहरूलाई आत्मबोध गराउनु, मोवाइल सेवाको विस्तारले पनि अनलाइनबाट हुने शिक्षण सिकाइमा सकारात्मक योगदान पुऱ्याउनु, प्रविधिमैत्री शिक्षक समाज नेपालले प्रविधिमैत्री शिक्षक तालिमको लागि स्वतःस्फूर्त किसिमबाट योगदान गर्नु, वाइफाइ र इन्टरनेट प्रविधि छोटो समयमै मानिसको जीवनको अभिन्न अङ्गको रूपमा विकास हुनु, विद्यार्थीहरूमा अनलाइन शिक्षाप्रति अपेक्षाकृत चासो बढेको कारण शिक्षकहरूमा तत्सम्बन्धी दक्षता अभिवृद्धिका लागि दवावको सिर्जना हुनु, बारबर्दियाका सबै विद्यालयहरूमा विद्युत सेवा र अधिकांश विद्यालयहरूमा इन्टरनेट सेवा पुगेको अवस्था हुनु, सूचना र सञ्चारको विकास र विस्तारका लागि सरकारी एवम् गैरसरकारी क्षेत्रहरू प्रतिस्पर्धात्मक किसिमबाट अघि बढ्नु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र एवम् पाठ्यक्रम विकास केन्द्र लगायत निजी क्षेत्रबाट अन्य धेरै सङ्घसंस्थाहरूले अनलाइनमा पढ्न मिल्नेगरी पाठ्यसामग्रीको विकास गर्नु आदिलाई लिन सकिन्छ।

४.६.४ लक्ष्य तथा उद्देश्यहरू

योजनाको प्रस्तुत विषयको लक्ष्य उद्देश्य शिक्षालयहरूमा सूचना तथा सञ्चार प्रविधिको विस्तार र विकास गरी सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिकारुमैत्री बनाउन सहयोग पुऱ्याउनु का साथै शैक्षिक व्यवस्थापनमा सुधार आई सुशासनको प्रवर्धन हुनु भन्ने रहेकोमा यसका उद्देश्यहरू देहायबमोजिम रहेका छन :

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु।

२. डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु

३. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज, छिटोछरितो र सस्तो बनाउनु।

४. शिक्षामा कार्यरत जनशक्तिलाई सूचना र सञ्चारको प्रयोग र उपयोगका निम्ति सिपयुक्त बनाउनु।

५. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु।

४.६.५ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. सबै सूचनाहरू प्राप्त हुने गरी क्लाउड प्रविधिबाट डाटा सेन्टर तथा डिजिटल ल्यावको स्थापना र सञ्चालन गर्नका लागि सङ्घ प्रदेश सरकार नेपाल टेलिकम र अन्य इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरिने छ।

२. सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने छ।

३. सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरी नगरपालिकाका सबै विद्यालयहरूलाई सूचना र प्रविधि सम्पन्न बनाई विद्यालयहरूमा कार्यरत जनशक्तिमा सूचना र प्रविधिको प्रयोग तथा उपयोगका निम्ति सिप र दक्षताको विकास गरिने छ।

४. आइसिटीमा अफिस प्रोग्राम जस्तै विद्यालय प्रोग्राम एवम् शिक्षा प्रोग्रामको विकास गरी प्रयोगमा ल्याइनेछ।

५. सबै शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षक पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गरिने छ।

६. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिने छ।

७. सबै पाठ्यक्रम तथा पाठ्यसामग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

८. विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिने छ।

९. तालिम केन्द्रहरूका ब्लेन्डेड पद्धतिबाट तालिम सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउन सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१०. नगरपालिकाले शिक्षकहरूलाई म्याचिङ्ग फण्डको आधारमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराउने गरी कार्यक्रमको विकास गरी सञ्चालन गरिने छ।

११. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने छ।

१२. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा सुविधा विस्तार मार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँचमा विस्तार गरिने छ।

१३. IEMIS लाई थप व्यवस्थित गरी विद्यालयले जुनसुकै समयमा पनि आवश्यकता अनुसार आफ्ना सूचनालाई अप्लोड अर्थात प्रविष्टि गर्न सक्ने र उक्त अद्यावधिक सूचनालाई सरोकारवालाले प्रयोग गर्न सक्ने गरी सूचना संयन्त्रको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१४. हाल मुलुकभरि सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरूमध्ये कम्तिमा एक स्थानीय तह एक सामुदायिक सिकाइ केन्द्र अनुपातमा सामुदायिक सिकाइ केन्द्रलाई Digital Learning Centre को रूपमा विकास गरी औपचारिक शिक्षाका साथै साक्षरतासँग व्यावसायिक सिप विकास र अन्य क्रियाकलाप सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई निरन्तरता दिन टेवा पुऱ्याइनेछ।

१५. सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाइनेछ।

१६. नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरूविच विद्यालयमा इन्टरनेट सेवालाई सस्तो, छिटो र सर्वसुलभ बनाउनका लागि समन्वय र सहकार्यमा अभिवृद्धि गरिने छ।

१७. घरपरिवार र समुदायलाई प्रविधिमैत्री हुनका लागि विद्यालय र शिक्षाका विभिन्न निकायहरू मार्फत सक्रिय र जिम्मेवार हुन प्रोत्साहित गरिने छ।

१८. विद्यालयमा आइसिटिका क्षेत्रमा सिप र क्षमता भएका जनशक्तिलाई प्रोत्साहित गर्नका लागि आवश्यक साधन स्रोत र संयन्त्रको व्यवस्था गरिने छ।

१९. शिक्षण सिकाइमा स्टेमलाई उच्च प्राथमिकता दिएर तदनुरूपको शिक्षण सिकाइ क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र परियोजना कार्यहरू सञ्चालन गरिने छ।

२०. शिक्षकहरूमा सूचना र प्रविधिको प्रयोग सम्बन्धी दक्षता अभिवृद्धिका लागि प्रविधिमैत्री शिक्षक समाज र शिक्षक महासङ्घ जस्ता शिक्षकका पेसागत संस्थाहरूलाई अवसर उपलब्ध गराई जिम्मेवार बनाइनेछ।

२१. नगरपालिका र शिक्षालयहरू बिचको शैक्षिक व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमशः योजना अवधिसम्म पूर्ण रूपले कागजविहीन (Paperless) पद्धतिमा रुपान्तरण गरिने छ।

२२. सूचना र सञ्चारको दुरूपयोगको न्यूनीकरण र साइवर अपराधहरूलाई नियन्त्रण गर्नका लागि जनचेतनाको अभिवृद्धि लगायत कानुनको निर्माण एवम् कार्यान्वयन जस्ता विषयलाई प्राथमिकता दिइनेछ।

४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

क) उपलब्धि

१. शिक्षालयहरूमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिकारुमैत्री बनाउन सहयोग पुग्नाका साथै शैक्षिक व्यवस्थापनमा सुधार आई सुशासनको प्रवर्धन हुने।

ख) प्रमुख नतिजा

१. सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुनेछ।

२. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने।

३. सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने।

४. सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।

५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनुका साथै विद्यालयका हरेक शिक्षकमा प्रविधि सम्बन्धी न्यूनतम् क्षमता र सिपको विकास भएको हुने ।

६. सूचना प्रविधिको प्रयोगमा विस्तार गरी औपचारिक र अनौचारिक दुबै प्रकारको शिक्षा र सिकाइका निम्ति सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल लर्निङ्ग सेन्टरको रूपमा विकास गरिएको हुने ।

७. सूचना प्रविधिको प्रयोगले विद्यालयदेखि नगरपालिका, प्रदेश, सङ्घ लगायत विभिन्न निकायहरू सम्मको सम्बन्ध व्यवस्थापन र सुशासनमा सुधार भएको हुने ।

८. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत भएको हुने ।

९. सूचना र प्रविधिको सही किसिमले प्रयोग गर्न लागि निर्माण गरिएका नियम कानुन र आचारसंहिताको सबैबाट पालना भएको हुने ।

१०. शिक्षकहरूलाई म्याचिङ्ग फण्डको आधारमा ल्यापटप प्राप्त गरी शिक्षण सिकाइमा प्रयोग गरेको हुने ।

११. घरपरिवार र समूदायको वातावरण समेत प्रविधिमैत्री भई अनावश्यक रूपमा हुने वाह्य आवतजावत र भिडभाड न्यूनीकरण भएको हुने ।

१२. नगरपालिका र शिक्षालयहरू बिचको शैक्षिक, व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमशः योजनाअवधिसम्म पूर्ण रूपले कागजविहीन (Paperless) पद्धतिमा रुपान्तरण भएको हुने ।

१३. सूचना र सञ्चारको दुरूपयोग र साइवर अपराधका घटनाहरूमा न्यूनीकरण भएको हुने ।

ग) प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तालिका ४.६. : शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्रस	क्रियाकलाप	एकाइ	पहिलो ५ बर्षको लक्ष्य					जम्मा	१० बर्षको लक्ष्य	कैफियत
			१	२	३	४	५			
१	सबै सूचनाहरू प्राप्त हुने गरी क्लाउड प्रविधिबाट डाटा सेन्टर तथा डिजिटल ल्यावको स्थापना र सञ्चालन गरिने	सबै शिक्षण संस्थाहरू	✓	✓	✓			१००%		सङ्घ, प्रदेश र स्थानीय तह
२	सबै शिक्षण संस्थाहरूमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार गरिने	सबै शिक्षण संस्थाहरू	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
३	सबै शिक्षणसंस्थाहरूलाई इन्टरनेट कनेक्टीभिटीमा जडान गरिने	सबै शिक्षण संस्थाहरू	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
४	शिक्षकहरूमा सञ्चार र प्रविधिसम्बन्धी क्षमताको विकास गरिने	सबै शिक्षकहरू	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
५	सबै शिक्षणसंस्थाहरूमा पुस्तकालय र ICT संरचनाको विस्तार गरिने	सबै शिक्षण संस्थाहरू	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
६	शिक्षक छनौट पाठ्यक्रमलाई परिमार्जन गरी आइसीटी सम्बन्धीको कोर्सलाई पाठ्यक्रममा समावेश गरिने ।	पाठ्यक्रम परिमार्जन	✓	✓				१००%		सङ्घ, प्रदेश र शिक्षक सेवा आयोग
७	एक शिक्षक एक ल्यापटप कार्यक्रमको विस्तार गरिने	सबै शिक्षकहरू	✓	✓	✓	✓	✓	१००%		स्थानीय तह र सम्बन्धित शिक्षक
८	शिक्षक र शैक्षिक व्यवस्थापनको ICT सम्बन्धी क्षमता अभिवृद्धि गरिने	सबै शिक्षकहरू	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
९	विभिन्न कक्षाका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिने	सामग्रीहरू	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह

क्रस	क्रियाकलाप	एकाइ	पहिलो ५ बर्षको लक्ष्य					जम्मा	१० बर्षको लक्ष्य	कैफियत
			१	२	३	४	५			
१०	अन्तरक्रियात्मक डिजिटल सामग्रीहरू विभिन्न किसिमका क्षमता भएकाहरूका लागि पनि उपयुक्त हुने गरी विकास गरिने	सामग्रीहरू	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
११	सामुदायिक सिकाइ केन्द्रहरूलाई डिजिटल लर्निङ सेण्टरको रूपमा विकास गरिने	२ केन्द्र	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
१२	सूचना र प्रविधिमा अनुकरणीय क्षमता भएको जनशक्तिका निम्ति प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने	कार्यक्रम	✓	✓	✓	✓	✓	१००%		सङ्घ, प्रदेश र स्थानीय तह
१३	शिक्षकहरूलाई उनीहरूले जम्मा गरेको म्याचिङ्ग फण्डको आधारमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराउने गरी कार्यक्रमको विकास गरी सञ्चालन गरिने	म्याचिङ् फण्डका आधारमा	✓	✓	✓	✓	✓	✓	✓	स्थानीय तह
१४	सूचना र प्रविधिको प्रयोगलाई उपयुक्त र सामाजिक बनाउनका लागि आवश्यक कानुन र आचार संहिताको निर्माण गरिने	कानुनको निर्माण र कार्यान्वयन	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र स्थानीय तह
१५	परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र स्थानीय तह
१६	नगरपालिका र शिक्षालयहरू बिचको शैक्षिक, व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमशः योजनाअवधिसम्म पूर्ण रूपले कागजविहीन (Paperless) गरिने		✓	✓	✓	✓	✓	✓	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
१७	साइबर कानुनको प्रभावकारी कार्यान्वयन र जनचेतनाको अभिवृद्धिका कारण सूचना र सञ्चारको दुरूपयोग र साइवर अपराधका घटनाहरूमा न्यूनीकरण गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश र स्थानीय तह

४.७.आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

४.७.१. परिचय

हरेक बालबालिकाहरूले सुरक्षित रूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागी हुन पाउने उनीहरूको नैर्सगिक अधिकार हो। नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ। बालबालिकाहरूले सबै भन्दा बढी समय विताउने स्थान भनेको विद्यालय हो। विद्यालयमा बालबालिकाहरूका लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइ क्रियाकलाप हुन जरुरी हुन्छ जहाँ बालबालिकाहरूले रमाएर सिक्ने वातावरण तयार होस तर विडम्वना अझै पनि अधिकांस विद्यालयमा शिक्षक र बालबालिकाहरू प्राकृतिक प्रकोप, हिंसा, द्वन्द्व आदिका कारणले भौतिक, शारीरीक र मनोवैज्ञानिक रूपमा असुरक्षित भएको विभिन्न तथ्याङ्कले देखाउँदछ।

सुरक्षित विद्यालय अधिकारमा आधारित छ, जहाँ शिक्षक, कर्मचारी र बालबालिकाहरूले सुरक्षित महसुस गर्ने वातावरण हुन्छ र यसका लागि विद्यालयसँग सम्बधित सबै सरोकारवालाहरू जिम्मेवार हुन्छन। सुरक्षित विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई आपतकालीन अवस्थामा गर्नुपर्ने कार्यका बारेमा जानकारी हुनुका साथै जोखिमबाट सुरक्षित रहनका लागि योजनाहरू तयार गरी कार्यान्वयनमा रहेको, सरोकारवालाहरूबीच सम्मानजनक ब्यबहार र सम्बन्धहरू कायम रहेको, विद्यालय भवन र सिकाइका सुविधाहरू सुरक्षित र सबै बालबालिकाहरूको लागि पहुँचयोग्य भएको हुन्छ। यस्तो अवस्थामा शिक्षण संस्थाहरूबाट हिंसा, द्वन्द्व र विविध किसिमका दुर्घटनाको अवस्थाबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि रिपोर्टिङ र प्रतिकार्य गर्नका साथै विपत्को अवस्थामा पनि सिकाइलाई निरन्तरता दिन सक्ने गरी योजना बनाइएको हुन्छ।

मुलुक गरिब र विपन्न छ भने त्यो मुलुकमा अराजकता बढेको हुन्छ र बाहुबलले राज गरेको हुन्छ। अर्थात अर्को शब्दमा भन्नु पर्दा मुलुकमा अराजकता र बाहुबलले राज गरेकै कारण मुलुक गरिबी र विपन्नताबाट मुक्त हुन नसकिरहेको अवस्था हुन्छ। यस्तो अवस्था भोगिरहेको मुलुकमा सबैभन्दा कष्टकर जीवन त्यो मुलुकका बालबालिकाहरूले बाँचिरहेका हुन्छन्। किनभने उनीहरूसँग बाहुबल पनि हुँदैन र तिकडमको खेलखेल्ने तरिका पनि हुदैन। उनीहरूको बारेमा सोच्ने अभिभावकहरूले समेत आफ्नै बारेमा सोच्न नभ्याइरहेको अवस्था हुन्छ। हाम्रो देशका बालबालिकाले समेत यस्तै परिवेशको सिकार भइरहेको अवस्था छ। समग्र मुलुकका बालबालिकाहरूको अवस्था नै यस्तै जर्जर भएपछि यस बारबर्दिया नगरपालिकाको अवस्था पनि तात्विक हिसाबले त्यो भन्दा फरक नभएको अवस्था छ। यस्तै यस्तै परिवेशलाई छिचोल्दै योजनाको प्रस्तुत खण्डमा बालबालिकाका निम्ति विद्यालयलाई सुरक्षित बनाउन र आपतकालीन तथा सङ्कटकालीन अवस्थामा सिकाइलाई निरन्तरता दिनका लागि भएगरेका प्रयास, सामना गरिरहेका चुनौती, उपलब्ध अवसर र चुनौती र अवसरहरूलाई मध्यनजर राखी उद्देश्य, रणनीति र कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

४.७.२. वर्तमान अवस्था

सुरक्षित विद्यालय र जस्तो सुकै विपत्को अवस्थामा पनि शिक्षालाई निरन्तरता दिने कुरा नेपालको संविधान, शिक्षाको राष्ट्रिय उद्देश्य, विपत् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षाको राष्ट्रिय नीति, दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, शिक्षा क्षेत्र विकास योजना, बृहत विद्यालय सुरक्षा गुरु योजना, बृहत विद्यालय सुरक्षा न्युनतम प्याकेज जस्ता थुप्रै नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख गरिएको छ। यद्यपि अझै पनि विद्यालयहरूलाई विपत् प्रतिरोधी, हिंसामुक्त र शान्ति क्षेत्रको रूपमा स्थापित गरी समग्र विद्यालयलाई सुरक्षित विद्यालयको रूपमा स्थापित गर्न धेरै नै कामहरू गर्नुपर्ने देखिन्छ।

यस बारबर्दिया नगरपालिकामा सञ्चालनमा रहेका विद्यालय र कलेजहरूमा देखिन सक्ने जोखिमका क्षेत्रहरू र हुनसक्ने आपतकालीन अवस्थाहरू बग्रेल्ती रहेका छन्। तीमध्ये प्राकृतिका प्रकोप, हिंसा, द्वन्द्व, दैनिक हुन सक्ने दुर्घटना र द्वन्द्व, विस्थापन, बसाइसराइ आदि

प्रमुख रहेका छन्। प्राकृतिक प्रकोपअन्तर्गत भूकम्प, आगलागी, महामारी, बाढिपहिरो, चट्याङ, हावाहुरी, खडेरी, अति चिसो तथा प्रतिकूल वातावरण, हिमपात, हिमपहिरो, वायु प्रदूषण आदि पर्दछन्। हिंसाअन्तर्गत दुर्व्यवहार, भेदभाव, बेवास्ता, यौन शोषण, श्रम शोषण, शारीरिक तथा मानसिक दण्ड सजाय, बुलिङ आदि पर्दछन्। त्यसैगरी द्वन्द्व अन्तर्गत विद्यालयमा राजनीतिक गतिविधि हुनु, विद्यार्थी र शिक्षकहरूलाई राजनीतिक गतिविधिमा संलग्न गराइनु, विद्यालयलाई बन्दको निशाना बनाइनु, धार्मिक, जातीय, बर्गीय र अन्य द्वन्द्व आदि पर्दछन् भने दैनिक हुन सक्ने घटनाअन्तर्गत सडक दुर्घटना, विद्यालयमा हुने गैर संरचनागत जोखिम, कमजोर भौतिक पूर्वाधारबाट हुने दुर्घटना आदि पर्दछन्। विस्थापन र बसाइसराई अन्तर्गत आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आादि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन तथा बसाइसराइ, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार कुण्ठित भएका सन्दर्भहरू पर्दछन्।

शिक्षा क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित उल्लिखित सम्भावित सङ्कटका तीनओटा बृहत्तर क्षेत्रहरूको व्यवस्थापनमा निम्नानुसार अन्तरसम्बन्धित विषयलाई केन्द्रविन्दुमा राख्नुपर्ने हुन्छ।

1) **अधिकार (Right):** कतिपय अवस्थामा सङ्कटले नागरिकको अधिकार कुण्ठित हुन पुग्छ। नागरिक तथा बालबालिकाको बाँच्न पाउने, विकास गर्न पाउने, सहभागी हुन पाउने र हिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपत्को समयमा पनि कायम रहने सुनिश्चितता हुनु पर्दछ।

2) **समावेशीकरण(Inclusiveness):** जोखिम वा सङ्कटले समाजमा पछाडि परेका वर्ग, अपाङ्गता भएका बालबालिका, महिला तथा बृद्ध बृद्धालाई बढी प्रभावित गरेको हुन्छ र यस्तो अवस्थामा टाठाबाठाले बढी सुविधा लिएका हुन्छन्। तसर्थ विपत्को समयमा कमजोर वर्गलाई विभेदरहित रूपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ।

3) **समता र न्याय (Equity and justice)**: जोखिमले सामाजिक भिन्नता (social divide) बढाउने सम्भावनामा वृद्धि हुनसक्ने भएकाले एउटै स्वरूपको (blanket approach) योजनाले सबैलाई न्याय नगर्न सक्छ। त्यसैले समाजका सबैभन्दा कम सुविधा प्राप्त व्यक्तिले सबैभन्दा बढी फाइदा पाउने गरी सबैका लागि निष्पक्ष अवसरको समानता (Raow, 2001) का आधारमा विपत्को व्यवस्थापनमा समयमा सामाजिक न्यायको प्रत्याभूति हुनुपर्दछ।

4) **पहुँच (Access):** विपत्को समयमा बालबालिकालगायत समाजका पछाडि परेका नागरिकहरू खाद्यान्न, बास, औषधि उपचार, शिक्षण सिकाइ जस्ता आधारभूत आवश्यकताहरूको पहुँचबाट वञ्चित हुन सक्छन्। तसर्थ विपत् या सङ्कटकालीन समयमा ती आधारभूत आवश्यकामा सबैको पहुँच हुने विषयलाई प्राथमिकता दिइनुपर्दछ।

5) **गुणस्तर र सुशासन (Quality and good governance):** जोखिम वा सङ्कटको समयमा प्रवाह हुने सेवामा गुणस्तर सुनिश्चित गरिनुका साथै सुशासनका आधारभूत मान्यताहरू जस्तै कानुन वा विधिमा आधारित (rule of law), उत्तरदायित्व (accountability), पारदर्शिता (transparency) र सहभागिता (participation) सुनिश्चित हुनु पर्दछ।

6) **सेवाको दक्षता (Eefficiency of service):** सेवा प्रवाह जति चुस्त र प्रभावकारी हुन्छ त्यति नै सङ्कटमा परेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापन र स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सेवा समयमा नै पाउँछन्। फलस्वरूप सङ्कट वा विपत्बाट हुने क्षति कम हुन जान्छ। मानवीय, वित्तीय एवम् भौतिक स्रोत साधनको मितव्ययी परिचालन गरी तत्काल धेरै सेवा प्रवाह गर्ने मान्यता यस अन्तर्गत पर्दछ।

हाम्रो देशको **नीतिगत तथा कार्यक्रमिक अवस्थाको विश्लेषण गर्दा** नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। त्यसैगरी बालबालिकासम्बन्धी ऐन २०७५ ले घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिका विरुद्धको हिंसा भनी उल्लेख गरेको छ यस्तो कसुर

गर्नेलाई ५० हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ। शिक्षा नियमावलीले पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नपाइने भनेको छ।

त्यसैगरी बालबालिकालाई शारीरिक सजाय (corporal punishment), मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ (bulling) र यौन दुराचार (sexual harassment) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका (२०६७) जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वय निर्देशिका (२०६८) ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ।

त्यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७) ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षणसिकाइ प्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता नौ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपद्कालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ। बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज (Comprehensive School Safety minimum package, 2018) ले सुरक्षित विद्यालय न्यूनतम् मापदण्डले विशेषत: शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभाव र सामान्य अवस्थामा पनि विद्यालयलाई सुरक्षित विद्यालयको रूपमा स्थापित गर्नमा केन्द्रित रही ३ ओटा पिलरहरू(१) सुरक्षित सिकाइ सुविधा (Safe Learning Facilities), विद्यालय जोखिम व्यवस्थापन (School Disaster (Risk) Management) को सुदृढीकरण र (३) विपत् जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षा (Disaster Reduction and Resilience Education) का न्यूनतम् मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना गरेको छ।

बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधि (Ccomprehensive school safety master plan, 2017 and Ccomprehensive school safety minimum package, 2018) ले अपेक्षा गरेका विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछ। विशेषत विद्यालय क्षेत्र विकास योजना र बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले परिकल्पना गरेको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहजता प्रदान गर्न यो कार्यविधि ल्याइएको हो। यसमा विद्यालयको न्यूनतम् सुरक्षा उपायका लागि गर्नुपर्ने क्रियाकलापहरू समेट्दै शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण तयार गर्ने, शिक्षामा गरिने लगानीको सुरक्षा सुनिश्चित गर्ने वातावरण बनाउने र शिक्षाका माध्यमबाट विपत् जोखिम न्यूनीकरण र उत्थानशीलता विकास गर्ने जस्ता उद्देश्य लिई प्राकृतिक प्रकोपका कारण शिक्षा क्षेत्रमा पर्ने प्रभावको व्यवस्थापनको आधार तयार पारेको छ।

समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुनिश्चित गर्न **दि**गो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचा (SDG4 National Framework, 2030) ले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ। नीति पुनरवलोकन तथा परिमार्जन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्तनात्मक कार्यक्रमको निर्माण तथा कार्यान्वयन गर्ने, सिकाइका लागि आवश्यक पर्ने आन्तरिक तथा वाह्य वातावरणका न्यूनतम मापदण्ड तयार गर्ने तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालना गर्दै अधिकारमा आधारित लैङ्गिक संवेदनशीलता, सुरक्षा चासो तथा बालमैत्री र हिंसारहित शैक्षिक कार्यढाँचाको प्रवर्द्धन गर्ने जस्ता विषय अघि सारेको छ।

पन्ध्रौं योजना**ले** प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरेको छ। यसले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारेको छ। राष्ट्रिय शिक्षा नीति,२०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने,

सरोकारवालाहरूलाई विपत् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली–बेइज्जती, विभेदलगयतका गैरसंरचनात्मक विपत् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरेको छ।

मानव इतिहास कै ठुलो विश्वव्यापी महामारी कोभिड–१९ ले नेपालको पनि सामाजिक एवम् आर्थिक जीवनमा ठुलो नकारात्मक असर पुऱ्यायो। यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो। यस नगरपालिकामा १११ बालविकास केन्द्रहरू, ५७ (४२ वटा सामुदायिक र १५ वटा संस्थागत) विद्यालयहरू र एउटा प्राविधिक शिक्षालय, २ वटा क्याम्पसहरूमा अध्ययनरत करिब २०,००० भन्दा बढी बालबालिकाहरू र ५०० जनाभन्दा बढी शिक्षकहरूको दैनिक शिक्षण सिकाइ कार्य अवरुद्ध भएको थियो।

देशव्यापी बन्दाबन्दी सुरू हुँदा कक्षा ९ सम्मको सबै परीक्षाहरू सम्पन्न भए तापनि एस.ई.ई., कक्षा ११ र १२ का परीक्षाहरू र विश्वविद्यालय तहका सबै परीक्षाहरू प्रभावित हुन पुगे। कोभिडको दोस्रो लहरका कारण पनि शिक्षा क्षेत्र थप प्रभावित बन्यो। २०७८ भदौपछि मात्र पठनपाठन सुचारु भएको छ। कोभिड-१९ ले विशेषत: शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र बैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू हुँदै आएका छन्। जसमध्ये विकास साझेदारहरू समेतको सहकार्यमा कोभिड-१९ को असर न्यूनीकरण गरी शैक्षिक क्षति कम गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रको भैपरी योजना तयार गरी सिकाइलाई निरन्तरता दिनका लागि बैकल्पिक उपायहरूको अवलम्वन गर्न प्रयास भएको छ। यत्ति हुँदाहुँदै पनि विद्युत, टेलिफोन र इन्टरनेट सेवाको पहुँचबाट टाढा भएका बालबालिकाहरूको महामारीको लामो अवधि औपचारिक शिक्षण सिकाइ क्रियाकलापबाट विमुख भएर बित्यो भने कतिपयको अनलाइन शिक्षण सिकाइ निरन्तर चलिरह्यो। यसले गर्दा बालबालिका फेरि पनि डिजिटल डिभाइसको खतरामा परेको देखिन्छ।

४.७.३. चुनौती र अवसर

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु, केही हदसम्म अबका दिनहरूमा यन्त्रहरूको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन गर्नु, आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु, स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने भन्नेबारेमा विश्वस्त र भरपर्दो वातावरणको निर्माण गर्नु, विद्यालय सुरक्षाका लागि नीतिगत रूपमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नु, योजना भए पनि विपत्को बेला त्यस्ता योजनाहरूको प्रभावकारी कार्यान्वयन हुनु जस्ता चुनौतीहरू प्रमुख रूपमा रहेका छन्।

सुरक्षित विद्यालय अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ? विपत्को अवस्थामा मात्रै नभै सामान्य अवस्थामा पनि बालबालिकाहरूको सुरक्षित सिकाइको वातावरणलाई कसरी सुनिश्चित गर्ने ? छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्ग (component) मा यस विषयको प्रत्याभूति गर्ने ? प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ? अनुमान गर्न नसकिने (Unpredictable) घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने ? कतिपय सङ्कट अन्तर्राष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय त कतिपय प्रदेश र स्थानीय तहका हुन्छन्। यसमा कुन सङ्कटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने ? योजना तत्कालिक बनाउने कि दीर्घकालीन ? सङ्कटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने ? आदि सवालहरू पनि सुरक्षित विद्यालय व्यवस्थापनको क्षेत्रमा गम्भीर रूपमा देखिएका मुद्दाहरू हुन्।

बर्दियामा २०७१ मा आएको बाढी र २०७२ मा आएको भूकम्पले दिएको सन्देशकै कारण भवन निर्माण सम्बन्धी आचारसंहिताले प्रभावकारी कार्यान्वयन गर्ने सवालमा तीनै तहका सरकारहरू सक्रिय देखिएका छन्। विभिन्न क्षेत्रमा बनेका ऐन कानुन र नीति नियमहरूले विभेद, हिंसा, असुरक्षा र दुर्व्यवहारलाई अन्त गर्ने सवाललाई प्राथमिकता दिएको अवस्था छ। विभेद, दुर्व्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूमा हस्ताक्षर गरेको छ। मुलुकभित्र सुरक्षित विद्यालय व्यवस्थापनका लागि सरकारका अतिरिक्त गैरसरकारी क्षेत्रका सङ्घसंस्थाहरू पनि सरकारसँग सहकार्य र सहलगानी गर्ने सवालमा अघि बढेको अवस्था छ। सरोकारवाला र नागरिक समाजमा समेत व्यक्तिगत हिसाबले पनि हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख भएको अवस्था छ। महामारी र प्रकोपको अवधिमा मनकारी मानिसहरू र उनीहरू मार्फत् सञ्चालन भएका सङ्घसंस्थाहरूले समेत उल्लेख्य योगदान गरेको अवस्था छ। कोभिड १९ का कारण सरकार लगायत धेरै विद्यालयहरूले आफूलाई अनलाइन सिकाइका निम्ति सक्षमताको विकास गरेका छन्। त्यतिबेला बारबर्दिया नगरपालिकाले गृह शिक्षक, घुम्ती शिक्षक र परियोजना कार्यमार्फत् सिकाइ सहजीकरणको काम गरेको थियो। उल्लिखित पक्षहरूलाई योजनाको यस खण्डका निम्ति अवसरको रूपमा लिन सकिन्छ।

४.७.४. लक्ष्य तथा उद्देश्यहरू

योजनाको प्रस्तुत खण्डको विषयको लक्ष्य सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा विभेद प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गर्नु रहेको छ भने यसका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु।

२. सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील (Resilient) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु।

३. सङ्कटको प्रतिकार्य (Response) को निम्ति पालिकास्तरीय संयन्त्रको तयारी गर्नु।

४. नगरस्तरीय अल्पकालीन र दीर्घकालीन पुनर्स्थापन केन्द्रको विकास (Recovery) गर्नु।

५. विद्यालयलाई शान्ति क्षेत्र र हिसामुक्तको रूपमा स्थापित गरी, बालबालिकाहरूले सुरक्षित र भयरहित वातावरणमा सिक्ने अवसरको वातावरण सृजना गर्नु।

६. जस्तोसुकै विपत् र सङ्कटको अवस्थामा पनि सिकाइलाई निरन्तरता दिने गरी क्षमता र संरचनाको विकास गर्नु।

४.७.५. रणनीतिहरू

उल्लिखित उद्देश्यहरू हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्रदेशस्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कन (Assessment) तथा विश्लेषण गरिने छ।

२. स्थानीय तहलाई संकटासन्नता (vulnerability) को मूल्याङ्कन (Assessment) का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् (Comprehensive) योजना निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गरिने छ।

३. विपत् तथा सङ्कटको व्यवस्थापनसँग सम्बन्धित नगरपालिका स्तरीय संयन्त्र र मापदन्ड तयार गरी कार्यान्वयन गरिने छ।

४. पालिका र विद्यालय तहमा विपत्को अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ।

५. विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानुन बनाई कार्यान्वयन गरिने छ।

६. विद्यालयहरूमा बालबालिकाहरूको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गरिने छ।

७. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालयहरूसँग समन्वय र सहकार्य गरिने छ।

८. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकसजस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गरिने छ।

९. विद्यालयमा सुरक्षित विद्यालय र विपत् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न अभिप्रेरित गरिने छ।

१०. सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण गरिने छ।

११. विपत् पूर्व, विपत्को समयमा र विपत् पछिको अवस्थामा विपत्बाट सुरक्षित रहन र विपत्को सामना गर्नका लागि आवश्यक पर्ने उच्च मनोवलको विकास गर्न फोकल शिक्षक मार्फत विद्यार्थीहरूलाई मनोसामाजिक परामर्शको व्यवस्था गरिने छ र यसका लागि फोकल शिक्षकको समेत क्षमता विकास गर्नका लागि आवश्यक प्रवन्ध गरिने छ।

१२. स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपत् उत्थानशील बनाउनुका साथै शिक्षण सिकाइ प्रक्रिया र व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रूपमा सुरक्षित बनाउनका लागि सहयोग र सहजीकरण गरिने छ।

१३. विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गरिने छ।

१४. हिंसा र हेपाइमा परेका बालबालिकालाई न्याय र पीडकलाई सजाय दिने सवालमा शून्य सहनशीलता अपनाइ कानुन निर्माण गरी कार्यान्वयन गर्ने सवालमा सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गरिने छ।

१५. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपत् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गरिने छ।

१६. बाढीपहिरो, भूकम्प र महामारीको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरूमा **बहुउद्देश्यीय साझा घर** निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वयन गरिने छ र यस्तो प्रकोप र सङ्कटको समय विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गरिने छ।

१७. विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने। विपत् व्यवस्थापन र सङ्कटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरूलाई स्थानीयकृत (localize) गरिने छ।

१८. नगर, वडा र विद्यालयस्तरमा विपत्को समयमा शैक्षिक क्षेत्रमा सहयोग पुग्ने गरी स्थायी किसिमको विपत् व्यवस्थापन कोषको व्यवस्था गरिने छ।

१९. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत सङ्घ सङ्गठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइने छ।

४.७.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क) उपलब्धि

१. सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने

ख) प्रमुख नतिजा

१. सामान्य अवस्था र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने

२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुर्नउत्थानको योजना तथा क्षमता विकास भएको हुने

३. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील (**resilient**) भएको हुने

४. महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह तथा सिकाइको निरन्तरता भएको हुने।

५. युद्ध, सामाजिक द्वन्द, हिंसा, बसाइसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता भएको हुने

६. विद्यालयमा शिक्षक र विद्यार्थीहरू सुरक्षित र भयरहित वातावरणमा रमाएर सिक्ने सिकाउने वातावरणको सिर्जना भएको हुने

७. हिंसा र हेपाइमा परेका बालबालिकालाई न्याय र पीडकलाई सजाय दिने सवालमा शून्य सहनशीलता अपनाउने गरी कानुन निर्माण गरी कार्यान्वयन भएको हुने

८. बाढीपहिरो, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्नका लागि सङ्कटको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरूमा साझा घर निर्माण गरिएको हुने।

ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका नं ४.७: आपतकालीन र सङ्कटपूर्ण अवस्थामा शिक्षासम्बन्धी प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र स	प्रमुख क्रियाकलापहरू	इकाई	५ वर्षको लक्ष्य						१० वर्षको लक्ष्य	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१	सुरक्षित विद्यालय सम्बन्धी नीति, रणनीति र मापदण्ड निर्माण र कार्यान्वयन गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
२	सुरक्षित विद्यालयसम्बन्धी विषयलाई समावेश गरी पठनपाठन गर्न विद्यालयहरूलाई सहजीकरण गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
३	नगर, वडा र विद्यालयहरूका विपत्को समयमा सहयोग पुग्ने गरी विपत् व्यवस्थापन कोषको स्थापना र सञ्चालन गरिने	नगर वडा र विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका र विद्यालय
४	विपत्को जोखिमलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा सुरक्षित स्थलको पहिचान गरी विद्यालय परिवार सबैलाई सोको उपयोग गर्न अभ्यस्त बनाइने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	विद्यालय
५	बृहत् विद्यालय सुरक्षासम्बन्धी विद्यालयका प्र.अ. र विद्यालय सम्पर्क शिक्षकलाई तालिम प्रदान गरिने	प्रअ र शिक्षक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
६	सकारात्मक अनुशासन, सामाजिक संवेगात्मक सिकाइ, दण्डरहित शिक्षण, लैङ्गिक तथा सामाजिक समावेशीकरण विषयको तालिम प्याकेजको निर्माण गरी सम्पूर्ण शिक्षकहरूलाई तालिम प्रदान गरिने	सबै शिक्षकहरू	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
७	उत्थानशीताका लागि whole school approach का आधारमा सचेतना विकास गर्नका लागि कार्यक्रमा सञ्चालन र सहयोग गरिने	सबै विद्यालयहरू	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह

क्र स	प्रमुख क्रियाकलापहरू	इकाई	५ वर्षको लक्ष्य						१० वर्षको लक्ष्य	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
८	विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान (विद्यालय परिसरको विपत् जोखिम मूल्याङ्कन गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापनसहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्नका लागि सहयोग गर्ने	सबै विद्यालयह	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	नगरपालिका र सबै विद्यालयहरू
९	सबै विद्यालयहरूको स्तरोन्नति (अपाङ्गमैत्री, बालमैत्री, विपत् उत्थानशील) गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुविधा सम्पन्न विद्यालयको रूपमा विकास गर्दै लगिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
१०	Education can't Wait लाई आत्मासाथ गर्दै जुन सुकै विपत्मा पनि शिक्षालाई निरन्तरता दिनका लागि हरेक विद्यालय र पालिकाको भैपरी शिक्षा योजना तयार गरी कार्यान्वयन गरिने	पालिका र विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
११	विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय र सम्बन्धित सङ्घसंस्थाहरूको संलग्नतामा विद्यालयको घेराबार, खेल मैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री बनाउन सहयोग तथा सहकार्य गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	स्थानीय तह

क्र स	प्रमुख क्रियाकलापहरू	इकाई	५ वर्षको लक्ष्य						१० वर्षको लक्ष्य	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१२	शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्नका लागि समन्वय र सहजीकरण गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	स्थानीय तह
१३	सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
१४	विद्यालयहरूलाई विपत्को अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक, खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ,किट, प्राथमिक उपचार बाकस तथा अन्य राहत सामग्री (Relief Materials)को प्रबन्ध गर्नका लागि सहयोग गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	स्थानीय तह
१५	विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालय र सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	स्थानीय तह

क्र स	प्रमुख क्रियाकलापहरू	इकाई	५ वर्षको लक्ष्य						१० वर्षको लक्ष्य	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
१६	विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
१७	विद्यालयहरूमा स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षिका स्वास्थ्य कार्यकर्ताको व्यवस्था	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
१८	आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्बन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधिहरू एकीकृत गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
१९	निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह Safe learning action group निर्माण र परिचालन गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	स्थानीय तह
२०	हिंसा र हेपाइमा परेका बालबालिकालाई न्याय र पीडकलाई सजाय दिने सवालमा शून्य सहनशीलता अपनाउने गरी कानुन निर्माण गरी कार्यान्वयन गरिने	सबै विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	सङ्घ, प्रदेश र स्थानीय तह
२१	बाढीपहिरो, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्नका लागि सङ्कटको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरूमा बहुउद्देश्यीय साझा घर निर्माण गरिने	सबै टोलहरू	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	स्थानीय तह

४.८. शिक्षामा भौतिक पूर्वाधार विकास

४.८.१. परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको योजनामा प्रस्ताव गरिएको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

४.८.२. वर्तमान अवस्था

नेपालमा हाल कुल विद्यालयको सङ्ख्या ३५,५२० मध्ये २७,५४० सामुदायिक विद्यालय रहेका छन्। देशका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ९४,८१५ विद्यालय भवन रहेकामा ५९,९४० भवन पक्की छन्। ती भवनहरूमा जम्मा १,७३,५८२ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने १,६९,१३८ ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ। प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा ८,९८७ विद्यालयमा मात्र देखिन्छ भने११,०६९विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ। सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या९३,७२५ रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन। यी विद्यालयहरूमा जम्मा ५४,२८३ स्टाफ कोठा, ९५,३३ पुस्तकालय कोठा र ३,३५८ खेलकुद कोठा रहेका छन् भने ६,१८७ ओटा कोठामा विज्ञानका ल्याबहरू रहेका छन्।

२०७२ सालमा गएको विनासकारी भुकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो। जसमध्ये हालसम्म ६,०८५ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १,४६८ विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन्। सङ्घीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुँदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारी भएकाले कार्यान्वयनको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार सङ्घीयतहबाट हुँदै आएको छ। यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व सङ्घ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ। विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन। हालै मात्र

बृहत् रूपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (CLPIU) बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने र गैर सरकारी सङ्घसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन्। प्राप्त सूचनाका आधारमा हालसम्म पूर्वाधारको आवश्यकता सम्बोधन हुन सकेको छैन।

बारबर्दिया नगरपालिकामा ४२ वटा सामुदायिक विद्यालयहरू छन्। यी सबै विद्यालयहरूको भवन सङ्ख्या २३७ रहेका छन् जसमा १३६ भवनहरू पक्की छन् भने १०१ भवनहरू कच्ची रहेका छन्। यी भवनहरूका पक्की कक्षाकोठाको सङ्ख्या ४०८ रहेका छन्। जसमध्ये मल्टीमिडियाको सुविधा सहितका कोठाको सङ्ख्या १४, अन्तक्रियात्मक कोठाको सङ्ख्या २, छापामय वातावरण भएका कोठाको सङ्ख्या ११६ र बुक कर्नर भएका कोठाको सङ्ख्या १४० रहेको छ। यसरी नै भएका विद्यालयहरू मध्ये १८ वटा विद्यालयमा पुस्तकालय, ९ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १६ वटा विद्यालयमा कम्प्युटर ल्याब र १४ वटा विद्यालयमा इन्टरनेट सुविधा भएको देखिन्छ। त्यसरी नै ती विद्यालयहरूका छात्राहरूका निम्ति २४ वटा, छात्रहरूको निम्ति २४ वटा र महिला र पुरुष शिक्षकहरूका निम्ति क्रमश: १४/१४ वटा पानीको सुविधा सहितका पक्की शौचालय भएको अभिलेख छ भने अन्य शौचालयहरू कच्ची एवम कामचलाउको अवस्थामा रहेका छन्। अपर्याप्त किसिमको भए पनि खानेपानी, प्राथमिक उपचार र विद्युतको सुविधा सबै विद्यालयमा पुगेको छ। कच्चीपक्की गरी पठनपाठनका निम्ति प्रयोग भएका कक्षा कोठाहरूको सङ्ख्या ४३२ रहेको छ। खेलमैदान अपर्याप्त भए पनि सबै विद्यालयहरूमा रहेको छ। कच्ची, पक्की र तारबार गरेर सबै विद्यालयहरूमा नै घेरावारको व्यवस्था पनि गरिएको देखिन्छ। यद्यपि अभिलेखमा जनाइए अनुसार माथि उल्लेख गरिएका सुविधाहरूमध्ये समग्रमा कुनै पनि सुविधा पर्याप्त भएको देखिदैन।

गतवर्ष कोभिडको पहिलो लहर चलेको समयमा बाँकेको एउटा विद्यालयलाई क्वारेन्टाइनको रूपमा प्रयोग गरी मुलुक बाहिरबाट आएका मानिसहरूलाई राखियो। उक्त क्वारेन्टाइनमा बसेका मानिसहरूले खानेपानी, शौचालय र फ्यान आदि नभएको भन्दै आन्दोलन गरेका थिए। साँच्चै विद्यार्थीहरूले त्यस्तो विद्यालयमा कसरी वर्षौंदेखि बसेर अध्ययन गरे होलान् ? यो एउटा सानो उदाहरण मात्र हो। यस्ता उदाहरणहरू मुलुकभरि सामुदायिक विद्यालयहरूको हकमा बग्रेल्ती छन्। आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको पालामा कर्कट पाताले छाएका मोडलका विद्यालय भवन मुलुकभरि धेरै निर्माण भए। बालबालिकाका लागि त्यस्तो भवन कुनै पनि सिजनमा उपयुक्त नहुने हिरासत जस्तो हुँदो रहेछ। हिउँदमा अत्यधिक चिसो, गर्मीमा अत्यधिक गर्मी र वर्षामा पानी परेको आवाजले शिक्षण सिकाइ क्रियाकलाप अवरुद्ध हुने हुँदोरहेछ। बालमैत्री, सिकाइमैत्री जे जस्तो भनिए पनि भवन बनाउदा लागतमैत्रीलाई बढी ख्याल गरिएको देखिन्छ। लागत पनि तराइदेखि हिमालसम्म, गाउँदेखि सहरसम्म, राजधानीदेखि मोफसलसम्म सबैतिर एउटै त्यो क्रम अहिले पनि जारी छ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरूपता कायम हुन सकेको छैन। जस्तै ४ कोठाको भवन बनाउँदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु३६लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाखसम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेका छन्। भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीँ विवाद र कानुनी प्रश्न उठिरहेका छन्। शिक्षा मन्त्रालय अन्तर्गतको सबै भन्दा ठुलो बेरुजुको हिंस्सा भवन निर्माणको रहेको छ। नेता, विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरूले समेत विद्यालयको अरू पक्षलाई भन्दा पनि पूर्वाधार निर्माणको पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ। तथापि पूर्वाधारहरू भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन्। रकम नपुगेर कतिपय पूर्वाधारहरू अधकल्चो अवस्थामा छन्। कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्दा र उजुरीका कारण काम हुन नसकेका अवस्थाहरू पनि छन्। भवन निर्माण गर्ने सिलसिलामा भवन आचारसंहिताको पालना नभएका कारण धेरैजसो विद्यालयहरू सुरक्षित, लैङ्गिक र अपाङ्गमैत्री बन्न सकेका छैनन्। पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरू उठिरहेका छन्। कसैले कहिल्यै नपाउने र कसैले सँधैं पाइरहने अवस्था भइरहेको गुनासो मर्कामा परेकाहरूले गर्छन्।

४.८.३. चुनौती र अवसर

योजनाको प्रस्तुत खण्ड विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित चुनौतीहरूअन्तर्गत विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवम्म् जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु, नपुग रकमका लागि अभिभावकहरूबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु,पूर्वाधारहरूलाई अपङ्गमैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातावरणा अनुकूलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजुरी रहित बनाउनु, पूर्वाधारका कार्यक्रमहरू वितरण गर्दा न्यायपूर्ण र निष्पक्षताका आधारमा वितरण गर्नु, पूर्वाधार निर्माण कार्यक्रम वितरण गर्दा तीनवटा सरकारको बिचमा समन्वयको वातावरण हुनु, स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु आदि रहेका छन् ।

विद्यालय पूर्वाधार निर्माणको सवालमा अवसरहरू पनि पर्याप्त देखिन्छन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र जनप्रतिनिधिहरूले विद्यालयको अन्य पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारबाट पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणका सवालमा बारबर्दियामा रुम टु रिड लगायतका गैरसरकारी संस्थाहरूले समेत योगदान गर्नु, पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान पनि इतिहासदेखि नै वर्तमानसम्म पनि अक्षुण जस्तै हुनु, अधिकांश विद्यालयहरूका पूर्वाधार विगतको तुलनामा सुधार हुँदै गएको देखिनु, अन्यत्रको तुलनामा बारबर्दियाका विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक हुनु, कतिपय विद्यालयहरूमा पूर्वाधारतर्फ मर्मत् सम्भारका लागि आफ्नै आयस्रोत हुनु, मन्त्रालय र विभागले समेत २०७२ को भूकम्पपछि निर्माण हुने पूर्वाधारहरूलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु आदिलाई अवसरहरूको रूपमा लिन सकिन्छ ।

४.८.४. लक्ष्य तथा उद्देश्यहरू

योजनाको प्रस्तुत खण्डको विषयको लक्ष्य सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु रहेको छ भने यसका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ,

२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,

३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु,

४. विद्यालय पूर्वाधार निर्माणको पहुँचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु,

५. भौतिक पूर्वाधारको हिसाबले शैक्षिकसंस्थाहरूलाई अभावमुक्त बनाउनु ।

४.८.५. रणनीतिहरू

उल्लिखित उद्देश्यहरू पूरा गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छन् :

१. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुन: परिभाषित गरिने छ ।

२. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड विकास गरिने छ ।

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गरिने छ।

४. स्थानीय तहको संयोजनमा विकास भएका शैक्षिक संस्थाहरूको पूर्वाधारको विद्यालयभन्दा बाहिरका अन्य पक्षले करारका आधारमा उपयोग गरेवापत् विद्यालमा प्राप्त हुने आम्दानीलाई सम्वर्द्धन एवम् मर्मत कार्यमा उपयोग गरिने छ।

५. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सङ्घसंस्थासँग लागत साझेदारी गरिने छ।

६. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक निर्माण गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा अनुसार निर्माण कार्यको कार्यान्वयन गरिने छ।

७. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप संरचनाको योजना एकै पटक गरिने छ।

८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ।

९. अन्तर सरकार र अन्य सरोकारवालाहरू बिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवम् जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिने छ।

१०. पूर्वाधार निर्माणका लागि कसैका मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिबद्धताको वातावरण विकास गरिने छ।

११. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानीका लागि समुदायका मानिसहरूमा अपनत्वको भावना विकास गरिने छ।

१२. शैक्षिक संस्थाहरूलाई भौतिक पूर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावमुक्त थलोको रूपमा विकास हुने गरी पूर्वाधारका कार्यक्रमहरू सञ्चालन गरिने छ।

१३. जस्तापाताले छाएका भवनहरू विस्थापित गरिदै लगिनेछ।

१४. कक्षाकोठालाई रङ्गरोगन सजावट गरी सिकाइमैत्री बनाइनेछ।

१५. विद्यालयमा बालउद्यान निर्माण गरी वातावरणमैत्री विद्यालय विकास गरिने छ।

१६. सेनेटरी प्याड व्यवस्थापनको लागि उचित व्यवस्था गरिने छ।

४.८.६. उपलब्धि नतिजा तथा प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क) उपलब्धि

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने।

ख) नतिजा

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने।

२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार हुने।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।

४. देशका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।

५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणाअनुसार पूर्वाधार विकास हुने।

६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने।

७. पूर्वाधार विकासका लागि आवश्यक विधि. मापदण्ड र स्तरीकरणका सूचक तयार हुने।

८. विद्यालयहरूमा बनेका संरचनाको संवर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुने।

९. विद्यालय पूर्वाधार विकासका कामहरू दिगो र विवादरहित हुने।

१०. नगरपालिकाका शैक्षिक संस्थाहरू भौतिक पूर्वाधार विकासको हिसाबले योजना अवधिसम्ममा क्रमश अभावमुक्त भएका हुने।

ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ४.८: विद्यालय भौतिक पूर्वाधार विकासका क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित गर्ने	पटक	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश तथा स्थानीय तह
२	विद्यालयहरूको पूर्वाधार विकास मास्टर प्लानको निर्माण र कार्यान्वयन गरिने	पटक	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश तथा स्थानीय तह
३	पूर्वाधार विकास प्रारूप विकास र तीनै तहमा स्रोतको विनियोजन गरिने	पटक नियमित	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश तथा स्थानीय तह
४	एक विद्यालय सम्पूर्ण पूर्वाधार(A School with Complete Infrastructure) अनुरूप भौतिक पूर्वाधारको विकास गरिने	विद्यालय सङ्ख्या	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश तथा स्थानीय तह
५	विद्यालयहरूको पूर्वाधार निर्माणको मापदण्ड एवम् स्तरीकरणका सूचक विकास गरी लागु गरिने	पटक	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश तथा स्थानीय तह

६	विद्यालयहरूमा अपाङ्गमैत्री र लैङ्गिक मैत्री संरचनाको विकास गरिने	विद्यालय सङ्ख्या	✓	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश तथा स्थानीय तह
७	विद्यालयहरूमा बनेका संरचनाको संवर्धन तथा मर्मत सम्भार गरिने	विद्यालय सङ्ख्या	✓	✓	✓	✓	✓	✓	✓	स्थानीय तह
८	विद्यालयको पूर्वाधार निर्माण र संरक्षणका लागि समुदायका मानिसहरूमा अपनत्वको भावनाको विकास गरिने	समुदाय	✓	✓	✓	✓	✓	✓	✓	स्थानीय तह, विद्यालय र समुदाय

परिच्छेद : पाँच
तीनै तहका सरकारहरूको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध

५.१ परिचय

नेपालको संविधान २०७२ ले नेपाललाई सङ्घीय राज्यको रूपमा व्यवस्था गरी मुलुकमा तीन तहको सरकारको कार्यान्वयन भइरहेको अवस्था छ। जसअन्तर्गत मुलुकमा अहिले एउटा सङ्घीय सरकार सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारहरू रहेको अवस्था छ। सङ्घीयसंरचना अनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चितताका लागि अनुसूची ५, ६, ८ र ९ को व्यवस्था गरेको छ। जस अन्तर्गत अनुसूची ५ को बुँदा १५ ले सङ्घको एकल शैक्षिक दायित्व तोकेको छ। अनुसूची ६ को बुँदा ८ ले प्रदेशको एकल शैक्षिक दायित्व उल्लेख गरेको छ। त्यस्तै अनुसूची ६ को बुँदा १८ ले भाषा, लिपि आदिलाई सङ्घीय सरकार तथा प्रदेश सरकारको साझा जिम्मेवारीमा राखेको छ। अनुसूची ८ को बुँदा ८ ले स्थानीय सरकारको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक तहको शैक्षिक दायित्वको व्यवस्था गरेको छ। अनुसूची ९ को बुँदा २ ले स्थानीय सरकार, प्रदेश सरकार, तथा सङ्घीय सरकारको साझा शैक्षिक दायित्व उल्लेख गरेको छ। सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा पालिकाले शिक्षा क्षेत्रको नेतृत्व गरेको छ।

५.२. वर्तमान अवस्था

सङ्घीय तहमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा नीति, सङ्घीय ऐन, नियम बनाउनुका साथै देशका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षा क्षेत्रमा लगानीको वातावरण बनाउने कार्य गरेको छ। उच्चदेखि मध्यम तहसम्मको जनशक्ति विकास, पाठ्यक्रम विकास, प्रमाणीकरण, व्यवस्थापन तथा नियमन गर्नका लागि संस्थागत संरचना विकास गरेको छ। संविधानले सङ्घीय सरकार मातहत उच्च शिक्षातर्फ केन्द्रीय विश्वविद्यालयहरू र यससँग सम्बन्धित संकायहरू, आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरू, पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्रहरू, विभिन्न आयोगहरू तथा कार्यालयहरू रहेका छन्। त्यसैगरी विद्यालय शिक्षातर्फ शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र लगायत विभिन्न समिति, आयोगहरू क्रियाशील रहेका छन्। त्यसैगरी विभिन्न प्राज्ञ प्रतिष्ठानहरू, पुस्तकालयहरू,अनुष्ठानहरू पनि रहेका छन्।

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या, शिक्षा तथा मानव संशाधन, महिला तथा बालबालिका, युवा तथा खेलकुद, भाषा, धर्म तथा संस्कृति, श्रम तथा रोजगार, पोषण, खानेपानी तथा सरसफाइ गरी ७ वटा विषयगत कार्यक्षेत्र रहेका छन्। संविधानले स्थानीय तहको अधिकार र जिम्मेवारी आधारभूत तहको शिक्षालाई तोकेकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ज) मा आधारभूत शिक्षाअन्तर्गत स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू देहाय बमोजिम तोकेको छः

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साङ्कन,अनुमति,स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय सरकारको जिम्मेवारीभित्र देहायका कुराहरू समावेश गरेको छः

- प्रारम्भिक बालविकाससम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवम् प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
- आधारभूत शिक्षा सम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
- अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्रसम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
- अभिभावक शिक्षा सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- खुला तथा दुर शिक्षासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

- आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
- विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवम् कार्यान्वयन सहजीकरण,
- विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
- राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
- विद्यालयको नक्साङ्कन, समायोजन तथा नियमन,
- सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
- स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलव्धिको परीक्षण र व्यवस्थापन,
- अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्धन, र स्तरीकरण,
- सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
- विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
- शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
- विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवम् कार्यान्वयन सहजीकरण,
- विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
- राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान,
- विद्यालयको नक्साङ्कन, समायोजन तथा नियमन,
- सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

- स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्धन, र स्तरीकरण,
- सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
- विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
- शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
- अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

संविधान र ऐन कानुनले तोकिएका जिम्मेवारीहरू सम्पादन गर्नका लागि लुम्बिनी प्रदेशमा शिक्षा, विज्ञान तथा सामाजिक विकास मन्त्रालयको नेतृत्वमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय शिक्षा तालिम केन्द्र र १२ वटा जिल्लाहरूमा काम गर्नका लागि ६ वटा सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी कामकाज भइरहेको अवस्था छ। सङ्घीय सरकारको मातहतमा रहेको शिक्षा विकास तथा समन्वय इकाई र प्रदेश सरकारको मातहतमा रहेको सामाजिक विकास डिभिजन कार्यालयको बिचमा कामकाजको क्रममा सरोकारवालाहरूको बिचमा कतैकतै अनावश्यक द्विविधा देखिएको अवस्था पनि छ। यद्यपि यस्ता द्विविधाहरू पनि अरू सवालहरूमा पनि देखापरेका छन्। संविधानले तोकेबमोजिमका शिक्षाका कार्यहरू स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सञ्चालन हुँदै आइरहेको छ।

मुलुकमा मूल कान'नको रूपमा संविधान जारी भए पनि अरू कानुनहरू बनिसकेको अवस्था छैन। संविधानले कुन सरकारले शिक्षाको कुन काम गर्ने भन्ने सम्बन्धमा केही विषयमा स्पष्ट र केही विषयमा कानुन बनाई व्याख्या गर्नु आवश्यक छ। यस्तो अवस्थामा शिक्षा ऐन पुरानै छ र सङ्घीयताको मर्म अनुरूप संशोधन हुन सकिरहेको छैन। कतिपय स्थानीय तहबाट संविधानले आफुलाई दिएको अधिकार भनेर शिक्षकको नियुक्ति र सरुवा, एस.ई.ई को परीक्षा सञ्चालन, विद्यालयहरूको भौतिक पूर्वाधार विकास लगायतका सवालहरूमा काम गर्न रुचि देखाएको अवस्था छ। विद्यालय शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई भएको र हालको अवस्थामा स्थानीय तहमा शिक्षासम्बन्धी काम गर्ने संरचना र जनशक्ति नभएको कारण शिक्षामा केही द्विविधा र केही अलमलको स्थिति देखिएकोछ। पुरानो संरचना अन्तर्गतका स्रोतकेन्द्रहरू खारेज गरिएको कारण विद्यालयहरूमा हुने सुपरीवेक्षण र अनुगमन प्राय शून्य भएको अवस्था छ।

५.३. चुनौती र अवसर

संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सबैको बुझाइमा एकरूपता कायम हुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा मतैक्यता हुनु, एकअर्का बिचको समन्वयका लागि सुदृढ कानूनी एवम् संस्थागत र संरचनागत व्यवस्था हुनु, सङ्घीय संरचना अनुसारको शिक्षाको ऐन कानुन निर्माण हुनु, स्थानीय तहमा शिक्षासम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था हुनु जस्ता चुनौतीहरू प्रमुख रूपमा रहेका छन्। त्यसरी नै संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउनु, शिक्षाका तहगत संरचनाहरूको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरूको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले ध्यानाकर्षण गराउनु, सामुदायिक विद्यालयहरूको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारीअनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि पनि उल्लेख्य चुनौतीको रूपमा रहेका छन्।

मुलुकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सहित सङ्घीय राज्य प्रणाली कार्यान्वयनमा आएपछि तीनवटै तहका सरकारहरूबाट शिक्षाको संरचनामा चासो राखेर काम गर्ने जमर्को भइरहेको छ। तीनवटै सरकारहरूले आआफ्नै किसिमले क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेका छन्। विद्यालयहरूको भौतिक संरचनाको विकास र विस्तारले तुलनात्मक किसिमले प्राथमिकता पाएको अवस्था छ। विशेषगरी बारबर्दिया नगरपालिकाले शिक्षक दरबन्दी अपर्याप्त भएका विद्यालयहरूमा आफ्नै स्रोतबाट शिक्षकहरूको व्यवस्थापन गरेर विद्यालयहरूमा शिक्षक व्यवस्थापनका लागि सहयोग गरिरहेको छ। यस नगरपालिकाले आफ्नो सामान्यीकरण बजेटको पच्चीस प्रतिशतको हाराहारीमा बजेट लगानी गरेको अवस्था छ। बालविकासका सहयोगी कार्यकर्ताहरूको सुविधामा थप गरेको अवस्था छ। बालविकासदेखि कक्षा १२ सम्मको कक्षा सञ्चालनको अनुमति स्थानीय तहले नै दिने भएको हुँदा विद्यालयहरूलाई तह वा कक्षा थप गर्ने काम सहज भएको छ।

५.४. लक्ष्य तथा उद्देश्यहरू

गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तर सरकार सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास हुनु योजनाको प्रस्तुत विषय क्षेत्रको लक्ष्य रहेको छ भने यसका उद्देश्यहरू निम्नबमोजिम रहेका छन्।

१. संविधानको मर्मअनुसार आवश्यक पर्ने कानुन निर्माण गरी तीनै तहको सरकारकोबिचमा अधिकार र जिम्मेवारीका सम्बन्धमा देखिएका अन्यौलहरूको निराकरण गर्न योगदान गर्नु।

२. संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरूको प्रभावकारी रूपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्नु।

३. शिक्षाको संरचनामा प्रभावकारी रूपमा कार्यसम्पादन गर्नका लागि ठीक पदमा ठीक व्यक्ति (Right personnel in right post) रहने गरी तदनुसारको क्षमता र छनौट पद्धतिको विकास गर्नु।

४. अभिभावक,शिक्षक लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्नु।

५.५. रणनीतिहरू

उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घीय सरकारबाट शिक्षासम्बन्धी नीति र मापदण्ड बनाउने, प्रदेश र स्थानीय सरकारलाई बजेट र मार्गदर्शन प्रदान गर्ने, पाठ्यक्रमको प्रारूप तयार गर्ने, शिक्षक र प्राध्यापक छनौटसम्बन्धी काम गर्ने, माध्यमिक तहको अन्तमा हुने परीक्षासम्बन्धी काम गर्ने, शैक्षिक अनुसन्धानसम्बन्धी काम गर्ने, शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय निकाय र नियोगहरूसँग समन्वय र सहकार्य गर्ने, संस्थाहरूको सक्षमता मापनसम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ।

२. सङ्घीय सरकारबाट आफूलाई तोकिएका काम र जिम्मेवारी सम्पादन गर्नका लागि शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालय, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र,चिकित्सा शिक्षा आयोगजस्ता संरचनाहरूको विकास गरी कामको बाँडफाँट र सोको कार्यान्वयन गरिने छ।

३. प्रदेश सरकारले प्रदेशको शिक्षासम्बन्धी नीति बनाउने, प्रदेशको आवश्यकता अनुसारको उच्च तहसम्मको शिक्षा प्रदान गर्ने, पुस्तकालयको विकास र विस्तार गर्ने, अनौपचारिक र भर्चुअल एवम दूर शिक्षामार्फत् शिक्षा प्रदान गर्ने,जनशक्तिको क्षमता विकास गर्ने, माध्यमिक शिक्षा परीक्षा सञ्चालन र सोको प्रमाणीकरण गर्ने, विद्यालय तहको पाठ्यक्रम र सन्दर्भसामग्री निर्माण र विकास गर्ने, शिक्षकको अभिलेख र सेवासुविधासम्बन्धी काम गर्ने, प्राविधिक र व्यावसयिक शिक्षासम्बन्धी काम गर्ने,माध्यमिक

तहका शिक्षकको कार्यसम्पादन मूल्याङ्कन र बढुवासम्बन्धी काम गर्ने एवम् विद्यालय नक्साङ्कन गर्ने जस्ता कामहरू सम्पादन गरिने छ।

४. प्रदेश सरकारले शिक्षासम्बन्धी तोकिएका कामहरू सम्पादन गर्नका लागि शिक्षा विज्ञान तथा सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, प्रादेशिक विश्वविद्यालय, प्रादेशिक पुस्तकालय,पाठ्यक्रम तथा मानव संशाधन विकास एवम् अनुसन्धान केन्द्र, प्रदेश शिक्षक सेवा आयोग, प्रदेश शैक्षिक सूचना केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी प्रदेश प्रयोगशाला, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालयजस्ता संरचनाहरूको निर्माण गरी कामको बाँडफाँट र सोको कार्यान्वयन गरिने छ।

५. स्थानीय तहमा शिक्षकहरूको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरूको सरुवा,कार्यसम्पादन मूल्याङ\कन, विद्यालयहरूको नक्साङ्कन, विद्यालयहरूको सञ्चालन अनुमति, टोल र वडावडामा पुस्तकालय एवम् वाचनालयको व्यवस्था, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र साक्षरतासम्बन्धी कार्यक्रमको सञ्चालन, शैक्षिक संस्थाहरूको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तहअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई अलग्गै कार्यालयको रूपमा विकास गरी सोको संरचनालाई सुदृढ गरिने छ।

६. शिक्षक दरबन्दीको पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी नपुग हुने अवस्थामा प्रदेश सरकार र स्थानीय तहबाट सिर्जना हुने शिक्षक दरबन्दीमा शिक्षक पदपूर्तिका एवम् विद्यालय कर्मचारीको पदपूर्तिका लागि प्रदेश शिक्षक आयोगको स्थापना गरी कार्यसञ्चालन गरिने छ।

७. स्थानीय तहले माध्यमिक तहको अनुमति दिनका लागि सङ्घीय संरचनाको रूपमा प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डको प्राविधिक अनुमगन प्रतिवेदनलाई अनिवार्य बनाइने छ। प्राविधिक विद्यालयको अनुमतिका लागि प्रदेशमा रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको अनुगमन प्रतिवेदनलाई समेत अनिवार्य बनाइने छ। यसका साथै स्थानीय तहमा प्राविधिक शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा उपलब्ध भएका विज्ञ सहितको एउटा समिति गठन गरी काम गरिने छ।

८. कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) सञ्चालनका लागि सङ्घीय सरकारको प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डले शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई प्राविधिक सेवा उपलब्ध गराउने छ.

९. प्रादेशिक विश्वविद्यालयलाई प्रदेशस्तरको शिक्षामा गुणस्तर कायम गर्नका लागि आवश्यक खोज, अनुसन्धान र जनशक्ति उत्पादन र व्यवस्थापनमा सरिक गराइने छ।

१०. विद्यालयहरूलाई प्रभावकारी रूपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गरिने छ। यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरूले स्थानीय तहसँग करार सम्झौता गरी काम गर्नु पर्नेछ। पाँच वर्षपछि पुनः प्रधानाध्यापक हुन उपयुक्त देखिएमा अर्को विद्यालयमा खटाइने छ।

११. बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाइने छ। बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानुनी कार्वाही गर्नेगरी कानुन बनाई कार्यान्वयन गरिने छ।

१२. सबैका निम्ति अनिवार्य आधारभूत शिक्षा र साक्षरता कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि शिक्षा तथा सामाजिक विकास निर्देशनालय, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालय र स्थानीय तहको सक्षमतामा विकास गरिने छ। कुनै पनि सिप विकाससम्बन्धी तालिम वा सरकारी पेसामा प्रवेश गर्नका लागि आधारभूत शिक्षा उत्तीर्ण हुनुपर्ने प्रावधानलाई अनिवार्य गरिने छ।

१३. शिक्षण पेसाप्रति समर्पित र सक्षम जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गर्ने गराउने वातावरणको सिर्जना गर्नका लागि व्यक्तिको मनोवैज्ञानिक र मनोसामाजिक पक्ष एवम् प्रविधिसम्बन्धी सिप र दक्षता मापन गर्ने किसिमले शिक्षक छनौटको पाठ्यक्रमलाई पुनरावलोकन गरी कार्यान्वयन गरिने छ।

१४. उपलब्ध जनशक्तिलाई प्रशिक्षण दिनका लागि मानव संशाधन विकास केन्द्र र प्रादेशिक विश्वविद्यालयलाई सक्षम बनाइने छ। जनशक्ति भन्नाले शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नागरिक समाज लगायत शिक्षासेवाका तीनै तहमा कार्यरत कर्मचारीहरू भनी बुझ्नु पर्नेछ। छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरू सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिने छ।

१५. तीनवटै सरकार र तिनका संरचनाहरूको बिचमा प्रभावकारी रूपमा सहकार्यको वातावरण निर्माण गर्नका लागि कानुनद्वारा नै कसले के काम गर्ने भनी स्पष्ट रूपमा किटान गरिने छ र को कुन सरकारको भनेर खोजी गर्नुभन्दा पनि हामी सबै नेपाली हौँ भन्ने भावनाबाट अभिप्रेरित भई काम गर्ने संस्कृतिको निर्माण गरिने छ।

५.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

१. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तर सरकार सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास भएको हुने।

ख) नतिजा (Key Results)

१. कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँटमा स्पष्टता आएको हुने।

२. संविधानको मर्म अनुसार नै तीनै तहको बिचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा कार्यक्षेत्र र जिम्मेवारीहरू गुणस्तरीय किसिमबाट सम्पादन भएका हुने।

३. साझा चासो र हितका सम्बन्धमा सरकारहरू तहहरूबिच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास भएको हुने।

४. शैक्षिक निकाय र विद्यालयहरू गुणस्तर, सुशासन र क्षमता विकासका हिसाबले नागरिक समाजले अनुभूत गर्ने गरी विकास भएका हुने।

५. पेसाप्रति समर्पित र सक्षम शिक्षकहरूको शिक्षण पेसामा बाहुल्यता भएको हुने।

६. बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानुनी कार्वाही गर्नेगरी कानुन बनाई कार्यान्वयन भएको हुने।

७. विद्यार्थी र विद्यालयहरू हरेक प्रकारका अभावहरूबाट मुक्त भएका हुने।

८. प्रदेशस्तरमा प्रादेशिक विश्वविद्यालयको स्थापना भई शिक्षामा गुणस्तर कायम गर्नका लागि आवश्यक खोज, अनुसन्धान र जनशक्ति उत्पादन र व्यवस्थापनमा सरिक हुने।

(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ५.६: संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरी शिक्षामा आवश्यकता अनुसारको संरचना र जनशक्तिको प्रबन्ध गरिने	तीनै तहमा	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश तथा स्थानीय तह
२	साझा चासो र हितका सम्बन्धमा तहहरू बिच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास गरिने	निरन्तर सञ्चालन	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश तथा स्थानीय तह
३	शिक्षण पेसामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक व्यक्तिको चयन गर्ने कार्यलाई सङ्घीय शिक्षक सेवा आयोग लयायत प्रदेश शिक्षक सेवा आयोग सम्बन्धी ऐन कानुनमा व्यवस्था गर्न सरकारहरू बिच समन्वय र सहकार्य गरिने	निरन्तर सञ्चालन	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश तथा स्थानीय तह
४	शिक्षासम्बन्धी छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरू सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिने	निरन्तर	१	✓	✓	✓	✓	१		सङ्घ, प्रदेश तथा स्थानीय तह
५	शिक्षक दरबन्दीको सिर्जना मिलान र पुनर्वितरण गरी आवश्यकता अनुसारको शिक्षकको पदपूर्ति गरिने	निरन्तर	✓	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश तथा स्थानीय तह

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
६	विद्यालयहरूलाई प्रभावकारी रूपमा सञ्चालनका लागि सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गरिने	पटक निरन्तर	१	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश तथा स्थानीय तह
७	सरकारका तीनै तहको बिचको अन्तरसम्बन्ध प्रभावकारी भई नागरिक समाज र समग्र मुलुक सुखी र समृद्ध हुने	पटक निरन्तर	१	✓	✓	✓	✓	✓		सङ्घ, प्रदेश तथा स्थानीय तह
८	क्लाउड प्रविधिमार्फत शिक्षाका प्रतिवेदन र तथ्याङ्क प्रणाली सुधार तथा सुदृढ गर्ने	पटक निरन्तर	१	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश तथा स्थानीय तह
९	सङ्घ,प्रदेश तथा स्थानीय तहमा सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सङ्गठन तथा जनशक्तिको पुनर्संरचना गर्ने	पटक	१	✓	✓	✓	✓	१	१	सङ्घ, प्रदेश तथा स्थानीय तह
१०	कानुनद्वारा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि स्रोत सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन	पटक सञ्चालन	१	✓	✓	✓	✓	✓	१	सङ्घ, प्रदेश तथा स्थानीय तह
११	स्थानीय तहमा एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रूपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना गरी सञ्चालन गरिने	स्थापना र सञ्चालन	१	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश तथा स्थानीय तह

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाई	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१२	हालको शिक्षा विकास तथा समन्वय इकाई र सामाजिक विकास डिभिजन कार्यालयहरूलाई समायोजन गरी जिल्लामा शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षा तथा जिल्ला विकास कार्यालय संरचनाको स्थापना गरी कार्यान्वयन गरिने	स्थापना र सञ्चालन	१	✓	✓	✓	✓	✓	✓	सङ्घ, प्रदेश तथा स्थानीय तह
१३	प्रदेश र स्थानीय तहबाट लगानी भई सिर्जना गरिएका शिक्षक दरबन्दीमा नियुक्तिका लागि प्रदेश शिक्षक सेवा आयोगको स्थापना र कार्यान्वयन गरिने	पटक सञ्चालन	१	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	✓	प्रदेश, स्थानीय तह
१४	अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनका लागि कानुन बनाई कार्यान्वयन गरिने	पटक कार्यान्वयन	१	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	✓	✓	प्रदेश, स्थानीय तह

परिच्छेद : छ
लगानी र स्रोत व्यवस्थापन

६.१ परिचय

मुलुकको समुन्नतिका लागि सक्षम मानव संसाधनको विकास गर्न जरुरी छ। त्यसका लागि आजका बालबालिकाको शिक्षामा लगानी गर्नुपर्ने हुन्छ। बालबालिकाको शिक्षाका लागि गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ। पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता; दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकाङ्क्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, यससम्बन्धी विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ। यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन्। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन२०७५जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व भएको छ। यसका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ।

शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्त्वपूर्ण पक्ष हो। एकातिर संवैधानिक प्रावधानमा मुलुकले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षा क्षेत्रको लगानीमा निजीको क्षेत्रको संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ। राज्य सङ्घीय स्वरूपमा व्यवस्थापन हुँदै गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्ति नै सक्षम हुन्छ र व्यवस्थित हुन्छ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

६.२ वर्तमान अवस्था

केही वर्ष यता आर्थिक सूचकहरूमा त्यति सुधार नदेखिए पनि शिक्षाका सूचकहरूमा सुधारका सङ्केतहरू देखिएका छन्। शिक्षामा पहुँच र सहभागिता बढेको छ। शिक्षामा आधारभूत तहको खुद भर्ना दरमा पनि सुधार भएको देखिन्छ। पहुँच र सहभागिताको तुलनामा गुणस्तरमा भने सुधार हुन बाँकी छ। प्राविधिक विषयमा पहुँचको स्थिति कमजोर छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ। तथापि यो सहमति चुनावी घोषणापत्रमा मात्र सिमित भएको छ र व्यवहारमा अझै देखिन नसकेको अवस्था छ। शिक्षा क्षेत्रको लगानीमा मुलुक नै उदासिन देखिएको अवस्थामा पनि बारबर्दिया नगरपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानी भने मुलुकभर नै चर्चाको विषय बनेको अवस्था छ।

नेपालमा वि. सं. २०४९/०५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो १७.१ पुगेको थियो। कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं २०५२ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ रहेको थियो। विगत एक दशक अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ वैदेशिक सहायताको रहेको छ। यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ६.१:

नेपालमा विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)

आ.व.	शिक्षा बजेट	वैदेशिक सहायता रकम	वैदेशिक सहायता %	वार्षिक बजेट वृद्धि	कुल सङ्घीय बजेटमा शिक्षा बजेटको अंश	शिक्षा बजेटमा गार्हस्थ उत्पादनको
२०७३/७४	११६३६	१०३४	८.८८	१७.९६	११.१	४.१
२०७४/७५	१२६६४	१०९६	८.६५	८.८४	९.९	४.२
२०७५/७६	१३४५१	१२८७	९.५७	६.२१	१०.२	४.१
२०७६/७७	१६३७६	१७४६	१०.६६	२१.७४	१०.६	४.४
२०७७/७८	१७१७१	२४५१	१४.२८	४.८६	११.७	४.४

स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय (सम्बन्धित आ.व. का बजेट पुस्तिकाहरू)

माथिको तालिका अनुसार कुल शिक्षा बजेट वार्षिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ। विगत ५ वर्षमा औसत ११.९ का दरले शिक्षाको बजेट वृद्धि भएको देखिन्छ तापनि वार्षिक मूल्यवृद्धि दरसँग तुलना गर्ने हो भने औसत वास्तविक बजेट वृद्धि दर ५ को हाराहारीमा मात्र देखिन्छ। कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको पाँच वर्षको बजेटको अंश ९.९ देखि ११.७ सम्म रहेको देखिन्छ। आ. व. २०७७/०७८ भने यो १७.१ पुगेको थियो। उल्लिखित सङ्घीय सरकारको बजेटमा शिक्षाको अवस्थाका अतिरिक्त तलको तालिका बारबर्दियाको बजेटमा शिक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ।

तालिका नं ६.२

विगत ५ वर्षमा बारबर्दिया नगरपालिकाको शिक्षा बजेटको स्वरूप (बजेट रु हजारमा)

आ.व.	ससर्त अनुदान	नगरपालिकाले विनियोजन गरेको शिक्षाको बजेट	शिक्षाको कुल बजेट	सामानिकरण अनुदानबाट प्राप्त बजेट	नगरपालिकाको कुल बजेट	कुल बजेटमा शिक्षाको अंश %	सामानी करणमा शिक्षाको बजेट	कुल बजेटमा शिक्षाको बजेट वृद्धि
२०७४/७५	१५,२०,६७/-	१,५०,००/-	१६,७०,६७/-	३७,५०,९७/-	५३,४६,३८/-	३१.२५%	४.००%	
२०७५/७६	१६,६५,५२/-	४,३५,२३/-	२१,००,७५/-	२८,७६,९१/-	८३,५८,३२/-	२५.१३%	१५.१३%	१३.८७%
२०७६/७७	२१,३६,६०/-	६,३७,५५/-	२७,७४,१५/-	३५,७३,२६/-	९८,६९,३१/-	२८.११%	१७.८४%	२७.२२%
२०७७/७८	२२,५९,७४/-	७,९७,५२/-	३०,५७,२६/-	३६,५०,२५/-	९१,३२,२७/-	३३.४८%	२१.८५%	९.२६%
२०७८/७९	२२,३५,००/-	८,०५,००/-	३०,४०,००/-	४१,३०,४३/-	९४,७०,३५/-	३२.१०%	१९.४९%	-०.५७%
कुल जम्मा	९८,१५,५३/-	२८,२५,३०/-	१२,६४,२८/-	१,७९,५१,८२/-	४२१,७६,६३/-			

स्रोतः बारबर्दिया शिक्षा पार्श्वचित्र २०७८

माथिको तालिकामा हेर्दा बारबर्दिया नगरपालिकाको बजेटमा शिक्षाको बजेटको अवस्था सन्तोषजनक देखिन्छ। आर्थिक वर्ष २०७४/७५ मा कुल बजेटको ३१.२५ प्रतिशत बजेट शिक्षामा विनियोजन गरी खर्च गरेको देखिन्छ भने सोही आर्थिक वर्षमा सामानीकरण बजेटको ४ प्रतिशत शिक्षामा विनियोजन गरी खर्च गरेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा आएर कुल बजेटमा शिक्षाको बजेटको प्रतिशत घटेर २५.१३ मा झरेपनि सामानीकरण बजेटमा भने शिक्षामा विनियोजनमा गरेको प्रतिशत ४ बाट बढेर १५.१३ प्रतिशतमा उक्लिएको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७७/७८ को कुल बजेट र सामानीकरण बजेटमा शिक्षाको बजेटको प्रतिशत बढ्ने क्रम जारी छ। चालु आर्थिक वर्ष २०७८/७९ मा भने सङ्घीय सरकारबाट प्राप्त हुने ससर्त बजेट नै कम भएकोले शिक्षामा गरिने बजेट विनियोजनमा समेत यसको असर परेको देखिन्छ। सङ्घीय सरकारले नगरपालिकामा निकासा दिने बजेट आर्थिक वर्षको अन्तसम्म पनि प्राप्त भइरहने भएकाले पनि चालु आर्थिक वर्षको मध्यतिरको समयमा बजेटमा कमी देखिने सम्भावना प्रवल छ।

अरू प्रदेशले जस्तै लुम्बिनी प्रदेशले पनि शिक्षामा बजेट विनियोजन गरी कार्यान्वयन गरिरहेको अवस्था छ। प्रदेश सरकारले यसरी बजेटको विनियोजन गर्दा नगरपालिकासँग समन्वय नगरी सिधैं विद्यालय र कलेजहरूमा निकासा दिने भएको हुँदा नगरपालिकासँग यसको अभिलेख देखिदैन। शिक्षा तथा सामाजिक डिभिजन कार्यालय बाँकेको अभिलेख अध्ययन गर्दा प्रदेश सरकारले शिक्षा तथा सामाजिक विकास निर्देशनालय हुँदै विद्यालय र कलेजसम्म बजेट निकासा दिएको देखिन्छ। प्रदेशले यसरी बजेट विनियोजन गर्दा विद्यालय र कलेजहरूको भौतिक पूर्वाधार अन्तर्गत कक्षाकोठा निर्माण, शौचालय निर्माण, तारबार र पर्खाल निर्माण आदिमा सहयोग गरेको देखिन्छ भने यसका अतिरिक्त पुस्तकालय, कम्प्युटर ल्याव, उच्च शिक्षा अध्ययनका लागि मुक्त कम्लहरी लगायतका विद्यार्थीहरूलाई छात्रवृत्ति आदिमा पनि प्रदेश सरकारले बजेट विनियोजन गरी कार्यान्वयन गरेको अवस्था छ।

शिक्षामा गरिने लगानी सिकारू (विद्यार्थी) का लागि हो। त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ। भौतिक पूर्वाधार तथा संरचना, छात्रवृत्ति, पाठ्यपुस्तक, दिवा खाजा आदि लगानीका प्रमुख विषयक्षेत्र हुन्। उदाहरणका लागि नेपालमा विद्यालय क्षेत्रको कुल खर्चको ६५प्रतिशत भन्दा बढी हिस्सा शिक्षक तलबमा भइरहेको छ। विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूमा दुई आर्थिक वर्षको लगानीको अवस्था तालिका ६.५ मा प्रस्तुत गरिएको छ।

तालिका ६.३

शिक्षामा विभिन्न उपक्षेत्रगत सङ्घीय लगानी

उपक्षेत्र	२०१९/२०		२०२०/२१	
	बजेट (रु लाख)		बजेट (रु लाख)	
प्रारम्भिक बालविकास तथा शिक्षा	२,७३३.२०	१.६७	२,९३८.००	१.७१
आधारभूत तह	६८,०७२.८०	४१.५७	८४,९७४.३०	४९.४९
माध्यमिक तह	२८,३४८.४०	१७.३१	३३,१३४.१०	१९.३०
प्राविधिक शिक्षा	४,०७७.२०	२.४९	९,५५८.९०	५.५७
उच्च शिक्षा	१७,६३८.४०	१०.७७	१७,६२४.४०	१०.२६
अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ	१,३४५.२०	०.८२	५८४.७	०.३४
शैक्षिक व्यवस्थापन	४१,५४०.७०	२५.३७	२२,८९७.८०	१३.३३
जम्मा	**१६३,७५५.९०**	१००	**१७१,७१२.२०**	१००

साभार : नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा क्षेत्र योजनाको ड्राफ्ट २०७८-२०८८

यो तालिकाले सबैभन्दा बढी लगानी आधारभूत शिक्षामा र त्यसपछि माध्यमिक शिक्षामा रहेको देखाउँदछ। शैक्षिक व्यवस्थापनमा सन् २०१९/२० मा भन्दा सन् २०२०/२१मा झण्डै आधा बजेट कम भए पनि यसमा तेस्रो ठुलो बजेट रहेको छ। शिक्षामा गरेको लगानीको वस्तुपरक रूपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ किनकि शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिँदैन। फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्न सहज छैन। शिक्षामा गरिने लगानी मानव संसाधन विकासको लागि गरिने लगानीको रूपमा लिइने गरेको पाइन्छ। यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धि हेर्ने गरिन्छ।

अघिल्ला खण्डहरूमा विस्तृत रूपमा उल्लेख भएका तथ्याङ्कअनुसार साक्षरता दरमा वृद्धि, विद्यालयमा भर्ना दर, उत्तीर्ण दर, विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगतिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रूपमा लिइने गरिन्छ। नेपालमा विद्यालय उमेर समूहका बालबालिका विशेष गरी आधारभूत तह (कक्षा १–५), आधारभूत तह (कक्षा १–८) र माध्यमिक तहमा खुद भर्ना दर क्रमशः ९७.१, ९३.४ र ४७.६ पुगी उल्लेख्य रूपमा बढ्नु र उच्च शिक्षामा समेत कोरा भर्ना दर बढ्नु आदिलाई शिक्षामा गरिएको लगानीको राम्रो प्रतिफलको रूपमा लिइन्छ। त्यसै गरी शिक्षण संस्थामा छात्राको सङ्ख्या उल्लेख्य रूपमा बढ्नु र शिक्षक सङ्ख्यामा भएको वृद्धिलाई समेत शिक्षामा गरिएको लगानीको प्रतिफलको रूपमा लिन सकिन्छ। लगानीको सवालमा सङ्घीय सरकार प्रदेश सरकार र पालिका बिच समन्वयको अवस्था फितलो देखिएको छ। यस्तो अवस्थामा टाठाबाठाहरू बढी लाभान्वित हुने र सिधासाधाहरू ओझेल पर्ने स्थित देखिएको छ।

६.३ चुनौती र अवसर

वर्तमान अवस्थाको विश्लेषणका आधारमा लगानी र स्रोत व्यवस्थापनका सवालमा देखा परेका चुनौतीहरूमध्ये शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्नका लागि शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु, सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूमा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु, विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु, सङ्घीय सरकारबाट प्राप्त सामानीकरण अनुदानमध्येबाट शिक्षा क्षेत्रका निम्ति पर्याप्त बजेट उपयुक्त विषयमा विनियोजन गर्नु, शिक्षामा समता तथा समावेशतामा अपेक्षित सुधारका लागि पर्याप्त लगानी गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु, वित्तीय व्यवस्थापनको कार्यकुशलताका लागि व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नु, वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्नु, व्यक्ति वा पदाधिकारीको कुण्ठित उद्देश्यभन्दा माथि उठेर सार्वजनिक हितलाई ध्यानमा राखी बजेटको विनियोजन गर्नु प्रमुख रहेका छन्।

लगानी र स्रोत व्यवस्थापका क्षेत्रमा अवसरको रूपमा सरकारका तीनवटै तहहरूले शिक्षामा लगानी अभिवृद्धि गर्न सक्ने सम्भावना देखिएको, कतिपय शिक्षण संस्थाहरूले थोरै बजेट चाहिने तर अति आवश्यक भएको अवस्थामा स्थानीय तह र प्रदेश सरकारहरूबाट विभिन्न शीर्षकहरूमा सजिलो किसिमबाट अनुदान प्राप्त गरिरहेको, बालविकासका महिला शिक्षक लगायत विभिन्न क्षेत्रको बजेट विनियोजनमा सङ्घ, प्रदेश र स्थानीय तहको बिचमा सहकार्य र सहलगानी भइरहेको, शिक्षण संस्थाहरूको भौतिक पूर्वाधार विकास,

आइसिटी र शिक्षक व्यवस्थापनमा प्रदेश र स्थानीय तहको लगानी तुलनात्मक हिसाबले बढी देखिएको, बारबर्दिया नगरपालिकाको सन्दर्भका कुरा गर्दा शिक्षामा सबैभन्दा बढी बजेट विनियोजन गर्ने मुलुककै एकाध पालिकाहरूमध्ये बारबर्दिया पनि भएको, नगरपालिकाबाट शिक्षकको व्यवस्थापन गरेर नगरलाई शिक्षकको चर्को अभावबाट मुक्त गराएको, प्राविधिक शिक्षाको क्षेत्रमा बारबर्दियाले उल्लेख्य लगानी गरेको, उत्कृष्ट विद्यार्थी, उत्कृष्ट शिक्षक र उत्कृष्ट अभिभावक पहिचान गरी पुरष्कृत गरिएको, आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण एवम् कार्यान्वयनका निम्ति नगरले पर्याप्त लगानी गरेको लगायतका कार्यक्रमहरू रहेका छन्।

६.४ लक्ष्य तथा उद्देश्यहरू

योजनाको लगानी र स्रोत व्यवस्थापन परिच्छेदको लक्ष्य तीनै तहका सरकारहरूले शिक्षामा गरेको लगानीको अवस्था पहिचान गरी योजना अवधिका लागि शिक्षामा आवश्यक पर्ने लगानी र स्रोतको अभिवृद्धि गर्नु रहेको छ। यस अन्तर्गतका उद्देश्यहरू देहायअनुसार छन्:

१. योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरूको प्रक्षेपण गर्नु।

२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

४. बजेट विनियोजन र सहलगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

६.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

१. शिक्षाको लागि कानुनमा तोकिएअनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुने छ।

२. सङ्घीय सरकार र प्रदेश सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा पहिचान गरी सोही अनुपातमा स्थानीय सरकारले पनि शिक्षामा आफ्नो लगानीलाई सुनिश्चित गरिने छ।

३. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न र सोहीअनुसार जवाफदेही समेत हुनका लागि आवश्यक पद्धतिको विकास गरिने छ।

४. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ शिक्षण संस्था वा विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने सवालमा विद्यालयलाई जवाफदेही बनाइने छ।

५. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुल गार्हस्थ उत्पादनको ७ र तीनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० पुऱ्याउन पहल गरिने छ।

६. शिक्षाका उपक्षेत्रहरू अन्तर्गत लगानी गर्ने क्रममा कुन उपक्षेत्र र विषयलाई कति प्राथमिकता दिने भन्ने मापदण्ड निर्धारण गरी सोही मापदण्डका आधारमा लगानी व्यवस्थापन गरिने छ।

७. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ।

८. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, ससर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ।

९. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ।

१०. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी/ल्याई वित्तीय कार्यकुशलता, मितव्ययिता, स्वच्छता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ।

६.६ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा नागरिक अपेक्षा, राष्ट्रिय एवम् नगरको प्रतिबद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका नगरस्तरीय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन हुने गरी स्रोतको आँकलन गर्नुपर्ने हुन्छ। त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ सो को पनि सँगसँगै विश्लेषण गरिन्छ। यसरी विश्लेषण हालको बजेटको प्रवाह र प्राथमिकताका क्षेत्रहरूलाई समेत मध्यनजर राखिएको छ। यसरी विश्लेषण गर्दा नगरपालिकाले अहिले पनि सामानीकरण र आफ्नो आयस्रोतको कुल बजेटको करिब बीस प्रतिशत बजेट शिक्षामा विनियोजन गरेको अवस्था छ। त्यसरी नै सङ्घीय सरकारले करिव सत्तरी प्रतिशतको हाराहारीमा खर्च गरेको अवस्था छ भने प्रदेश सरकारले बजेट विनियोजन गर्दा स्थानीय पालिकासँग समन्वय नगरी सिधै शैक्षिक संस्थासँग समन्वय गरी बजेट विनियोजन गर्ने भएका कारण यसको बस्तुपरक हिसाब निकाल्न कठिन भएपनि सामान्यतया प्रदेशले विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, उच्च शिक्षाको छात्रवृत्ति आदि क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ।

यसका साथै कानुनले उच्च शिक्षाको लागि प्रदेशलाई जिम्मेवार बनाएको छ। प्राविधिक शिक्षा, समावेशी शिक्षा, साक्षरता शिक्षा र नपुग शिक्षकको व्यवस्थापनमा समेत प्रदेश कानुनत: जवाफदेही हुनुपर्ने देखिन्छ। यसले गर्दा पनि नगरपालिकाको शिक्षाको योजनामा प्रदेश सरकारको पनि वित्तीय सहयोग, योगदान र भूमिका अपरिहार्य ठानी स्रोत व्यवस्थापनमा प्रदेश सरकारलाई जिम्मेवार बनाइएको छ। यसरी स्रोत विश्लेषण र व्यवस्थापन गर्दा यस योजनामा लागत विश्लेषण गर्दा सङ्घीय सरकारको ६४ प्रतिशत, नगरपालिकाको २४ प्रतिशत र प्रदेश सरकारबाट १२ प्रतिशतको हाराहारीमा बजेट व्यवस्थापन हुने अनुमान गरिएको छ।

६.७. बारबर्दिया नगरपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र योजनामा बजेटको अनुमान

आर्थिक वर्ष २०७८/७९ को बारबर्दिया नगरपालिकाको शिक्षा क्षेत्रको बजेट अनुमान गर्दा रु ९४,७०,३५,४००/– अनुमान गरिएको छ जसमा शिक्षा क्षेत्रको बजेटको अनुमान ३०,४०,०,०००/– अनुमान गरिएको छ। यो रकम कुल बजेट रकमको ३२.१ प्रतिशत हो। यसभन्दा अघिल्ला आर्थिक वर्षको बजेटको आँकलन गर्दा पनि आर्थिक वर्ष २०७४/०७५ देखि २०७७/०७८ सम्मको कुल बजेटमा शिक्षाको बजेट हेर्दा क्रमशः ३१.२५, २५.१३, २८.११ र ३३.४८ प्रतिशत बजेट विनियोजन गरेको पाइन्छ। चालु आर्थिक वर्षको समेत हिसाब गर्दा कुल बजेटमा शिक्षाको बजेट पाँच वर्षको औषत २९.९८ प्रतिशत रहेको देखिन्छ।

तालिका नं ६.४

बारबर्दिया नगरपालिकामा शिक्षाका विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट रु लाखमा

उपक्षेत्र र आर्थिक वर्ष	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	५ वर्षको जम्मा	बजेटको प्रतिशत
बालविकास तथा शिक्षा	२१६.	२४४.	२७५.८२	३११.६४	३५२.१४	१३९९.६	६.००%
आधारभूत शिक्षा	१२६०.	१४२३.	१६०८.९५	१८१७.९	२०५४.१५	८१६४.६४	३५.००%
माध्यमिक शिक्षा	७२०.	८१३.६	९१९.०४	१०३८.८	११७३.८	४६६५.२४	२०.००%
उच्च शिक्षा	१०८.	१२२.०४	१३७.९१	१५५.८२	१७६.०७	६९९.८४	३.००%
प्राविधिक तथा व्यावसायिक शिक्षा	१०८.	१२२.०४	१३७.९१	१५५.८२	१७६.०७	६९९.८४	३.००%

अनौपचारिक तथा साक्षरता र निरन्तर शिक्षा	७२.	८१.३६	९१.९४	१०३.८८	११७.३८	४६६.५६	२.००%
अन्तरसम्बन्धित क्षेत्रहरू	१११६.	१२६१.०८	१४२५.०७	१५१०.१४	१८१९.३९	७१३१.६८	३१.००%
शिक्षा क्षेत्रको बजेट र बृद्धि प्रतिशत	३६००.	४०६८.	४५९७.	५१९४.	५८६९.	२३२२७.४	१००.००%
	१३.००%	१३.००%	१३.००%	१३.००%	१३.००%		
कुल बजेट र बृद्धि प्रतिशत	१०८००.	१२२०४.	१३७९१.	१५५८२.	१७६०७.	६९९८४.	
	१३.००%	१३.००%	१३.००%	१३.००%	१३.००%		

सामानीकरण बजेटमा शिक्षाको बजेटको प्रतिशतको हिसाब गर्दा समेत बारबर्दिया नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७८ सम्म क्रमशः ४.००, १५.१३, १७.८४, २१.८४ र १९.४९ रहेको देखिन्छ। यसैगरी आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्म शिक्षा तर्फको बजेटको वृद्धि प्रतिशत हेर्दा क्रमशः १७.८७, २२.५२ र ९.२६ रहेको देखिन्छ। कोभिडको असरले आर्थिक वर्ष २०७७/०७८ वृद्धि प्रतिशत कम रहेको छ भने आर्थिक वर्ष २०७८/०७९ मा सङ्घीय सरकारबाट प्राप्त हुने शिक्षक तलव लगायतको ससर्त अनुदानको बजेट नआइपुगेको कारण वृद्धि प्रतिशत माइनस रहेको देखिन्छ। उल्लिखित किसिमको बजेटको प्रवृत्तिको अध्ययन विश्लेषण गर्दा बारबर्दिया नगरपालिकाको योजना अवधिको शिक्षाको बजेटको आकार देहायबमोजिम हुने अनुमान गरिएको छ।

उल्लिखित तालिकामा बजेट प्रक्षेपण गर्दा यस बारबर्दिया नगरपालिकाको विगतको बजेट विनियोजनको प्रवृत्तिलाई समेत आधारको रूपमा हेरिएको छ। शिक्षाको उपक्षेत्रगत हिसाबले विनियोजन गर्दा वास्तविक लागतको अवस्थालाई पनि विश्लेषण गरिएको छ। यिनै कुराहरूलाई आधार मानी बजेट अनुमान गर्ने क्रममा बजेट हरेक पछिल्लो वर्षमा सरदर १३ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। नगरपालिकाको कुल बजेटको करिब तीस प्रतिशतभन्दा बढी बजेट शिक्षामा विनियोजन हुने कुरालाई पनि आधारको रूपमा लिइएको छ। यसका साथै उपक्षेत्रगत रूपमा हेर्दा बालविकास तथा शिक्षामा ६ प्रतिशत, आधारभूत शिक्षामा ३५ प्रतिशत, माध्यमिक शिक्षामा २० प्रतिशत, उच्च शिक्षामा ३ प्रतिशत, प्राविधिक शिक्षामा ३ प्रतिशत, अनौपचारिक तथा साक्षरतामा २ प्रतिशत र अन्य अन्तरसम्बन्धित विषय र क्षेत्रहरूमा ३१ प्रतिशत बजेट प्रवाह हुने अनुमान गरिएको छ।

६.८. बारबर्दिया नगरपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र गरेको व्ययको अनुमान

तलको तालिका नं ६.५ का आधारमा भन्नु पर्दा बारबर्दिया नगरपालिकाले आगामी ५ वर्षको शिक्षा क्षेत्रको बजेटको अनुमान २ अरब ३३ करोड ६५ लाख अनुमान गरिएको छ। यसरी बजेटको अनुमान गर्दा नगरपालिकाको शिक्षाको बजेटमै समावेश गर्न मिल्ने गरी सङ्घीय सरकारबाट ६४ प्रतिशत र प्रदेश सरकारबाट १२ प्रतिशत बजेट नगरपालिकालाई प्राप्त हुने कुरा अनुमान गरिएको छ। यसरी गरिएको बजेट अनुमान भन्दा केही बढी हुने गरी व्ययको अनुमानलाई शीर्षकगत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ६.५

बारबर्दिया नगरपालिकाको शिक्षा क्षेत्रको दश वर्षे योजनामा सुरुका ५ वर्षका लागि गरिएको व्ययको अनुमान

क्र सं	विवरण	बजेट रु लाखमा
१	हाल कार्यरत र योजना अवधिमा थप हुने ५०५ जना शिक्षक, १२५ जना बालविकासका शिक्षिका र विद्यालयका कर्मचारीहरू समेतका लागि	१,५०,००
२	भौतिक संरचना कम्तिमा प्रति विद्यालय सरदर पचास लाखका दरले ४४ विद्यालयहरूका लागि	२२,००

क्र सं	विवरण	बजेट रु लाखमा
३	अभिभावकविहीन विद्यार्थीहरूका लागि कम्तिमा एउटा आवासीय विद्यालय निर्माण र सञ्चालन	२००
४	खाजा कार्यक्रम कम्तिमा १३ हजार विद्यार्थीका लागि रु २० का दरले वार्षिक १८० दिनका लागि ५ वर्षसम्म	२३४०
५	छात्रवृत्ति र परामर्श सेवाका लागि करिब दश हजार विद्यार्थीका लागि जनही रु ३००० । का दरले	५००
६	समावेसी शिक्षामा छात्रवृत्ति र आवासीय विद्यालय निर्माण र सञ्चालनार्थ	१५०
७	उच्च शिक्षामा अन्य कलेज सञ्चालन र प्राविधिक शिक्षाका कलेजहरू स्थापना र सञ्चालनका लागि	३००
८	विद्यालय एवम् उच्च शिक्षा तहमा प्राविधिक शिक्षा सञ्चालन एवम् व्यवस्थापनका लागि	३००
९	संरचना निर्माण,जनशक्ति व्यवस्थापन र क्षमता विकास	३००
१०	शिक्षामा सूचना र प्रविधिका लागि	३००
११	अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि (पुस्तकालय र सामुदायिक सिकाइ केन्द्रहरूको सवलीकरणसमेत)	१००
१२	शिक्षामा सुशासन र प्रोत्साहन (विद्यार्थी,अभिभावक, शिक्षक र कर्मचारीका लागि)	५००
१३	पाठ्यक्रम र मूल्याङ्कन	१००
१४	विद्यार्थीहरूका लागि पाठ्यपुस्तकको रकम बैङ्कमा दाखिला (करिब १५ हजार विद्यार्थीहरूका लागि रु एक हजारका दरले पाँच वर्षसम्म)	७५०
१५	विभिन्न विषयका ल्याव, पुस्तकालय, ई पुस्तकालय डाटा सेन्टर आदि स्थापना र सञ्चालनका लागि	२००
१६	अनुसन्धान, अनुगमन, अभिलेखन र प्रतिवेदनका लागि	१२५
	जम्मा अनुमानित व्यय अनुमान	**२३३६५**

माथिको तालिकामा कुल बजेटको पचास प्रतिशत अर्थात् एक अरब पचास करोड रकम बालविकास सहितका शिक्षक र विद्यालयका कर्मचारीहरूको तलब भत्ताका निम्ति खर्च हुने अनुमान गरिएको छ यसरी अनुमान गर्दा आगामी ५ वर्षमा थप हुने बालविकासलाई दुई वर्षे अवधिको गराउनु पर्दा थप हुने करिब तीन हजार बालविकासका सहयोगी कार्यकर्ता (शिक्षिका) शिशुस्याहार कर्ता र विद्यालयमा थप हुने करिब पाँच हजार शिक्षकका निम्ति समेत हुने व्ययलाई समावेश गरिएको छ। शिक्षकको तलब भत्ताका अतिरिक्त शिक्षाका अन्य विषयगत क्षेत्रहरूको व्ययको अनुमान गर्दा योजनाले अघि सारेका र समयअनुसार प्रदेशलाई समुन्नत बनाउन आवश्यक पनि देखिएका शिक्षालयहरूको भौतिक पूर्वाधारको विकास, प्रविधियुक्त शिक्षाको विकास, प्राविधिक र व्यावसायिक शिक्षाको विकास र विस्तार एवम् उच्च शिक्षाको विकास र विस्तारलाई समेत उच्च प्राथिमकतामा राखेको अवस्था छ।

६.९ अपेक्षित उपलब्धि

वि.सं. २०८७ (सन् २०३०) सम्म तीनवटै तहका सरकारको सयुक्त लगानीमा बारबर्दिया नगरपालिकाको समग्र शिक्षा क्षेत्रमा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ। वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई आत्मनिर्भरतामा अभिवृद्धिका साथै वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

❖

परिच्छेद : सात
योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

७.१. परिचय

सुन्दर भए पनि कार्यान्वयन नगरिएको योजना भनेको नपढेर दराजमा राखिएको महत्वपूर्ण पुस्तक जस्तै अर्थहीन हुने गर्दछ। यसको अर्थ स्पष्ट हुन्छ कि योजनाको कार्यान्वयन गर्नु भनेको योजनामा प्राण भर्नु हो। त्यसैगरी योजनामा अनुगमन र मूल्याङ्कनलाई बेवास्ता गर्नु भनेको बच्चाको जन्म दिएर उसको रेखदेख र हेरचाह नगर्नु जस्तै हो। योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन अनुगमन र मूल्याङ्कनको उपयुक्त प्रबन्ध आवश्यक छ। अन्यथा योजना कुहिरोमा हराएको काग बन्दछ। यसका लागि आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन्। यस योजनाको अघिल्लो परिच्छेदमा यस योजनाका लागि आवश्यक पर्ने सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले योजनाको यस परिच्छेदमा महत्त्वपूर्ण पक्षका रूपमा रहेको योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन र तत्सम्बन्धी प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको चारवर्ष पुग्ने बेला भएको छ भने यो अवधिमा केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप पूर्णरूपमा रुपान्तरण गर्ने कार्य पूरा भएको छैन। त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रूपले अवतरण गर्न गराउन सहयोग पुग्ने गरी कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनमा लागि आवश्यक संरचनाको प्रबन्धका साथै योजनाको कार्यान्वयनका लागि स्थापित संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणालीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक हुन्छ।

त्यसरी नै शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई उद्देश्यमूलक,पारदर्शी, नतिजामूखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछन्।

७.२. वर्तमान अवस्था

योजनाको प्रस्तुत खण्डको वर्तमान अवस्थालाई देहायका तीन खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ।

७.२.१ योजनाको कार्यान्वयन

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ। त्यसैगरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा

कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ। मन्त्रालयअन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय निकायहरू रहेका छन्।

शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ। राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ। प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकओटा शिक्षा विकास निर्देशनालय र एकएकओटा तालिम केन्द्रहरू रहेका छन् भने केही प्रदेशहरूले केही कार्यालयहरू खोलेझै लुम्विनी प्रदेशले पनि १२ जिल्लामा २ ओटा जिल्ला हेर्ने गरी सामाजिक विकास कार्यालयहरू स्थापना गरी सञ्चालन गरेको छ। स्थानीय तहमा महानगरपालिकाहरूमा शिक्षा महाशाखा र नगरपालिका र गाउँपालिकाहरूका शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षासम्बन्धी काम गरिरहेको अवस्था छ। यसका अतिरिक्त सङ्घीय शिक्षा मन्त्रालयअन्तर्गत प्रत्येक जिल्लामा एउटाका दरले ७७ ओटा जिल्लामा शिक्षा विकास तथा समन्वय इकाईहरू रहेका छन्।

सङ्घीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ। विभिन्न पालिकाहरूले शिक्षकलाई ल्याएर काम गराएको अवस्था छ। शिक्षाका कतिपय ससर्त अनुदानका बजेट र कार्यक्रमहरू स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने विद्यालयलाई दिएपनि समयमा नदिने जस्ता समस्याहरू सबैतिर बल्झिएका छन्। चालु वर्षदेखि सबै विद्यालयका बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकाको खाजाका लागि दिनु पर्ने सशर्त अनुदान रकम कतिपय पालिकाले विद्यालय नदिएर फ्रीज गरेको छ भने कतिपयले अन्तिम चौमासिकमा उपलब्ध गराएको अवस्था छ। नागरिकहरू अन्यौलमा छन्। कक्षा १० परीक्षासम्बन्धी कामका लागि सेवाग्राहीहरू परीक्षा बोर्डको शाखा र प्रदेश कार्यालयमा आउने गर्छन् जब कि त्यो कामको बारेमा शाखा र प्रदेश कार्यालयहरू अनभिज्ञ छन्। त्यसैले यतिबेला योजना र कार्यक्रमको कार्यान्वयनको सवालमा केही द्विविधाहरू देखिएको अवस्था छ।

७.२.२ योजनाको अनुगमन र मूल्याङ्कन

नेपालमा आठौं योजनाबाट अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ। राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गरिन्छ। राष्ट्रिय शिक्षा पद्दतिको योजना अवधिमा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रूपमा विकास गरियो भने २०६३ पछि अनुगमन महाशाखाका रूपमा विकास गरिएको थियो। सङ्घीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट. प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक

संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएका हुनाले सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा भएका सबल र कमजोर पक्षको जानकारी लिने तथा लक्ष्य र वास्तविक कार्यान्वयनको अवस्थाबिचको अन्तर पत्ता लगाउनका लागि नतिजा तालिकाअनुसारको सूचना सङ्कलन गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य सुरू गरिएको छ। बाह्य मूल्याङ्कन समूहबाट विद्यालय क्षेत्र विकास कार्यक्रमको मध्यावधि मूल्याङ्कन कार्य सम्पन्न भएको छ। विद्यालय तह, स्थानीय तह, प्रदेश र सङ्घीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रममा वैदेशिक सहयोगको कतिपय अंश लक्षित नतिजामा आधारित गरी वाह्य संस्था वा विज्ञद्वारा भुक्तानी सूचकहरू (disbursement indictors-DLI) रुजू गरेर मात्र उपलब्धिअनुसार सरकारले भुक्तानी पाउने व्यवस्था पनि गरिएको छ।

त्यसैगरी स्थानीय तहमा उल्लिखित प्रबन्ध भए पनि सङ्घीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनु पर्ने छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ। अनुगमन र मूल्याङ्कनलाई औपचारिकता निर्वाह गर्ने प्रयोजनका निम्ति नभई सुधार र प्रोत्साहनका निम्ति प्रयोग गरिनु पर्दछ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ।

७.२.३ नगरपालिकामा योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

सिङ्गो मुलुक र अधिकांश पालिकाहरू शिक्षाप्रति जति सकारात्मक हुनु पर्थ्यो त्यति नभए पनि बारबर्दिया नगरपालिकाले शिक्षामा लगानी बढाउनुका साथै यसको कार्यान्वयन पक्षलाई सशक्त बनाउन प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा नगरपालिकाको उपमेयरको अध्यक्षतामा योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ जसमा नगर कार्यपालिकाका दुईजना सदस्य, योजना प्रमुख र इञ्जिनियर समितिको सदस्य रहने व्यवस्था गरिएको छ। समितिले योजनाका लागि बजेट उपलब्ध भइसकेपछि त्यसको कार्यान्वयनदेखि कार्यसम्पन्नसम्मका गतिविधिहरू विधिसम्मत तरिकाले सम्पादन भए नभएको हेर्ने काम गर्दछ। त्यसमा पनि शिक्षासम्बन्धी कार्यक्रमहरूको सञ्चालन, कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कनका लागि नगरप्रमुखको अध्यक्षतामा नगर शिक्षा समिति पनि समय समयमा सक्रिय भएको पाइन्छ। यसका अतिरिक्त शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख र विद्यालय निरीक्षक समेत आवश्यकताअनुसार अनुगमन कार्यमा सामेल भएको पाइन्छ। योजना कार्यान्वयन तथा अनुगमन समितिले गरेको अनुगनमसम्बन्धी कार्यको पनि अनुगमन गर्ने कार्य नगरपालिकाका प्रमुख र अन्य जनप्रतिनिधिहरूबाट भइरहेको अवस्था छ।

विद्यालयस्तरमा पनि विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको तर्फबाट पनि कुनै पनि कार्यक्रमको कार्यान्वयन पक्षको रेखदेख र अनुगमन गर्ने गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकास, खाजा व्यवस्थापन, विज्ञान प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कम्प्युटर ल्याब व्यवस्थापन, परीक्षा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन आदिका कार्यसम्पादन एवम् अनुगमन समेतका लागि शिक्षक वा विद्यालय व्यवस्थापन समितिका सदस्य वा शिक्षक अभिभावक सङ्घको सदस्यको संयोजकत्वमा समितिहरू गठन गरी कार्य गर्ने गरिएको छ। यसरी हेर्दा पनि सरोकारवाला र नागरिक समाजलाई चित्त बुझेन भने त्यस्ता गुनासाहरू प्रधानाध्यापक हुँदै विद्यालय व्यवस्थापन समिति, वडा कार्यपालिका र नगर कार्यपालिकासम्म पुग्ने गरेका छन्।

त्यत्तिले पनि सम्बन्धित पक्ष सन्तुष्ठ नभएको अवस्थामा गुनासाहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोग र न्यायालयसम्म पनि पुग्ने गरेको अवस्था छ। यी सबै कार्य र संयन्त्रको सहयोगले योजनाको कार्यान्वयन र अनुगमन पक्षलाई प्रभावकारी बनाउन योगदान पुगिरहेको देखिन्छ।

७.३. चुनौती र अवसर

योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्नानुसार छन्ः

स्रोतकेन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु, तत्काल रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले विस्तार गर्नु, प्रदेश र स्थानीय तहका आवश्यकता अनुसारको शैक्षिक संरचना र जनशक्तिको व्यवस्थापन गर्नु विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गरी पुनर्संरचित गर्नु, सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदानप्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु योजना कार्यान्वयनको सवालमा प्रमुख चुनौतीको रूपमा रहेका छन्।

त्यसरी नै शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धतिको विकास गर्नु, सङ्घीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु जस्ता सवालहरू अनुगमन र मूल्याङ्कको क्षेत्रमा देखिएका चुनौतीहरू हुन्।

कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा अवसरको रूपमा पनि केही अनुकुलताहरू देखापरेको अवस्था छ। पहिलेभन्दा अहिलेको परिवेशमा नागरिक समाजबाट पनि निगरानी र अनुगमन एवम् कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गर्ने गराउने काम स्वतःस्फूर्त तरिकाबाट भइरहेको छ। सञ्चारकर्मीहरूले वाच डगको भूमिकामा दरो र खरो किसिमले उत्रिएको अवस्था छ। सामाजिक सञ्जालहरूले समेत केही हदसम्म मानिसहरूले कुनै पनि कार्यक्रमहरूका बारेमा आफ्ना भावना र विचार राख्ने गरेका छन्। मानवसेवा, सामाजिक क्षेत्र र बालबालिकाको क्षेत्रमा काम गर्नेहरूले समेत कार्यक्रम कार्यान्वयनको अवस्थाको वारेमा अनुगमन र निगरानी गरेको अवस्था छ। अहिले त कतिपय अनुगमन र निगरानीको सवालमा अघि अघि सङ्घसंस्था र नागरिक समाज अनि पछिपछि सरकार भएको अवस्था पनि छ। यो परिवेशलाई योजना लगायत कुनै पनि कार्यक्रम कार्यान्वयनको अवस्थामा देखिएको सुखद अवसर हो भन्न सकिन्छ।

७.४. लक्ष्य तथा उद्देश्यहरू

योजनाको विषय क्षेत्रको लक्ष्य योजनाको प्रभावकारी कार्यान्वयन र सोको प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि योगदान पुग्ने रहेको छ भने यसका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. योजनाको कार्यान्वयन प्रणालीलाई तोकिएको काम तोकिएको अवधि र तोकिएको अवस्थामा सम्पादन गर्नका लागि पर्याप्त, प्रभावकारी र उपयुक्त संयन्त्र र जनशक्तिको विकास गर्नु।

२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

३. योजनाको लगानीदेखि प्रभावतहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु।

७.५. रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिने छ।

२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास र पुनर्संरचना गरी सुदृढ गरिने छ भने नगरपालिकाबाट कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिने छ।

३. योजना कार्यान्वयनको क्रममा कुन सङ्गठनले के काम गर्ने र त्यो काम गर्नका लागि कुन स्तरका कति जनशक्ति आवश्यक पर्ने भन्ने बारेमा स्पष्ट किटान हुनेगरी सङ्गठनको सर्वे गरेर सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गरिने छ।

४. संरचनाका खटिने जनशक्ति अर्थात विद्यालयका शिक्षकदेखि मन्त्रालयका सचिव र मन्त्रीसम्मले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

५. जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरू नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीतिनियम र कानुनको निर्माण तथा सोको कार्यान्वयन गरिने छ।

६. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरूको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गरिने छ।

७. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ।

८. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) गरिने छ।

९. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ र सूचक विकासका लागि प्रमुख नतिजा सूचक तथा नतिजा खाकालाई मुख्य आधार बनाइने छ।

१०. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार प्रदेश र स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने प्रणालीको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

११. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ।

१२. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनुका साथै कुन तहले कुन कुन स्तर र कुन कुन विषयको अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गरिने छ।

१३. विद्यालयहरूको विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अद्यावधिक गरिने छ।

१४. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गर्ने छन्।

१५. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइने छ।

१६. विद्यालयहरूले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने छन्।

१७. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन्।

१८. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिने छ।

१९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागु गर्ने प्रणालीको विकास गरिने छ।

२०. कार्यक्रमको कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कनको सवालमा अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइनेछ।

२१. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ।

२२. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ।

२३. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ।

२४. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिने छ।

२५. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ।

२६. आवश्यकता र औचित्यताका आधारमा एउटै संरचनाले पनि तीनवटै सरकारको काम गर्ने गरी संरचनाका विकास गरेर सरकारहरूको बीचमा समन्वय, सहकार्य, सहअस्तित्व र सहभावलाई बढावा दिनेगरी कार्यसंस्कारको विकास गरिने छ।

२७. विद्यालय सुपरिवेक्षण र अनुगमनको शून्यान्तको अवस्थालाई अन्त गर्न पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालय अनुगमन गरिने छ।

२८. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिने छ।

७.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि (Outcomes)

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरू समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

ख) प्रमुख नतिजाहरू (Key results)

१. योजना कार्यान्वयनको क्रममा सम्पादन गरिने काम र उक्त काम गर्नका लागि आवश्यक पर्ने जनशक्तिका बारेमा स्पष्ट किटान हुनेगरी सङ्गठनको सर्वे गरेर सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन भएको हुने।

२. संरचनाका खटिने जनशक्तिले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास भएको हुने।

३. जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरू नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीतिनियम र कानुनको निर्माण एवम् कार्यान्वयन भएको हुने।

४. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरूको कार्यान्वयनका लागि निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन भएको हुने।

५. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुने।

६. अनुगमनका आधारमा नतिजामा सुधार भएको हुने।

७. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमतामा विकास भएको हुने।

८. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने।

९. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुने।

१०. विद्यालयहरूको विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अध्यावधिक गरिएको हुने

११. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गरिएको हुने।

१२. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइएको हुने।

ग) मुख्य क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

तालिका ७.६ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र. सं.	क्रियाकलाप	इकाई	लक्ष्य (पहिलो ५ वर्ष)						दश वर्षको लक्ष्य	जिम्मेवार निकाय वा सरकार
			१	२	३	४	५	जम्मा		
१	सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	स्थानीय तह
२	कुन कामका लागि के कस्तो जनशक्ति कति आवश्यक हुने सम्बन्धमा सर्वे गरी सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गरिने	पटक	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश र स्थानीय सरकार
३	सङ्गठनमा खटिने जनशक्तिले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, प्रदेश र स्थानीय सरकार
४	जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरू नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानुनको निर्माण गरी कार्यान्वयन गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, प्रदेश र स्थानीय सरकार
५	सम्पादन गरिने हरेक कार्यक्रमहरूको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, प्रदेश र स्थानीय सरकार

क्र. सं.	क्रियाकलाप	इकाई	लक्ष्य (पहिलो ५ वर्ष)						दश वर्षको लक्ष्य	जिम्मेवार निकाय वा सरकार
			१	२	३	४	५	जम्मा		
६	विद्यालय सुपरिवेक्षण र अनुगमनको शून्यताको अवस्थालाई अन्त गर्न परामर्शदाता, पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित तेश्रो पक्षबाट सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालय अनुगमन गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, प्रदेश र स्थानीय सरकार
७	अनुगमनको जिम्मेवारीसहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास गरिने	पटक	१	✓	✓	✓	✓	१	२	सङ्घ, प्रदेश र स्थानीय सरकार
८	नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गरिने		१	१	✓	✓	✓	२	३	सङ्घ, स्थानीय तह
९	कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ,स्थानीय तह
१०	कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन गरिने	पटक	३	३	३	३	३	१५	३०	सङ्घ, प्रदेश तथा स्थानीय तह
११	शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सुधार गरी तीनै तहका सरकारले आवश्यक सूचना लिन सक्ने गरी एकीकृत तथा व्यवस्थित संयन्त्रको विकास गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, प्रदेश तथा स्थानीय तह
१२	निश्चित अवधिभित्र स्थिति प्रतिवेदन (Status Report) तयार गरी सार्वजनिक गरिने	पटक	१	१	१	१	१	५	१०	सङ्घ, प्रदेश तथा स्थानीय तह
१३	विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गरिने	कार्यक्रम		१	२		२	५	१०	सङ्घ, प्रदेश

क्र. सं.	क्रियाकलाप	इकाई	लक्ष्य (पहिलो ५ वर्ष)						दश वर्षको लक्ष्य	जिम्मेवार निकाय वा सरकार
			१	२	३	४	५	जम्मा		
१४	शिक्षा क्षेत्रको योजना कार्यान्वयनको समग्र मूल्याङ्कन गरिने	पटक			१		१	२	४	सङ्घ, प्रदेश तथा स्थानीय तह
१५	विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरिने	कक्षा		८	५	१०			सबै	सङ्घ,स्थानीय तह
१६	विद्यालयको कार्यसम्पादन परीक्षण गरिने	विद्यालय %		२५%	२५%	२५%	२५%	१००%	१००%	सङ्घ,स्थानीय तह
१७	अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, स्थानीय तह र प्रदेश
१८	विद्यालयहरूमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाइने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	प्रदेश, स्थानीय तह, विद्यालय
१९	विद्यालयहरूको लेखा परीक्षणलाई कानुन समेत संशोधन गरी प्रभावकारी बनाइने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै		प्रदेश, स्थानीय तह, विद्यालय
२०	विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान गरी प्राप्त निष्कर्षका आधारमा योजना र कार्यान्वयन पक्षमा सुधार गरिने	विषय	५	५	५	५	५	२५	५०	सङ्घ, प्रदेश र स्थानीय तह
२१	विद्यालयहरूको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अद्यावधिक गरिने	पटक	१	१	१	१	१	५	१०	स्थानीय तह र विद्यालय

क्र. सं.	क्रियाकलाप	इकाई	लक्ष्य (पहिलो ५ वर्ष)						दश वर्षको लक्ष्य	जिम्मेवार निकाय वा सरकार
			१	२	३	४	५	जम्मा		
२२	विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गरिने	पटक	१	१	१	१	१	५	१०	स्थानीय तह र विद्यालय
२३	विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, प्रदेश र स्थानीय तह
२४	समग्र कार्यक्रमको अनुगमन र मूल्याङ्कनका लागि उपप्रमुखको संयोजकत्वमा भएको समितिलाई सक्रिय बनाइने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ, प्रदेश र स्थानीय तह

परिच्छेद : आठ
योजनाको नतिजा खाका

८.१ परिचय

योजना भविष्यको गर्भमा हेर्ने कला वा भविष्यको रचनात्मक समीक्षा हो भन्ने कुरालाई आत्मसात गर्दै प्रस्तुत योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरू तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्यको पहिचान गरिएको छ। गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा समेत आँकलन गरिएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरिएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान र जिम्मेवार पक्ष समेत उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो। यसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नुका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न समेत सहयोग गर्दछ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ। योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरिएको छ। त्यसैगरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ।

८.२ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाकाअन्तर्गत बारबर्दिया नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। त्यसैगरी योजनाको दीर्घकालीन र मध्यकालीन तथा तत्कालीन उपलब्धिहरू उल्लेख गरिएको छ भने नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ। यस पछिका दुई तालिकामा (तालिका ८.१ र ८.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) र कार्यक्रम नतिजा सूचकहरू (PRF) समावेश गरिएको छ।

चित्र ८.१: योजनाको समग्र नतिजा नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू

मध्यकालीन उपलब्धि (Medium-term outcome)

उपलब्धि	नतिजा सूचक	सत्यापनका स्रोत तथा तरिका
गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा सबैका निम्ति सहज र सुनिश्चित भई यसकै जगमा उभिएको उच्च एवम् प्राविधिक शिक्षामार्फत् नगरपालिकाको अशिक्षा, गरिबी र बेरोजगारी समस्याको समाधान गर्न योगदान पुग्ने	मुख्य कार्यसम्पादन सूचकहरू (KPIs)	❖ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली ❖ वार्षिक स्थिति प्रतिवेदन ❖ विद्यार्थी उपलब्धि परीक्षण ❖ कार्यसम्पादन प्रतिवेदनहरू ❖ विभिन्न विषयगत अध्ययन, अनुसन्धान र आर्थिक सर्वेक्षणहरू ❖ मध्यावधिक तथा अन्तिम मूल्याङ्कन

तत्कालीन उपलब्धि (Immediate outcomes)

उपलब्धिहरू	नतिजा सूचक	सत्यापन स्रोत तथा तरिका
१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने। २. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता एवम् माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। ३. उच्च शिक्षाबाट नगरको समुन्नतिका लागि आवश्यक पर्ने दक्ष, सक्षम र समर्पित जनशक्तिको उत्पादन आरम्भ हुने। ४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गरी पूर्ण साक्षर नगरको रूपमा बारबर्दियाले आफ्नो परिचय स्थापित गरेको हुने। ५. शिक्षाका सबै निकायहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने। ६. विद्यालय तह एवम् उच्च शिक्षाको पाठ्यक्रम सान्दर्भिक र जीवनोपयोगी तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोचयुक्त, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने। ७. आवश्यकता र औचित्यका आधारमा शिक्षाको संरचना र जनशक्तिको व्यवस्थापन पुनर्संरचित भई सेवा प्रवाहमा सुधार हुने। ८. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार एवम् मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि भई सिकाइमा सुधार हुने। ९. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।	❖ मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) ❖ कार्यक्रम नतिजा सूचकहरू (PRF)	❖ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली ❖ वार्षिक स्थिति प्रतिवेदन ❖ वार्षिक अनुगमन प्रतिवेदनहरू ❖ विभिन्न तहका वार्षिक प्रगति समीक्षाहरू ❖ सार्वजनिक परीक्षाका नतिजा विश्लेषण

उपलब्धिहरू	नतिजा सूचक	सत्यापन स्रोत तथा तरिका
१०. विभिन्न क्षमता र परिवेशका विद्यार्थीहरूलाई समता र समावेशिताका आधारमा सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको शिक्षण संस्थामा अध्ययन गर्नका लागि अवसर प्राप्त हुने। ११. सिकारु र शिक्षणसंस्थाहरूसम्म सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी असहज परिवेशमा समेत सिकाइले निरन्तरता पाउने। १२. शैक्षिक क्षेत्रलाई प्राथमिकताको क्षेत्रमा स्थापित गरी नगरका अब्बल नागरिकहरू रोजगारीका लागि आकर्षित हुने। १३. अभिभावक र शिक्षकको बिचको निरन्तर सहकार्यको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुने। १४. विद्यार्थीको समग्र समुन्नतिका लागि समर्पित शिक्षकहरूबाट सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुने।		

८.३ प्रमुख कार्यसम्पादन सूचकहरू (Key Performance Indicators-KPIs)

तालिका ८.३: प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs)

क्र. सं.	सूचकहरू Indicators	आधार वर्ष (2019/20)	लक्ष्य					५ वर्षको लक्ष्य 2024/25	१० वर्षको लक्ष्य 2030/31
			2020/21	2021/22	2022/23	2023/24	2024/25		
१	**आधारभूत शिक्षा (बालविकास र शिक्षा)**								
१.१	बालविकास तथा शिक्षामा कुल भर्ना दर	११४.७	११२.०	११०.०	१०८.०	१०६.०	१०५.०	१०५	१००
१.२	चार वर्षका बालबालिकाको भर्ना अनुपात	८४.९९	८६.०	८८.०	९०.५०	९३.०	९५.०	९५	१००
१.३	न्यूनतम योग्यता पुगेका शिक्षक	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००	१००
१.४	आधारभूत तालिम प्राप्त शिक्षक	८०.००	८४.००	८८.००	९२.००	९६.००	१००.००	१००	१००
१.५	कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको	७७.९७	८.०००	८.४००	८८.००	९२.००	९५.००	९५	१००
२	**आधारभूत शिक्षा (कक्षा १–८)**								
२.१	कक्षा १ मा कुल प्रवेश दर	१०६.८	१०५.४	१०४. ०	१०३. ०	१०२. ०	१०१. ०	१०२	१००
२.२	कक्षा १ मा खुद प्रवेश दर	९८.४	९८.५	९८. ६	९८. ८	९८. ९	९९.०	९९	१००
२.३	कक्षा १- ५ मा कुल भर्ना दर	१०५.१	१०४.०	१०३.५	१०३.०	१०२.५	१०२.५	१०२	१००
२.४	कक्षा १- ५ मा खुद भर्ना दर	९७.७	९८. ०	९८. ५	९९. ०	९९. ५	१००	१००	१००
२.५	कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात	४.४२	४.६०	४.७०	४.८०	४.९०	५.०	५.०	५.०
२.६	कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात	३२.७७	३२.५०	३१.५०	३१.००	३०.५०	३०.०	३०.०	३०.०
२.७	कक्षा १- ८ मा कुल भर्ना दर	१०४.३	१०४.०	१०३.८	१०३.४	१०२.४	१०२	१०२	१००
२.८	कक्षा १- ८ मा खुद भर्ना दर	९७.१	९८.६	९८.७	९८.८	९८.९	९९	९९	१००

क्र. सं.	सूचकहरू Indicators	आधार वर्ष (2019/20)	लक्ष्य					५ वर्षको लक्ष्य 2024/25	१० वर्षको लक्ष्य 2030/31
			2020/21	2021/22	2022/23	2023/24	2024/25		
२.९	कक्षा १- ८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	०.९३	०.९८	०.९९	१.००	१.००	१.००	१.००	१.००
२.१०	कक्षा ८ मा टिकाउ दर	८७.०७	८९.०७	९२.०	९५.०	९७.०	९८.९	९८.९	१००
३	**माध्यमिक शिक्षा**								
३.१	कुल भर्ना दर कक्षा ९- १०	८६.१	९४.०	९७.५	१०१.१	१०२.०	१०३.०	१०५.०	१००
३.२	खुद भर्ना दर कक्षा ९- १०	६५.३	७०.०	७२.५	७५.०	७७.५	८०.०	८०.०	९५
३.३	कुल भर्ना दर कक्षा ९- १२	७०.७	७८.०	८१.०	८४.५	८७.५	९०.५	९०.५	९५
३.४	खुद भर्ना दर कक्षा ९- १२	४७.०	४८.०	५०.०	५२.५	५५.०	५७.५	५७.५	७०
३.५	कुल भर्ना दर कक्षा ११- १२	५५.४	६३.०	६९.०	७२.०	७५.००	७८.०	७८.०	८५.५
३.६	खुद भर्ना दर कक्षा ११- १२	२८.७	२९.०	३२.५	३६.०	३९.५	४२.५	४२.५	६५.५
३.७	कक्षा १० सम्मको टिकाउ दर	४९.६७	५८.०	६५.०	७३.०	८१.५	९०	९०	९८
३.८	कक्षा १२ सम्मको टिकाउ दर	००					००	००	००
३.९	कक्षा ९-१२ मा खुद भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क	१.३४	१.३४	१.०१	१.१०	१.००	१.००	१.००	१.००
४	**अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त शिक्षा**								
४.१	५ वर्ष माथिको साक्षरता दर	७४.१८	७४.१८	७८.१८	८०.१८	८२.१८	८३.१८	८५.००	९५.१८
४.२	१५—२४ वर्षको साक्षरता दर	९८	९८	९८	९९.१०	९९.१०	९९.१०	९९.८०	१००
४.३	१५ वर्ष माथिको साक्षरता दर	५७.७६	६३.७६	६८.७६	७०.७६	७३.७६	७५.७६	८०.००	९५.७६
५	**महिला शिक्षक अनुपात र PMEC**								

क्र. सं.	सूचकहरू Indicators	आधार वर्ष (2019/20)	लक्ष्य					५ वर्षको लक्ष्य 2024/25	१० वर्षको लक्ष्य 2030/31
			2020/21	2021/22	2022/23	2023/24	2024/25		
५.१	आधारभूत तहमा महिला शिक्षकको प्रतिशत	२६.९७	२९.०	३१.०	३३.०	३५.०	३७.०	३७.०	४५५
५.२	माध्यमिक तह महिला शिक्षकको प्रतिशत	०.०७	२.०	७.०	१०.०	१२.५	१५.०	१५.०	२५
५.३	**PMEC पूरा भएका** बालविकास तथा शिक्षा केन्द्र	५०	५५	६०	६५	७०	७५	७५	९५
५.४	**PMEC पूरा भएका** आधारभूत विद्यालय	२०	३०.०	४०.०	५०.०	६०.०	७५.०	७५	९५
५.५	**PMEC पूरा भएका** माध्यमिक विद्यालय	१०	२२	३४	४६	५८	७०	७०	९५
६	**क्षेत्रगत वित्तीय लगानी**								
६.१	नगरपालिकाको कुल बजेटमा शिक्षा बजेटको लगानी प्रतिशत	१९.००	२०.००	२१.००	२२.००	२३.००	२४.००	२४.००	२५.००

८.४ कार्यक्रम नतिजा खाका (Programme Result Framework-PRF)

तालिका ८.४: कार्यक्रमगत नतिजा सम्बन्धी सूचकहरू

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
१. प्रारम्भिक बालविकास तथा शिक्षा											
१.१	सहजै देखिने भर्ना दर		११४.७	११२.०	११०.०	१०८.०	१०६.०	१०५.०	१०५	१००	
१.२	४ वर्ष उमेरका बालबालिकाको भर्ना		८४.९९	८६.०	८८.०	९०.५०	९३.०	९५.०	९५	१००	
१.३	आधारभूत तालिम प्राप्त शिक्षक		८०.००	८४.००	८८.००	९२.००	९६.००	१००.००	१००	१००	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
१.४	कक्षा १ मा बालविकासको अनुभवसहित भर्न हुने बालबालिका		७७.९७	८.०००	८.४००	८८.००	९२.००	९५.००	९५	१००	
१.५	आधारभूत मापदण्ड पूरा गरेका केन्द्र		५०	५५	६०	६५	७०	७५	७५	९५	
१.६	केन्द्र सञ्चालन	सङ्ख्या	१११	१११	११२	११३	११४	११५	११५	११५	
१.७	बालबालिकाका लागि सिकाइ सामग्री	सङ्ख्या	२११६	२२१६	२३१६	२४१६	२५१६	२६१६	२६१६	३०००	
१.८	दिवा खाजा	सङ्ख्या	२११६	२२१६	२३१६	२४१६	२५१६	२६१६	२६१६	३०००	
१.९	प्रोत्साहन सहायता प्राप्त गर्ने अपाङ्गता भएका बालबालिका	सङ्ख्या	१०	१५	२०	२५	३०	३५	३५	५०	
१.१०	अभिभावक र व्यवस्थापन समिति अभिमुखीकरण	केन्द्र	१११	१११	११२	११३	११४	११५	११५	११५	
१.११	बालविकास केन्द्रलाई दुई वर्षे बनाउदा थप्नु पर्ने शिक्षक सङ्ख्या	शिक्षक	९६	११६	१३६	१५६	१७६	१९२	१९२	२००	
१.१२	आधारभूत शिक्षक तालिम सञ्चालन (१५ दिन)	सङ्ख्या	८७	२०	२०	२०	२०	२०	१८७	२००	
१.१३	बालविकास केन्द्रलाई शिशु स्याहार परिचारिकाको व्यवस्था	सङ्ख्या	००	२५	२५	२५	२५	१००	१००	१००	
१.१४	प्रत्येक वडामा कम्तीमा एउटा बाल उद्यानको व्यवस्थापन र सञ्चालन	सङ्ख्या	००	२	२	२	२	३	११	१५	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
२. आधारभूत शिक्षा											
२.१	कक्षा १ मा कुल प्रवेश दर		१०६.८	१०५.४	१०४. ०	१०३. ०	१०२. ०	१०१. ०	१००	१००	
२.२	कक्षा १ मा खुद प्रवेश दर		९८.४	९८.५	९८. ६	९८. ८	९८. ९	९९.०	९९	१००	
२.३	कक्षा १-५ मा कुल भर्ना दर		१०५.१	१०४.०	१०३.५	१०३.०	१०२.५	१०२.५	१०२	१००	
२.४	कक्षा १-५ मा खुद भर्ना दर		९७.७	९८. ०	९८. ५	९९. ०	९९. ५	१००	१००	१००	
२.५	कक्षा १-८ मा कुल भर्ना दर		१०४.३	१०४.०	१०३.८	१०३.४	१०२.४	१०२	१०२	१००	
२.६	कक्षा १-८ मा खुद भर्ना दर		९७.१	९८.६	९८.७	९८.८	९८.९	९९	९९	१००	
२.८	आधारभूत तह कक्षा १-५ मा लैङ्गिक समता सूचकाङ्क -खुद भर्ना दरमा	अनुपात	०.९२	१.००	१.००	१.००	१.००	१.००	१.००	१.००	
२.९	कक्षा १-५ मा कक्षा दोहोऱ्याउने दर		२.४७	२.००	१.५०	१.२५	१.००	०.००	०.००	०.००	
२.१०	कक्षा १-५ मा कक्षा छाड्ने दर		१.५५	१.३०	१.००	०.७५	०.३५	००	००	००	
२.११	आधारभूत तह पूरा गर्ने दर		७१.८	९०	९२	९५	९८	९९	१००	१००	
२.१२	न्यूनतम शिक्षकको व्यवस्थाका लागि थप शिक्षक										
२.१२.१	आधारभूत तह कक्षा १-५	सङ्ख्या	२१९	००	००	०० ००	००	००	००	००	
२.१२.२	आधारभूत तह कक्षा ६-८	सङ्ख्या	९७	११	११	११	११	१३	१५२	१५२	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
२.१३	आधारभूत तहमा न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय (शिक्षक, कक्षाकोठा, पुस्तकालय, पाठ्यपुस्तक र छात्र तथा छात्रा शौचालय)	प्रतिशत	६०.०	६६.०	७२.०	७८.०	८४.०	९०.०	९०.०	९५	
२.१४	दिवा खाजा प्राप्त गर्ने विद्यार्थी (बालविकासदेखि कक्षा ८ सम्म	सङ्ख्या	१२६८५	१३०००	१३५००	१४०००	१४५००	१५०००	१५०००	१६०००	
२.१४	प्रोत्साहन तथा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (गरिबीको रेखा मुनिका रहेका करिब १८ र अपाङ्गता भएका समेत गरी जम्मा २० जना का लागि)	सङ्ख्या	१९५	३००	३५०	४००	४५०	५००	५००	७००	
२.१६	पाठ्यपुस्तक उपलब्ध हुने विद्यार्थी	सङ्ख्या	१०५६९	१०७६९	१०९६९	१११६९	११३६९	११५६९	११५६९	१२०००	
२.१७	अभिभावकविहीन बालबालिकालाई आवासीय प्रबन्ध (माध्यमिक समेत)	सङ्ख्या	२२	५०	७५	१००	१२५	१५०	१५०	२००	
२.१८	स्थानीय पाठ्यक्रममा आधारित एक विद्यालय एक व्यवसाय कार्यक्रम	सङ्ख्या	४२	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
२.१९	प्रस्तावमा आधारित गुणस्तर सुधारका लागि अनुदान कार्यक्रम	सङ्ख्या	११	१५	२०	२५	३०	३५	३५	सबै	
२.२०	नमुना विद्यालय	सङ्ख्या	१	१	१	१	१	४	५	८	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
३. माध्यमिक शिक्षा											
३.१	कुल भर्ना दर ९-१०		८६.१	९४.०	९७.५	१०१.१	१०२.०	१०३.०	१०५.०	१००	
३..२	खुद भर्ना दर ९-१०		६५.३	७०.०	७२.५	७५.०	७७.५	८०.०	८०.०	९५	
३.३	कुल भर्ना दर ११-१२		५५.४	६५.०	७०.०	७२.५	७४.५	७५.५	७८.०	९५	
३.४	खुद भर्ना दर ११-१२		२८.७	३०.०	३२.०	३५.५	३८.०	४०.५	४२.५	७०	
३.५	कुल भर्ना दर ९-१२		७०.७	६३.०	६९.०	७२.०	७५.००	७८.०	९०.५	८५.५	
३.६	खुद भर्ना दर ९-१२		४७.०	२९.०	३२.५	३६.०	३९.५	४२.५	५७.५	६५.५	
३.७	माध्यमिक तहको कक्षा १० सम्म पुग्ने दर		४९.६७	५७.६७	६५.६७	७३.६७	८१.६७	८८.६७	९०	९८	
३.८	माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर		२४.०	२५.९	२८.०	३०.३	३२.८	३५.४	३५.४	५२.३	
३.९	माध्यमिक तहको (९-१२) खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	अनुपात	१.३४	१.२०	१.१०	१.०५	१.००	१.००	१.००	१.००	
३.१०	न्यूनतम शिक्षकको व्यवस्थाका लागि थप शिक्षक	शिक्षक	२०	४	४	४	४	४	२०	३०	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
३.११	माध्यमिक तहमा न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय (शिक्षक, कक्षाकोठा, पुस्तकालय, सूचना तथा प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला, पाठ्यपुतक र छात्र तथा छात्रा शौचालय)	प्रतिशत	५०	५७	६४	७१	७८	८५	८५	९५	
३.१२	प्रोत्साहन तथा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (कक्षा ९-१२) (गरिबीको रेखामुनिका र अपाङ्गता भएका समेत गरी जम्मा १०)	सङ्ख्या	४००	४५०	५००	५५०	६००	६५०	६५०	७००	
३.१३	पाठ्यपुस्तक उपलब्ध हुने विद्यार्थी	सङ्ख्या	४०८१	४२८१	४४८१	४६८१	४८८१	५०००	५०००	५५००	
३.१४	प्राविधिक धारका विद्यालय	सङ्ख्या	००	००	००	१	००	००	१	२	
३.१५	नमुना विद्यालय	सङ्ख्या	१	००	१	००	००	००	२	२	
३.१६	ठुला विद्यालय (Big School)	सङ्ख्या	१	००	००	१	००	००	२	२	
४	**विद्यालय व्यवस्थापन र नियमन**										
४.१	विद्यालय खुलेका दिनको सुनिश्चितता (less than 220 Days)	विद्यालय	२०७	२१०	२१२	२१४	२१६	२१८	२१८	२२०	
४.२	शिक्षक उपस्थिति दर	दिन	१६५	१७०	१७५	१८०	१८५	१९०	१९०	२१०	
४.३	विद्यार्थी उपस्थिति औसत दिन	दिन	१५२	१६२	१७२	१८२	१९२	२०२	२०२	२१८	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
४.४	शिक्षकले कक्षाकोठामा बिताएको समय										
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ											
५.१	५ वर्षमाथिको साक्षरता दर		७४.१८	७४.१८	७८.१८	८०.१८	८२.१८	८४.१८	८५.०	९५.१८	
५.२	१५-२४ वर्षको साक्षरता दर		९८	९८	९८	९९.१०	९९.१०	९९.१०	९९.५०	१००	
५.३	१५ वर्षमाथिको साक्षरता दर		५७.७६	६५.७६	७०.७६	७५.७६	८०.७६	८५.७६	९०.७६	९५.७६	
५.४	खुला विद्यालय सञ्चालन	सङ्ख्या	००	००	१	००	००	१	१	१	
५.५	११ र १२ कक्षाको लागि खुला विद्यालय सञ्चालन	सङ्ख्या	००	००	१	००	००	१	१	१	
५.६	सामुदायिक सिकाइ केन्द्रको सवलीकरण र सञ्चालन	सङ्ख्या	२	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
५.७	निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन	सङ्ख्या	३०	३०	३०	३०	३०	३०	१५०	३००	
६. पाठ्यक्रम र मूल्याङ्कन											
६.१	राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप कक्षा १ देखि १२ सम्मका पाठ्यक्रम तथा पाठ्यसामग्री कार्यान्वयन	कक्षा	१, २, ३, ६, ११ र १२	४, ७, ९	५, ८, १०,	सबै कक्षा	सबै कक्षा	सबै कक्षा	सबै कक्षा		
६.२	मूल्याङ्कन प्रक्रिया तथा साधन विकास, परीक्षण र कार्यान्वयन	कक्षा	कक्षा १ - ३	कक्षा ११, १२, ६-८	कक्षा ४ - ५	कक्षा ९-१०			सबै कक्षा		

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
६.३	स्थानीय पाठ्यक्रम विकास	कक्षा	कक्षा १ देखि कक्षा ८	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
६.४	स्थानीय पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री विकास	कक्षा	कक्षा १ ३ र कक्षा ६	कक्षा ४ ५ र कक्षा ७	कक्षा ८	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
६.५	कक्षा ९ र कक्षा १० का विद्यार्थीहरूका लागि सिकलसेल र थालेसेमियाको सन्दर्भ सामग्री विकास	कक्षा	कक्षा ९ र कक्षा १०	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
७. शिक्षक विकास र व्यवस्थापन											
७.१	सेवा प्रवेश तालिम (खाली भएकोमा नियुक्ति हुने र नयाँ थप नियुक्ति हुने)	प्रतिशत		२७०००	२६०००	१००००	५२००	५४००	७३६००		
७.२	नगरपालिकामा शिक्षकहरूका निम्ति छोटो अवधिका तालिम सञ्चालनका लागि एउटा तालिम केन्द्र सञ्चालन	सङ्ख्या	०	१	००	००	००	००	१	१	
७.३	एक महिने क्षमता विकास तालिम	शिक्षक	००	५०	५०	५०	५०	५०	२५०	५००	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
७.४	प्रत्येक स्थानीय तहले विद्यालयका शिक्षकहरूलाई सहयोग गर्ने गरी शिक्षक सहयोग समूह गठन र परिचालन	विषयगत समूह	१०	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
७.५	सबै विद्यालयहरूमा अनलाइन मार्फत निरन्तर शिक्षक सहयोग र पृष्ठपोषणको पद्धति विकास	सङ्ख्या	४२	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
७.६	हालको शिक्षक छनोट पाठ्यक्रमलाई परिमार्जन गरी सामाजिक आचरण र बालबालिकाप्रतिको समर्पण भावको परीक्षण गरिने प्रावधानका लागि सङ्घ र प्रदेशसँग समन्वय गरिने।	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
७.७	कानुन संशोधन गरी शिक्षकहरूलाई राजनीतिक दलको सदस्य हुन निषेध गरिने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
७.८	सबै शिक्षकहरूको एउटै पेसागत संस्था हुने गरी कानुन बनाउन समन्वय गरिने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
७.९	एउटा शिक्षक एउटै विद्यालयमा ५ वर्षभन्दा बढी काम नगर्ने गरी सरुवा प्रणाली पारदर्शी वैज्ञानिक बनाइने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
८. समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श											
८.१	विशेष विद्यालय सञ्चालन (स्रोत कक्षा समेत)	सङ्ख्या	००	१	००	००	००	००	१	१	
८.२	विद्यार्थीहरूको समस्या र आवश्यकताका आधारमा मनोसामाजिक परामर्श प्रदान गरिने	सङ्ख्या	१००००	२०००	२०००	२०००	२०००	२०००	१००००	१५०००	
८.३	विद्यार्थीहरूलाई प्रदान गरिने सबै प्रकारका प्रोत्साहन र छात्रवृत्ति रकम बैङ्क मार्फत् उपलब्ध गराइने	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
९. पूर्वाधार तथा भौतिक संरचना एवम् उत्थानशील (resilience) शैक्षिक वातावरण विकास											
९.१	नयाँ पूर्वाधार र भौतिक संरचना निर्माण	कोठा सङ्ख्या	१००	२०	२०	२०	२०	२०	१००	१५०	
९.२	मर्मत र सम्भार	कोठा सङ्ख्या	७५	१५	१५	१५	१५	१५	१५		
९.३	शौचालय, पानी र सरसफाइ	विद्यालय सङ्ख्या	२८	५	६	६	६	५	२८	४०	
९.४	क्षमता विकास कार्यक्रम	विद्यालय	४२	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
९.५	सचेतना कार्यक्रम सञ्चालन	विद्यालय	४२	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
९.६	एउटा विद्यालयको पूर्वाधार एकैपटक पूरा गर्ने पद्धतिको कार्यान्वयन गरिने	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
१०. सूचना तथा सञ्चार प्रविधि											
१०.१	विद्यालयहरूमा सूचना तथा सञ्चार प्रयोगशाला (ICT Lab) स्थापना, विकास र प्रयोग	विद्यालय	२०	४	४	४	४	४	२०	४२	
१०.२	अन्तरक्रियात्मक विद्युतीय सामग्री प्रयोग (Interactive digital materials)	विषय	९	४	४	४	८	६	९	१२	
१०.३	विद्यालयहरूमा पूर्वाधार विकास (Connectivity and equipment)	विद्यालय	४२	१४	१४	१४	००	००	४२	४२	
१०.४	अनलाइनमार्फत् निरन्तर शिक्षक सहयोग र पृष्ठपोषणको पद्धति विकास गरिने	शिक्षक	५०	१००	१००	१००	१००	१००	५५०	१०००	
१०.५	एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धति थप व्यवस्थित गर्ने	पटक	१	१	१			१	३	५	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
१०.६	शैक्षिक सेवा प्रवाह (फारमहरू भर्ने लगायतका सम्भाव्य सबै प्रक्रियालाई) लाई सूचना तथा सञ्चार पद्धतिमा आधारित बनाउने	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
११. शासकीय प्रबन्ध (संस्थागत संरचना र क्षमता विकास)											
११.१	शिक्षा, युवा तथा खेलकुद शाखाको पुनर्गठन	सङ्ख्या	१	१	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
११.२	कानुन अनुसार नै प्रधानाध्यापकलाई अधिकार सम्पन्न बनाउने र निजसँग कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने	प्रअ सङ्ख्या	४२	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
११.३	एउटा विद्यालयमा एक प्र अ को कार्यकाल ५ वर्षभन्दा बढी नहुने गरी कानुन बनाई कार्यान्वयन गरिने	सङ्ख्या	४२	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
११.४	प्रतिवेदन पद्धति सुदृढ बनाउने (कार्यक्रम, EMIS, आर्थिक र अन्य पक्षहरूसँग सम्बन्धित अनलाइन पद्धतिमा विकास गर्ने)	सङ्ख्या		२	२	२	२	२	१०	२०	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
११.५	शिक्षक र कर्मचारीहरू कामको आधारमा पुरष्कृत र दण्डित हुने गरी वस्तुनिष्ठ प्रणालीको विकास गरिने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
११.६	शैक्षिक नीति तथा योजना सम्बन्धमा स्थानीयका जनप्रतिनिधि र कर्मचारीको अन्तरक्रिया	पटक		२	२	२	२	२	१०	२०	
१२. **प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिम**											
१२.१	नगरपालिका स्तरमा विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन एकाइको गठन	पटक	००	१	००	००	००	००	१	२	
१२.२	सहिद बिष्णुधनी स्मृति बहु प्राविधिक शिक्षालयलाई नि:शुल्क प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाको रूपमा विकास गरिने	पटक	००	१	००	००	००	००	१	१	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
१२.३	नगरपालिकामा हाल सञ्चालनमा रहेको सहिद विष्णुधनी स्मृति बहुप्राविधिक शिक्षालयलाई उच्च शिक्षा दिने कलेजको रूपमा स्तरोन्नति गरिने	पटक	००	१	००	००	००	००	१	१	
१२.४	नगरपालिकामा साधारण विषय अध्यापन गरिरहेका कलेजलाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षा प्रदायक कलेजको रूपमा रूपान्तरण	पटक	००	१	००	००	००	००	१	१	
१२.५	आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न छात्रवृत्ति एवम् प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन	विद्यार्थी	४८	८४	१२५	१५०	२००	२५०	२५०	३५०	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
१२.६	नगरपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरूमा त्यहाँ अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम उपलब्ध गराइनेछ	विद्यार्थी		२०	२०	२०	२०	२०	१००	१५०	
१२.७	विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गरिने	निरन्तर			निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
१३. उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षाको सम्बन्ध											
१३.१	गुणस्तरीय किसिमबाट प्राविधिक विषयहरूको अध्यापन गर्ने माध्यमिक विद्यालयहरूको अभिवृद्धि	माध्यमिक विद्यालय			१	१			२	४	
१३.२	उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरूप शिक्षालाई प्रत्यक्ष रूपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गरिने	पद्धति		निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
१३.३	उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सिमान्तकृत विद्यार्थीहरूलाई उचित छात्रवृत्तिको व्यवस्था गर्ने,	विद्यार्थी	५३	५५	५५	५५	५५	५५	२७५	३००	
१३.४	नगरपालिकाले उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूलाई पर्याप्त लगानीका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
१३.५	सङ्घ र प्रदेश सरकारबाट पर्याप्त लगानी नहुँदासम्म उच्च शिक्षाको अति आवश्यकीय क्षेत्रमा नगरपालिकाले उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने	क्याम्पस	२	२	२	२	२	२	२	२	
१४. अनुगमन तथा मूल्याङ्कन											
१४.१	समग्र कार्यक्रमको अनुगमन र मूल्याङ्कनका लागि उपप्रमुखको संयोजकत्वमा भएको समितिलाई सक्रिय बनाइने।	पटक	२	२	२	२	२	२	१०	२०	

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष	लक्ष्य					२०७८/७९-२०८२/०८३ सम्म	२०८३/८४-२०८७/८८ सम्म	कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३			
१४.२	विद्यालय सुपरिवेक्षण र अनुगमनको शून्यताको अवस्थालाई अन्त गर्न परामर्श दाता, पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित तेस्रो पक्षबाट सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालय अनुगमन	पटक		२	२	२	२	२	१०	२०	
१४.३	सङ्घ र प्रदेश सरकारसँग समन्वयन गरी योजनाको मद्यावधिक मूल्याङ्कन	पटक				१			१	२	
१४.४	सङ्घ र प्रदेश सरकारसँग समन्वयन गरी योजनाको अन्तिम मूल्याङ्कन							१	१		
१४.५	कक्षा अवलोकन र पृष्ठपोषण	शिक्षक		१००	१००	१००	१००	१००	५००	१०००	
१४.६	विद्यालय कार्यसम्पादन परीक्षण	विद्यालय सङ्ख्या	४२	८	८	८	८	१०	४२	४२	
१४.७	विद्यार्थीको उपलब्धि परीक्षण	कक्षा		८	५	८	५	10			
१४.८	सामाजिक परीक्षण	विद्यालय	४२	४२	४२	४२	४२	४२	४२		

सन्दर्भ ग्रन्थ सूची

नेपाल सरकार, अर्थ मन्त्रालय (१५ जेठ,२०७८), आ व २०७८। ०७९ को आय व्ययको सार्वजनिक जानकारी वक्तव्य, सिंहदरवार, काठमाडौं, नेपाल, http://www.mof.gov,np.

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (डिसेम्बर,२०१७), नेपाल, दिगो विकासका लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, काठमाडौं, नेपाल, लेखक।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास योजना वि सं २०७३। ०७४- २०७९। ०८० (नेपाल सरकार शिक्षा मन्त्रालयबाट २०७३ साल कार्तिक ८ गते स्वीकृत, सिंहदरवार, काठमाण्डौं, नेपाल।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), शैक्षिक सूचना २०७५, सिंहदरबार काठमाडौं, नेपाल,

नेपाल सरकार , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७), शैक्षिक सूचना २०७६, सिंहदरबार काठमाडौं, नेपाल,

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (चैत्र, २०७७), शिक्षा क्षेत्रको योजना, ड्राफ्ट कपि २०२१-२०३०) सानोठिमी, भक्तपुर।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय , पाठ्यक्रम विकास केन्द्र (२०७६), राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, सानोठिमी, भक्तपुर।

पोखरेल, हरिहर (फागुन, २०७२), नेपालको संविधान २०७२ सङ्घीय सात प्रदेश, काठमाण्डौं, ब्रदर्श बुक्स प्रकाशन प्रा लि।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सूचना तथा अनुसन्धान महाशाखा (फागुन, २०७७), वार्षिक प्रतिवेदन २०७६। ०७७ सानोठिमी, भक्तपुर।

बारबर्दिया नगरकार्यपालिकाको कार्यालय(२०७८), आर्थिक वर्ष २०७८। ०७९ लगायत अन्य आर्थिक वर्षहरूका बजेट वक्तव्यहरू, जयनगर, बर्दिया, लेखक।

बारबर्दिया नगरकार्यपालिकाको कार्यालय (२०७८), बारबर्दियाको पार्श्वचित्र २०७५, जयनगर, बर्दिया, लेखक।

बारबर्दिया नगरकार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा (२०७८), बारबर्दियाको शिक्षा पार्श्वचित्र २०७८, जयनगर, बर्दिया, लेखक।

बारबर्दिया नगरकार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा (२०७८), बारबर्दियाको शैक्षिक बुलेटिन २०७८, जयनगर, बर्दिया, लेखक।

राष्ट्रिय योजना आयोग (फागुन २०७६), पन्ध्रौं योजना (२०७६। ७७- २०८०। ८१) , सिंहदरवार, काठमाण्डौं, नेपाल

शर्मा, नारायणप्रसाद (२०७७), शिक्षासम्बन्धी ऐन-नियम तथा राष्ट्रिय शिक्षा नीति २०७६, काठमाडौं, नेपाल, एक्सिलेन्स पब्लिकेशन

श्रेष्ठ, नारायण (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं, नेपाल, पैरवी प्रकाशन।

सामुदायिक विद्यालयका विद्यालय सुधार योजनाहरू।

Central for Educational and Human Resource Development (2077), Final Flash Report 2019-20 (2076) Sanothimi, Bhaktapur, Nepal, Writer.

Government of Nepal, National Planning Commission, Central Bereau of Statistics (2018), Women in Nepal, Statistical Highlights 2018, Ramshah Path, Kathmandu, Nepal, Writer.

Government of Nepal, Minsitry of Education, Science and Technology, Educational Review Office(2020), National Assessment for Reading and Numeracy 2020 (Grade 3). Sanothimi, Bhaktapur, Writer.

United Nations Children's Fund (2000), Defing Quality in Education, New York. Publication of UNICEF,

अनुसूची : एक
दश वर्षे शिक्षा क्षेत्र योजना निर्देशक समितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण

आज मिति २०७८/०५/२० गते दिउँसो ४:०० बजे बारबर्दिया नगरपालिका, नगरकार्यपालिकाका नगर प्रमुख श्री दुर्गा बहादुर थारु (कबिर) ज्यू एवम् बारबर्दिया नगरपालिकाको दश बर्षे शिक्षा क्षेत्रको योजना २०७८ निर्देशक समितिको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी पेस हुन आएका प्रस्तावहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

क्र.स.	नाम थर	पद	दस्तखत	कैफियत
१.	श्री दुर्गा बहादुर थारु	नगर प्रमुख		
२.	श्री अन्जु दहित	नगर उप-प्रमुख		
३.	श्री राम बहादुर थारु	वडा अध्यक्ष बारबर्दिया-१		
४.	श्री खुशीराम थारु	वडा अध्यक्ष बारबर्दिया-२		
५.	श्री लक्ष्मी घर्ती	का.वा.वडा अध्यक्ष बारबर्दिया-३		
६.	श्री मान बहादुर थारु	वडा अध्यक्ष बारबर्दिया-४		
७.	श्री मनिराम थारु	वडा अध्यक्ष बारबर्दिया-५		
८.	श्री कर्ण बहादुर बि.क.	वडा अध्यक्ष बारबर्दिया-६		
९.	श्री राम लाल थारु	वडा अध्यक्ष बारबर्दिया-७		
१०	श्री हरि प्रसाद भुसाल	वडा अध्यक्ष बारबर्दिया-८		
११	श्री फत्तु थारु	वडा अध्यक्ष बारबर्दिया-९		
१२	श्री निरञ्जन कुमार चौधरी	वडा अध्यक्ष बारबर्दिया-१०		
१३	श्री विजय कुमार चौधरी	वडा अध्यक्ष बारबर्दिया-११		
१४	श्री दुर्गा बहादुर बिश्वकर्मा	नगर कार्यपालिका सदस्य		
१५	श्री टेक बहादुर कामी	नगर कार्यपालिका सदस्य		
१६	श्री मनिसरा राजी	नगर कार्यपालिका सदस्य		
१७	श्री रिता थारु	नगर कार्यपालिका सदस्य		
१८	श्री रामदुलारी थारु	नगर कार्यपालिका सदस्य		
१९	श्री माता कुमारी परियार	नगर कार्यपालिका सदस्य		
२०	श्री सोमरानी थारु	नगर कार्यपालिका सदस्य		
२१	श्री दशरथ बुढा	प्रमुख प्रशासकीय अधिकृत		
२२	श्री वशन्त बहादुर शाही	लेखा अधिकृत		
२३	श्री टिकानाथ गोसाई	शिक्षा शाखा प्रमुख		
२४	श्री नरेश कुमार चौधरी	युवक मा.वि. जोगीगाउँ, प्र.अ.		

क्र.स.	नाम थर	पद	दस्तखत	कैफियत
२५	श्री पोमराज शर्मा	अंशुवर्मा मा.वि. जयनगर, प्र.अ.		
२६	श्री मिम बहादुर खड्का	जनज्योति मा.वि. बनगाई, प्र.अ.		
२७	श्री केशव बहादुर सुनार	किसान मा.वि. फच्कहवा, प्र.अ.		
२८	श्री कर बहादुर बस्नेत	भानुभक्त मा.वि. सिउनिया, प्र.अ.		
२९	श्री राम प्रसाद थारु	सिम्हा मा.वि. वेल्भार, प्र.अ.		
३०	श्री कुमार प्रसाद सापकोटा	सरस्वती मा.वि. जमुनिया, प्र.अ.		
३१	श्री नारायणदत्त पौडेल	जनसेवा मा.वि. वैदी, प्र.अ.		
३२	श्री ललित सापकोटा	नेपाल प्राज्ञिक आ वि जब्दी, प्र.अ.		
३३	श्री बासुदेव उपाध्याय	अंशुवर्मा मा.वि. जयनगर, शिक्षक		
३४	श्री जीवन अर्याल	जनशक्ति आ वि बन्घुस्री, प्र.अ.		
३५	श्री सुनिता चौधरी	युवक मा.वि. जोगीगाउँ, शिक्षक		
३६	श्री लक्ष्मीदत्त पैन्तोला	भैरव एकेडेमी ई मि पदनाहा, प्र.अ.		
३७	श्री लक्ष्मी प्र.शर्मा	कार्यक्रम अधिकृत	स्याक नेपाल, बाँके	
३८	श्री रामकृष्ण हुमागाई	जिल्ला संयोजक	EGRP II	
३९	श्री रेविका अमात्य	इकाई प्रमुख	शि.वि.स, बर्दिया	
४०	श्री केशव प्रसाद पोखरेल	पाञ्चजन्य मा.वि. पदनाहा, शिक्षक		
४१	श्री केशव बस्याल	युवक मा.वि. दुध्धा, प्र.अ.		
४२	श्री राम बहादुर थारु	रोजगार संयोजक बारबर्दिया, न. पा.		

प्रस्ताव तथा निर्णयः

१.बारबर्दिया नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माण सम्बन्धमा।

बारबर्दिया नगरपालिकाले १० वर्षे शिक्षा क्षेत्र योजना २०७८-२०८८ निर्माण गर्नका लागि आवश्यक व्यवस्थापन गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन गरिन्छ।

अनुसूची : दुई

दश वर्षे शिक्षा क्षेत्र योजना तयारी प्राविधिक उपसमितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण

आज मिति २०६८ साल भाद्र २२ गतेका दिन बारबर्दिया नगरपालिकाले निर्माण गर्न लागेको दश वर्षे शिक्षा क्षेत्र योजना (२०६८/०६९-२०७८/०७९) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री टिकानाथ गोसाईको संयोजकत्वमा तपसिलको प्राविधिक उपसमितिका पदाधिकारीहरूको बैठक बसियो ।

उपस्थिती

- श्री टिकानाथ गोसाई (शिक्षा शाखा प्रमुख) - संयोजक
- श्री पोमराज शर्मा - (प्र.अ. अंशुवर्मा मा.वि.) - सदस्य
- श्री नरेश कुमार चौधरी - (प्र.अ. युवक मा.वि.) - "
- श्री भिम बहादुर खड्का - (प्र.अ., जनज्योती मा.वि.) "
- श्री कर बहादुर बस्नेत - (प्र.अ., भानुभक्त मा.वि.) "
- श्री नारायणदत्त पौडेल - (प्र.अ., जनसेवा मा.वि.) "
- श्री मुकुन्द प्र. पौडेल (प्र.अ., नं.रा.मा.वि.) "
- श्री केशव बस्याल - (प्र.अ., युवक मा.वि.) "
- श्री केशव ब. सुनार - (प्र.अ. किसान मा.वि.) "
- श्री राम प्र. थाकु - (प्र.अ. सिम्हा मा.वि.) "
- श्री कुमार प्र. सापकोटा - (प्र.अ., सरस्वती मा.वि.) "
- श्री ललित सापकोटा - (प्र.अ., प्राज्ञोक्त आ.वि.) "
- श्री जीवन अर्याल - (प्र.अ., जनशक्ति आ.वि.) "
- श्री वासुदेव उपाध्याय - (शिक्षक, अंशुवर्मा मा.वि.) "
- श्री सुनिता चौधरी - (" , युवक मा.वि.) "
- श्री प्रेम प्र. पौखेल - (" पञ्चजन्य मा.वि.) "
- श्री सुन्दर डोटेल - (" ") "
- श्री केशव प्र. पौखेल - " ") "
- श्री लक्ष्मीदत्त पैन्तोला - (प्रधा.भैरव स्कुलेमी, पदाहा) "
- श्री जगत प्र. थाकु - (शिक्षक, किसान मा.वि.) "
- श्री चन्द्र ब. खत्री - (" जनशक्ति आ.वि.) "
- श्री राम बहादुर थाकु - (रोजगार संयोजक, बारबर्दिया ने.पा.)
- श्री वासुदेव उपाध्याय - मा.वि. शिक्षक अंशुवर्मा मा.वि. जमुनार

निर्णय :-

बारबर्दिया नगरपालिकाले निर्माण गर्न लागेको दश वर्षे शिक्षा क्षेत्र योजना (२०६८/०६९-२०८८/०८९) मा गाउँ तथा नगरपालिकाको शिक्षा योजना निर्माण सहजीकरण पुस्तिका, २०६८, मा उल्लेख भएका उप-क्षेत्रहरुमा ड्राफ्ट तयार गर्ने गरी जिम्मेवारी बाँडफाँट गरी १५ दिन भित्र मस्यौदा अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

शिर्षक	शिक्षकको नाम
- प्रारम्भिक बाल विकास र शिक्षा	→ नरेश कुमार थारु
- आधारभूत शिक्षा	→ ललित सापकोटा
- माध्यमिक शिक्षा	→ पोमराज शर्मा/बासुदेव उपाध्याय
- उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध	→ मिम बहादुर खड्का
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास तथा तालिम	→ केशव पौखरेल
- पाठ्यक्रम र पाठ्यसामाग्री	→ कर बहादुर बस्नेत
- शिक्षक व्यवस्थापन र विकास	→ पोमराज शर्मा
- विद्यालय व्यवस्थापन (प्र.अ. व्यवस्थापन)	→ कर बहादुर बस्नेत
- निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा जीवन पर्यन्त सिकाइ र शिक्षा	→ बासुदेव उपाध्याय
- गुणस्तरीय सार्वजनिक शिक्षा	→ राम प्र. थारु
- समावेशी शिक्षा	→ राम प्र. थारु
- शिक्षामा सूचना प्रविधी	→ कुमार प्र. सापकोटा
- आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा	→ नरेश कुमार थारु
- संस्थागत संरचना र क्षमता विकास	→ नारायणदत्त पौडेल
- लगानी र स्रोत व्यवस्थापन	→ राम बहादुर थारु
- कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण	→ शिक्षा शाखा
- मुख्य मुख्य क्रियाकलाप र उपलब्धी	→ शिक्षा शाखा

अनुसूची : तीन
दश वर्षे शिक्षा क्षेत्र योजना लेखनका लागि निर्माण गरिएको विषयगत समूहको विवरण

क्र स	विषयगत क्षेत्र	जिम्मेवार सदस्य	कैफियत
१	प्रारम्भिक बालविकास र शिक्षा	नरेश कुमार चौधरी, लक्ष्मी दत्त पैन्तोला	
२	आधारभूत शिक्षा	ललित सापकोटा	
३	माध्यमिक शिक्षा	पोमराज शर्मा र बासुदेव उपाध्याय	
४	उच्च शिक्षा र माध्यमिक शिक्षा	मिम बहादुर खड्का	
५	प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम	केशव पोखरेल	
६	पाठ्यक्रम र पाठ्यसामाग्री	कर बहादुर बस्नेत	
७	शिक्षक व्यवस्थापन र विकास	पोमराज शर्मा	
८	विद्यालय व्यवस्थापन	कर बहादुर बस्नेत	
९	निरन्तर शिक्षा,खुला सिकाइ, अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाइ शिक्षा	बासुदेव उपाध्याय	
१०	शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन	राम प्रसाद थारु	
११	समावेशी शिक्षा र मनोपरामर्श	राम प्रसाद थारु	
१२	शिक्षामा सूचना र सञ्चार प्रविधि	कुमार प्रसाद सापकोटा	
१३	आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा	नरेश कुमार चौधरी	
१४	शिक्षामा भौतिक पूर्वाधार विकास	नारायणदत्त पौडेल र सुनिता चौधरी	
१५	संस्थागत संरचना र क्षमता विकास	टिकानाथ गोसाई र जीतबहादुर शाह	
१६	लगानी र स्रोत व्यवस्थापन	राम बहादुर थारु, टिकानाथ गोसाई र जीतबहादुर शाह	
१७	कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण	टिकानाथ गोसाई र जीतबहादुर शाह	
१८	योजना नतिजा खाका	टिकानाथ गोसाई र जीतबहादुर शाह	

अनुसूची : चार
नगरस्तरीय परामर्श गोष्ठीमा सहभागीहरूको विवरण

बारबर्दिया नगरपालिकाको दशबर्षे शिक्षा योजनाको पालिकास्तरीय परामर्श बैठकमा सहभागी हुने महानुभावहरूको उपस्थिति

२०७८/७/७

क्र स	सहभागीहरूको नाम	पद	कार्यालय
१	श्री निरञ्जन कुमार चौधरी	सामाजिक विकास समिति संयोजक तथा वडा अध्यक्ष	वडा नं १०
२	श्री दुर्गा बहादुर थारु	नगर प्रमुख	
३	श्री अन्जु दहित	नगर उप प्रमुख	
४	श्री दशरथ वुढा	प्रमुख प्रशासकीय अधिकृत	
५	श्री जीत बहादुर शाह	परामर्शदाता	
६	श्री राम बहादुर थारु	वडा अध्यक्ष	वडा नं १
७	श्री खुसीराम थारु	वडा अध्यक्ष	वडा नं २
८	श्री लक्ष्मी घर्ती क्षेत्री	का वा वडा अध्यक्ष	वडा नं ३
९	श्री मान बहादुर थारु	वडा अध्यक्ष	वडा नं ४
१०	श्री मनिराम थारु	वडा अध्यक्ष	वडा नं ५
११	श्री कर्ण बहादुर वि. क.	वडा अध्यक्ष	वडा नं ६
१२	श्री रामलाल थारु	वडा अध्यक्ष	वडा नं ७
१३	श्री हरि भुसाल	वडा अध्यक्ष	वडा नं ८
१४	श्री फत्तु थारु	वडा अध्यक्ष	वडा नं ९
१५	श्री विजय कुमार चौधरी	वडा अध्यक्ष	वडा नं १०
१६	श्री दुर्गा बहादुर विश्वकर्मा	नगर प्रवक्ता	बारबर्दिया न.पा.
१७	श्री टेक बहादुर कामी	विपत् व्यवस्थापन समिति संयोजक	बारबर्दिया न.पा.
१८	श्री माता कुमारी परियार	कार्यपालिका सदस्य	बारबर्दिया न.पा.
१९	श्री मनिसरा राजी	कार्यपालिका सदस्य	बारबर्दिया न.पा.
२०	श्री सोमरानी थारु	कार्यपालिका सदस्य	बारबर्दिया न.पा.
२१	श्री मुकुन्द पौडेल	प्र.अ.	ने.रा. मा.वि., बेलावाबज्जा
२२	श्री राम प्रसाद ढकाल	प्र.अ.	जनता मा.वि.
२३	श्री केदारनाथ ढकाल	प्र.अ.	धर्मभक्त मा.वि., कतर्निया
२४	श्री पोमराज शर्मा	प्र.अ.	अंशुवर्मा मा.वि.
२५	श्री केशव बहादुर सुनार	प्र.अ.	किसान मा.वि.
२६	श्री छविलाल पोखेल	प्र.अ.	अ.स.द.च. मा.वि.
२७	श्री केशव वस्याल	प्र.अ.	युवक मा.वि. दुध्धा
२८	श्री मिम बहादुर खड्का	प्र.अ.	जनज्योति मा.वि.

क्र स	सहभागीहरूको नाम	पद	कार्यालय
२९	श्री कुमार प्रसाद सापकोटा	प्र.अ.	सरस्वती मा.वि.
३०	श्री नारायणदत्त पौडेल	प्र.अ.	जनसेवा मा.वि.
३१	श्री जीवन आर्याल	प्र.अ.	जनशक्ति आ.वि.
३२	श्री वासुदेव उपाध्याय	मा.वि. शिक्षक	अंशुवर्मा मा.वि.
३३	श्री लक्ष्मीदत्त पैन्तोला	प्र.अ.	भैरव एकेडेमी
३४	श्री केशव पोख्रेल	शिक्षक	पाञ्चजन्य मा.वि.
३५	श्री राधेश्याम प्रसाद चौधरी	सूचना अधिकारी	बारबर्दिया न.पा.
३६	श्री राम बहादुर थारु	रोजगार संयोजक	बारबर्दिया न.पा.
३७	श्री राम प्रसाद थारु	प्र.अ.	सिम्हा मा.वि.
३८	श्री नरेश कुमार चौधरी	प्र.अ.	युवक मा.वि.

अनुसूची : पाँच

वडा स्तरमा आयोजित दश वर्षे शिक्षा क्षेत्र योजना परामर्श कार्यशालामा भएको उपस्थिति विवरण

क्र.स.	संयोजकत्व	पद	सुझाव सङ्कलन मिति	सहभागी सङ्ख्या	दिएका सुझाव सङ्ख्या
१.	श्री राम बहादुर थारु	वडा अध्यक्ष बारबर्दिया-१	२०७८/७/१०	७३	११ वटा
२.	श्री खुशिराम थारु	वडा अध्यक्ष बारबर्दिया-२	२०७८/७/११	७२	३२ वटा
३.	श्री लक्ष्मी घर्ति क्षेत्री	का.वा.वडा अध्यक्ष बारबर्दिया-३	२०७८/७/१४	४९	१५ वटा
४.	श्री मान बहादुर थारु	वडा अध्यक्ष बारबर्दिया-४	२०७८/७/०९	११	८ वटा
५.	श्री मनिराम थारु	वडा अध्यक्ष बारबर्दिया-५	२०७८/७/१०	९१	३० वटा
६.	श्री कर्ण बहादुर बि.क.	वडा अध्यक्ष बारबर्दिया-६	२०७८/७/१२	४२	२० वटा
७.	श्री राम लाल थारु	वडा अध्यक्ष बारबर्दिया-७	२०७८/७/१८	३१	१९ वटा
८	श्री हरि प्रसाद भुसाल	वडा अध्यक्ष बारबर्दिया-८	२०७८/७/१२	८२	२० वटा
९	श्री फत्तु थारु	वडा अध्यक्ष बारबर्दिया-९	२०७८/७/१४		६ वटा
१०	श्री निरञ्जन कुमार चौधरी	वडा अध्यक्ष बारबर्दिया-१०	२०७८/७/११		१५ वटा
११	श्री विजय कुमार चौधरी	वडा अध्यक्ष बारबर्दिया-११	२०७८/७/१२	६३	१२ वटा

“बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धता
गुणस्तरीय शिक्षामार्फत सुख, शान्ति र आत्मनिर्भरता”

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल